वेदान्त ६४९

वेदान्त ~~१६६~~ ६४१

" ...योगवाशिष्ठको विषयसार"

योगवाशिष्ठको विषयसार
= ५ ०

लेखकः—

पं० दुर्गाप्रसाद महरा।

...पाली भाषा प्रकाशिनी समिति

नं० १५८६

ॐ तत्सत्परमात्मने नमः

"योगवाशिष्ठको विषयसार"

वेदान्त

लेखकः—

धर्ममनीषी-साहित्य धुरिण-धर्मभूषण-डाक्टर अफ डीभीनीटी

पण्डित दुर्गाप्रसाद भट्टराई

प्रकाशकः-

अध्यक्ष वामदेव आचार्य, नव्यव्याकरणाचार्य,

वेदान्त शास्त्रीको

अध्यक्षतामा

नेपाली भाषाप्रकाशिनी समिति

नेपाल

वेदान्त

प्रथमवार १०००] २०१७ [मूल्य ३।

१५८६

हाकिम सुब्बा विश्वराज मिश्रको प्रबन्धवाद

मुद्रक--
सु० ऋद्धिबहादुर मल्ल
जोरगणेश प्रेस छापाखाना नेपाल

वेदान्त ६४९

श्रीः

समर्पणम्

श्री ५ हे धर्ममूर्ति प्रभु सकल मनोरञ्जक न्यायरूप
नेपालाधीश दाता जनकसम सुखी"श्री महेन्द्राधिराज"
श्रद्धात्मा पूर्णज्ञानी नृपवर! प्रभुका बाहुलीमा अपार-
श्रद्धाले नै चढाएँ उदयदिनमहाँ " योगवाशिष्ठ सार "

आशीर्वाद

यस्तै नै होस् प्रभुको उदय दिनदिने सूर्य जस्तै प्रकाश
जीवन्मुक्त राजाजनकसरि बितोस् जिन्दगी दिव्य खास,
कीर्ति श्रीरामको झैं अमल चलिरहोस् भूमिमा धेरकाल
यो बिन्ति सारा अमरसङ सदा राज्य होओस् विशाल

भिक्षुकः—दुर्गाप्रसाद भट्टराई

वेदान्त ६४१
नं० १५८६

श्रीः

वक्तव्य

श्री महर्षि वाल्मीकिले रचना गर्नुभएको रामायण पूर्वकाण्ड र उत्तरकाण्ड दुई भागमा विभाजन गरिएको छ। बालकाण्डदेखि लङ्काकाण्डतक ६ काण्डलाई पूर्वकाण्ड भन्दछन्। त्यसमा ब्राह्मणको शापविमोचन गर्न र त्रिलोक-कण्टक रावणादि राक्षसहरूको वध गरी भूभार हरण गर्न अयोध्याका राजा दशरथका छोरा भैं जन्म लिएका साक्षात् विष्णुका अवतार मर्यादापुरुषोत्तम श्रीरामचन्द्रको पवित्र चरित्रहरूको वर्णन र कर्तव्याकर्तव्यरूप व्यावहारिक प्रवृत्ति मार्गको उपदेश गरिएको छ। अतः त्यसलाई कर्मकाण्ड पनि भन्दछन्। त्यस्तै उत्तरकाण्डमा पनि वैराग्य प्रकरण, मुमुक्षु, व्यवहार प्रकरण, उत्पत्ति प्रकरण, स्थिति प्रकरण, उपशम प्रकरण यी पाँच प्रकरण छन्, यसलाई उत्तरकाण्ड भन्दछन्। यसमा आध्यात्मिक योगविद्याको वर्णन गरिएकोले ज्ञानकाण्ड पनि भन्दछन्। सातकाण्ड रामायणको उत्तरकाण्डमा योग-वाशिष्ठको अन्तर्भाव कसरी हुन्छ भनी कोही शङ्का गर्लान्। तर यस योगवाशिष्ठमा विस्तृत वर्णन गरिएका कुरा नै उत्तरकाण्डमा संक्षिप्त दिग्दर्शन गरिएकाले र दुवैमा ज्ञानो-पदेश हुनाले ज्ञानकाण्डको दृष्टिबाट यसलाई पनि उत्तरकाण्ड नै भनिन्छ।

बन्धुजनको हत्या गरी कसरी राज्य भोग गरूँ भनी विरक्त भई युद्धबाट विमुख भएका अर्जुनलाई सम्झाउन श्रीकृष्ण भगवान्को मुखारविन्दबाट जसरी श्रीमद्भगव-

द्गीताको आविर्भाव भयो। त्यस्तैतीर्थ, यात्रा पछि १५ वर्षकै उमेरमा सांसारिक विषयदेखि विरक्त भै व्यवहार छोड्न आँटेका मायामानव श्रीरामचन्द्रलाई ब्रह्मिष्ठ वरिष्ठ महर्षि वशिष्ठले आध्यात्मिक योगतत्त्वको उपदेश गर्नु भएको व्यवहारमा प्रवृत्त गराउन राम र वशिष्ठको परस्परको संवाद-रूप यो "योगवाशिष्ठ" नामक अपूर्व ग्रन्थ ब्रह्माजीको आज्ञा-द्वारा श्री महर्षि वाल्मीकिबाट रचना भएको हो । यसको अध्ययनबाट श्रीराम जस्तै कर्तव्यपरायण आदर्श महापुरुष बन्ने आन्तरिक प्रेरणा मिल्दछ ।

"योग" भनेको के हो ? भने- "योगश्चित्तवृत्तिनिरोधः" पतञ्जलि मुनिको सूत्रानुसार सर्वदा विषयतर्फ नै उन्मुख (लम्पट) भैरहने कुत्सित क्षिप्त मूढ विक्षिप्त आदि चित्तका वृत्तिहरूलाई निरोध गरेर "संयोगो योग इत्युक्तो जीवात्म-परमात्मनोः" अविद्या वा अन्तःकरण उपाधिद्वारा स्वस्वरूप बिर्सेर परमात्मादेखि भिन्न हुँ भनी सम्झी अन्तःकरणका बहिर्मुखी वृत्तिद्वारा विषयोपभोगमा नै लम्पट भै आध्यात्मिक अधिदैविक आधिभौतिक त्रिविध तापले संतप्त भएको जीवात्मालाई अन्तःकरणको वृत्ति अन्तरमुखी गराई पर-मात्माका साथ संयोग गराउनु, अर्थात्- "अहं ब्रह्मास्मि" भन्ने ज्ञान गराउनु 'योग' हो।

व्यावहारिक वा शास्त्रीय दृष्टिबाट'योग' शब्दको सारांश के होभने-"सर्वचिन्ता परित्यागो निश्चिन्तो योग उच्यते"सब किसिमको चिन्तालाई परित्याग गरेर (काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य नामका अनर्थकारी ६ शत्रुहरूलाई जितेर) कर्तव्य उद्योग मार्गतिर अगाडि बढ्दै जानु र यदृच्छालाभ

वेदान्त ६४१

सन्तुष्ट भैं निश्चिन्त रूपले आनन्दमा रहनु नै 'योग' हो ।

मन्त्रयोग, लययोग, हठयोग, राजयोगका भेदले चार किसिमको योग मानिएको छ ।

१) मन्त्रयोगः- 'हंस' वा 'सोऽहम्' मन्त्र यही हो। हकारको उच्चारणबाट श्वास बाहिर निस्कन्छ; सकारको उच्चारणबाट श्वास फेरि भित्र पस्दछ। यो मन्त्र श्वासोच्छ्वासद्वारा अहोरात्रमा २१००० एक्काईस हजार ६०० छ सय पटक प्रत्येक प्राणी(जीव)ले जप्दछन्। योगीहरूलाई मोक्ष दिने 'अजपा' नाम गरेकी गायत्री यीनै हुन्। म प्रत्येक अहोरात्रमा पूर्वोक्त संख्याबमोजिम अजपा गायत्री जप्दछु भनी संकल्प मात्र गर्नाले पनि सम्पूर्ण पापहरू नाश हुन्छन्। "जप्येनैवतु संसिद्धेत् ब्राह्मणो नात्रसंशयः" मनु० र "यस्तु द्वादश साहस्रं प्रणवं जपतेऽन्वहम्। तस्य द्वादशभिर्मासैःपरं ब्रह्म प्रकाशते" भनी संन्यासोपनिषद्मा मन्त्रजपयोगको वर्णन गरिएको छ।

२) लययोगः- "लययोगो हि चित्तस्य कोटिशः परिकीर्तितः। गच्छँस्तिष्ठन् स्वपन् भुञ्जन् ध्यायेन्निष्कलमीश्वरम् ॥ सएव लय योगःस्यात्" योगतत्त्वोपनिषद्०।"इन्द्रियाणां मनोनाथ मनोनाथस्तु मारुतः। मारुतस्य लयो नाथः सलयो नादमाश्रितः" हठयोगप्रदीपिका०। अर्थात्–हिंड्दा, बस्दा, सुत्दा, खाँदा, हमेशा निस्कलरूप ईश्वरको ध्यान गर्नू, किनभने-सम्पूर्ण इन्द्रियहरूको मालिक मन हो, मनको पनि मालिक प्राण हो। त्यो प्राणको लय नादरूप ब्रह्ममा गराउनुपर्दछ। नादको श्रवणबाट मन त्यतै आकृष्ट हुन्छ। एकान्त स्थलमा आधारात भएपछि कान थुनेर षण्मुखी

मुद्रा गर्नु अन्तर्नाद खुल्दछ । पहिले झ्याउंकीरीको आवाज सुनिन्छ, अनि बाँसुरीको, अनि मेघ, झरना, भ्रमरो, घण्टा, झ्याली, तुरी, भेरी, मृदङ्ग, दुन्दुभि आदि नाना किसिमको नाद सुनिन्छ । अनावृत शब्दको ध्वनि अन्तर्गत ज्योति स्वरूप ब्रह्म हो। नादको श्रवणबाट मन त्यतै आकृष्ट हुन्छ। मन त्यहीं लगाइरहनू त्यही नादरूप ब्रह्ममा मन विलीन हुन्छ। यसको अभ्यास गर्ने गरेमा बाह्य शब्दहरू केही सुनिदैनन्। १५ दिन एक पक्ष मात्र यसको अभ्यास गरे पनि सम्पूर्ण विक्षेपहरू हट्दछन् र साधक योगी परम सुखी बन्दछ।

यसलाई भ्रामरी कुम्भक भन्दछन्।

अथवा–मनलाई निरालम्ब गराई केही कुरा पनि नसंझनू अनि आँखीभूईंको बीचमा (आज्ञाचक्रमा) शिवजी रहनुहुन्छ। मन त्यहीं लगाउनू र कुम्भक गरी ध्यान गर्नु, आगामा कपूर, पानीमा नून जस्तै मन पनि त्यही शिवस्वरूपमा विलीन हुन्छ, अनि परमानन्द प्राप्ति हुन्छ । यहाँ लय शब्दको अर्थ, विषयको विस्मृति हो । यसलाई मूर्च्छाकुम्भक भन्दछन्।

३) हठयोगः— यम, नियम, आसन, प्राणायाम, प्रत्याहार धारणा, ध्यान, समाधि यी अष्टाङ्गसहित योगलाई 'हठयोग' भन्दछन् ।

अथवा— 'ह' भनेको सूर्य हो, 'ठ' भनेको चन्द्र हो; यी दुई (सूर्य र चन्द्र) को एकतालाई 'हठ' भन्दछन्। हठयोग द्वारा सम्पूर्ण दोषबाट पैदा भएको जडताको समूल विनाश हुन्छ । त्यस अवस्थामा जीवात्मा र परमात्माको ऐक्य पनि हुन्छ । अर्थात्— सूर्य भनेको पिङ्गला नाडीबाट बहने दक्षिण स्वर हो। चन्द्र भनेको चाहिं ईडा नाडीबाट बहने

वेदान्त ६४१

वाम स्वरको नाम हो। ती दुईको समता हुनु नै हठयोग हो।

सारांश के होभने— नाभिस्थानबाट उठेर नाकको अग्रभागबाट द्वादश अंगुलपर्यन्त प्राणवायु बाहिर जान्छ र फेरि फर्केर नाभिस्थानभित्रै आउँदछ; वारंबार प्राणवायुको गति यस किसिम भैरहन्छ। योगीहरू प्राणायामको बलबाट प्राणवायुको गतिलाई बिस्तारै बिस्तारै एक दुई तीन चार अङ्गुलको क्रमले घटाउँदै लैजान्छन्, जब बाहिरको प्राणवायुको गति १२ बाह्रै अङ्गुल अवरुद्ध हुन्छ, अनि खालि नाकभित्र मात्रै सूर्य र चन्द्र नामका दक्षिण र वाम दुवै स्वर सम हुन्छन् र सुषुम्णा नाडीबाट प्राणवायु चल्न थाल्दछ, त्यही अवस्थाको नाम हो 'हठयोग'। प्राणको निरोधबाट मनको निरोध गर्नु 'हठयोग' हो।

प्राणको निरोध गर्न प्राणायाम गर्नुपर्दछ। प्राणायाम सिद्ध गर्न सर्वप्रथम यम नियमको पालना र आसन सिद्ध गर्नुपर्दछ। 'यम' भनेको अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह यी पांच हुन्, यसमा लघ्वाहार (परिमित भोजन) मुख्य छ। शौच, संतोष, तप, स्वाध्याय, ईश्वरप्रणिधान, यी पाँचचाहिं नियम हुन्, यसमा अहिंसा मुख्य छ। अनि सिद्धासन, पद्मासन, शीर्षासन, अर्द्धोत्तानासन आदि मुख्य मुख्य केही आसन सिद्ध गर्नुपर्दछ। आसन सिद्ध भएपछि प्राणायामको शुरू गरिन्छ। यसमा पवित्र एकान्त स्थान, शरद् वा वसन्त ऋतु, परिमित आहार, नाडीशुद्धि यी चार कुरा आवश्यक छन्।

नाडीशुद्धिः— कुशासन वा मृगचर्म, वाघम्बर, कम्बल जे मिल्दछ त्यसमा पूर्व वा उत्तर फर्केर पद्मासन बाँधेर

बस्नू, गुरुले बताएबमोजिम न्यास र दिग्बन्धन गर्नू, अनि तेजोयुक्त धूम्रवर्ण वायुवीजको ध्यान गर्नू, चन्द्रनाडी बायाँ नाकको प्वालबाट श्वास तानेर पूरक गर्नू १६ सोन्ह पटक वायुवीज उच्चारण गरुञ्जेलसंम । अनि ६४ पटक वायुवीज उच्चारण गरुञ्जेलसंम कुम्मक गर्नू । अनि ३५ पटक वायुवीज उच्चारण गर्दै बिस्तारै बिस्तारै सूर्यनाडी (दायाँ नाकको प्वाल) द्वारा—रचेक गर्नू । यस्तै किसिमले फेरि नाभि-मूलबाट अग्निज्वाला उठेको संझी १६ पटक अग्निवीज उच्चारण गर्दै सूर्यनाडी (दक्षिण नाकको प्वाल) द्वारा पूरक गर्नू, ६४ पटक अग्निवीज उच्चारण गर्दै कुम्भक गर्नू । ३२ पटक उच्चारण गर्दै चन्द्रनाडी (बायाँ) नाकको प्वाल) बाट बिस्तारै रचेन गर्नू ।

अनि फेरि— नासाग्रमा पूर्ण चन्द्रविम्बको ध्यान गर्नू र 'ठं' वीज १६ पटक भन्दै ईडाद्वारा पूरक गर्नू, 'रं' वीज ६४ पटक भन्दै कुम्भक गरी अमृतमा डुबी स्नान गरेको संझनू, 'लं' वीज ३२ पटक भन्दै पिङ्गलाद्वारा रेचन गर्नू यसरी नाडीशुद्धि भएपछि प्राणायाम शुरू गरिन्छ।

प्राणायामको आठ किसिमको भेद मानिएको छ:— सहित १, सूर्यभेद २, उज्जायी ३, शीतली ४, भस्त्रिका ५, भ्रामरी ६, मूर्च्छा ७, केवली ८। सहित प्राणायामको दुई भेद छ । वीजोच्चारणसहितको सगर्भ र वीजोच्चारणरहित निर्गर्भ । सगर्भसहित प्रणायाम यसप्रकार गरिन्छ:— पूर्व वा उत्तर फर्केर सुखपूर्वक आसनमा बस्नू र १६ पटक उच्चारण गर्दै रजोगुण रक्तवर्ण ब्रह्माजीलाई ध्यान गर्दै ईडाद्वारा पूरक गर्नू ।

यसमा पूरक सकिएपछि कुम्भक गर्नुभन्दा पहिले

वेदान्त ६४१

"उड्डियानबन्ध" गर्नू, अर्थात्—पेटभित्र पसाई मेरुदण्डमा मिलाउनू, उड्न आँटेको अवस्था जस्तो हुन्छ, अनि "जालन्धरबन्ध" गरी अर्थात्–छातीमा चिउँडो राखी 'उ' बीज ६४ पटक उच्चारण गर्दै सत्त्वगुण सेतो वर्णवाला चतुर्बाहु विष्णुको ध्यान गर्दै कुम्भक गर्नू; अनि 'म' बीज ३२ पटक उच्चारण गर्दै तमोगुण कृष्णवर्ण (विभूति धारण गर्दा श्वेतवर्ण) शिवजीको ध्यान गर्दै रेचक गर्नू। सगर्भ 'सहितप्राणायाम' यही हो। यस्तै किसिमले मात्राको संख्या मिलाई क्रमशः समय बढाउँदै लैजानुपर्दछ।

फलः—प्राणायामबाट भूमित्याग (खेचरीशक्ति)पैदा हुन्छ, जन्मजन्मान्तरमा गरिएका पातकहरू नाश हुन्छन्, साथै रोगादिको नाश हुन्छ, चित्त स्थिर हुन्छ; प्राणायामबाट कुण्डलिनी शक्ति जागा हुन्छिन्, मनोन्मनी हुन्छ, परमानन्दको अनुभव हुन्छ, प्राणायामी मनुष्य सर्वदा सुखी रहन्छ।

सूर्यभेद प्राणायामः— पूर्वोक्त प्रकारले पहिले सूर्यनाडीद्वारा पूरक गरी जबसम्म शरीरमा पसीना आउँदैन तबसम्म कुम्भक गर्नू र बिस्तारै बिस्तारै रेचक गर्नू, 'सूर्यभेद प्राणायाम' यही हो। यसबाट जठराग्निको उद्दीपन, बुढ्याइँको नाश, कुण्डलिनीशक्तिको प्रबोध हुन्छ।

शीतली प्राणायामः— पवित्र हावा भएको स्थान वा रातमा चन्द्रबिम्बलाई हेरी 'काकीमुद्रा' गरेर जिब्रोले वायु खिची बिस्तारै बिस्तारै पेटमा भरी कुम्भक गर्नू र दुवै नाकको प्वालबाट रेचक गर्नू शीतली कुम्भक यही हो। यस्तो गर्नाले अजीर्ण र कफ पित्तको रोगले कहिल्यै बाधा गर्दैन।

भस्त्रिका प्राणायामः— खलाँतीले जस्तै श्वास खिच्दै केही क्षण कुम्भक गर्दै दुवै नाकबाट छोड्दै गर्नू, भस्त्रिका प्राणायाम यही हो। भ्रामरी र मूर्च्छा प्राणायामको प्रकार लययोगमा बताइसकियो। केवलीको प्रकार पनि मन्त्र-योगमा बताइसकियो।

प्रत्याहारः— प्राणायाम सिद्ध भएपछि प्रत्याहार गर्नु-पर्दछ। जस्तो कीलामा बाँधिएको गाई फुत्केर अन्यत्र जान खोज्दा तानेर फेरि कीलामै जसरी बाँधिन्छ, त्यस्तै प्राणायाम गरी प्राणरूपी स्थूणामा बाँधिएको मन पनि अन्यत्र विषया-दिमा दगुर्न खोज्दछ, त्यसलाई रोकेर प्राणमै जकड्याउनु प्रत्याहार हो।

ध्यानः— प्रत्याहार सिद्ध भएपछि ध्यानमा स्थिरता आउँछ। ध्यान तीन प्रकारको हुन्छः- स्थूल १, ज्योति २, सूक्ष्म ३। मूर्तिमय शिव, विष्णु आदि इष्टदेवताको ध्यान स्थूल ध्यान हो। सूर्यमण्डल आदि तेजःपुञ्जको ध्यान ज्योतिर्ध्यान हो। आज्ञाचक्रमा रहेको प्रणव स्वरूप सूक्ष्म विन्दुमय ब्रह्मको शाम्भवी मुद्रा गरेर ध्यान गर्नु सूक्ष्म ध्यान हो।

अथवा ज्योतिर्ध्यानको प्रकारान्तरः- मिहीन सेतो सानो कपडाले नाभिस्थान बेर्नू र एकान्तस्थलमा सिद्धा-सन गरेर बस्नू, अनि दुवै नाकको प्वालबाट प्राणवायुलाई खिच्नू, अनि त्यस प्राणवायुलाई अपानमा लगेर मिलाउनू, अश्विनीमुद्रा गरेर विस्तारै विस्तारै गुदद्वारलाई चुमुक्क पारी खिच्नू, सुषुम्णानाडीभित्र वायु प्रवेश गर्न थाल्दछ त्यस अवस्थामा जस्तो लट्ठीले हानेको सर्प लट्ठीकै आकार

भएर ठाडो हुन्छ, त्यस्तै- गुदद्वार र लिङ्गको बीच चतुर्दल मूलाधारचक्रमा माझमा पुच्छर राखेर साढे तीन फनका घुमेकी सर्पको आकारकी ज्योतिर्मयी कुण्डलिनी नामकी शक्ति सुषुम्णा नाडीको बीचमा सुतिरहेकी छ, त्यो जागा हुन्छे; त्यहाँ प्रदीपकलिकाकृति जीवात्मा वास गर्दछन्। जागा भएकी कुण्डलिनीलाई सुषुम्णाको मार्गद्वारा प्रवेश गराई षट्चक्रको क्रमशः भेदन गर्दै ब्रह्मरन्ध्रमा पुऱ्याउनू, जहाँ सहस्रदल महापद्मको कर्णिकामा तेजोमय विराजमान छन्, तिनैको ध्यान गर्नु ज्योतिर्ध्यान हो।

समाधिः- ध्यान सिद्ध भएपछि समाधि सिद्ध हुन्छ। निदिध्यासनरूप ध्यानको परिपक्व अवस्था नै समाधि हो। "ध्यानादस्पन्दनं बुद्धेः समाधिरभिधीयते" अर्थात्- ध्यानबाट बुद्धिवृत्तिको स्पन्दन नहुनु नै समाधि हो। वा "तदेवार्थमात्रनिर्भासं स्वरूपशून्यमिव समाधिः" योगसूत्रानुसार जुन विषयको ध्यान गरिरहेको छ त्यस विषयदेखि अतिरिक्त अरू विषयको भान नभै स्वरूप शून्य जस्तो हुनु समाधि हो। सवीजसमाधि, निर्वीजसमाधि, संप्रज्ञातसमाधि, असंप्रज्ञातसमाधि इत्यादि समाधिका अनेक भेद बताएका छन्, ती भेदहरू ग्रन्थान्तरबाट बोध गर्नु पर्दछ।

४, राजयोगः— मनको निरोधबाट प्राण र इन्द्रिय आदिको निरोध गरी ब्रह्मानन्द प्राप्ति गर्नु चाहिं राजयोग हो। मनको निरोध कसरी हुन्छभने--पहिले सांसारिक विषयलाई विचारद्वारा विष जस्तो संझी तिनीहरूमा दोष दृष्टि गर्नू, अनि ती विषयहरूमा विरक्ति भई जिहासा (त्यागको इच्छा) हुन्छ। अनि ऐहलौकिक र पारलौकिक

भोगमा विरक्त भएको चित्तलाई नित्य वस्तु के हो ? अनित्य वस्तु के हो ? भन्ने विवेकयुक्त गराउनुपर्दछ, अनि शम, दमादि साधन सम्पत्तियुक्त भै मुमुक्षुता पैदा हुन्छ। यसरी साधनचतुष्टय सम्पन्न भएपछि "आत्मा वारे! द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः" यस श्रुतिको अनुसार श्रोत्रिय ब्रह्मनिष्ठ गुरुबाट अध्यात्मयोगविद्याको श्रवण मनन गरेमा आवरण विक्षेप आदि हटी चित्त एकाग्र हुन्छ अनि संसार के हो ? हामी को हौं ? जीव के हो ? ब्रह्म के हो ? भन्ने मानसिक तर्कको समाधानरूप संसार मायाको कार्य हो, अनित्य हो, केवल एक ब्रह्म मात्र सत्य हो, जीवरूप हामी ब्रह्मकै स्वरूप हौं भन्ने ज्ञान राम्रोसङ हुन्छ र देहमा अहन्ताध्यास स्त्री पुत्र गेहादिमा ममताध्यास हट्दछ। सर्वव्यापक, सर्वान्तर्यामी, सच्चिदानन्दस्वरूपमा चित्त लगाई निदिध्यासन गरेमा ब्रह्म साक्षात्कार भै "ब्रह्मविद् ब्रह्मैव भवति" हुन्छ। "तरति शोकमात्मवित्" भनेको हुनाले उसलाई सांसारिक शोक मोह क्रोधादिले कहिल्यै पनि दबाउन सक्तैनन्। प्रारब्धकर्मको भोगादिले क्षय नहुञ्जेलसम्म देहधारण गरेर जीवन्मुक्त भई बस्दछ।

यस 'योगवाशिष्ठ' नामक ग्रन्थमा प्रसङ्गवश सबै योगको वर्णन गरिएको छ तापनि विशेषतः राजयोगलाई नै मुख्य सम्झिएको छ। अध्यात्मयोगविद्या घरबार त्याग गरी जङ्गलमा बस्नेहरूको निमित्त मात्र उपयोगी छ, गृहस्थाश्रमीहरूको निमित्त संभव र हितकर छैन भनी कोही अज्ञानीहरू भन्दछन्। उनीहरूको योभन्दा ठूलो भूल र महान् अनर्थको मूल अरू के हुन सक्तछ ? अरू आश्रमीहरूलाई भन्दा विशेष गरेर गृहस्थाश्रमीहरूलाई नै झन् योगविद्याको

अत्यावश्यक छ। जसको अभावले संसारमा मानिसहरू दानव बराबर भैरहेछन् । परस्त्रीमा कुदृष्टि, परधनलिप्सा, परनिन्दा, परापकार, चोरी, डकैती, बेईमानी, घूसखोरी इत्यादिमा नै सदा तत्पर र आसक्त भैरहेछन् । जसबाट यो संसार नरकबराबर भैरहेछ । सर्वभक्षी, सर्वगामी, शिश्नोदरपरायणहरूको संख्या बढ्दोछ । कहीं शान्ति छैन, मानवता विरलमा मात्र देखिन्छ । केवल दानवताको प्रवाह उर्लंदो छ । संसार विनाशोन्मुख भैरहेछ । यस किसिमका सद्ग्रन्थहरूको अध्ययन र योगाभ्यासविना मनुष्यमा-आत्मसंयम हुनै सक्तैन, विना आत्मसंयम कर्तव्यमार्गतिर अगाडि बढ्न सक्दैन । विलासिता र अपव्ययितातिर मन आकृष्ट हुन्छ र 'विनायकं प्रकुर्वाणो रचयामास वानरम्' भने जस्तो हुन्छ । धन र मान पाएपछि अधिकार र कर्तव्यको ज्ञान र त्यसतर्फ ध्यान हमेशा हुनुपर्नेमा, उल्टो- "म ठूलो हुँ" भन्ने अभिमान बढ्दछ, अनि त्यो मानिस कर्तव्य के हो ? अकर्तव्य के हो ? भन्ने विवेकले शून्य हुन्छ, त्यस्तो अविवेकी अभिमानी मानिस संसारमा भयङ्कर हुन्छ, सज्जनका निमित्त र देशोत्थानका निमित्त काम लाग्ने हुँदैन, केवल मतलबी र स्वार्थी हुन्छ।

पूर्वोक्त परिस्थितिको राम्रो महसूस गरी श्री पं० दुर्गाप्रसाद भट्टराईजीले कर्तव्य र अकर्तव्यको बोध गराउने र सच्चा मार्ग देखाउने "योगवाशिष्ठ" नामक सद्ग्रन्थको नेपाली भाषामा अनुवाद गरी प्रकाशनार्थ नेपाली भाषा प्रकाशिनी समितिमा दिनुभएकोमा उहाँलाई म ने. भा. प्र. स. को तर्फबाट मुक्तकण्ठले अनेकौं धन्यवादका साथ

श्रद्धाञ्जलिहरू अर्पण गर्दछु। यस ग्रन्थले नेपाली समाजको ठूलो उपकार गर्नेछ भन्ने विश्वास पनि गर्दछु। श्री दुर्गाप्रसाद भट्टराईजी नेपालका एक प्रभावशाली प्रतिष्ठित निगम र आगम (तन्त्र र मन्त्र)को रहस्य जान्ने, अनेक सद्गुणहरूका खानी, ख्यातिप्राप्त विद्वान् हुनुहुन्थ्यो। उहाँको ख्याति नेपालमा मात्र होइन भारत, भोट, यूरोप, अमेरिकामा समेत गुञ्जायमान थियो। कारण चमत्कारी 'झारफूके' विद्याले सर्वत्र प्रभाव पार्नु भएको थियो। नेपाली तथा संस्कृत भाषामा गद्य र पद्य दुवै धारामा उहाँको कलम बहन्थ्यो। उहाँले लेखेका अरू पुस्तकहरू पनि आफ्नै तर्फबाट प्रकाशित भएका छन्। ६७ वर्षको उमेरमा यसै वर्ष उहाँ पाञ्चभौतिक नश्वर शरीरलाई छोडी परलोकमा अतिथि बन्न जानुभयो। सम्झँदा हृदयमा ठूलो खेद लाग्दछ। जीवित छँदै यो पुस्तक प्रकाशित भैसकी देख्न पाउनुभएको भए उहाँलाई कत्तिको आत्मसन्तोष हुंदोहो। अस्तु।

यो मर्त्यमण्डल हुनाले र बलवान् कालसंग कसैको जोड नचल्ने हुँदा सो शुभ अवसर मिल्न सकेन तापनि पुत्रादिले दिएको तिलाञ्जलिहरू वसु, रुद्र, आदित्यहरूले परलोकमा पुऱ्याइदिए जस्तै हामीले दिएको धन्यवाद र श्रद्धाञ्जलि पनि दिवंगत आत्मामा पुगोस् र शाश्वतिक आनन्द दिलाओस् भन्ने ईश्वरसङ्ग प्रार्थना गरी कलम रोक्दछु।

२०१६ श्रावण शुक्ल,
ऋषितर्पणी पूर्णिमा

हरिनाथ उपाध्याय ढुङ्गेल
का० मु० अध्यक्ष ने० भा० प्र० स०
तथा ने० भा० परिषद्।

ॐ

प्रस्तावना

योगवाशिष्ठ संस्कृत-साहित्यको एउटा बृहत्-ग्रन्थ हो। जो योगवाशिष्ठ, महारामायण, आर्षरामायण, वाशिष्ठ रामायण, ज्ञानवाशिष्ठ, वाशिष्ठ आदि नामले पनि प्रख्यात छ। भारतको एक छेउदेखि अर्को छेउसंम यसको मूल र भाषाको अध्ययन धेरै कालदेखि चलिआएको छ। जुन महत्व भक्तका निमित्त भागवत-रामायणको र कर्मयोगीका निम्ति भगवद्-गीताको छ, उही महत्व ज्ञानीहरूका लागि योगवाशिष्ठको छ। हजारौं स्त्री-पुरुष-राजादेखि रंकतक यस ग्रन्थको अध्ययनबाट आफ्नो जीवनमा आनन्द र शान्ति प्राप्त गरि-रहेका छन्। प्रायः सबै पाठकका निम्ति यसमा सामग्री मौजूद छ। अबोध बालक पनि जुन कथा सुन्नाले प्रसन्न हुन्छ उस्तै कहानीका रूपमा ठूला-ठूला विद्वान्का समझदेखि पनि बाहिरको गहनतम दार्शनिक सिद्धान्त यसमा प्रतिपादन गरिएको छ। यो यस्तो अद्भुत ग्रन्थ छ कि यसमा काव्य, उपाख्यान र दर्शन सबैको आनन्द वर्तमान छ। ब्रह्मज्ञान प्राप्त गरी, त्यसैमा अडी संसारको व्यवहार गर्नाका निमित्त यस ग्रन्थको पाठ, मनन, निदिध्यासन सर्वोत्तम साधन छ। यस ग्रन्थको अमृत चाखेका आधुनिक समयका परमहंस ब्रह्मनिष्ठ स्वामी रामतीर्थले आफ्नो अमेरिकाको यौटा व्याख्यानमा भनेका छन् कि "भारतको सर्वोत्तम पुस्तक-

हरूमा एउटा र मेरो मतानुसार ता संसारका सबै पुस्तक हरूका मध्येमा अद्भुततम पुस्तक-योगवाशिष्ठ नै हो। यो कुरो असम्भव छ कि कोही यस ग्रन्थको अध्ययन गरोस्, उसलाई ब्रह्मज्ञान प्राप्त नहोओस्, उसले सबका साथ एकताको अनुभव नगरोस्''।

भारतीय वेदान्ती र योगिसमाजमा यसको बहुतै आदर छ। वेदान्तीहरूमा ता यो उक्ति नै प्रचलित छ कि योगवाशिष्ठ सिद्धावस्थामा मनन गर्न योग्य छ, अरू भगवद्गीता, उपनिषद्, ब्रह्मसूत्र आदि ग्रन्थ साधनावस्थामा अध्ययन गर्न योग्य छ। वेदान्तमा यत्रो विस्तृत र अद्वैत-सिद्धान्तलाई यतिका आख्यान, दृष्टान्त, युक्तिद्वारा प्रतिपादन गर्ने ग्रन्थ अरू आजतक लेखिएको छैन। यस विषयमा सबैको एकमत छ कि यही एउटा ग्रन्थको विचारबाट नै कस्तै विषयासक्त र संसारमा डुबेको पुरुष पनि वैराग्य सम्पन्न भएर क्रमशः आत्मपथमा विश्रान्ति पाउँदछ। यो कुरो पनि प्रत्यक्षै देखिन आएको छ कि यस ग्रन्थको राम्ररी मनन गर्ने पुरुष आफ्नो काम लोकोपकारका निमित्त गर्दागर्दै रामचन्द्रजी झैं स्व-स्वरूपमा सदा जाग्दछ।

योगवाशिष्ठका लेखक स्वयं वाल्मीकिजी पनि आफ्नो यस ग्रन्थको महत्व यसरी वर्णन गर्दछन् कि।—

शास्त्रं सुबोधमेवेदं सालंकारविभूषितम्।
काव्यं रसमयं चारु दृष्टान्तैः प्रतिपादितम् ॥ (२-१८-३३)
अस्मिञ्छ्रुते मते ज्ञाते तपोध्यानजपादिकम्।
मोक्षप्राप्तौ नरस्येह न किञ्चिदुपयुज्यते ॥ (२-१८-३५)
सर्वदुःखक्षयकरं महानन्दैक कारणम्। (२-१०-७)

सर्वदुःखक्षयकरं परमाश्वासनं धियः ॥ (२-१०-९)
य इदं शृणुयान्नित्यं तस्योदारचमत्कृतेः ।
बोधस्यापि परं बोधं बुद्धिरेति न संशयः ॥ (३-८-१२)

अर्थात् यो शास्त्र सुबोध छ। अलंकारले विभूषित छ। यो सुन्दर रसमय काव्य हो। यो मोक्षप्राप्तिका लागि यस ग्रन्थको श्रवण, मनन, निदिध्यासन गर्नाले तपस्या, ध्यान, जप आदि कुनै साधनको आवश्यकता रहँदैन। यो ग्रन्थ सबै सुख-दुःखको क्षय गर्ने, बुद्धिलाई अत्यन्त आश्वासन दिने, महामन्द प्राप्तिको साधन छ। जसले यसको नित्य मनन गर्दछ त्यस प्रकाशमय बुद्धिवालालाई बोधभन्दा पनि परको बोध हुन जान्छ, यसमा कुनै संसय छैन।

योगवाशिष्ठको रचनाशैली उस्तो छैन जस्तो प्रायः दर्शन ग्रन्थको देखिन्छ। दर्शन ग्रन्थ प्रायः क्लिष्ट, सूत्ररूप, न्याय मिसिएका भाषामा छन्। योगवाशिष्ठ दोस्रै निराला ढंगको छ। यसमा दर्शन, साहित्य, उपाख्यानको यस्तो सुन्दर र आनन्द दायक संमिश्रण छ कि जुन अध्ययन गर्दा-गर्दै मानिस "सत्यं शिवं सुन्दरम्" को अनुभव गर्नलाग्छ। यो ग्रन्थ यस्तो अद्भुत छ कि यसमा जटिल भन्दा जटिल दार्शनिक सिद्धान्त र युक्तिहरू पनि काव्य र कहानीका रूपमा ढालिदिएको छ। यस ग्रन्थमा कसैका मतको खण्डन-मण्डन गरिएको छैन सबैको समन्वय छ। साहित्य अथवा उपाख्यानका दृष्टिबाट पनि यो ग्रन्थ संस्कृत-साहित्यमा उच्च कोटिको छ।

यो ग्रन्थ बढो विस्तृत ३२ हजार श्लोकमा हुनाले आजकलका समयमा मानिसलाई यत्तिको अवकाश नै मिल्दैन कि

यत्रो ठूलो ग्रन्थ अध्ययन गर्न सकियोस् औ यत्रो महासागर मथन गरी साररूपी रत्न निकाल्नु विद्वान्‌लाई पनि कठिन छभने सामान्य मानिसको केकुरा । पुरानो समयमा पनि यही विचारबाट नै कविले यसलाई संक्षेपमा लेखेका छन् । सबभन्दा पहिले नवौं शताब्दीमा काश्मीरी पण्डित अभिनन्दन गौडले ६ हजार श्लोकको लघुयोगवाशिष्ठ खडा गरे । योगवाशिष्ठको दोस्रो संक्षेप महोपनिषद् हो, जसमा ५३५ श्लोक छ। तेस्रो संक्षेप अन्नपूर्णोपनिषद् ३३७ श्लोकको छ । एउटा अर्को योगवाशिष्ठ सार २२५ श्लोकको देखिन्छ। एउटा हालैमा भीषनलाल आत्रेयले संक्षिप्त गरेको वाशिष्ठदर्शन र सानो १५० श्लोकको वाशिष्ठ-दर्शनसार छ। यसलाई छोडेर अरू सबै संक्षिप्त ग्रन्थमा योगवाशिष्ठको सारा सिद्धान्त आउँदैन, न क्रमबद्ध तरीकाबाट लेखिएको छ।

योगवाशिष्ठमा छ प्रकरण छ—वैराग्य, मुमुक्षु, उत्पत्ति, स्थिति, उपशम, निर्वाण । यी छ प्रकरण समग्र ३२ हजार श्लोकमा क्रमैले मुख्य मुख्य यति विषय प्रतिपादन गरिएको छ किः—

"संसारमा सर्वत्र दोषै दोष छ । यहाँ कुनै पनि स्थिर छैन ।कालको सबतिर साम्राज्य छ। दुःखको कारण संसारको राग हो। अज्ञानीलाई नै दुःख हुन्छ। ज्ञानबाट नै दुःखको निवृत्ति हुन्छ । आत्मज्ञानबाट नै परम शान्ति प्राप्त हुन्छ । आत्मज्ञान पुरुषार्थद्वारा प्राप्त हुन्छ। द्रष्टा र दृश्यको एकता विना द्रष्टालाई दृश्यको अनुभव हुनु असंभव छ। दृश्य पदार्थ चिन्मय छ। संसारका सब पदार्थ कल्पनामय छन्। देश र काल पनि कल्पित छ। कल्पना नै जडताको रूप

धारण गर्छ। द्रष्टाको भित्रदेखि नै दृश्यको उदय हुन्छ। स्वप्न र जाग्रत्‌मा भेद छैन। जगत्‌को अनुभव पनि स्वप्नै हो। प्रत्येक जीवको विश्व अलग–अलग छ। ब्रह्मा जगत्‌को सृष्टि गर्छन्, सारा जीव ब्रह्माबाट उत्पन्न हुन्छन्। सृष्टिको भित्र अनन्त सृष्टिको परंपरा छ। जीवको सृष्टि र प्रलय बार–बार भइरहन्छ। कल्पका अन्तमा सब नष्ट हुन्छन्। प्रलय कालमा केवल ब्रह्म नै शेष रहन्छ। जीवनको संख्या अनन्त छ। सब जीवको उत्पत्ति र लय एउटै नियमबाट हुन्छ, संसारका सब पदार्थभित्र मन छ। मन सर्वशक्ति सम्पन्न छ। मन जगत् रचनामा पूर्ण स्वतन्त्र छ। जीवमा सबकुछ प्राप्त गर्ने अनन्त शक्ति छ। दुःख सुख पनि चित्तकै अधीन छन्। जीवको परिस्थिति उसैका मनको रचना हो। शरीर पनि मनकै रचना हो। मन शान्त र महान् भएपछि मात्रै सबतिर आनन्दको अनुभव हुन्छ। शुद्ध मनमा नै आत्माको प्रतिबिम्ब पर्दछ। मनमा अज्ञान भएसंम जीव संसार रूपी अन्धकारमा परिरहन्छ। आत्मा सर्व व्यापक छ तापनि उसको प्रकाश पुर्यष्टक (सूक्ष्म शरीर) मा नै हुन्छ। मर्दा अज्ञानीलाई नै दुःख हुन्छ। मरेपछिको अनुभव पनि आफ्नो आफ्नो वासना र कर्मअनुसार हुन्छ। परलोकको अनुभव गरिसकेपछि पनि फेरि यहाँ जीवले भोग भुक्तनुपर्छ। आत्म-ज्ञान नभएसम्म जन्म–मरणको अनुभव भइरहन्छ। आत्माका निमित्त जीवन–मरण छैन। जगत्‌को उत्पत्ति ब्रह्माबाट हुन्छ। ब्रह्माको स्वरूप मनको ब्रह्मको उत्पत्ति परम ब्रह्मबाट हुन्छ। ब्रह्मको यो स्पन्दन स्वाभाविक छ। ब्रह्ममा स्पन्दन हुनु उसको आफ्नो लीला मात्र हो। ब्रह्माको उत्पत्ति कुनै विशेष कारणले भएको छैन। ब्रह्माको शरीर सूक्ष्म छ। ब्रह्माबाट उत्पन्न भएको जगत् मनोमय छ। परम ब्रह्म नेति

नेति (न यो हो न उ हो)। ब्रह्म ज्ञान-अज्ञान दुवै देखि परछ, ब्रह्म तम र प्रकाश भन्दा पर छ। ब्रह्म जड-चेतन दुवै होइन। तीनै जगत् ब्रह्मको भित्र रहेको छ। ब्रह्म नै जगत्‌का रूपमा प्रकट हुन्छ। जगत्‌का रूपमा प्रकट हुनु ब्रह्मको स्वभावै हो। सबकुछ ब्रह्मदेखि अभिन्न छ। जगत् खाली भ्रम हो, वास्तवमा सत्य छैन। अज्ञान रहेसम्म जगत् सत्य अनुभव हुन्छ। ज्ञानद्वारा जगत् आत्मामा विलीन हुन जान्छ। भेदलाई मान्नु खाली अज्ञानीहरूलाई ब्रह्मज्ञानको उपदेश गर्नाका निम्ति मात्र हो। सदेह-विदेह मुक्तिमा विशेष भेद छैन। बन्धन र मोक्ष दुइटै वास्तवमा मिथ्या छन्। ज्ञान नै मोक्षप्राप्तिको साधन हो। मोक्ष प्राप्तिका निम्ति कुनै देवताका आराधनाको आवश्यकता छैन। जन्मभर कर्मको त्याग हुन सक्तैन तसर्थ मोक्ष प्राप्तिका निम्ति कर्मत्यागको आवश्यकता छैन। आत्मज्ञानको उत्पत्ति आफ्नै यत्न र विचारबाट हुन्छ। विचारका लागि चित्त शुद्ध गर्नुपर्छ। आत्मानुभवको वर्णन हुन सक्तैन। आत्मानुभवमा मन रहँदैन। अविद्या एक बाजी हटेपछि फेरि फर्कन्न। जीवन्मुक्त सांसारिक व्यवहार गर्दा-गर्दै पनि समाधिमा रहन्छ। शरीर छुटेपछि जीवन्मुक्त विदेह मुक्तिमा प्रवेश गर्दछ।"

बस, योगवाशिष्ठको सिद्धान्त यत्तिकै हो। यसैको विशेषरूपले वर्णन गर्दा ३२ हजार ग्रन्थ भएको छ। मैले मूल ग्रन्थ र माथि लेखिएका सबै योगवाशिष्ठसार हेरी, सकेसम्म प्रतिपाद्य विषय नछुटाई, सबैको सार निकाली यो "संक्षिप्त योगवाशिष्ठ" नामको एउटा सानो ग्रन्थ तयार गरेको छु। मूल ग्रन्थमा एउटै विषय अनेक ठाउँमा प्रकरण प्रकरणमा

लेखिएको छ । एकै ठाउँमा उक्त विषयको संपूर्ण विवरण झल्कँदैन। यसैकारण जुन विषय मानिसलाई हेर्नु पर्‍यो उ विषय सबै एकै लयमा मिलोस् भन्नाका लागि यो ग्रन्थ मूल योगवाशिष्ठको जस्तो वैराग्य, मुमुक्षु आदि प्रकरणको शैलीबाट लेखिएको छैन, खालि उनै प्रकरणअनुसारको समग्र सिद्धान्त अर्कै रूपबाट लेखिएको छ। यसमा समस्त योगवाशिष्ठको सार पहिलेदेखिका उहाँका प्रतिपाद्य विषय-लाई भिन्नाभिन्नै छुट्ट्याएर देखाई विशेषरूपले लेखिएको छ । उहाँपछि योगवाशिष्ठमा आएका समस्त उपाख्यान (कथा) हरू उसमा उनै अगाडिका विषय फेरि झल्काई लेखिएका छन्। अन्त्यमा फेरि यी सबै अगाडिका विषयको सार खिंची "संक्षिप्त योगवाशिष्ठ सार" भिन्नै लेखिएको छ। यस शैलीको लेखद्वारा सबैलाई पहिले संक्षिप्त योगवाशिष्ठ बाट श्रवण, अनि कथाहरूबाट मनन, संक्षिप्त योगवाशिष्ठ सारबाट निदिध्यासन हुन जानेछ। अथवा यी तीनोटा प्रबन्धमा एउटै मात्र हेर्नाले पनि योगवाशिष्ठको समग्र सिद्धान्त ज्ञान झल्कनेछ ।

बालककालदेखि नै यसमा मेरो दिल गडेको र अरू गीता, उपनिषद्, दर्शनशास्त्रहरूबाट भन्दा यसबाट मलाई शान्ति मिलेको हुनाले, फेरि यत्रो महाविशाल ग्रन्थ मथेर सार निकाली कसैले पनि यसको रस (अमृत) चाख्न नसकेको हुनाले, फेरि यसको सारै चाहना गर्ने नेपाली जनतामा यसको अभाव देखेको हुनाले यसको नेपाली भाषामा संक्षिप्त सार लेख्ने विचार मेरो मनमा उठेको धेरै काल भयो । आज त्यो संकल्प मंगलमय परमात्माका कृपा दृष्टिबाट

पूर्ण भयो । ठूलो परिश्रमका साथ कैयौं कालमा यो ग्रन्थ लेखी सबै नेपाली जनताका करकमलमा आदरकासाथ अर्पण गरेकोछु । यसको अध्ययन र मननबाट सबैले मन शान्त गराई आफ्नो जीवन आनन्दमय बनाउलान् भन्ने मलाई पूर्ण आशा छ ।

परमात्मा मात्र अच्युत हुनाले यसमा कुनै त्रुटि देखिएमा विद्वान्वर्गबाट अवश्य क्षमा पाउनेछु । ॐ तत्सत् ।

अम्बिकाभवन
दिल्लीबजार
२००१।१।२६।२

निवेदकः–
दुर्गाप्रसाद भट्टराई

अनुक्रमणिका

(संक्षिप्त)

सं	विषय	पृष्ठ
	वक्तव्य	१
	प्रस्तावना	अ
	कथारम्भ	१
१	जीवनमा दुःख र अशान्तिको साम्राज्य	७
२	रामचन्द्रको प्रश्न	९
३	वशिष्ठजीको उत्तर	१५
४	दुःख निवृत्तिको उपाय	१७
५	जीवनमा पुरुषार्थको महत्व	१८
६	साधकको जीवन	२१
७	स्वानुभूति	२२
८	कल्पनावाद	२३
९	जगत्	२७
१०	मन	३३
११	मनको अद्भुत शक्ति	४२
१२	सिद्धि	५२
१३	म के हूँ ?	५८
१४	मृत्युविचार	६३
१५	ब्रह्म	७२
१६	शक्ति	७६
१७	परमब्रह्म	७८
१८	ब्रह्मको विकास	८७
१९	अद्वैत	९१
२०	जगत्को मिथ्यापन	९४
२१	सबभन्दा उच्चज्ञान	१०१
२२	परमानन्द	१०८
२३	बन्धन र मोक्ष	१११
२४	मोक्षप्राप्तिको उपाय	११९
२५	ज्ञानप्राप्तिको साधन	१२४
२६	एकतत्वको अभ्यास	१२७
२७	प्राणनिरोध	१२८
२८	ज्ञानका सात भूमिका	१५०
२९	कर्मबन्धन	१५५
३०	आत्मानुभव	१६२
३१	जीवन्मुक्ति	१६७
	योगवाशिष्ठका कथाहरू	१८०–२७१
३२	आकाशजको कथा	१८०
३३	नीलोपाख्यान	१८२
३४	कर्कटी राक्षसीको कथा	१८६
३५	इन्दु ब्राह्मणका पुत्रको कथा	१८७
३६	अहिल्या इन्द्र ब्राह्मणको कथा	१८८
३७	चित्तोपाख्यान	१९०
३८	बालकाख्यायिका	१९२
३९	इन्द्रजालोपाख्यान	१९४

सं.	विषय	पृ.
४०	गाधी ब्राह्मणको कथा	१९७
४१	शुक्रोपाख्यान	२००
४२	दाम, व्याल, कटको कथा	२०३
४३	भीम, भास दृढको कथा	२०४
४४	दाशूरोपाख्यान	२०५
४५	जनकको कथा	२०८
४६	पुण्यपावनको कथा	२११
४७	बलिको कथा	२१४
४८	प्रह्लादको कथा	२१६
४९	उद्दालकमुनिको कथा	२१९
५०	सुरघुको कथा	२२२
५१	भास विलास संवाद	२२४
५२	वीतहव्यको कथा	२२६
५३	काकभुशुण्डको कथा	२३०
५४	ईश्वरोपाख्यान	२३५
५५	अर्जुनोपाख्यान	२३७
५६	शतरुद्रोपाख्यान	२३९
५७	वेतालोपाख्यान	२४३
५८	भगीरथोपाख्यान	२४४

सं.	विषय	पृ.
५९	चुडालोपाख्यान	२४७
६०	किराटोपाख्यान	२५६
६१	मणिकाचोपाख्यान	२५७
६२	हस्तिकोपाख्यान	२५८
६३	कचोपाख्यान	२६०
६४	इक्ष्वाकुको कथा	२६१
६५	तुर्यावस्थामा रहेका मुनिको कथा	२६२
६६	विद्याधरको कथा	२६३
६७	इन्द्रको कहानी	२६४
६८	पाषाणोपाख्यान	२६५
६९	विपश्चितको कथा	२६७
७०	शवोपाख्यान	२६८
७१	तापसो पाख्यान	२७०
७२	कचगीता	२७१

ॐ

तत्सत्

अनुक्रमणिका

(विस्तृत)

सं, विषय	पृष्ठ
१ कथारम्भ	१
२ रामचन्द्रको अशान्ति	५
३ संसारको दोष र अस्थिरता	७
४ जीवनको दुर्दशा	८
५ कालको साम्राज्य	८
६ जीवनमा सुखको अभाव	९
७ लक्ष्मीनिन्दा	९
८ आयुनिन्दा	१०
९ चित्तको चञ्चलता	१०
१० तृष्णाको जलन	१०
११ शरीरको अरम्यता	११
१२ बालक अवस्थाको दुर्दशा	११
१३ यौवनावस्थाको दोष	११
१४ स्त्रीनिन्दा	११
१५ बुढ्याइँ निन्दा	१२
१६ जीवनको असारता	१२
१७ अभ्युदयको असारता	१२
१८ रामचन्द्रको प्रश्न	१३
१९ विश्वामित्रको सान्त्वना	१३
२० शुकदेवको कथा	१४
२१ वशिष्ठको उत्तर	१५
२२ संसारको राग र दुःख निवृत्ति	१७
२३ ज्ञानबाट शान्ति	१८
२४ पुरुषार्थको महत्व	१८
२५ पराधीनताको निन्दा	१८
२६ दैवमीमांसा	१९
२७ दैवशब्दको अर्थ	१९
२८ पुरुषार्थको दैवमा प्रबलता	१९
२९ सत्पुरुषार्थ	२०
३० आलस्यनिन्दा	२०
३१ चित्तशुद्धि	२१
३२ मोक्षका द्वारपाल	२१
३३ आफ्नै अनुभवद्वारा आत्मज्ञान	२२
३४ संसारको कल्पना मात्रत्व	२३
३५ मनोधीन देश–काल परिमाण	२३
३६ द्रष्टा र दृश्यको अनन्यत्व	२४
३७ जाग्रत् र स्वप्नको अभेद	२५
३८ जीवका संसारको भिन्नता	२६

३९ ब्रह्माबाट जगत्सृष्टि २७
४० ब्रह्मकृत र जीवनकृत जगत्को सम्बन्ध २७
४१ जगत्को नाम २७
४२ जीव परम्परा २८
४३ सृष्टिकाभित्र सृष्टि २८
४४ सबै कुरो सब ठाउँमा छ २९
४५ नाना प्रकारका विचित्र सृष्टि २९
४६ सृष्टि र प्रलय बार बार हुनु ३०
४७ कल्पका अन्तमा सब नष्ट हुन्छ ३०
४८ दृश्य जगत्को उत्पत्तिक्रम ३०
४९ तीन आकाश ३२
५० नियति ३३
५१ मनको स्वरूप ३३
५२ मनका अनेक नामरूप ३४
२३ जीव शरीर कसरी बन्छ ? ३६
५४ जीवको बन्धन ३७
५५ वीज निर्णय ३७
५६ अनन्त जीव ३८
५७ जीवको सात अवस्था ३८
५८ सात प्रकारको जीव ३९
५९ जीवको १५ जाति ४०
६० जीवको ब्रह्माबाट उत्पत्ति ४१
६१ सब पदार्थभित्र मन छ ४१
६२ सर्वशक्ति सम्पन्न मन ४२
६३ जीवमा अनन्त शक्ति ४३
६४ विषयको रूप चित्तको अधीन छ ४३
६५ दृढभावनाको फल ४४
६६ अभ्यासको महत्व ४५
६७ मनको दृढ निश्चयको शक्ति ४५
६८ सुख दुःखको मनको अधीनता ४६
६९ शरीर मनैले रचेको हो ४६
७० आधि—व्याधी ४८
७१ आधिबाट व्याधिको उत्पत्ति ४८
७२ मूल व्याधि ४८
७३ जीवन सुखी नीरोग राख्ने उपाय ४९
७४ मन शान्त भएपछिको आनन्द ५०

७५ शुद्ध मनमा आत्माको प्रतिबिम्ब ५१
७६ अज्ञान रहेसम्मको अन्धकार ५१
७७ शुद्ध मनबाट सिद्धि ५२
७८ सूक्ष्म भाव ग्रहण गर्ने युक्ति ५३
७९ ज्ञानद्वारा स्थूल भावना निवृत्ति ५४
८० कुण्डलिनी शक्ति ५४
८१ कुण्डलिनीद्वारा सिद्धि ५६
८२ सूक्ष्मता र स्थूलता सिद्धि ५७
८३ चित्तको चार अवस्था ५८
८४ जाग्रत् अवस्था ५८
८५ सुषुप्ति अवस्था ५९
८६ स्वप्न अवस्था ५९
८७ तुर्यावस्था ६०
८८ म देह हुँ ? ६०
८९ म सर्वातीत कसरी हुँ ! ६१
९० शरीर आत्माको सम्बन्ध ६२
९१ म सारा विश्व हुँ ६२
९२ मृत्युको भय ६३
९३ मृत्यु के हो ? ६४
९४ मर्ने वेलाको अनुभव ६५
९५ मर्ने वेलाको अज्ञानीको दुःख ६६
९६ मरेपछिको अनुभव ६७
९७ परलोकबाट आए पछिको अवस्था ६९
९८ योगीको गति ७०
९९ जीवन्मुक्तिको गति ७०
१०० आत्मा जीवन मरण रहित छ ७१
१०१ आयु कम वेसी हुनाको कारण ७१
१०२ को मृत्युदेखि बाहिर छ ? ७२
१०३ ब्रह्माको स्वरूप ७२
१०४ ब्रह्माको उत्पत्ति ७३
१०५ ब्रह्ममा स्पन्दन ७४
१०६ ब्रह्माको शरीर ७५
१०७ ब्रह्मा नै संसारको रचना गर्छे ७५
१०८ ब्रह्मका अनन्त शक्ति ७६
१०९ प्रकृति ७७
११० शक्तिको ब्रह्मका साथ सम्बन्ध ७७

१११ परब्रह्म ७८
११२ ब्रह्मको अवर्णनीयता ७९
११३ ब्रह्म न यो हो न उ हो ७९
११४ ब्रह्म एक र अनेक होइन ७९
११५ ब्रह्म शून्य र भावात्मक पदार्थ होइन ८०
११६ ब्रह्म ज्ञान अज्ञानदेखि पर छ ८०
११७ ब्रह्म तम र प्रकाश-देखि पर छ ८१
११८ ब्रह्म आत्मा होइन ८१
११९ ब्रह्मको वर्णन ८२
१२० जगत् ब्रह्मको बृंहण मात्र हो ८७
१२१ तीनै जगत् ब्रह्मको भित्र छ ८९
१२२ ब्रह्म जगत्का रूपमा प्रकट हुन्छ ८९
१२३ ब्रह्ममा अनेक सृष्टि गर्ने शक्ति ९०
१२४ सत्ता मात्रबाट नै ब्रह्मको कर्तृत्व ९०
१२५ सब ब्रह्मदेखि अभिन्न छ ९१
१२६ प्रकृतिको आत्माका साथ सम्बन्ध ९१
१२७ मनको ब्रह्मका साथ तादात्म्य ९२
१२८ जगत्को ब्रह्मका साथ तादात्म्य ९२
१२९ ब्रह्मको सर्वव्यापकत्व ९४
१३० सत्य र असत्यको अर्थ ९४
१३१ जगत्को असत्यता ९५
१३२ अविद्या ९७
१३३ चित्त नै अविद्या हो ७९
१३४ माया ९७
१३५ मूर्खका निम्ति जगत् सत्य छ ९८
१३६ अज्ञान रहेसम्म जगत् अनुभव हुन्छ ९९
१३७ ज्ञानबाट अविद्याको नाश ९९
१३८ जगत्का भ्रमको क्षय १००
१३९ अविद्या विलीन हुनु नाश होइन १००
१४० ज्ञान द्वारा जगत् आत्मामा विलीन हुन्छ १०१
१४१ भेद अज्ञानीलाई उपदेश दिनाका निंति हो १०१

१४२ परम सिद्धान्त १०२
१४३ ब्रह्म जगत्को कर्ता होइन १०३
१४४ ब्रह्ममा विकार छैन १०३
१४५ ब्रह्म जगत्को कारण होइन १०४
१४६ ब्रह्म जगत्को बीज होइन १०४
१४७ जगत् भ्रम मात्र हो १०६
अजातवाद १०६
१४८ यस सिद्धान्तको
१४९ अधिकारी १०७
१५० विषयको असारता १०८
१५१ व्यवहारको असारता १०९
१५२ सुख दुःखको अनुभव हुने समय १०९
१५३ आत्मानन्द ११०
१५४ बन्धनको स्वरूप १११
१५५ बन्धनको कारण १११
१५६ मिथ्या भावना ११२
१५७ मोक्षको स्वरूप र अनुभव ११२
१५८ मुक्तिको भेद ११३
१५९ मुक्ति र जडस्थितिको भेद ११४
१६० बन्धन र मोक्षको मिथ्यापना ११५
१६१ मोक्षप्राप्तिको उपाय ज्ञान ११५
१६२ मोक्ष प्राप्तिको साधन देवताको आराधना हैन ११६
१६३ ईश्वर सबको भित्रछ ११७
१६४ आत्म देवको पूजा गर्ने विधि ११८
१६५ ज्ञानीहरूको पूजा ११९
१६६ बाहिरी देवताको पूजा गौण हो १२०
१६७ मोक्षप्राप्तिका निंति कर्मत्यागको अनावश्यकता १२१
१६८ सम्यक् ज्ञानको स्वरूप १२१
१६९ आत्मज्ञान आफ्नै यन्त्रबाट हुन्छ १२२
१७० विचारका निंतिको चित्त शुद्धि १२२
१७१ विचारको विषय १२२

सं.	विषय	
१७२	अविद्याबाट अविद्या नाश	१२३
१७३	ज्ञानप्राप्तिमा शास्त्रयो उपयोग	१२३
१७४	ज्ञानबन्धु	१२४
१७५	ज्ञानी	१२५
१७६	अभ्यासको महत्व	१२५
१७७	योग	१२६
१७८	योगको निष्ठा	१२६
१७९	ब्रह्मभावना	१२७
१८०	पदार्थमा अभाव भावना	१२७
१८१	केवली भाव	१२८
१८२	प्राण र मनको संबन्ध	१२८
१८३	प्राण विद्या	१२९
१८४	स्वाभाविक प्राणायाम	१३१
१८५	प्राणको गति रोकने युक्ति	१३३
१८६	मनोलय	१३४
१८७	मन संसार चक्रको नाभी हो	१३५

सँ.	विषय	पृ
१८८	मनको स्थूलता	१३५
१८९	मनको ब्रह्मत्व प्राप्ति	१३५
१९०	मन निरोध गर्नें युक्ति	१३६
१९१	ज्ञान युक्ति	१३७
१९२	संकल्पको उच्छेदन	१३७
१९३	भोगबाट विरक्ति	१३९
१९४	इन्द्रिय निग्रह	१३९
१९५	वासना त्याग	१३९
१९६	तृष्णाको खराबी	१४०
१९७	यहाँ पाउने छोड्ने कुरो छैन	१४०
२९८	ध्येय र ज्ञेय त्याग	१४०
१९९	वासना त्यागने तरकीब	१४१
२००	अहंकार त्याग	१४२
२०१	ब्रह्मभावको अभ्यास	१४३
२०२	अहंभाव क्षीण भए-पछिको अवस्था	१४४
२०३	असंगको अभ्यास	१४५
२०४	समभावको अभ्यास	१४६
२०५	समताको आनन्द	१४६
२०६	सबमा बन्धुभावना	१४७

सं	विषय	पृ
२०७	कर्तृत्व त्याग	१४७
२०८	सर्वत्याग	१४७
२०९	महात्यागीको स्वरूप	१४८
	समाधिको स्वरूप	१४८
२१०	मन लीन हुनाको आनन्द	१४९
२११	ज्ञानका सात भूमिका	१५०
२१२	योगभूमिकाको पहिलो विवरण	१५०
२१३	योगभूमिकाको दोश्रो विवरण	१५१
२१४	ज्ञान भूमिकाको तेस्रो विवरण र प्रथम भूमिका	१५२
२१५	दोस्रो भूमिका	१५२
२१६	तेस्रो भूमिका	१५३
२१७	चौथो भूमिका	१५३
२१८	पाँचौ भूमिका	१५४
२१९	छैटौं भूमिका	१५४
२२०	सातौं भूमिका	१५५
२२१	कर्म फलको अटल नियम	१५५
२२२	कर्मको वास्तविक स्वरूप	१५५
२२३	जीव कर्ममा एकता	१५६
२२४	जीवको सृष्टि अगाडि कर्मको अभाव	१५६
२२५	जीव र कर्मफललाई बाँध्ने वासना	१५७
२२६	कर्मफलबाट मुक्त हुने विधि	१५८
२२७	कर्मयोग	१६०
२२८	आत्मानुभव उदयको लक्षण	१६२
२२९	आत्माको अनुभव	१६४
२३०	आत्मानुभावको अवर्णनीयता	१६४
२३१	आत्मानुभवमा चित्ताभाव	१६५
२३२	अविद्या एकबाजि हटेपछि फेरि आउन्न	१६५
२३३	परमतृप्तिको अनुभव	१६६
२३४	जीवन्मुक्तको लक्षण	१६७
२३५	जीवन्मुक्तका निंति लिने छोड्ने केही हुँदैन	१६७
२३६	जीवन्मुक्त महा-कर्ता हो	१७१

सं.	विषय	पृ.
२३७	जीवन्मुक्त सदा समाधिमा रहन्छ	१७२
२३८	जीवन्मुक्त महा भोक्ता हो	१७३
२३९	जीवन्मुक्त शरीर नगरीमा राज्य गर्छ	१७४
२४०	जीवन्मुक्त यथाप्राप्त व्यवहार गर्छ	१७५
२४१	बाह्य व्यवहारमा ज्ञानी र अज्ञानीको समता हुन्छ	१७५
२४२	जीवन्मुक्तको चित्त	१७६
२४३	जीवन्मुक्त र सिद्धि	१७७
२४४	जीवन्मुक्तमा आपत्ति रहँदैन	१७७
२४५	जीवन्मुक्तको जीवन शोभा-युक्त हो	१७८
२४६	जीवन्मुक्त शरीर ढलेपछि विदेह मुक्त हुन्छ	१७९
२४७	योग वाशिष्ठका कथाहरू	१८०
२४८	समाप्ति	२९१

ॐ ॐ ॐ

तत्सत्

ॐ

तत् सत् परमात्मने नमः

संक्षिप्त योगवाशिष्ठ

जस्देखी यो उदायो भुवन, सकलको वास जस्मा छ खास
जस्मा नै हुन्छ रास्रै विलय, म--म भनी हुन्छ जो नित्य भास ।
जस्को झल्का मिलेमा हृदयकुहरमा बाँकि क्यै हुन्न काम
उस्तो त्यो दिव्य कोही चिजकन गर्छू ऐक्यरूपी प्रणाम ॥

बुद्धिप्रकाशिनी वाणी पराको करुणामयी ।
प्रकाश गर्छू स्फुरणा हृदयाकाशमा रही ॥

कथा-रम्भ एक बखत सुतीक्ष्ण नामका एउटा ब्राह्मणका मनमा यो शंका उठ्यो कि मोक्ष-प्राप्तिको साधन ज्ञान हो वा कर्म । उनले अगस्त्याश्रममा गएर अगस्त्य ऋषिसित यही प्रश्न गरे । अगस्त्यजीले उत्तर दिए कि—मोक्षप्राप्ति न खाली कर्मबाट हुन्छ, न ज्ञानबाट । पक्षी एउटा पखेटाले उड्न सक्तैन, उसलाई उड्न दुइटै पखेटा चाहिन्छ । त्यस्तै

ज्ञान र कर्म दुवै मोक्ष-प्राप्तिका साधन हुन्। यस विषयमा म तिमीलाई एउटा पुरानो इतिहास सुनाउँछु।

अग्निवेश्यका वेद-वेदांग सबै जानेका कारुण नामके एउटा छोरा गुरुका घरबाट विद्या पढेर फर्केपछि यही शंकाले गर्दा आफ्नो नित्य-नैमित्तिक सबै कर्म छोडेर चुपचाप बस्न लागे। अग्निवेश्यले छोराको यो अवस्था देखेर उनलाई भने—बाबु, तैंले किन कर्म छोडिस्? कर्म नगरीकन तँलाई सिद्धि कसरी होला? कारुणले भने—बा, कुनै शास्त्रले परमार्थ-सिद्धिका लागि कर्म गर्नु पर्छ भन्छ, कसैले कर्मत्यागको उपदेश गर्छ। कुन ठीक हो यो कुरो मेरो मनैमा चढ्दैन। पिताजी, तपाईंले नै यस विषयमा मलाई यथोचित उपदेश दिनुहोस्। अग्निवेश्यले भने—यस विषयमा म तँलाई एउटा कथा सुनाउँछु, यो कथा सुनेपछि तेरो मनमा कुनै शङ्का उठ्नेछैन।

एक बखत एउटी सुरुचि नामकी अप्सरा हिमालयपर्वतका चुचुरोमा बसेर प्रकृतिको शोभा हेरिरहेकी थिइन्। यिनले आकाश-मार्गबाट जान लागेका एउटा इन्द्रका दूतलाई देखिन्। ती दूतलाई उहाँ बोलाएर सोधिन्—हे दूत, तिमी कहाँबाट आयौ, कहाँ जान्छौ? दूतले भने—हे सुरुचि, मेरो इतिहास सुन। भूलोकमा अरिष्टनेमि नामका एउटा राजा थिए। उनी आफ्ना छोरालाई राज्य दिएर आफ्नू परत्र सुधार्नाका लागि गन्धमादनपर्वतमा गएर घोर तपस्या गर्न लागे। इन्द्रमहाराजलाई यो कुरा थाहा भएपछि उनले आफ्नो दूत पठाई ठूलो आदर-सत्कारका साथ उनलाई स्वर्गमा ल्याए। उनीसंग इन्द्रले प्रार्थना गरे कि—महाराज, स्वर्गीय भोग भोगेर यहीं बस्नोस्। राजाले सोधे—इन्द्रमहाराज, स्वर्गमा बस्नुभन्दा अगाडि म यो कुरो जान्न चाहन्छु कि स्वर्गमा गुण के के छ?

दोष कुन कुन छ ? इन्द्रले भने—महाराज, स्वर्गमा नाना प्रकारको भोग छ तर ती सब भोगहरू आफ्ना आफ्ना कर्मानुसार नै मिल्दछन्। उत्तम कर्मवालालाई उत्तमै भोग, मध्यमलाई मध्यम, अधमलाई अधम भोग स्वर्गमा प्राप्त हुन्छ। माथिल्लो दर्जामा रहेकालाई अभिमान र घमण्डले ढाक्दछ, तल्लो श्रेणीका डाह र मानसिक पीडाले चूर हुन्छन्। यिनले आफ्नो पुण्यकर्म भोगद्वारा सिद्धिएपछि फेरि मर्त्यलोकमा झरेर जन्म-मरणका चक्करमा पर्नुपर्छ, स्वर्गको गुण-दोष यही हो। राजाले भने—इन्द्रमहाराज, यस्तो स्वर्गमा बस्ने मेरो इच्छा छैन। तपाईंले कृपा गरेर मलाई उहीं गन्धमादन पर्वतमा नै पुर्‍याइदिनोस्। त्यसै ठाउँमा कुनै भोगको इच्छा नराखी तपस्या गर्दागर्दै म यस शरीरलाई त्याग्दछु।

राजाको यो कुरा सुनेर इन्द्रले मलाई बोलाई भने—यी राजर्षि तत्त्वज्ञानका अधिकारी भै रहेछन्, यिनलाई तँ वाल्मीकि ऋषिका आश्रममा लैजा। वाल्मीकिजीले यिनलाई यस्तो तत्त्वज्ञान बतलाउनेछन् कि जुन उपदेश सुनेपछि यी मोक्ष-मार्गमा आरूढ हुनेछन्। देवराजको आज्ञा पाउनासाथ मैले राजालाई वाल्मीकि ऋषिका आश्रममा लगें। उहाँ पुगेपछि राजाले वाल्मीकि ऋषिलाई प्रणाम गरेर यो प्रश्न गरे—ऋषीश्वर, मलाई कृपापूर्वक त्यस्तो बाटो देखाउनुहोस् कि जस-बाट म संसारका बन्धनदेखि मुक्त हुन जाऊँ। ऋषिले भने—राजन्, म तिमीलाई मोक्ष-प्राप्तिका ती सारा उपदेश सुनाउँछु जुन उपदेश वशिष्ठ ऋषिले रामचन्द्रलाई दिएका थिए। ती उपदेश सुनेपछि तिमीलाई आत्मबोध हुन जानेछ। तिमी जीवन्मुक्त हुनेछौ। मैले यो मोक्षोपाय नामक वशिष्ठ-रामसंवाद संग्रह गरेको धेरै दिन भयो। रचना गरिसकेपछि पहिले मैले

यो ग्रन्थ आफ्ना विनीत शिष्य भरद्वाजलाई सुनाएँ। भरद्वाज सारै खुशी भए। उनले यो रचना ब्रह्मलोकमा गएर ब्रह्माजीलाई सुनाए। यो सुनेर खुशी भई ब्रह्माजीले आशीर्वादरूप यो वचन बोले कि "वाल्मीकिजीले संसारको उपकारका निम्ति यो यस्तो ग्रन्थ बनाएछन् कि जुन ग्रन्थ खालि सुन्नाले मात्र पनि मानिस भवसागरबाट सहजै पार हुन जानेछ।"

अरिष्टनेमिले सोधे—हेमुनीश्वर, राम भनेका को हुन्, उनलाई वशिष्ठजीले के कारणले कुन कुन उपदेश गरे? वाल्मीकिजी भन्दछन्—राजन्, राम भनेका आपले गर्दा अज्ञानी मनुष्यको रूप धारण गरेका श्रीविष्णुभगवान् हुन्। एक दिन विष्णुभगवान् ब्रह्मलोकमा गएका थिए। उहाँ सबैले उठेर उनलाई प्रणाम गरे, परन्तु सनत्कुमारजी स्थिर भावले बसिरहे, उनले उठेर विष्णुलाई प्रणाम गरेनन्। यो देखेर विष्णुलाई उनका उपर क्रोध उठ्यो र उनलाई श्राप दिए "सनत्कुमार! तिमीलाई म निष्काम छु भन्ने घमण्ड छ, यो घमण्ड तोड्नाका लागि श्राप दिन्छु कि तिमी शरजन्म नामक कामी राजाका रूपमा भूलोकमा जन्मनेछौ।" सनत्कुमारले भने—भगवन्! म पनि तपाईंलाई तपाईंको सर्वज्ञ छु भन्ने घमण्ड तोड्नाका लागि श्राप दिन्छु कि तपाईंले पनि आफ्नो सर्वज्ञतालाई बिर्सी केही दिन अज्ञानी जीव बनेर भूमण्डलमा वास गर्नुपरोस्। यही आपले गर्दा विष्णुभगवान् अयोध्याका राजा दशरथका घरमा रामचन्द्र नामक पुत्रका रूपमा आएका थिए। जहाँसम्म उनलाई वशिष्ठजीबाट आत्मज्ञानको उपदेश भएन त्यहाँसम्म उनी अज्ञानी नै थिए। राजन्, अब कुन कारण पर्दा रामजीलाई वशिष्ठले उपदेश गरे त्यो कथा म तिमीलाई सुनाउँछु।

रामचन्द्रको अशान्ति

रामचन्द्रजीलाई बाल्य अवस्था बितेर तारुण्य अवस्था शुरू हुनासाथ अकस्मात् एक दिन यस्तो विचार मनमा उठ्यो कि यस जीवनमा सार के छ? आज संसारमा सारा मनुष्यहरू सुखरूपी मृगतृष्णाका पछाडि दौडँदै आफ्नो जीवन बिताइरहेका छन्। परन्तु कसैलाई पनि दुःखरहित परम सुखको प्राप्ति भएको देखिंदैन। यिनीहरू रातोदिन संसारका पचेडमा फसिरहन्छन्, कहिल्यै शान्तिको अनुभव गर्दैनन्। जन्मन्छन् केही दिन बाँचेर मर्दछन्। कोही पनि जान्दैन कि म कहाँबाट आएँ, कहाँ जानेछु, संसार किन खडा भयो, कहिले बन्यो, यसबाट छुट्ने कुनै उपाय छ वा छैन? इत्यादि। रामचन्द्रजी यी विचारमा यत्तिको तल्लीन भए कि यिनलाई आफ्नो नित्यकर्म र खानु, पिउनु, सुत्नु, उठ्नु, घुम्नु इत्यादि कुनै कुरामा पनि रुचि भएन। यिनी जड पत्थरको मूर्ति जस्तै दिनरात बसी बसी सोचिरहन्थे।

रामचन्द्रको यो अवस्था देखेर उनका नोकरचाकरहरू बहुतै घबडाई दरबारमा हाजिर भई दशरथ महाराजसँग बिन्ती चढाउन लागे—महाराज, राजकुमार रामचन्द्रको अवस्था अत्यन्त शोचनीय भइसक्यो। हाम्रो समझैमा आउँदैन कि उहाँलाई के भएको हो। रामचन्द्रजी हामीले धेरै बिन्ती चढाएपछि मात्र आफ्नो नित्यकर्म गर्न लाग्नुहुन्छ। उहाँको कुनै कुरामा उत्साह देखिन्न। उहाँको मुख सधैं खिन्न छ। स्नान, पूजापाठ, दान, भोजनहरू पनि कहिले गर्नुहुन्छ कहिले गर्नुहुन्न। उहाँ साना साना कुरामा पनि जंगिनुहुन्छ। जेसुकै कुरो पनि आफ्ना मनले गर्नुहुन्न। ती सबै काम हाम्रा करले मात्र भइरहेका छन्। कुनै गहना पोशाकमा पनि उहाँको दिल छैन।

सुसारेहरूलाई पनि देखिसहनुहुन्न। उनीहरूले नाच-गान गरेको देख्ता उहाँलाई रिस उठ्छ। ठट्टासट्टा मन पर्दैन उहाँ चुपचाप एकान्तमा बसिरहनुहुन्छ ।कहिलेकाहीं उहाँका मुखबाट निस्केका यी शब्द हाम्रा कानमा परेका छन् कि संपत्तिबाट के हुन्छ ? घरबारबाट के हुन्छ ? रागरंगबाट के हुन्छ ? यी सबै फजूल हुन्, कुनैबाट पनि परमानन्द मिल्दैन इत्यादि। यो के भनेको ? हामी जान्दैनौं। खालि हामीलाई यही कुरो मात्र थाहा छ कि रामजी प्रतिदिन दुब्लाउँदै जानुभएको छ, उहाँको चेहरा पहेंलो भइसक्यो। महाराज, अब हामीले के गर्ने ?

दशरथलाई रामचन्द्रको यो हालत सुनेर साह्रै सुर्ता लाग्यो। राजसभामा यज्ञरक्षाका लागि राम-लक्ष्मणलाई माग्न आएका विश्वामित्र ऋषि, गुरु वसिष्ठ ऋषि पनि थिए। यिनमा विश्वामित्रजीले राजा दशरथलाई भने—महाराज, रामचन्द्रजीको यस्तो हालत छ भने उनलाई यहीं बोलाउनुहोस्। हामीहरूले उनलाई शान्त गर्नेछौं। वशिष्ठजीले रामलाई यस्तो उपदेश दिनुहुनेछ कि जसबाट उनको सबै शोक निर्मूल हुन जानेछ। उनी तत्त्वज्ञानद्वारा परमानन्द प्राप्ति गरी संसारमा एउटा आदर्श पुरुष बनेर आफ्नो जीवन बिताउनेछन्।

विश्वामित्रजीको यो कुरा सुनेर राजाको चिन्ता केही कमी भयो। उनले रामचन्द्रजीलाई त्यहीं सभामा बोलाए।रामचन्द्रजी आए, उनले सबैलाई यथायोग्य प्रणाम गरे। वशिष्ठ र विश्वामित्रले 'हेराम, तिमीलाई के भयो ?' भनेर प्रश्न गरेपछि रामले आफ्ना मनका भएभरका दुःख सुनाउन लागे।

(१) जीवनमा दुःख र अशान्तिको साम्राज्य

संसारको दोबर अस्थिरता

रामचन्द्र भन्दछन्— हेगुरु, मेरा मनमा यही विचार जमेर रहेको छ कि कुन यस्तो दृष्टि छ जसमा दोष छैन ? कुन यस्तो दिशा छ जसमा दुःखको दाह छैन ? कुन यस्तो उत्पन्न वस्तु छ जो नाशवान् छैन ? कुन यस्तो कार्य छ जसमा कपट छैन ? अर्थात् संसारमा जता हेर्‍यो उता दोष, दुःख, नाश, कपटको साम्राज्य छ। हे ब्रह्मन् ! जो यो स्थावर-जंगम (जडचेतन) जगत् देखिएको छ, त्यो सब स्वप्नतुल्य अस्थिर छ। बाल्यावस्था अनित्य छ, युवावस्था अनित्य छ, यो शरीर पनि अनित्य छ, धनको संग्रह पनि अनित्य छ। संसारका सारा पदार्थ निरन्तर तरंग समान एकातिरबाट अर्कातिर दौडिरहन्छन्। यस संसारमा जीवन हावाको बत्तीको शिखा झैं चञ्चल छ, तीनै लोकका पदार्थको शोभा बिजुलीको चमक झैं क्षणिक छ। हेभगवन्, यस संसारमा एक रूपमा स्थिर रहेको कुनै पदार्थ छैन। उही मानिस पहिले कुन रूपमा थियो अहिले कुन रूपमा देखिन्छ। जब आफ्नो शरीरैमा एक रूपता छैन भने बाहिरका दोस्रा पदार्थको के कुरा ! बाल्यावस्था थोरै दिनमा बित्तछ, यौवनको शोभा पनि थोरै दिन रहन्छ, केही दिनपछि बुढ्याइँ ले घेर्दछ। जस्तो नटुवा छिन छिनमा भेष बदलेर आफ्नो लीला देखाउँछ त्यस्तै यो मन पनि छिनमा आनन्दित हुन्छ, छिनमा शोकयुक्त हुन्छ औ छिनमा शान्त हुन जान्छ। सृष्टिकर्ता बालख जस्तै आफूले बनाएका वस्तु देखि बाक्क हुन जान्छ। सधैं यहाँ अर्कै, उहाँ अर्कै उत्पन्न गरिरहन्छ। उही वस्तुलाई छिनमा अर्कै, छिनमा अर्कै बनाइरहन्छ।

जीवनको दुर्दशा

आयु अत्यन्त चञ्चल छ, मृत्यु साह्रै क्रूर छ, युवावस्था अत्यन्त नै चञ्चल छ, बाल्यावस्था अज्ञानमा बित्तछ। सबै बन्धुजन संसारका हतकडी हुन्, जति भोग छन् ती सबै महारोग हुन्, तृष्णा खालि मृग-तृष्णा हो। आफ्नै इन्द्रिय आफ्ना शत्रु छन्। सत्य पनि असत्यतामा प्राप्त भएको छ, आत्मा नै आत्मालाई मार्दछ, मनै मनको दुश्मन भइरहेको छ। जो वस्तु जस्तो छ त्यसलाई कुनै अर्कै प्रकारले जानिन्छ। अहंकारमा मन लागिरहन्छ। विषयको भावनाले नै संसारसित सबैलाई बाँध्छ। सब मानिस मोहको वश भएर, दुःखदायी आशारूपी फाँसीमा बाँधिएर, दोषरूपी झाडीमा अड्केको मृग झैं जीवनरूपी जंगलमा नष्ट भइरहेका छन्। तृष्णारूपी लताका वनमा घुम्ने मनरूपी वानर कामरूपी वृक्षका अनेक हाँगामा भ्रमण गर्दै कालक्षेपण गर्दछ। छोरा, स्वास्नी, धन जसलाई मानिस भ्रान्तबुद्धिले गर्दा रसायन तुल्य संझन्छ यिनले कुनै पनि उपकार गर्दैनन्, अन्त्यमा यी सब अतिरम्य वस्तु विषद्वारा प्राप्त मूर्छा झैं दुःखदायी हुन्छन्। जसरी रूखको पात उत्पन्न भएर चाँडै नै नष्ट हुन जान्छ त्यसरी नै विवेकहीन मानिस जन्मेर केही दिनपछि चल्दिन्छ।

कालको साम्राज्य

जस्तो विशाल समुद्रलाई वडवानलले ग्रास गरिदिन्छ त्यस्तै नै संसारमा उत्पन्न भएका सबै वस्तु-लाई सर्वभक्षी कालले खाइदिन्छ। लक्ष्मी नै होओस्, राज्यै होओस्, शरीरै होओस्, अन्सुवै न होओस् यी सब कालले थोरै नै दिनमा काट्छ। यो महाक्रूर कालले सबै-लाई यसरी पकाएर खान्छ कि जसरी सर्पले वायुलाई खान्छ।

जीवनमा सुखको अभाव

यो संसारको प्रवाह के सुखदायक छ ? यहाँ प्राणीहरू मर्नाका लागि उत्पन्न हुन्छन् औ उत्पन्न हुनैका निम्ति मर्दछन्। संसारको जति चेष्टा छ त्यो सब चञ्चल छ। संपन्नकालमा प्राप्त भएका जति विषयभोग छन् ती सब आपत्तिका मूल र पापजनक छन्। सब संपत्ति आपत्तिरूप छ, सुख खालि दुःखका निमित्त छ, जीवन मरणका निम्ति छ। मलाई कुनै पनि भोग सुखदायी मालुम हुन्न किनकि सब भोग तहिलेसम्म रमणीय मालुम हुन्छ जहिलेसम्म त्यसमा विचार-दृष्टि पर्दैन। सारा भोग भयंकर परिणामवाला, चाँडै नै बिग्रने, क्षण-भंगुर, संसारमा फसाउने, आरंभमा विना विचारले गर्दा रमणीय देखिनेछन्। जसरी अग्निका ज्वालाको अन्त्य कालिमामा हुन्छ, उस्तै गरी सुख आशाको अन्त्य दुःखमय छ। सब पदार्थका शिरमा नाश रहेको छ। सब राम्रा वस्तुका शिरमा अरम्यता र सुखका उपर दुःख रहेको छ। तब म कुन वस्तु पक्डूँ ! सारा भोगको विषय विषतुल्य दुःख-दायी छ, स्त्रीहरू मोह उत्पादन गर्ने हुन्। सारा रस सरस पुरुषमा पनि विरसता उत्पन्न गर्ने हुन्। फेरि यिनमा रमाउने कुन मानिस नष्ट होओइन ! विषयको भोग जहरिलो साँपको फणा जस्तै छ, छुनासाथ काट्तछ, छिनछिनमा देख्ता देख्तै नष्ट हुन्छ। सारा संपत्ति र स्त्रीको सौन्दर्य तरंगसमान क्षणभंगुर छ। संपूर्ण दुःखको उत्पत्तिस्थान भएका यस संसारमा रहनाले कसलाई सुखप्राप्ति हुन सक्तछ ?

लक्ष्मी निन्दा

हेभगवन्, लक्ष्मीको वृद्धि सुखका निम्ति होइन, खाली दुःखका निमित्त नै हुन्छ। यसको रक्षा पनि नाशको कारण हुन्छ जसरी सुरक्षित विषको लता

मृत्युको कारण हुन्छ। लक्ष्मी स्त्रीतुल्य मनोहर रूप धारण गरेर चित्तवृत्तिलाई खिच्दछे, खराप कामबाट मिल्दछे, क्षण-भंगुर (चाँडै नष्ट हुनेवाली) छ।

आयुको निन्दा

आयु शरत्कालको बादल, तेल सिद्धिएको बत्ती, तरंग तुल्य चञ्चल र नष्टप्राय छ। जसरी प्रतिदिन विस्तार विस्तार मूसाले प्वाल पार्छ उसै गरी कालले पनि आयुलाई निर्दयताका साथ प्रतिदिन विस्तार विस्तार काटिरहन्छ। स्थिरता र सुखको अनुभवबाट रहित, केही गुण नभएको, मृत्युको पात्र आयु समान संसारमा तुच्छ वस्तु कुनै छैन।

चित्तको चञ्चलता

जसरी सिंह पिजडाभित्र कहीं पनि स्थिर रहन सक्तैन, यताउता घुमिरहन्छ त्यस्तै नै मन आफ्नो चंचल वृत्तिले गर्दा चिन्ताका समूहले लादिएर कहीं पनि स्थिर हुँदैन। आफ्ना विषयतर्फ चित्त यस्तो फूर्तिले दौडन्छ जस्तो चील आफ्नो खाद्य मासुतिर दौडन्छ। छिनभरमा नै थिनबाट यसरी विरक्त हुन जान्छ कि जस्तो बालक खेलबाट। अर्थात् मनमा अलिकति पनि स्थिरता छैन

तृष्णाको जलन

हेभगवन्; तृष्णारूपी अग्निले मलाई यसरी पोलि-राखेको छ कि मलाई शंका लाग्छ अमृतबाट पनि यो दाह शान्त हुन सक्तैन। कुटिल, छुंदा कोमल, विषय रूपी दुःखदायक विष उकेल्ने यो काली सर्पिणीरूपी तृष्णा मनमा प्रकट हुनाका साथ डस्छे। यो तृष्णारूपी चञ्चल बानरनी अगम्य स्थानमा पनि खुट्टो राख्छे, तृप्त भएपछि पनि अरू फलको इच्छा राख्दछे आ एक छिन पनि कुनै गममा अड्दिन। संसारका सब दोषमा तृष्णा नै सबभन्दा ज्यादा दुःख दिनेछ।

यो अन्तःपुरमा सुरक्षित पुरुषलाई पनि संकटमा पारिदिन्छे। जरा, मृत्यु र दुःख यी सबको पेटारी, शारीरिक र मानसिक दुःख दिने वेश्या तुल्य तृष्णा छ। जुन बखत चित्तरूपी आकाशमा हृदयमा अध्यारो गराउने दुरन्त तृष्णारूपी रात्रि व्याप्त हुन्छे त्यसै वेला सब प्रकारका दोषरूपी लाटोकोसेराका पंक्ति देखिन्छन्। तृष्णाले मारिएको मानिस हेर्दामा दीन, नष्ट हृदय, तेजोहीन हुन जान्छ, मोहित हुन्छ, रुन्छ, कराउँछ, अन्त्यमा गिर्छ। बूढो भएपछि प्राणीको कपाल, दाँत आदि सबै वस्तु जीर्ण हुन्छन् तर तृष्णा कहिल्यै पनि जीर्ण हुन्न।

शरीरको अरम्यता

हे मुने, सबै रोगहरूको स्थान, चाउरीले ढाकिएको, सबै मानिसको रोगका सूक्ष्म बीज भरिएको यो शरीर मलाई असल लाग्दैन। भित्र बाहिर रक्त र मांसले भरिएको यो शरीरमा कुनचाहिं सौन्दर्य छ ?

बालक अवस्थाको दुर्दशा

बाल्यावस्थामा अशक्ति, तृष्णा, मूकता, मूढबुद्धि, अभिलाषा, चञ्चलता, दीनता यी सब दोष मौजूद हुन्छन्। जति दोष छन्, जति दुराचार छन्, जति भय र रोग छन् यी सब बाल्यावस्थामा नै रहन्छन्।

यौवनावस्थाको दोष

निमेष मात्र प्रकाश गराउने, चञ्चल मेघको गर्जनयुक्त बिजुलीको चमक समान, क्षणिक यौवन मलाई असल लाग्दैन। विचार नहुँदा एक छिनका लागि असल लाग्ने, शुद्ध भाव नभएको वेश्यासमागम तुल्य यो यौवन असल लाग्दैन। जसरी निर्मल, ठूलो, पवित्र नदी पनि वर्षाऋतुमा मलिन हुन जान्छे त्यस्तै गरी बुद्धि यौवनावस्थामा मलिन हुन जान्छे।

स्त्रीनिन्दा

नसा, हाड, मासु आदिबाट बनेको नारीरूपी मासुका पुल्लाको चंचल शरीररूपी पिंजडामा

कुन सुन्दर वस्तु छ र ? छाला, मासु, रगत, नसा, हाड, आँसु यी सबै अलग अलग छुट्ट्यार हेरेमा त स्त्रीका शरीरमा राम्रो भन्ने वस्तु कुन छ ? फजूलमा मानिस मोहित हुन्छन्। स्त्रीको सौन्दर्य मोहको एउटा कारण नै हो। जस्तो घोडाका निम्ति तबेला, हात्तीका निमित्त खंबा, सर्पका लागि मंत्र बन्धनको कारण छ उस्तै स्त्री पुरुषका बन्धनको कारण हुन्छे।

बुढ्याइँका निन्दा

शरीररूपी मासु खाने वृद्धावस्थारूपी बिराली यौवनरूपी मूसो खाएर बहुत प्रसन्न हुन्छे। जो योद्धा कहिल्यै कसैदेखि परास्त भएको छैन, जो पर्वतका कन्दराभित्र रहन्छ उसलाई पनि वृद्धावस्थारूपी राक्षसी सरलतासंग जित्तछे। कसैले पनि जित्न नसकिएको यो बुढ्याइँले मानिसका सबै अभिलाषालाई तिरस्कार गरिरहन्छ।

जीवनको असारता

पाकेको फल गिर्नु जस्तै मर्नु अनिवार्य छ। हत्केलाको पानी झैं आयु प्रतिक्षण चलिरहेको छ। यौवन खहरे जस्तै तेजीका साथ दौडिरहेको छ। जीर्ण स्थिति भएको यो जीवन इन्द्रजालको दृश्य झैं झूटो छ। सुख यति चाँडै दगुर्छ जति चाँडै धनुबाट छुटेको वाण। चित्त सुख संझेर दुःखतर्फ यसरी दौडन्छ जसरी गिद्ध मासुका उपर। पानीको फोको जस्तै यो जीवन क्षणभंगुर छ, विचार गर्दा सारा व्यवहार केराको खम्बा जस्तै असार देखिन्छ।

अभ्युदयको असारता

मृगतृष्णाका नदीमा बाढी आएको छ तापनि के प्यास लागेको मानिसलाई आनन्द हुन सक्छ ? त्यस्तै धन, ऐश्वर्य,स्त्री, पुत्र आदि रम्य

वस्तुको वृद्धि भएमा पनि के हर्ष हुन्छ ? धन, स्त्री आदिको वृद्धि भएमा आनन्द मान्नुहुँदैन, दुःख मान्नुपर्छ।

हेमुने, करौंतीका दाँतले चिरिनु बरु म सहन सक्छु परन्तु संसारमा व्यवहारबाट उत्पन्न आशा र विषयद्वारा प्राप्त भएको दुःख म सहन सक्तिनँ।

(२) रामचन्द्रको प्रश्न—

रामचन्द्रको प्रश्न

यसैले हेसाधो, यी दुःख नभएको, उपाधि र भ्रमरहित त्यो कुनचाहिं स्थिति हो ? जसमा शोक छैन ? कुन उचित श्रेय छ, कुन उचित प्राप्ति-योग्य फल छ ? यो संसारमा कसरी व्यवहार गर्नुपर्छ ? कुन पवित्र मंत्रले अनेक कष्ट दिने यो संसाररूपी विषूचिका (हैजा) शान्त हुन्छ ? आनन्दरूपी वृक्षका मंजरी जस्तै पूर्णचन्द्र तुल्य आन्तरिक शान्ति म कसरी पाउँला ? कुन यस्तो उपाय छ, कुन यस्तो बाटो छ, कुन यस्तो विचार छ जसबाट यो जीवनरूपी जंगल दुःखदायी नहोस् ? संसारका प्रवाहमा डुबेर व्यवहार गर्दागर्दै पनि मानिस कमलका पातको पानी झैं कसरी बन्धनमा पर्दैन मलाई त्यो उत्तम युक्ति बताउनुहोस् जसबाट मलाई दुःख नहोस्।

विश्वामित्रको सान्त्वना

रामचन्द्रको यस्तो तीव्र जिज्ञासा र वैराग्य देखेर वशिष्ठ र विश्वामित्र दुवै मुनीश्वर बहुतै प्रसन्न भए। उनलाई विश्वामित्रले भने कि—हेराम, तिमी तत्त्वज्ञानका पूर्ण अधिकारी छौ। तसर्थ अब तिमीलाई ज्ञान-प्राप्ति गर्न अलिकति पनि मिहिनेत र समय लाग्नेछैन। तिम्रो अज्ञानको पर्दा सारै पातलो भइसकेको छ, अब वशिष्ठजीको उपदेशबाट अज्ञान हटेर तिम्रा हृदयमा आत्मज्ञानको

प्रकाश हुनेछ। तिमी जीवन्मुक्त भएर संसारमा विचरण गर्नेछौ जस्तो व्यासका पुत्र शुकदेव जीवन्मुक्त भएर घुमेका थिए।

शुकदेवको कथा

रामले सोधे— हेमुने, शुकदेवले ज्ञानप्राप्ति कसरी गरे, उनी जीवन्मुक्त कसरी भए ? मलाई सुनाउनुहोस्।

विश्वामित्र भन्दछन्—हेरामजी, भगवान् वेदव्यासका छोरा शुकदेव संपूर्ण शास्त्रमा निपुण थिए। एक दिन उनका मनमा यो विचार उठ्यो कि मैले सारा शास्त्र पढिसकें तैपनि अहिलेसम्म न मलाई परमानन्दको अनुभव भयो, न यही कुरो थाह भयो कि यो संसार कसरी उत्पन्न भयो र कसरी यसको निवृत्ति हुन्छ! मेरो पिताजी सर्वज्ञ हुनाले यस शंकाको निवृत्ति उनले अवश्य गर्नेछन्। यो विचार गरी व्यासका अगाडि गएर उनले यही प्रश्न गरे। व्यासले उनलाई भने—बाबु, म सर्वज्ञ छैन, जनक महाराज सर्वतत्त्वज्ञ छन्, तँ उहीं जा, उनैले तेरो शंका निर्मूल गरिदिनेछन्। शुकदेव व्यासजीको आज्ञाले मिथिला नगरीमा पुगे। राजा जनकको ढोकामा गएर पालेसंग आफू आउनाको सूचना प्रकट गरे। पालेले राजासंग गएर बिन्ती चढायो "शुकदेवजी ढोकामा खडा छन्, सर्कारसंग मिल्न चाहन्छन्"। जनकले संझे कि शुकदेवजी तत्त्वज्ञान प्राप्त गर्न आएका हुन्। केही विचार गरेर उनले भने—त्यहीं खडा रहन दे। श्रीशुकदेवजी सातदिनसम्म ढोकैमा खडा रहे। आठौं दिनमा राजाले ढोकेलाई आज्ञा दिए कि उनलाई अन्तःपुरमा रानी र अरू स्त्रीहरूका बीचमा राखी उत्तम उत्तम भोजन गरा, सब किसिमको भोग गरा। ढोकेले त्यसै गर्‍यो। शुकदेवजी यस परि-

स्थितिमा पनि सात दिन रहे तर उनलाई न उहाँ रहनाले हर्ष भयो न शोक। राजालाई उनका व्यवहारको सबै सूचना मिलिरहन्थ्यो ।आठौं दिनमा राजाले उनलाई बोलाए र कुशलप्रश्न गरे । शुकदेवले राजालाई आदरका साथ प्रणाम गरेर उनीसँग यो सोधे—महाराज, म तत्त्वज्ञानका निमित्त पिताका आज्ञाले यहाँ आएको हुं । म यो कुरो जान्न चाहन्छु कि संसार कसरी उत्पन्न भयो, कुन आधारमा अडेको छ, कसरी यसको क्षय हुन्छ ,के यसदेखि बाहिर निस्केर शान्त, निश्चल आनन्दमा अडिने कुनै उपाय छ ? जनकले भने—शुकदेवजी, यो संसार आफ्नै चित्तमा उदय हुन्छ। चित्त निःसंकल्प, निर्वेद, निस्फुरण भएपछि नष्ट हुन्छ। चित्तको संकल्पमा नै यसको स्थिति छ। हृदयका निमित्त जहाँ-तक वासना रहन्छ त्यहाँसम्म संसारको अनुभव हुन्छ वासना राम्ररी क्षय भएपछि आत्मानुभावद्वारा परमानन्दमा स्थिति हुन्छ। यो उपदेश सुनेपछि कृतार्थ भएर शुकदेवजी सुमेरु-पर्वतमा गए। त्यहाँ निर्विकल्प समाधिद्वारा उनले निर्वाण-पद प्राप्त गरे ।

यो शुकदेवको इतिहास सुनेर रामचन्द्रलाई तत्त्वज्ञान प्राप्तिको इच्छा झन् बढ्यो। उनले गुरु वशिष्ठजीसंग हात जोडेर यस विषयमा प्रार्थना गरे। वशिष्ठजीले भने—हे राम , म तिमीलाई आज त्यो ज्ञान दिन्छु जो ज्ञान मैले सृष्टिका आदिमा ब्रह्माजीबाट पाएको थिएँ ।

(३) वशिष्ठजीको उत्तर—

वशिष्ठको उत्तर

कमलयोनि ब्रह्माजीले यो जगत् सृष्टि गरिसकेपछि मानिस संसारमा कर्मको नियमअनुसार सुख दुःखका भुमरीमा घसिन लागे। मानिसको यो

दुर्दशा देखेर ब्रह्माजीलाई वहुतै दया उठ्यो । उनले विचार गरे कि अव कुनै यस्तो उपाय मानिसलाई वताउनुपर्‍यो जसवाट यिनले यो संसार-चक्रदेखि हटेर परमानन्द-प्राप्ति गर्न सकून् । यो विचार गरेर उनले तप, धर्म, दान, तीर्थ आदि उपाय रचना गरे। परन्तु उनलाई यही ज्ञान भयो कि यिनका मध्येमा एउटा उपाय पनि यस्तो देखिन्न जसवाट मानिसले परमसुखप्राप्ति गर्न सकोस् । ब्रह्माजी फेरि ध्यानमा डुबे, ध्यान गर्दागर्दै उनको संकल्पवाट एउटा अक्षमाला र कमण्डलु लिएको, सर्वज्ञ,देहधारी मनुष्य खडा भयो । त्यो प्रकट भएको ब्रह्माजीको मानस पुत्र मै वशिष्ठ हुं । मलाई देख्नासाथ ब्रह्मा सारै प्रसन्न भए तर म सर्वज्ञ भएको उनलाई ठीक लागेन किनकि सर्वज्ञ भएपछि मलाई अज्ञानीमाथि कसरी दया उब्जला ! जो अज्ञ भएर सर्वज्ञता प्राप्त गर्छ उही अज्ञानीको दुःखमा दुःखित हुन्छ । तसर्थ ब्रह्माजीले मलाई केही दिन अज्ञ (मूर्ख) वन्ने श्राप दिए । म अज्ञ भएँ तव मैले पिताजी ब्रह्मासंग आत्मज्ञानको प्रार्थना गरें कि हेपिताजी, महा-दुःखदायी संसाररूपी व्याधिको औषधी वतलाउनुहोस् ! कसरी यो संसार उदय हुन्छ, कसरी यसको क्षय हुन्छ ? ब्रह्माजीले मलाई यी सबै प्रश्नको विस्तारपूर्वक उत्तर दिए केही दिनैमा मलाई समस्त तत्त्वज्ञान प्राप्त भयो। तव ब्रह्माजीले मलाई यो आज्ञा दिए कि "तिमी जम्बूद्वीपमा भारतवर्ष नामको देशमा गएर बस; संसारका मानिसको कल्याणका निमित्त यस तत्त्वज्ञानको प्रचार गर । जो कर्मपरायण छ, संसारको उत्तम उत्तम भोग भोग्न चाहन्छ उसलाई तिमी कर्मकाण्डको वाटो देखाऊ । जो संसारदेखि विरक्त छ,

संसारसमुद्रदेखि पारीपट्टिको निर्वाण पदमा रहन इच्छा गर्छ उसलाई ज्ञानमार्गको उपदेश गर।" हेराम, परम-पिता ब्रह्माजीबाट यसरी खटिएर आएको म यहाँ बसेको छु। तिमी ज्ञानका उत्तम अधिकारी छौ तसर्थ तिमीलाई पिता-जीबाट पाएको सारा तत्त्वज्ञान सुनाउँदछु, जुन ज्ञान सुने-पछि तिमी परमानन्दमा प्राप्त हुनेछौ औ जीवन्मुक्त भएर संसारमा घुम्नेछौ। त्यो ज्ञान यही हो, चित्त लाएर सुन-

(४) दुःख-निवृत्तिको उपायः—

संसारको राग र दुःखनिवृत्ति

हेराम, संसारको राग बहुतै दुःखदायी छ। यसले साँपले झैं डस्दछ, तरवारले झैं काट्छ, भालाले झैं रोप्छ, डोरीले झैं बाँध्छ, आगोले झैं पोल्छ, पत्थरले झैं दबाउँछ, बुद्धि नष्ट गर्छ, स्थिरता हटाउँदछ, मोहरूपी अँध्यारो इनारमा जाकिदिन्छ, तृष्णाद्वारा मानिसलाई छियाछिया पार्छ। यो संसाररूपी प्रवाह अज्ञानीको मूर्खतावाट नै चलिरहेको छ, अज्ञानीलाई नै घनघोरको सुखदुःख भइरहन्छ। आपत्तिको मूल संसाररूपी विषवृक्षले अज्ञानीलाई नै दुःख दिन्छ, तसर्थ अज्ञानलाई हमेशा यत्नपूर्वक नष्ट गर्नु पर्छ। जस्तो वर्षाले भिजेको वनलाई अग्निले जलाउन सक्दैन उस्तै मानसिक दुःखले ज्ञानी-लाई पीडा गर्न सक्दैन। ज्ञान युक्तिरूपी डुङ्गाद्वारा ज्ञानीजन दुस्तर भवसागरबाट पार हुनजान्छन् जन्ममरणरहित निर्वाण नामक परमानन्द ज्ञानैबाट प्राप्त हुन्छ। संसारबाट पार गर्ने एक मात्र उपाय ज्ञानै हो, तपस्या दान तीर्थ आदि उपाय होइन।

त्रिभुवनको राज्य मिले पनि पानीभित्र पसे पनि आत्मज्ञान नभईकन कसैलाई पनि शान्ति प्राप्त हुँदैन। आफ्नो कल्याण चाहनेले आत्मज्ञानका निम्ति यत्न गर्नु पर्छ। सब दुःखको निवृत्ति आत्मज्ञानबाट नै हुन्छ। परम आत्मको ज्ञान भएपछि दुःखको प्रवाह यसरी नाश हुनजान्छ जस्तो विषयको प्रवाह खतम भएपछि विषूचिकारोग नष्ट हुनजान्छ।

ज्ञानबाट शान्ति

(५) जीवनमा पुरुषार्थको महत्त्व

पुरुषार्थको महत्त्व

संसारमा सबै दुःख क्षय गर्नाका लागि पुरुषार्थ-अतिरिक्त कुनै दोस्रो उपायमार्ग छैन। संसाररूपी भँडारमा यस्तो कुनै रत्न छैन जो शुद्ध पुरुषार्थद्वारा प्राप्त हुन सक्दैन। जो जुन पदार्थ पाउनाको इच्छा गर्दछ औ उसलाई प्राप्त गर्नाका निम्ति क्रमैले मिहिनेत गर्दछ उसले त्यो पदार्थ अवश्यै प्राप्त गर्छ; यदि बीचैमा छोडेन भने। यहाँ चुपचाप लागेर बसिरहनाले कुनै कुरो प्राप्त हुँदैन। जो यत्न गर्छ त्यसैले फल पाउँछ। आत्मा नै आत्माको मित्र हो, आत्मा नै आत्माको शत्रु हो। यदि आत्मा नै आत्माको रक्षा गर्दैन भने दोस्रो कुनै उपाय छैन।

पराधीनताको निन्दा

जो मानिस यो संझन्छ कि उ ईश्वरले पठाएर नै स्वर्ग-नरकमा जान्छ त्यो मानिस सधैं पराधीन रहन्छ, यस्तो मानिस खास पशु हो। जो मानिस आफूलाई अरूले प्रेरणा गरिरहेको संझेर उद्योग छोडी चुपचाप बसिरहन्छ त्यस्तो अधम मानिस

टाढैबाट हटाउन योग्य छ। जो उद्योग छोडेर भाग्यका उपर भरोसा गर्छ उ आफ्नै दुश्मन हो। जो शूर वीर छ, उन्नतिशील छ, ज्ञानी छ, पण्डित छ, बतलाऊ यिनमा कुनले भाग्यको भरै गरेको छ ?

दैव मीमांसा

दैव (भाग्य) भनेको केही छैन। दैव छंदैछैन। दैव सधैं असत् छ। दैव कहिल्यै केही गर्दैन, खाली कल्पना मात्र हो। दैव मूर्ख अल्छीको कल्पना मात्र हो यस कल्पनाका भरोसामा रहँदा यी नष्ट हुन्छन्। बुद्धिमान् (अक्लमन्द) पुरुष पुरुषार्थद्वारा उन्नति गरेर असल असल पद प्राप्त गर्छ। दैवको कल्पना कमबुद्धिवालालाई दुःखको वेलामा आश्वासन दिनाका निमित्त मात्र हो।

दैव शब्दको अर्थ

देश-कालअनुसार ढीलो अथवा चँडो, गरेका उद्योगका फल-प्राप्तिको नाम दैव हो। जो पुरुषार्थद्वारा अवश्यै पाइने वस्तु छ त्यो यस संसारमा दैव कहलाउँछ। जो कर्म दृढताका साथ कडा मिहिनतले अगाडि गरिसकेको छ उही यस बखत दैव नामले पुकारिन्छ। अगाडि गरेको कर्म (पुरुषार्थ) अतिरिक्त दैव अरू कुनै वस्तु छैन। पूर्वकृत पुरुषार्थको नाम नै दैव हो। जस्तो जस्तो कर्म गरिन्छ त्यस्तै त्यस्तै नै फल मिल्छ।

पुरुषार्थको दैवमा प्रबलता

दैव (पूर्वकृत पुरुषार्थ) र पुरुषार्थ (वर्तमान उद्योग) भेडा झैं परस्परमा लड्दछन्, जो उनमा अधिक बलियो छ उही विजयी हुन्छ। जस्तो हिजो बिग्रेको काम आजका प्रयत्नबाट ठीक

हुन्छ उस्तै आजको पुरुषार्थले अगाडि गरेको पुरुषार्थलाई सुधार्न सक्छ। ज्यादा बलियो भएमा ऐलेको पुरुषार्थले पूर्वकालको पुरुषार्थलाई र अगाडिको पुरुषार्थले ऐलेको पुरुषार्थलाई दबाउँछ, हमेशा नै पुरुषार्थले विजय पाउँछ। यो प्रत्यक्ष नै सिद्ध छ कि पूर्वकालको कर्मभन्दा वर्तमान कर्म अधिक बलियो छ, यसैले दैवलाई वर्तमान पुरुषार्थले जित्दछ जस्तो बालखलाई तरुनोले जित्छ। तसर्थ परम-पुरुषार्थको आश्रय लिएर शुभकर्मद्वारा पूर्वकालका अशुभकर्मका उपर विजय गर। बलपूर्वक यस विचारलाई हटाऊ कि पूर्वकालको कर्म (दैव) ले तिमीलाई यता उता घुमाइरहेको छ। ऐलेको पुरुषार्थभन्दा अगाडिको पुरुषार्थ कदापि बलियो छैन।

सत्पुरुषार्थ

पुरुषार्थ दुई प्रकारको हुन्छ—एउटा शास्त्रानुसार अर्को शास्त्रविरुद्ध। पहिलोबाट परमार्थको प्राप्ति हुन्छ, दोस्रोबाट अनर्थको। तसर्थ शास्त्र र सत्संगरूपी पुरुषार्थको आश्रय लिएर बुद्धि निर्मल गरी भवसागरबाट पार होऔ।

आलस्य निन्दा

यदि संसारमा आलस्यरूपी अनर्थ नहुंदो ता कुन मानिस धनी विद्वान् हुने थिएन। आलस्यको कारण नै यो समुद्रपर्यन्तको पृथ्वी निर्धनी र नरपशुले भरिएकी छन्।

आलस्यं यदि न भवेज्जगत्यनर्थः
को न स्याद्बहुधनको बहुश्रुतो वा।
आलस्यादियमवनिः ससागरान्ता
संपूर्णा नरपशुभिश्च निर्धनैश्च ॥

(६) साधकको जीवन

चित्तशुद्धि

हे राम, सबभन्दा पहिले शास्त्रश्रवण र सत्संगबाट औ परम वैराग्यबाट चित्तशुद्धि गर। वैराग्य, शास्त्र, उदारता आदि गुणरूपी पुरुषार्थबाट आपत्ति मिटाउनाका निम्ति आफैले मनलाई माथितिर उठाउनुपर्छ। शास्त्राध्ययन, सत्संग, शुभकर्म गर्नाले जसको पाप हटेको छ उसको बुद्धि बत्ती झैं चंकेर सार वस्तु चिन्न योग्य हुनजान्छ। जब भोगको वासना त्याग्नाले, इन्द्रियको खराब वृत्ति रोकिनाले मन शान्त हुनजान्छ तब नै गुरुको शुद्ध वाणी मनमा प्रवेश गर्छ, जस्तो केशरका पानीको छिटा सेतो धोएको रेशममा नै लाग्दछ। मनबाट वासनारूपी धमिलो हटेपछि मात्र गुरुको वाक्य हृदयमा प्रवेश गर्दछ।

मोक्षका द्वारपाल

शम, सन्तोष, साधुसंग, विचार यी चार मोक्षका द्वारपाल हुन्। यिनको अथवा यिनमा दुई तीनको सेवा गर्नाले मोक्षरूपी राजमहलको ढोका खोलिदिन्छन्। शमयुक्त सज्जनको भित्र परम आत्मतत्त्व स्वयंप्रकाशित हुन्छ। शमयुक्त उसलाई भन्छन् जो आफ्ना इन्द्रियलाई जितेर सब प्राणीहरूका साथ एउटै वर्ताव गर्छ, न कुनै वस्तुको त्याग गर्छ, न कुनै पछि हुने वस्तुको इच्छा राख्छ। शमयुक्त पुरुषलाई पिशाच, राक्षस, दैत्य, बाघ, सर्प, शत्रु कुनैले पनि हानि गर्न सक्तैनन्। जस्तो मलिन ऐनामा मुख देखिदैन उस्तै आसे, सन्तोषरहित चित्तमा ज्ञानको प्रकाश पर्दैन। सन्तोषी मानिसका सेवामा महासिद्धिहरू यसरी उपस्थितरहन्छन् कि जसरी राजाका सेवामा राजाका

नोकरचाकर। संतोषी त्यसैलाई भन्छन् जो अप्राप्त वस्तुको इच्छा नगरी प्राप्त वस्तुमा समभावले रहन्छ। सत्संग यस लोकमा सन्मार्ग देखाउने र हृदयको अन्धकार हटाउने ज्ञानरूपी सूर्यको प्रकाश हो। जो सत्संगतिरूपी गङ्गामा स्नान गर्छ उसलाई कुनै तीर्थ, दान, तप, यज्ञको दरकार रहँदैन। विनाविचारले कोही तत्त्व पनि राम्ररी जान्न सकिन्न। विचारैबाट तत्त्वज्ञान हुन्छ, तत्त्वज्ञानबाटै आत्मामा शान्ति आउँदछ। म को हुँ? संसार नामको यो दोष कसरी उत्पन्न भयो? यी कुरा राम्ररी न्यायपूर्वक सोच्नुलाई विचार भन्छन् म को हुँ? यो जगत् कसरी उत्पन्न भयो? जन्म-मरण कसरी हुन्छ? यी सब कुरा आफ्नो भित्र राम्ररी विचार गरेर तिमी महत्त्व प्राप्त गर।

(७) स्वानुभूति

आफ्नै अनुभव द्वारा आत्मज्ञान

हे राम, जस्तो आफ्नो अनुभव नभईकन शक्खर कुन वस्तु हो जान्न सकिंदैन उस्तै आफ्नै अनुभव (स्वानुभूति) नभई आत्माको स्वरूप जानिंदैन। आत्माको ज्ञान न अनुमानबाट हुन्छ, न आप्तवचन (शब्द) बाट। आत्माको पूर्णतया सब प्रकारबाट प्रत्यक्ष सधैं स्वानुभूतिद्वारा नै हुन्छ। शास्त्र र गुरु आत्माको दर्शन गराउन सक्तैनन्। उसको दर्शन ता खालि आफैले नै आफ्नो शुद्ध बुद्धिद्वारा नै हुन्छ। आत्माको अनुभव केवल उसलाई नै हुन्छ जो उसलाई प्रत्यक्ष गर्दछ, जो उसमा स्थित छ उसमा लीन भएको छ। मानिसले ता खालि शास्त्रका वाक्यद्वारा नै उसको वर्णन गर्न सक्तछ।

(८) कल्पनावाद

संसारको कल्पना मयत्व

यो सारा जगत् कल्पना मात्र हो। मनन (मनको कार्य) अतिरिक्त संसार केही पनि होइन। तीनै जगत् मनको मननबाट नै बनेको छ। यी रूप (विषय) आलोक (संवेदन) मनस्कार (मनको विचार) तत्त्व (पदार्थको तात्विकरूप) काल र क्रियावाला जगत्‌लाई मनले यसरी बनाउँछ बिगार्छ कि जस्तो कुमालेले घडालाई । चित्तले आफ्नोभित्र यो सारा संसार संकल्पका रूपमा रच्छ, समेट्छ, जस्तो कि स्वप्नका संसारलाई स्वर्ग, पृथ्वी, वायु, आकाश, पर्वत, नदी, दिशा यी सब आत्माका संकल्पबाट यसरी बनेका छन् कि जसरी स्वप्न बन्छ।

मनोधीन देश-कालपरिमाण

मनोरथ, स्वप्न,संकल्प आदि चित्तका लीलामा एक बित्ताले चार कोशको विस्तार धारण गर्छ। यदि निमेषमा चित्तले कल्पको कल्पना गऱ्यो भने त्यो निमेष कल्प हुनजान्छ। त्यस्तै कल्पनामा निमेषको कल्पना गऱ्यो भने त्यो कल्प निमेष नै हुनजान्छ। दुःखित व्यक्तिलाई रातभरमा कल्पको अनुभव हुन्छ, सुखीलाई एक छिनको। स्वप्नामा एक क्षण कल्प हुन-जान्छ, कल्प क्षण हुनजान्छ। ब्रह्माको एक मुहूर्त (दुई घडी) मनुको पूरा आयु हुन्छ। ब्रह्माको सारा आयु विष्णुको एक दिन हुन्छ। विष्णुको सारा जीवन शिवजीको एक दिन हुन्छ। चित्त ध्यानमा लीन भएपछि न दिनको अनुभव हुन्छ न रातको। हरिश्चन्द्रले एकै रातमा १२ वर्षको अनुभव गरेथे।

विरहीको एक रात एक वर्षसमान हुनजान्छ। देश कालको परिमाण औ पदार्थको विचित्रता सबै वास्तवमा कुनै स्वतन्त्र पदार्थ होइन। जगत्का सारा पदार्थ छिनभरमा कल्पनाबाट उदय हुन जान्छन्। जस्तो क्षण कल्प खालि ज्ञान मात्र छ उस्तै जगत् र सृष्टिको अनुभव पनि ज्ञान मात्र हो। पदार्थको स्वरूप वास्तवमा केही पनि छैन, जस्तो उसमा भावना दृढ हुन्छ उस्तै नै अनुभवमा आउँछ। स्वयं केही नभईकन पनि पृथ्वी आदि पदार्थ भान हुन्छन् जस्तो बालकले नभएको भूत पनि देख्न लाग्छ। सपनामा शून्य स्थानमा पनि शहर पृथ्वी देखा पर्छ। सपनाकी झुट्टी स्त्रीले पनि पुरुषलाई साँच्चीकै स्त्रीले झैं सुख दिन्छे।

हाम्रो शरीर विज्ञानजन्य हो जस्तो कि स्वप्नमा हुन्छ। शरीरमा ज्ञानअतिरिक्त वास्तवमा केही पनि छैन। सारा भौतिक पदार्थको असली रूप मानसिक छ। भौतिकता रूपी भूतता भ्रम मात्र हो। वास्तवमा पृथ्वी आदि पदार्थमा भौतिकताको लेश मात्र पनि छैन। भौतिक शब्द र अर्थ दुवै शशशृंग (खरायोको सींग) तुल्य असत् छन्।

द्रष्टा र दृश्यको अनन्यत्व

जस्तो पानीको लहर, बत्तीको तेज, आगाको झिल्का, चन्द्रमाको किरण, सुनका गहना, सूर्यको किरण आदि भिन्नै देखिए पनि स्वरूपदेखि भिन्न छैनन् उस्तै नै सब दृश्य पदार्थ र ज्ञान द्रष्टादेखि भिन्न देखिन्छन् तापनि स्वरूपदेखि भिन्न छैनन्। मन र दृश्यपदार्थ कहिल्यै कुनै प्रकारले पनि एउटा अर्कोदेखि भिन्न छैन। जस्तो कमलगट्टाभित्र कमलको फूल रहन्छ उस्तै मनको भित्र दृश्य रहन्छ। जस्तो

पदार्थमा रस, तिलमा तेल, फूलमा सुगन्ध हुन्छ उस्तै नै द्रष्टामा दृश्यज्ञान रहन्छ। कपूर आदि सुगन्धित वस्तुबाट जस्तो सुगन्धको उदय हुन्छ उसै गरी चेतनको भित्रबाट जगत्को उदय हुन्छ। जस्तो तिम्रो आफ्नो अनुभवमा स्वप्न, संकल्प, मनोराज्यको उदय हुन्छ उस्तै नै हृदयभित्र दृश्य-जगत् उदय हुन्छ। जस्तो बीजभित्र देश कालको अनुरूप अंकुर वर्तमान रहन्छ उस्तै नै मन पनि आफ्नो भित्र देह र दृश्यज्ञानको प्रकाश गर्छ।

जाग्रत्-स्वप्न-को अभेद

जाग्रत् र स्वप्नमा केही भेद छैन, यति फरक देखिन्छ कि एउटा स्थिर छ, अर्को अस्थिर। सधैं सर्वत्र दुवैको अवस्थाको अनुभव समान छ। सपनामा स्वप्न पनि स्थिर रहनाको कारण जाग्रत् नै प्रतीत हुन्छ। सृष्टिका आदिमा चित् (चेतन ब्रह्म अथवा आत्मा) को स्वप्न जाग्रत् भनिन्छ। पारमार्थिक दृष्टिबाट हेर्दा जाग्रत् र स्वप्नमा केही भेद छैन। स्वप्नबाट ब्युँझेपछि जस्तो यो प्रतीति हुन्छ कि जो अनुभव गरेको थियो त्यो त्यस्तै छैन, उस्तै यहाँ मरेर दोस्रो लोकमा जन्मे-पछि जाग्रत्को अनुभव पनि प्रतीत हुन्छ। जाग्रत् र स्वप्नमा अरू सब समान छ, खालि धेरै काल र थोरै कालसम्म अनु-भव हुनाको भेद छ। जसो गरी एउटा जीवनमा अनेक स्वप्नको अनुभव हुन्छ उसै गरी जबतक जीवलाई निर्वाण प्राप्त हुन्न उ अज्ञानीको जीवन बिताउँछ, तबतक उसलाई अनेक जाग्रत् अवस्थाको अनुभव हुन्छ। जसरी हामी उत्पन्न भएर नष्ट भएको स्वप्नलाई याद गर्छौं उसै गरी ज्ञानी सिद्धहरू अनेक जन्म याद गर्न सक्छन्। जस्तो स्वप्नमा चिदाकाश रूप (विषय) आलोक (विषयज्ञान) मनस्कार

१५८६८

(विषयज्ञान मानसिक प्रतिमा) का रूपमा परिणत हुन-जान्छ उस्तै यो सब दृश्यजगत् पनि वास्तवमा चिदाकाशको नै विकास हो । शरीर, स्थान, इन्द्रिय आदिको वास्तविक सत्ताको के प्रमाण छ र ? जसरी स्वप्नमा देह आदिका अनुभवको उदय हुन्छ उसरी नै यस जगत्मा पनि हुन्छ । जस्तो स्वप्नका पदार्थ पृथ्वी, शहर, पहाड, मैदान आदि चिदाकाशैका-नाम हुन् उस्तै नै म, तिमी, उ, यो संसार चिदाकाश नै हो । जस्तो स्वप्नमा मानिसका लडाइँ, सोर, झगडा, आउनु-जानु वास्तवमा नभएर पनि अनुभवमा आउँछन् उस्तै नै संसार-को हाल हो । स्वप्नको द्रष्टा हाम्रो तिम्रो समान आकार जीव छ, जगत् स्वप्नको द्रष्टा शुद्ध चिदाकाश स्वयं छ । चिदाकाश यस जगत्लाई स्वप्नको जस्तै विना कुनै वास्तविक आधार, उपादान र सामानले नै भएको जस्तै देख्छ । यसै गरी यो सब जगत् नभएको पनि भए जस्तै देखिन्छ, झूटो भएर पनि स्वप्नको विषयभोग जस्तै द्रष्टालाई आनन्द दिन्छ ।

जीवका संसा-रको भिन्नता

चित्त (जीव) नै जगत् सृष्टि गर्नेवाला हो। उ जुन वस्तुको जस्तो कल्पना गर्दछ त्यो सत्, असत् अथवा सदसत् रूपले उस्तै नै उपस्थित हुनजान्छ । प्रत्येक चित्तमा यस प्रकारको सृजनशक्ति छ । हेराम, जस्तो राती सुतेका अनेक सैनिकका मनमा अनेक स्वप्न-जगत् भिन्न भिन्न उदित हुनजान्छ उस्तै प्रत्येक जीवको संसार उसको भित्र अलग अलग उदित हुन्छ । जगत्-भ्रम प्रत्येक जीवलाई पृथक् पृथक् हुन्छ, जसलाई जो अनुभव हुन्छ त्यो उस देखि अतिरिक्त अरू कोही जान्दैन । यसै गरी सबै जड चेतन जीव आफ्ना

आफ्ना ज्ञानका घेराभित्रका संसारमा लीन रहन्छन् । पर-ब्रह्मका परमाणु परमाणुभित्र अनन्त सृष्टिहरू छन् । जस्तो कुनै वनमा रातिगेडीका गुच्छाका गुच्छा एउटा अर्कोदेखि बिलकुल अलग अलग लर्केर रहन्छन् उस्तै ब्रह्ममा अणु अणु-भित्र अनेक सृष्टिहरू छन् ।

ब्रह्माबाट जगत्सृष्टि

सृष्टिका आदिमा स्वप्नपुरुषको जस्तै ब्रह्माको उत्पत्ति भयो । उ ब्रह्मा अवतक उसै गरिरहेका छन् । यी सबभन्दा पहिले उत्पन्न भएका ब्रह्मा (प्रजापति) जस्ता जस्तो संकल्प गर्दछन् उस्तै उस्तै नै सृष्टि भइरहन्छ । यो जगत् उनै ब्रह्माको कल्पना हो । जसरी सृष्टिका आदिमा यो विश्व-भ्रान्ति उदित हुन्छ उसै गरी नै यो अहिलेसम्म स्थित छ, नियतरूपले चलिरहेको छ ।

ब्रह्मकृत् र जीव-कृत् जगत्मा संबन्ध

जीवको सृष्टि ब्रह्माका सृष्टिको प्रतिबिम्ब हो । यसैले एउटा विश्वको ज्ञान दोस्रालाई हुन्छ । यस रीतिबाट म तिम्रा स्वप्नको व्यक्ति हुँ तिमी मेरा स्वप्नको व्यक्ति व्हौ । यस्तै प्रकारले सबै एउटा अर्कैको स्वप्नजगत्मा वर्तमान छ । जस्तो कहिले कहिले एउटै विचार धेरै मानिसका मनमा आउँछ औ एउटै स्वप्न धेरै मानिसले देख्छन् उस्तै नै यस विशाल संसारमा म तिम्रो स्वप्नमा सत्य छु, तिमी मेरा स्वप्नमा सत्य छौ ।

(९) जगत्

जगत्को नाम

हे राम, 'म' 'तँ' आदि मिथ्या भावना (झुट्टा व्यवहार) लाई जगत् र दृश्य भन्दछन् । जैलेसम्म यसको अनुभव हुन्छ तैलेसम्म मोक्ष प्राप्त हुंदैन । यस भावनालाई सर्वज्ञ ऋषिहरूले अविद्या, संसार,

बन्धन, माया, मोह, महत्तम (महा अन्धकार) आदि अनेकानेक नाम राखेका छन् ।

जीवपरंपरा

ब्रह्मको यो स्वभावै हो कि यसमा जो कल्पित हुन्छ उसका अनेक अवयव पनि ब्रह्मका साथ एकात्म हुनाले नाना प्रकारका जीवका रूपमा रहेर उसै गरी कल्पना गर्न लाग्दछ । प्रत्येक दृश्य पदार्थ उसै गरी कल्पना गर्न लाग्दछ जस्तो गर्मीमा प्राणीहरूको मैल र पसीनाबाट पैदा भएका वस्तुहरू स्वयं प्राणी बन्न जान्छन् ।

सृष्टिका भित्र सृष्टि

प्रत्येक सृष्टिका भित्र नाना प्रकारका अनेक दोस्रा सृष्टिहरू छन्, यो सिलसिला केराको पात झैं चलिरहेको छ । जसरी केराको पातभित्र दोस्रो पात र त्यसभित्र तेस्रो पात रहेको छ, उसै गरी एउटा जीवभित्र अर्को, त्यसभित्र अर्को यो सिलसिला चलिरहेको छ किनकि सबै चिद्घन (ब्रह्म) हुन् । चित्का एक परमाणुभित्र जसरी स्वप्नका तीनै लोक रहन्छन् उसरी नै आकाशमा अनन्त द्रव्यका अनन्त परमाणुभित्र नै नाना प्रकारको जगत् छ । जहाँ जहाँ जीवाणु रहेका छन् उहीं उहीं त्यस जगत्को अनुभव उनले गर्दछन् । यसै गरी प्रत्येक अणुभित्र अनन्तसृष्टिको सिलसिला छ, भइरहन्छ । यी जगत्का परमाणुभित्र पनि यसै गरी जगत् छ । प्रत्येक जीवको भित्र धेरै नै नाना प्रकारका एउटा अर्कोले नजानिने सृष्टिहरू उदय भइरहेका छन् । एउटा सृष्टिभित्र के छ यसको ज्ञान दोस्रो सृष्टिलाई छैन जस्तो गल्न लागेको एउटा बीजलाई दोस्रो बीजका भित्रको सृष्टि ज्ञान हुंदैन । जस्तो एकै बखत

सुनेका मानिसको भित्र अनेक व्यवहार भएको स्वप्नजगत् वर्तमान भएर पनि एउटा अर्कोमा शून्य छ, ठीक उस्तै ब्रह्माण्डका अनन्त सृष्टिको ज्ञान एउटा अर्कोलाई हुन्न।

सबै कुरो सब ठाउँमा छ

यद्यपि दोस्रो जीवका जगत्‌को ज्ञान हामीलाई हुँदैन, तैपनि हामीले इच्छा गर्‍यौं भने विश्वका समस्त पदार्थको सब स्थानको सब कालमा अनुभव गर्न सक्छौं किनकि ब्रह्म सब ठाउँमा छ यसैले कहीं पनि कुनै वस्तुको उदय हुन सक्छ, स्वप्नशक्तिद्वारा उसको अनुभव हुन्छ। परमब्रह्ममा सधैं, सब ठाउँ, संपूर्णरूपले सबै कुरो वर्तमान रहन्छ। ब्रह्ममा सब पदार्थ शक्तिरूपले रहन्छ। जहाँ जुन पदार्थका अनुभवको तीव्र भावना हुन्छ त्यहीं त्यो पदार्थ प्रकट हुनजान्छ।

नाना प्रकारका विचित्र सृष्टि

यो नसंझनु कि सब ठाउँमा र सब कालमा यस्तै सृष्टि हुन्छ जस्तो कि हामी अनुभव गरिरहेका छौं। कोही कल्पमा कुनै सृष्टि, कोही कल्पमा कुनै अर्कै प्रकारको सृष्टि हुन्छ। यस ब्रह्मरूपी महाकाशमा अनन्त प्रकारका अनन्त जगत् यसरी उत्पन्न र नष्ट हुन्छन् कि जसरी समुद्रका छाल-हरू। पानीको तरंग झैं सृष्टिमा नाना प्रकारको विकार भइ-रहन्छ। यिनमा कोही उस्तै, कोही आधा उस्तै, कोही केही उस्तै, केही बिलकुल भिन्नै विकार हुन्छ। कुनै सृष्टिमा देवता मात्रै रहन्छन्, कुनैमा मानिस मात्रै हुन्छन, कुनैमा दैत्यैदैत्य, कुनैमा केवल कीरै कीरा हुन्छन्। कुनै सृष्टि शिवले उत्पन्न गर्छन्, कुनै ब्रह्माले, कुनै विष्णुले कुनै मनुले। कुनै सृष्टिमा पृथ्वीतल माटाको हुन्छ, कुनैमा पत्थरको, कुनैमा सुनको, कुनैमा ताँबाको।

सृष्टि र प्रलय वारम्बार हुनु

जस्तो चैतमहीनामा नयाँ अंकुर पैदा हुन्छ, ग्रीष्मऋतुमा सब रस सुक्न जान्छ, त्यस्तै जीव उत्पन्न हुन्छन्, जहाँबाट पैदा भएथे उहीं लय हुन जान्छन्। परम तत्त्वबाट जीव पैदा हुन्छ, केही दिन रहेर उसैमा लीन हुन्छ। समय समयमा ब्रह्मबाट उदय भएर नाना प्रकारका शरीरको अनुभव गरी जीव उसैमा आफै लीन हुनजान्छ।

कल्पका अन्तमा सब नष्ट हुन्छन्

हे राम, जस्तो सुषुप्तिमा पर्ने वेला सारा स्वप्नजगत् नष्ट हुनजान्छ उस्तै नै यो सारा दृश्यजगत् प्रलयमा नष्ट हुन्छ। जगत्‌को द्रष्टा नष्ट भएपछि सब जगत्, सारा प्राणी, आकाश नष्ट हुनजान्छन्। ब्रह्मा, विष्णु, रुद्र आदि (कारणका पनि कारण) को पनि कल्पका अन्त्यमा नामनिशान रहँदैन। जस्तो सुषुप्तिमा स्वप्नको दृश्य अनुभव हुँदैन उस्तै नै कुनै पनि जड चेतन दृश्यपदार्थ कल्पका अन्त्यमा देखिंदैन। जस्तो जाग्रत अवस्थामा स्वप्नको स्वप्नावस्थामा जाग्रत्‌को पत्ता हुँदैन उस्तै नै जगत्‌को पनि प्रलयमा पत्ता हुँदैन। प्रलयमा अत्यन्त गाढा शान्ति रहन्छ। न उज्यालो रहन्छ न अँध्यारो, सबै भावपदार्थ अव्यक्त छ। उसको वर्णन कसैले पनि गर्न सक्तैन। उ शान्त, अजर, अनन्त, शून्य, सूक्ष्म, निरुपाधि, सदा प्रकाशमान, केवल ब्रह्म हो।

दृश्य जगत्‌को उत्पत्तिक्रम

हे राम, जस्तो सुषुप्त, आत्मा नै स्वप्नरूपले व्यक्त हुन्छ उस्तै सबको आत्मा जगत्‌को आधार ब्रह्म नै जगत्‌रूपले व्यक्त हुन्छ। जुन क्रमले व्यक्त हुन्छ त्यो सुन। ब्रह्म

आफै नै आफैमा जगत् उत्पन्न गर्ने शक्तिका रूपले रहन्छ। त्यो शक्ति विना कुनै कारणले आफ्नो कार्य गर्दछ्छे जस्तो हीराको किरण चम्कन्छ। वायुले आफ्नो स्पन्दनशक्तिलाई जस्तै जब परमात्मा आफ्नो संकल्प शक्तिलाई आफैं उत्तेजित गर्दछ, तब उ स्वयं नै चेत्यता अर्थात् विषय-रूपतामा प्राप्त हुनजान्छ, यो स्थिति अहंभाव उत्पन्न हुनु-भन्दा अगाडि उस बखतको हो कि जब परमात्मालाई संकल्पको कारण आफ्नो रूपको भान रहँदैन। उस वेला सब ठाउँमा आकाशभन्दा सूक्ष्म त्यो शुद्ध बोध फैलिन्छ जसमा अगाडि प्रकाशमा आउने नाम रूपको संभावना र आशा रहन्छ। तब त्यो परमसत्ता सचेत भएर चेतनातर्फ उन्मुख भएर कुनै भावात्मक रूप धारण गरी "चित्" भनिन योग्य हुन जान्छ तब त्यो आफ्नो परम स्वरूपलाई छोडेर सृष्टिको कल्पनालाई आफ्नो भित्र राखेर पछाडि जीव आदि संज्ञा धारणा गर्ने तीव्र चेतनता प्राप्त गर्छ। त्यहाँपछि संसारका रचनातर्फ प्रवृत्त भएको भावनाले भरि-पूर्ण जुन वस्तुको उ ध्यान गर्दछ उसैको स्वभाव प्राप्त गरेर उ उही हुनजान्छ। तब उसबाट शब्दादि गुणको वीज भविष्यमा अनेक प्रकारका शब्दको विकास हुने आकाशको उदय हुन्छ। त्यहाँपछि काल र अहंकारको उदय हुन्छ। अहंकार जगत्को मुख्य वीज हो किनभने यसैबाट नै भविष्यमा उत्पन्न हुने सब वस्तुको उदय हुन्छ। आकाश र शब्दको तीव्र भावना हुँदा शून्य आकाश घना (गाढा) भएर शब्दतन्मात्रा हुन-जान्छ। ती शब्दतन्मात्रारूपी परमात्माबाट जसको सब र अर्थविकास मात्र हो—सारा जगत्को सृष्टि हुन्छ। उही शब्द-तन्मात्रा जसको भित्र जीवको स्पन्दनशक्ति कार्य गरिरहन्छ,

जो अहिलेसम्म नाम र क्रियाका रूपमा व्यक्त भएका छन, तीव्र भावनाको कारण स्पर्शतन्मात्राको रूप धारण गर्छ। उस स्पर्शतन्मात्राबाट सब प्रकारको स्पर्शको बीज भएको वायु उदय हुन्छ। उसैबाट सारा प्राणीका क्रियाको उदय हुन्छ उसमा चित्‌को क्रिया हुनाले प्रकाशको अनुभव भएर सबै प्रकाशको बीज भएको र जसबाट सूर्य अग्नि आदिको विकास हुन्छ उस्तो रूपतन्मात्राको उदय हुन्छ। रूपतन्मात्राबाट रूपको अनेक भेद हुन गई जगत्‌को उदय हुन्छ। पातलो पनको भावनाबाट उसमा रसस्कन्धको उदय हुन्छ जसको स्वादलाई रसतन्मात्रा भन्छन्। रसतन्मात्रा सबै रसको बीज हो। उसैबाट अगाडि उत्पन्न हुने सब जलको उदय हुन्छ, सारा स्वादका संसारको सृष्टि हुन्छ। रसतन्मात्राबाट कल्पना-द्वारा गन्धतन्मात्राको उदय हुन्छ। यो गन्धतन्मात्रा आकार-वाला सब पदार्थको बीज हो। यसैबाट सब पृथ्वीतलको उदय हुन्छ। चित्‌द्वारा विभाजित हुनाले यी सब तन्मात्राहरू एउटा अर्काको रूपमा परिणत हुनजान्छन्। फेरि एउटा अर्कोसँग अलग अलग मिलेर मिसिएका रूपमा प्रकट हुन्छन्। यी आकाशमा शुद्ध संवित्‌का रूपमा रहन्छन् औ यसरी स्थूलता धारण गर्छन् जस्तो वरको बीजले विशाल वृक्षको रूप धारण गर्दछ, परमाणुको भित्रै आफ्ना वृद्धिको अनुभव गर्दछ, सयकडौं हाँगामा फैलिन्छ।

तीन आकाश — आकाश (सर्व व्यापक पदार्थ) तीन प्रकारको छ— भूताकाश, चित्ताकाश, चिदाकाश। यिनमा चिदाकाश सबभन्दा सूक्ष्म छ। एउटा विषयबाट दोस्रो विषयको प्राप्तिका बीचमा जुन अवकाश एक छिन अनुभव हुन्छ

त्यसैको नाम चिदाकाश हो। उस चिदाकाशमा संकल्परहित भएर अड्यौ भने त्यो परमपद प्राप्त गर्नेछौ जो परमतत्व र सबको आत्मा छ। वास्तवमा यी तीनै आकाश यौटै हुन्।

नियति

सृष्टिका आदिमा परमात्माले आफ्नो अनन्त र विचित्र रूपलाई यसरी नियमबद्ध गर्दछ कि "यसो भएपछि यसो हुन्छ"—यस नियमलाई नियति भन्छन्। "यस वस्तुले यो काम गर्छ" अथवा "यो यस्तो छ" यो अटल नियम छ, अवश्य नभइछोड्दैन। रुद्र आदि देवता पनि यसलाई नाघ्न समर्थ छैनन्। कोही पनि—चाहे शिव होस्, चाहे विष्णु, चाहे ब्रह्मा, चाहे सर्वज्ञ, चाहे परम ज्ञानी होस्—नियति बदल्न सक्तैन। सृष्टिका आदिमा जो रचना जुन नियमबाट हुन-लागेको थियो त्यो सधैं आजसम्म उही नियमअनुसार चलिरहेको छ। महाशिवतक यसै नियममा जकडिएका छन्।

यो मन जस्तो नियतिको कल्पना गर्छ उस्तै नियति हुन्छ। यसरी यो मन आफ्नो संकल्पित पदार्थ जस्तै नियतिको पनि कल्पना गर्ने हो। नियतिलाई पनि कहिले अनियति बनाइ-दिन्छ। उ जस्तो जस्तो संकल्प गर्छ उस्तै हुन्छ। नियति ता नियमितरूपबाट प्रकट हुनाको नाम हो, सृष्टिको नियम हो, सृष्टि गर्ने होइन।

(१०) मन

मनको स्वरूप

हेराम, मन भनेको संकल्प हो। जस्तो पानी द्रवत्व (पतलापन) देखि, वायु स्पन्दनदेखि भिन्न दोस्रो पदार्थ छैन त्यस्तै मन संकल्पदेखि भिन्न छैन। विषय चित् (आत्मा) मा उदय हुनु नै मन हो।

परमपुरुष (आत्मा) संकल्पमय हुनाको नाम नै चित्त हो, अनन्त सर्वशक्तिमान् आत्माका संकल्पशक्तिद्वारा रचेका रूपको नाम मन हो। यसको काम कुनै खास पदार्थ प्राप्त गर्नु र कुनै छोड्नु नै हो। यो अनन्त परमतत्त्वलाई अनेक पदार्थका रूपमा छुट्याइरहन्छ, यी पदार्थमा कुनैलाई असल, कुनैलाई कंसल बनाइरहन्छ। यो मन आफै नै स्वतन्त्रतापूर्वक नित्य संकल्पको रचना गरिरहन्छ। उसैबाट यो विस्तृत मायाको जाल (जगत्) फैलिएको छ। आत्माको यो मलिन स्पन्दन मन न जड छ, न चेतन। आत्माको यसतर्फ दौडने आत्मभाव ता चेतन हो, चैत्य अंश (विषयभाग) जड हो। ब्रह्मको त्यो संकल्पात्मक महारूप ब्रह्मरूपले चेतन छ, दृश्य रूपले जड छ। जब आफ्नो स्वयंप्रकाश आत्मरूप बिर्सेर कर्तापनको नै निश्चय रहन्छ, ध्यान खाली विषयतर्फ नै रहन्छ उस वेला आत्माको रूप मन हुन्छ। यद्यपि मन ब्रह्ममा यसरी रहेको छ जसरी सुवर्णमा वाला, तैपनि उसले दृश्यको अनुभव सत्य संझनाले आफ्नो सत्भाव (ब्रह्मभाव) को आनन्द लिन सक्तैन। वास्तवमा सत् रूप नै भएको मन न बाहिर छ न हृदयभित्र छ, त्यो ता आकाश जस्तै सर्वत्र रहन्छ।

मनका अनेक नाम रूप

जस्तो एउटै नट (नाच्ने) अनेक रूप लिन्छ उस्तै भिन्न भिन्न काम गर्ने वेलामा मन पनि अनेक नाम र रूप धारण गर्छ। जस्तो एउटै मानिस खाँदा, नुहाउँदा, पूजा गर्दा, हिँड्दा आदि अनेक काम गर्दा भिन्न प्रकारको हुन जान्छ उस्तै मन पनि भिन्न भिन्न कामले गर्दा भिन्न भिन्न नामले प्रख्यात छ। यसै कारण

मनका नाम अनेक छन्—मन, बुद्धि, अहंकार, चित्त, कर्म, कल्पना, स्मृति, वासना, अविद्या, मल, माया, प्रकृति, ब्रह्मा, जीव, इन्द्रिय, पुर्यष्टक, शरीर, पदार्थ इत्यादि ।

परम चित् (शुद्ध चेतन आत्मा) जब कल्पनात्मक रूप धारण गरेर विषय (दृश्य) का साथ मिल्छ तब त्यो मन हुन्छ। उही परम चित्त जब विषयको भावना गरेर यो फलानो विषय हो यो फलानो भन्ने निश्चय गर्छ तब उसलाई बुद्धि भन्छन्। 'म हुं' यो भावना भएकालाई अहंकार भन्छन्। विना विचार बालक झैं यताउता दौडने चञ्चल चित्को नाम चित्त हो। क्रिया-द्वारा प्राप्त हुने फलतर्फ दौडने चित्लाई कर्म भन्दछन्। भएको विषय वास्ता नराखी अप्राप्त विषयको कल्पना गर्नु कल्पना हो। अगाडिको वस्तु संझनाको नाम स्मृति हो। अहिलेसंम भोग नगरेको, खालि मनमा भएको कुनै वस्तु पाउनाको दृढ भावनालाई वासना भन्दछन्। वास्तबमा नभएको वस्तुमा भएको जस्तो भान हुनाको नाम अविद्या हो। झूटो कल्पनाद्वारा आत्मालाई हानि गराउनु मल हो। सत्ता-लाई सत् असत् दुवै बनाउन सक्ने हुनाले यसको नाम माया भन्छन्। परमात्मा ज्ञान नहुंदा, यो सारा संसारका भावको कारण हुनाले प्रकृति भन्छन्। सृष्टि गर्न लागेका मनलाई कैले ब्रह्मा भन्दछन्, कैले विष्णु, कहिले विराट, कहिले सनातन, कैले नारायण, कैले ईश्वर, कहिले प्रजापति। यो चेतन हुनाले जीव भनिन्छ। सुनेर, छोएर, देखेर, भोग गरेर, सुंघेर, विचार गरेर यस शरीरको राजा आत्मालाई आनन्द दिने हुनाले यसलाई इन्द्रिय भन्छन्। पक्का संकल्पले पूर्ण हुनाले यसलाई पुर्यष्टक (सूक्ष्म शरीर) भन्छन्। यो शरीरको भावना भएमा शरीर बन्छ, घट पट आदि पदार्थको भावना हुंदा घट पटादि पदार्थ हुन जान्छ।

जीव शरीर कसरी बन्छ ?

जीवाकाश (निराकार आत्मा) स्थूल देह भाव जसरी धारण गर्छ, हेरामचन्द्र ! त्यो कुरा सुन। परम ब्रह्ममा स्वयं नै यस प्रकारको एउटा कल्पनाको उदय हुन्छ कि म प्रकाशको एक केन्द्र हुँ। यस केन्द्रको नाम जीव हो। आफ्नो भावनाद्वारा त्यो केन्द्र दीर्घ आकार धारण गर्न लाग्दछ। कल्पनाको चन्द्रमा समान त्यो सत्य नभईकन पनि प्रतीत हुन्छ। आकारको भावनाबाट त्यो केन्द्र द्रष्टा र दृश्यरूप धारण गर्छ। जस्तो मानिस स्वप्नामा आफ्नै मृत्यु अनुभव गर्छ उस्तै नै जीव केवल द्रष्टा भईकन पनि दृश्य भावमा प्राप्त हुन्छ। एउटै जीव दुई रूप धारण गर्छ। आफ्नो प्रकाश-केन्द्रमा रहेर दुई रूप भई त्यो जीव अलिकति स्थूलताको अनुभव गर्न लाग्दछ। त्यो जस्तो जस्तो भावना गर्दछ उस्तै उस्तै नै दृश्य पदार्थ उसका चारौं-तर्फ उपस्थित हुन जान्छन्। 'म कोही हुँ' यो भावना धेरै कालसम्म गर्नाले उसमा अहंभाव उदय हुन जान्छ। जस्तो आफ्नो चित्तका कल्पनाले जीव स्वप्नामा आफैलाई परदेशी-रूपमा देख्छ उसै गरी कल्पनाद्वारा त्यो जीव सूक्ष्म रभविष्यमा शरीर भन्निने आकारमा आफूलाई अनुभव गर्दछ, आफैलाई सूक्ष्म शरीरका रूपमा जीव यसरी देख्तछ कि जस्तो स्वप्न र संकल्पमा। विभु आत्मा यसरी आफै मै सूक्ष्मरूप धारण गरेर आफ्नो सत्ता, ज्ञान, बुद्धि, चित्त आदि अवस्थाको अनुभव गर्दछ। देख्नाको भावनाले जब त्यो आकाशमा गमन गर्दछ तब आँखाको रूपमा परिणत हुने दुई प्वाल उदय हुन्छ जसद्वारा जीव हेर्न सकोस्। यसै गरी छुनाको भावना गर्दा छाला, सुन्नाको भावना गर्दा कान, सुँघ्नाको भावना गर्दा नाक, स्वादको भावना गर्दा जिभ्रोको उदय भयो।

यसै गरी स्पन्दनका निम्ति प्राण, नाना क्रिया गर्नाका निमित्त इन्द्रियको उदय हुन्छ। यसै गरी विषय (रूप), विषयज्ञान (आलोक), विषयको प्रत्यय (मनस्कार) यी तीन आत्माको भावनाबाट नै उदय हुन्छन् । मन, बुद्धि, अहंकार, पाँच विषय (शब्द, स्पर्श, रूप, रस, गन्ध) का तन्मात्रा यी सब मिलेर पुर्यष्टक भनिन्छ। पुर्यष्टक नै आतिवाहिक (सूक्ष्म) शरीर हो । आतिवाहिक शरीरयुक्त आत्मा, जो कि सूक्ष्मरूपवाला छ, आफ्नो कल्पनामा आफूलाई स्थूल अण्डाकार देहमा रहेको अनुभव गर्न लाग्दछ ।

जीवको बन्धन — आफ्नो वासनाद्वारा प्राप्त अवस्थाको वशीभूत हुनाले नै जीव नाना प्रकारका बन्धनमा बाँधिएको छ। कत्रो दुःखको कुरा हो कि आफ्नै संकल्पका पछाडि दौडनाले आत्मा आफैलाई बन्धनका पाशले बाँधेर दुःखी हुन्छ । आफ्नै संकल्पद्वारा रचेका विषयरूपी अग्निमा परेर जीव यस्तो छटपटाउँछ कि जस्तो साङ्लाले बाँधिएको सिंह । अहंभावद्वारा आफ्नै इच्छाले नै यसरी बन्धनमा जकडिन्छ कि जस्तो रेशमको कीरा आफै, आफैले बनाएको जालमा फस्तछ ।

बीज निर्णय — हे राम, संसाररूपी वृक्षको बीज यो शरीर हो। जसको भित्र अंकुर जस्तै शुभ अशुभ अनेक क्रिया नदेखिईकन भइरहन्छन् । यस शरीरको बीज चित्त हो जो आफ्नो इच्छानुसार चल्ने, भाव अभावका अवस्थाको उद्गम र दुःखको पेटारी छ। वृत्तिरूपी लहरा धारणा गर्ने चित्तरूपी वृक्षका दुई बीज

छन्— एउटा प्राणको स्पन्दन अर्को दृढ भावना। वासना र प्राणस्पन्दन दुई भिन्न वस्तु होइनन्, दुवैको यस प्रकारको सम्बन्ध छ कि जस्तो सुगन्धको र फूलको, तेल र तिलको। वासनाविना प्राणस्पन्दन, प्राणस्पन्दनविना वासना रहन सक्दैन। वासना र प्राणस्पन्दन दुवैको वीज विषयज्ञान हो, जुन भएपछि नै यी दुइटाको उदय हुन्छ। जब बारबार संकल्प गर्नाले चितिमा शरीरको भान हुन लाग्दछ तब चिति नै यस जन्ममरणरूपी बिस्तारको बीज हुन जान्छिन्। चितिको वीज सत्ता मात्र हो किनकि सत्ता संवित्‌बाट चिति यसरी उदय हुन्छिन् जस्तो कि अग्निबाट चमक। सत्ता मात्र उस अवस्थाको नाम हो जसको एक र अनन्तस्वरूप विना कुनै विशेषण र संकल्पले रहन्छ। सत्ताको वीज यो अवस्था हो जो खालि सत्ता सामान्य छ। यसमा नै सत्ताको उदय हुन्छ। सत्ता सामान्यमा कुनै कल्पना छैन न उसको कोही आदि छ, न अन्त। न उसको कोही बीज छ, न उसको नाम छ। न त्यो सत् छ, न असत्। न त्यो दृश्य हो, न अदृश्य। न अहंकारयुक्त छ, न अहंकाररहित।

अनन्त जीव

यसरी संसारका भावनाले युक्त भएका चितिका रूपान्तर जीवहरू कल्पित आकारवाला ब्रह्माबाट करोडौं संख्यामा भूत भविष्य वर्तमानमा उत्पन्न हुन्छन्। जस्तो पानीमा अनेक फोका निस्कन्छन्, नष्ट हुन्छन् उस्तै नै सबै देश र कालमा अनन्त जीव उत्पन्न भएर विलीन भइरहेका छन्।

जीवको सात अवस्था

जीवको अवस्था सात प्रकारको छ— वीज-जाग्रत्, जाग्रत्, महाजाग्रत्, जाग्रत्स्वप्न, स्वप्न, स्वप्नजाग्रत्, सुषुप्ति।

सृष्टिका आदिमा चितिको नामरहित, निर्मल चिन्तन— जो भविष्यमा हुने जीव आदि नामले बोलाइनेछ, जाग्रत् अवस्थाको अनुभव जसमा बीजरूपले रहन्छ त्यो बीजजाग्रत् हो। परब्रह्मबाट तुरुन्त पैदा भएका जीवको "यो म हुँ" "यो मेरो हो" भन्ने ज्ञानलाई जाग्रत् भन्छन्— यसमा पूर्वकालको केही संज्ञना हुँदैन। पहिला जन्ममा उदय भएको र दृढ भएको "यो म हुं" "यो मेरो हो" भन्ने ज्ञानको नाम महाजागत हो। जाग्रत् अवस्थाको मनोराज्य (भ्रम) मा तन्मय हुन जानाको नाम जाग्रत्स्वप्न हो। महाजाग्रत् अवस्थाभित्र निदाउँदा अनुभव भएको विषय जागेपछि असत्य संज्ञनुलाई स्वप्न भन्छन्। धेरै बेर जाग्रत् अवस्थाका विषयलाई भुलेर स्वप्न नै जाग्रत् समान भई महाजाग्रत् अनुभव हुनु स्वप्न-जाग्रत् हो। यी छवै अवस्था नरहेको भविष्यमा दुःख दिने वासनायुक्त जीवको अचेतन (जड) स्थितिलाई सुषुप्ति भन्दछन्।

सात प्रकारका जीव

जीव सात प्रकारका हुन्छन्- स्वप्नजागर, संकल्पजागर, केवलजागर, चिरजागर, घन-जागर, जाग्रत्स्वप्न, क्षीणजागर।

कुनै पूर्वकल्पमा कोही जगत्मा सुतेका जीवको स्वप्न-जगत्को जीव अथवा जसको स्वप्न अर्काको जाग्रत् भएको छ त्यो जीवलाई स्वप्नजागर भन्छन्। कुनै पूर्वकल्पमा अथवा अर्को जगत्मा रहेको जीव नसुनीकन, ध्यानच्युत भएर मनोराज्यमा डुबोस् यत्तिको डुबोस् कि उसलाई आफ्नो जाग्रत् संसारको ज्ञान नहोस्, उसको संकल्प नै पूर्णतया जाग्रत् भाव धारण गरोस्, उसको बाहिरको चेष्टा शान्त हुन

जाओस् यसलाई संकल्पजागर भन्दछन् । ब्रह्माबाट पहिले नै जन्मेको, अगाडि विकास हुने जीव केवलजागर हो। केवलजागर जीव कार्यकारण नियमअनुसार दोस्रो जन्म भएपछि चिरजागर कहलाउँछ । चिरजागर जीव पापकर्मबाट स्थावरादि जड अवस्था प्राप्त भएपछि घनजागर कहलाउँछ। जो जीव शास्त्र र सत्संगद्वारा बोध भएर जाग्रत् अवस्थालाई स्वप्न तुल्य संझन्छ त्यो जाग्रत्स्वप्न हो। जो जीव ज्ञान भएपछि परमपदमा शान्त हुन्छ, जसको निश्चित तीनै अवस्थामा क्षीण भएको छ जो चौथौं अवस्था (तुर्यावस्था) मा रहेको छ त्यो क्षीणजागर हो।

जीवको १५ जाति

जीवको १५ जाति छ— जो जीव उत्पन्न हुनासाथ पहिला जन्ममा नै शुभ कर्म गर्नाको कारण र शुभ अभ्यासद्वारा उत्तम लोकमा जान योग्य हुन्छ त्यस जातिको नाम इदंप्रथमता हो। त्यही जाति संसारका विषयवासनामा फसेर पनि केही जन्मपछाडि मोक्षको अधिकारी भयो भने त्यो गुणपीवरी कहलाउँछ। जो जाति शुभाशुभ कर्म संझी मोक्षदायक शुभकर्मको आश्रय लिन्छ उसलाई ससत्त्वा भन्दछन्। जो जाति संसारका अनेक विषयवासनाअनुसार काम गर्दा मलिन भई हजार जन्मबाद धर्माधर्म पहिचान्न सक्ने शक्ति हुन गई मोक्षधर्मतर्फ लाग्छ त्यो अधमसत्त्वा हो। जुन जातिका निमित्त अनगिन्ती अनन्त जन्ममा पनि मोक्ष हुनु सन्देह छ त्यसलाई अत्यन्ततामसी भन्छन्। राजसी जाति त्यसलाई भन्छन् जो दुई तीन जन्मैमा राजसी कर्म गर्न लाग्छ। राजससात्त्विकी त्यो जाति हो जो जन्मबाट शुद्ध नभए पनि जीवनमा मरेपछि

मोक्ष मिल्ने काम गर्छ। राजस राजसी उसलाई भन्छन् जसको जन्म अशुभ स्थितिमा छ तर पनि जो थोरै जन्ममा नै मोक्ष पाँउछ। अशुभ स्थितिमा जन्मेको, सयकडौं जन्ममा मुक्त हुने संभावना भएको जातिलाई राजसतामसी भन्छन्। अशुभ स्थितिमा जन्मेको हजारौं जन्ममा पनि मोक्षको संभावना नभएको जाति राजसात्यन्ततामसी हो। ब्रह्माबाट उत्पन्न भएर हजारौं जन्म बितिसकेपछि पनि अझ मुक्त हुन धेरै समय लाग्ने जाति तामसी कहलाउँछ। जन्मनासाथ मोक्ष प्राप्ति गर्न योग्य काम गर्ने जातिको नाम तामससत्वा हुन्छ। केही जन्मपछाडि मुक्त हुन योग्य गुण भएको जातिलाई तमोराजसी भन्छन्। जुन जाति हजारौं जन्म बितिसक्यो अझ सयकडौं जन्ममा मोक्षको अधिकारी हुन्छ त्यो तामस-तामसी हो। जुन जातिको लाखौं जन्म पहिले बितिसक्यो अझ लाखौं जन्ममा पनि मुक्त हुन सन्देहै छ त्यसलाई अत्यन्त-तामसी भन्दछन्।

जीवको ब्रह्मा-बाट उत्पत्ति

जीव अनादि र अनन्त छैन। उसको उत्पत्ति र लय दुबै हुन्छ। जीवको उदय ब्रह्माबाट हुन्छ जो परमब्रह्मको सृष्टि गर्ने आकार हो। जसरी ब्रह्माको उत्पत्ति हुन्छ उसै गरी कीराको हुन्छ, ब्रह्मादेखि कमिलासम्म सब जीवको लय खालि सद् ज्ञानबाट नै हुन्छ।

सब पदार्थ-भित्र मन छ

संसारका सबै वस्तुभित्र चित्त (मन) वर्तमान छ। जड पदार्थका भित्र पनि वासना यसरी मौजूद छ कि जस्तो बीजको भित्र फूल, माटामा घडा आदि। स्थावर (जड) पदार्थभित्र पनि

वासनाको वीजरूपी चित् शक्ति सुतेको अवस्थामा उसको रसको रूपमा रहन्छ। यो शक्ति वीजमा उल्लासरूपले जडपदार्थमा जडतारूपले, कडा वस्तुमा काठिन्य रूपले प्रकट हुन्छ। जसो गरी लताभित्र रहेको रस फलफूलका आकारमा विकसित हुन्छ उसै गरी प्राणीको वीर्यरसभित्र बसेको चितिले सब चेतनवस्तु विकास गर्छ।

(११) मनको अद्भुत शक्ति

सर्वशक्ति-सम्पन्न मन

मन जगत्को रच्नेवाला हो। मन नै स्वयम् पुरुष हो। मनमा सब प्रकारको शक्ति छ। मन जेसुकै पनि गर्न सक्छ। मन जुन वस्तु प्राप्त गर्न इरादा गर्छ त्यसलाई अवश्यै प्राप्त गर्छ। मन आफ्नो भित्रजस्तो भावना गर्छ छिनभरमा उस्तै नै हुन जान्छ जो कल्पना चित्तभित्र उदय हुन्छ त्यही वाह्यजगत्मा प्रकट हुन्छ। मनको स्वभाव संकल्प छ। मन जस्तो जगत्को कल्पना गर्छ संकल्पद्वारा उस्तै नै जगत् बन्दछ। अहंभाव (मन) लाई नै जगत्को वीज संझनुपर्छ। यसै वीजबाट नै पहाड, समुद्र, पृथ्वी, नदी, नाला भएका जगत्रूपी लक्षको उत्पत्ति हुन्छ। चित्त नै जगत्को उत्पादक हो। उ जस्तो जस्तो संकल्प गर्दछ त्यहीअनुसार सत्, असत् अथवा सदसत् जगत्को उत्पत्ति भइरहन्छ। जाग्रत्, स्वप्न, भ्रम आदि सब अवस्था यस्तो मनको रूपान्तर हो जस्तो कि पात, फल, फूल, अंकुर आदि अंकुरका रूपान्तर हुन्छन्। देशकालको विस्तार र क्रम पनि मनकै अधीन छ। मनैले कल्पलाई क्षण, क्षणलाई कल्प बनाउँछ। मन आफै स्वतन्त्रतापूर्वक

शरीरको रचना गर्दछ। प्रत्येक चित्तमा यस्तो जगत् उत्पादन गर्ने शक्ति छ। प्रत्येक चित्तमा जगत्‌रूपी भ्रमको उदय भिन्नाभिन्नै हुन्छ ।

जीवमा अनन्त शक्ति

जीव जो इच्छा गर्छ त्यो सब आफै नै सम्पादन गर्छ, प्रत्येक जीवमा चिच्छक्ति (आत्माको अनन्त अपार शक्ति) वर्तमान छ। जीवमा जुन जुन शक्तिको उदय हुन्छ उही उही फल उसलाई मिलिरहन्छ। जीव जस्तो यत्न गर्दछ वखतमा उस्तै फल मिल्छ। कहिले तपका रूपमा, कहिले देवताका रूपमा स्वयं आत्मानै आत्माको इच्छा अकस्मात् पूरा गर्छ। आफ्नै उद्योगसिवाय कहिल्यै कोही हामीलाई सिद्धि दिने छैन। यसैले जे प्राप्त गर्न इच्छा गर्छौ त्यसका निम्ति प्रयत्न गर। आफ्ना वासनाले प्रेरित भएर जो जस्तो यत्न गर्छ उस्तै नै फल पाउँछ। यहाँ दोस्रो कुनै हाम्रो भाग्यको निर्माण गर्ने छैन। संसारमा यस्तो कुनै वस्तु छैन जो सत्कर्म र शुद्ध पुरुषार्थद्वारा प्राप्त गर्न सकिन्नँ।

विषयको रूप चित्तको अधी छ

संसारका सब पदार्थको रूप हाम्रो चिन्तनका उपर निर्भर छ। चिन्तन गर्दा गर्दा असत्य पदार्थ पनि सत्य प्रतीत हुन लाग्छ। जुन वस्तु जुन भावले चिन्तन गरिन्छ त्यो वस्तु त्यसै गरी अनुभवमा आउँन लाग्दछ। सधैं अमृतरूपबाट चिन्तन गर्नाले विष पनि अमृत हुनजान्छ, सदा मित्रभावको चिन्तन गर्नाले शत्रु पनि मित्र हुनजान्छ।

निमेष मात्र काल पनि कल्पभाववाट चिन्तन गर्नाले अवश्य नै कल्पसमान अनुभव हुन लाग्छ। यसै गरी कल्पलाई निमेषभावले चिन्तना गरियो भने जरूर कल्प निमेषसमान हुनजान्छ । आत्माको प्रभाव नै यस्तो छ । तीतो भावले चिन्तन गर्नाले मीठो वस्तु पनि तीतो मालुम हुन लाग्छ, मिठाईको चिन्तनले तीतो वस्तु पनि मीठो मालुम हुन्छ। मित्रबुद्धिले शत्रु मित्र हुन जान्छ ओ शत्रुबुद्धिवाट मित्र-शत्रु वन्दछ। जस्तो हाम्रो विचार उस्तै हाम्रो जगत्। उत्सव-लाई पनि आपत्ति संझेर मूढ मानिस शोक गर्न लाग्छ। स्वप्नको समान शून्य स्थान पनि भरिएको जानिन्छ औ मौजूद नभएर पनि भूतले मूर्खको प्राण लिन्छ। खालि चिन्तन-द्वारा नै स्वप्नाकी स्त्रीले जाग्रत्की स्त्रीले झैं रतिसुख दिन्छे। दृढ निश्चयवाला आत्मा जस्तो जस्तो चिन्तन गर्छ उस्तै उस्तै फल प्राप्त गर्दछ।

दृढ भावनाको फल

दृढभावना भएको मन जुन वस्तुको जस्तो भावना गर्दछ उसलाई उसै आकारमा, उचित समयसम्म, उस्तै फल दिने अनुभव हुन्छ। यहाँ कुनै वस्तुलाई न सत्य भन्न सकिन्छ न असत्य। जसले जसलाई दृढ निश्चयसाथ जस्तो संझेको छ उसलाई त्यो उस्तै देखापर्छ। दृढ अभ्यासद्वारा जो मानिस आफ्नो मनमा जस्तो भाव स्थिर गर्दछ उस्तै उसको वासना र क्रिया हुन लाग्दछ। वडा शौखले उ उसै गरी काम गर्न लाग्दछ, उहीअनुसार आफ्नो भावनाअनुरूप फल पाएर त्यसको स्वाद लिई त्यसैमा बाँधिन्छ। मानिस प्रत्येक वस्तुको रूप आफ्नो भावनाअनुरूप नै देख्छ। कुन कुन पाउन

योग्य छ कुन छैन—यस्तो निश्चय पनि भावनाबाट नै हुन्छ। दृढ निश्चय भएको मन आफ्नो भावनाअनुसार नै धर्म, अर्थ, काम, मोक्षका लागि प्रयत्न गर्दछ। जस्तो भावनाको दृढ अभ्यास हुनजान्छ उस्तै नै अनुभव हुन लाग्छ। स्वयं न नीम तीतो छ, न ऊखु गुलियो। न आगो तातो छ, न चन्द्रमा शीतल। जुन विचार जीवका हृदयमा दृढ अभ्यास हुन जान्छ उही विचार बारबार उदय हुन्छ, जीवलाई आफूतिर खिंच्छ।

अभ्यासको महत्व

कुनै काम बारबार गर्नाको नाम अभ्यास हो, यसैलाई पुरुषार्थ पनि भन्छन्। उ नभईकन कुनै प्रकारको उन्नति हुन सक्तैन। शुद्ध चित् (आत्मा) को उस्तै आकार दृढ हुन जान्छ जस्को आकारको उसमा अभ्यास हुन्छ—यो कुरो बालकसंमले जानेको छ। भावनाको अभ्यासबाट सूक्ष्म शरीर—जो वास्तवमा शुद्ध चिदाकाश (आत्मा) हो। आधिभौतिक (स्थूल) भाव ग्रहण गर्दछ। यसै गरी आधिभौतिक देह पनि सूक्ष्म धारणाको अभ्यासबाट पक्षीसमान आकाशमा उड्न लाग्दछ। बराबर अभ्यास गर्नाले असंभव पनि संभव हुन जान्छ, शत्रु मित्र हुन्छ, विष अमृत हुन्छ।

मनका दृढ निश्चयको शक्ति

मनको दृढ निश्चयलाई मेट्ने रोक्ने शक्ति कसैमा छैन। जसको मनमा दृढ निश्चय भएको छ उसले मात्र त्यो हटाउन सक्तछ अरूले सक्तैन। धेरै कालसंम जुन कुरो जसको मनमा गढेको छ त्यो मरेपछि र श्रापबाट पनि मनदेखि जाँदैन।

सुखदुःख मनको अधिनमा

मनको मूर्खताबाट दुःख पहाडको चुचुरो झैं बढ्दछ। मनैबाट दुःख यसरी नाश हुन जान्छ कि जस्तो सूर्य उदाएपछि कुहिरो र तुसारो। सब दुःख, सुख अवस्थालाई बनाउने र भोग्ने मनै हो। मानिस मनोमय छ। शुभ अशुभ कर्म गर्ने मनै हो, यसैले सुखदुःख भोग्ने मानिस मनै हो। हाड मासुले बनेको शरीर सुख दुःख भोग्ने व्हैन, सब शरीरमा मनैलाई सुख दुःखको अनुभव हुन्छ। जो अलौकिक आनन्द मोक्षावस्थामा अनुभवमा आउँछ उसलाई प्राप्त गर्नाका निमित्त पनि पुरुषार्थी मानिस मनैको साधना गर्दछन् किनकि उनको सिद्धि पनि मन शुद्ध भएपछि मात्र हुन सक्छ।

शरीर मनले रचेको हो

जस्तो रेशमको कीरो आफू रहनाका निम्ति जालो तयार गर्छ उस्तै नै मन पनि यो शरीर आफ्ना वासनापूर्तिका लागि बनाउँछ। मनले शरीरलाई आफ्नो संकल्पद्वारा कुमालेले घडा बनाए झैं बनाउँछ। यो जो हाड मासुको पञ्चभूतबाट बनेको पुत्ला देखिन्छ उ शरीर व्हैन, मनको कल्पनाद्वारा गरेको एउटा रचना हो। जस्तो स्वप्नजगतमा सब पदार्थ संकल्पद्वारा रचिइन्छ उस्तै नै यो जाग्रत् अवस्थाका जगत्मा पनि सब वस्तु (शरीर पनि) संकल्पद्वारा बनाइन्छ। यो शरीर के हो ?–खालि पूर्वकालका अभ्यासद्वारा दृढ भएको वासनाको एउटा आकारवाला मूर्ति हो। देहभावनाबाट मनलाई देहत्वको अनुभव हुन्छ, देह भावनाबाट स्वतन्त्र भएपछि देहका धर्मको मनलाई अनुभव हुँदैन। जहाँसम्म हामी आफूलाई भौतिक शरीर मान्दछौं त्यहाँसम्म शरीरका धर्मको अनुभव

हुन्छ परन्तु जब हामी शरीर भावदेखि माास्तिर चढेर आफूलाई मन र आत्मा संझन लाग्दछौं तब हामी शरीरका धर्मबाट मुक्त हुन जान्छौं। त्यस बखत हामीलाई शरीरका सुखदुःखको अनुभव हुंदैन, यस प्रकारको भावना विस्तार विस्तार परिपक्व भएपछि हामी भौतिक शरीर धारण गर्दैनौं। जस्तो गन्ध हावामा छोडिइन्छ, हावा उस्तै गन्धवाला हुन्छ, यसै गरी जस्तो विचार कसैको मनमा हुन्छ उसको शरीर उस्तै आकार धारण गर्दछ।

आधि व्याधि

दुःखका दुइ कारण छन्—एउटा आधि, दोस्रो व्याधि। यी हट्नाले सुख हुन्छ, ज्ञानद्वारा यिनको संभावना हट्नाको नाम मोक्ष हो। शरीरका दुःखको नाम व्याधि हो, मानसिक दुःखको नाम आधि हो। दुवै मूर्खतावाट उत्पन्न हुन्छन्, तत्त्वज्ञानबाट दुवैको क्षय हुन्छ। गाढा मोहमा हाल्ने मानसिक रोग अज्ञानबाट र "यो वस्तु मलाई प्राप्त भयो, यो भएको छैन" यस्तो मानसिक विचारबाट यसरी उत्पन्न हुन्छ जसरी वर्षामा पानी बसँन्छ। शरीरका रोगको उत्पत्ति यसरी हुन्छ कि—जब अज्ञानले गर्दा मानिसको मन उसको वशमा हुंदैन, उसमा नाना प्रकारको तीव्र वासना उठ्छ, तब मानिस त्यसलाई पूरा गर्नाका लागि खान नहुने कुरो खान लाग्छ, खराब ठाउँमा जान लाग्छ, बेबखतमा अनुचित काम गर्न लाग्छ, दुष्ट पुरुषका संगतमा बस्न लाग्छ, आफ्नो मनमा खराब विचार-लाई स्थान दिन लाग्छ। यसो भएपछि उसका नाडीले ठीक काम गर्न छोडिदिन्छन्। कोही नाडीको शक्ति क्षीण हुन-जान्छ, कोही अधिकशक्तिवाला हुनजान्छ। जसबाट

यीद्वारा जीवनशक्ति (प्राण) को शरीरभित्र समान चाल रहँदैन, प्राण शक्तिका संचारमा उचित संगठनको ह्रास हुनजान्छ। यसो हुनाले शरीरको स्थिति डाँवाडोल हुनजान्छ। उसमा नाना प्रकारको उत्पन्न भएर दुःखदायी अनेक रोग उत्पन्न हुनजान्छन्।

आधिबाट व्याधिको उत्पत्ति

चित्तमा गडबड भएपछि अवश्य नै शरीरमा गडबड हुन्छ। शरीरमा संक्षोभ हुनासाथ प्राणको चालमा विषमता हुन जान्छ। प्राणको गतिमा विकार हुनाले नाडीका परस्पर सम्बन्धमा खराबी उत्पन्न हुनजान्छ। प्राणको गतिमा खराबी पैदा हुनाले अन्नको पाचन ठीक हुन्न— कैले अन्न राम्ररी पच्तैन, कैले कम पच्छ, कैले ज्यादा पच्तछ। प्राणका यन्त्रमा अन्न पुगेर उहाँ जम्मा भई सडेर अनेक प्रकारको रोग उत्पन्न गर्न लाग्दछ। यसरी मानसिक रोगबाट शारीरिक रोगको उत्पत्ति हुन्छ, आधि नाश भएपछि व्याधि पनि नाश हुनजान्छ। शुद्ध शुभकर्म गर्नाले र सत्संग गर्नाले मन निर्मल हुन्छ, चित्त शुद्ध भएपछि शरीरमा आनन्द (नीरोगता) संचार हुन लाग्छ। जीवन शुद्ध हुनासाथ प्राणको गति ठीकठीकसँग हुन लाग्छ, शरीरमा अन्नको पाचन राम्ररी ठीक ठीक हुन लाग्छ, जसबाट शारीरिक रोग नष्ट हुनजान्छन्। मनको जस्तो विचार हुन्छ, शरीर त्यहीअनुसार चल्दछ, उस्तै प्रकारको हुनजान्छ।

मूल व्याधि

रोग दुइ प्रकारको छ— एउटा सामान्य, दोस्रो मूल। सामान्य रोग उसलाई भन्छन् जो लौकिक जीवनमा देखिन्छ। संसारमा जन्मलिनु मूल

रोग हो। लौकिक रोगको निवृत्ति ता यथोचित वस्तु पाएपछि हुन्छ, परन्तु जो मूल रोग छ उसको शान्ति ज्ञान-प्राप्तिविना हुँदैन। जीवनका सब आधि-व्याधिहरू मूल आधि (अज्ञान) नष्ट भएपछि यसरी नष्ट हुन जान्छन् कि जसरी नदीका किनारमा उम्रेका क्षुप (बूटा) हरू वर्षामा नदीको बाढीले नष्ट हुन्छन्।

जीवन सुखी र नीरोग राख्ने उपाय

म शरीर हुं यस भावनाबाट जीव शरीरको धर्म अनुभव गर्दछ, यो भावना हटेपछि जीवलाई शरीरका गुणको आफूमा अनुभव हुन्न। मन जुन कुराको दृढ निश्चय गर्दछ उही हुन्छ, उसलाई टाल्ने अरू कोही छैन। जस्तो मणिमा परेको प्रतिबिम्ब कुनै साधनबाट पनि मेटिन सक्तैन उस्तै मनले जो आफ्नो निम्ति निश्चित गरेको छ त्यो भाव, द्रव्य, औषधि, दण्ड आदि कुनै अरू साधनबाट हटाउन सकिन्न। यसैकारण यदि कोही व्यक्ति आफ्नो पुरुषार्थबाट अटल धैर्य धारण गरी स्थिर रह्यो भने उसका नगीचमा दुःख आउन सक्तैन। यस्ता पुरुषका मनमा आधि, व्याधि, श्राप, कुदृष्टि आदि कुनैले आक्रमण गर्न सक्तैनन्। मनलाई हानि गराउन सक्तैनन्।

हेराम, मैले काकभुशुण्ड मुनिसँग सोधें कि तपाईं यत्तिको कालसम्म यत्तिको नीरोगी र युवा कसरी भइरहनु-भएको छ? उनले भने— हे वशिष्ठजी! म सधैं निरोगी यस कारणले भइरहेको छु कि इष्ट, अनिष्ट हुनु, नहुनु यस चिन्तालाई छोडें र म सधैं आत्मभावमा लिन रहन्छु, "आज

मैले यो वस्तु पाएँ, भोलि त्यो सुन्दर वस्तु पाउँनेछु" यस्तो चिन्ता मलाई हुँदैन। मेरो मन चञ्चलता र शोकले रहित छ, शान्त र स्थिर छ। आज मलाई के मिल्छ, भोलि के हुन्छ ? यस्तो चिन्तारूपी ज्वरले म पीडित छैन। बुढ्याईँ र मृत्युका दुःखदेखि मलाई डर छैन। राज्य आदिको सुख मिल्नाले मलाई केही सुख, खुशी हुँदैन। यो बन्धु हो, यो शत्रु हो, यो मेरो हो, यो अर्काको यस प्रकारको भेदभाव मेरो मनमा छैन। खाँदा पिउँदा, उठ्ता बस्ता, सास लिंदा, सुत्ता, घुम्दा कुनै वखतमा पनि मलाई यो खयाल हुन्न कि म देह हुँ। आफ्नो स्वरूपबाट विचलित नहुने शक्ति र मधुर प्रेमयुक्त दृष्टिले युक्त भएर म सबलाई समभावले देख्तछु। जेसुकै म गर्छु अथवा जुन वस्तुको म भोग गर्छु उसबाट अभिमान त्यागेर सब काम गरिरहँदा पनि म आफ्नो मनमा निष्क्रिय नै रहन्छु। समर्थ भएर पनि उसैका उपर आक्रमण गर्दिनँ। अर्काले दुःख दिंदा पनि म खिन्न हुन्नँ। धनहीन भएर पनि म कसैदेखि केही पाउनाको इच्छा गर्दिनँ। जीर्ण, टुटेको, खिएको, शिथिल, चूर्ण भएको, नष्टप्रायः वस्तुहरूमा पनि मलाई नवीनताको आनन्द आउँछ। अर्कालाई सुखी देखेर म सुखी हुन्छु, दुःखी देखेर दुःखी हुन्छु। सबैको प्रिय मित्र छु। आपत्ति आउँदा म अचल र धैर्ययुक्त रहन्छु। संपत्तिका अवस्थामा सारा जगत्का साथ मित्रताको व्यवहार गर्छु। भाव र अभावमा म सर्वदा एक समान रहन्छु।

मन शान्त भएपछिको आनन्द

हे राम, यो सब मन हो। मनको आफ्नो भित्र चिकित्सा गर्नाले सारा संसार ठीक हुन जान्छ। आफ्नो भित्र शान्ति छ भने सारा संसारै शान्त देखिन्छ। जो आफ्नो भित्रै

तृष्णाका आगोले जलिरहेको छ उसका लागि सारा संसारमा आगो लागिरहेको हुन्छ। चित्तलाई महान् बनाउनाले जो फल प्राप्त हुन्छ त्यो कुरो न तीनै लोकको राज्य गर्नाले मिल्छ, न रत्नले भरिएको खजाना पाउनाले मिल्छ। मनमा पूर्णता छ भने सारा संसार अमृतले परिपूर्ण देखिन्छ।

शुद्धमनमा आत्माको प्रतिविम्ब

यद्यपि आकाश सब जगह मौजूद छ तैपनि उसको प्रतिविम्ब खालि ऐनामा नै पर्दछ यस्तै आत्मा सर्वत्र छ तापनि उसको दर्शन केवल मनको भित्र नै हुन्छ। जब चित्तले वृत्तिहीन भएर चित्त भावलाई छोड्छ तब आफ्नो भित्र विस्तृत आकार भएको मोक्षमयी आत्मसत्ताको अनुभव गर्दछ।

अज्ञान रहेसंमको अन्धकार

खाडलमा परेको कछुवा जस्तै जहिलेसंम अज्ञानी मन आत्मालाई भुलेर मूर्खताले भोगका बाटामा चलिरहन्छ तहिलेसंम संसाररूपी अँध्यारो केही गरे पनि हट्न सक्तैन, चाहे अग्नि, चन्द्रमासहित बाहै सूर्यले प्रकाश गरून्। यस भ्रमलाई पैदा गर्ने, घुम्ने संसाररूपी माया-चक्रको नाभि (धुर) चित्त हो। यस नाभिलाई बुद्धि र पुरुषार्थद्वारा जोरले पक्रेर रोक्नाले मायाचक्रको गति रोकिन जान्छ।

(१२) सिद्धि

शुद्ध मनबाट हुने सिद्धि

हेराम, शुद्ध मनले जुन वस्तुलाई जस्तो भावना गर्छ त्यो अवश्यै चाँडै नै उस्तै हुन जान्छ जस्तो पानीले भुमरीको रूप धारण गर्दछ। अशुद्ध मन शक्तिहीन हुन्छ उ दोस्रो मनसंग मिलन असक्त हुन्छ। शुद्ध र तताएको फलाम नै दोस्रो शुद्ध र गलाएको फलाममा मिल्दछ। जस्तो समानरूप भएको पानी नै आपसमा मिलेर एक हुन्छ उसैगरी शुद्ध मनमा नै परस्पर एकता हुनसक्छ। जस्तो छायाको घाममा प्रवेश हुन सक्तैन उस्तै नै उ मानिस जसका बुद्धिमा जागृति भएको छैन, पुण्य कर्मबाट प्राप्त हुने सिद्धलोकमा आफ्नो शरीरद्वारा प्रवेश गर्न सक्तैन। दोस्रो लोकमा प्रवेश पवित्र शरीर, ज्ञान, विवेक, पवित्र कर्म अथवा वरद्वारा हुन्छ। यसैले आतिवाहिक (सूक्ष्म) लोकहरूमा सोही मानिसको प्रवेश हुन्छ जो ज्ञानी छ, जसको जीवन पूर्णतया धार्मिक छ, जो जीव ब्युँझेर सूक्ष्मभावमा प्राप्त भइसकेको छ उही त्यो जीवसंग मिलन सक्तछ जो सिद्ध भएर दोस्रो लोकमा जन्मेको छ। जब सूक्ष्मतत्वको ज्ञान पूर्णतया स्थिर हुन जान्छ तब मानिसलाई संकल्प रहित, पवित्र सिद्धलोकको दर्शन हुन्छ। जसको मनमा यो भ्रम दृढ भएको छ कि म आधि-भौतिक (स्थूल) शरीर छु, उ भला सूक्ष्म मार्गद्वारा दोस्रो लोकमा कसरी जान सक्छ ? जसका मनमा यस्तो भावना दृढ भएको छ कि म भौतिक शरीर छु मेरो गमन, आकाश द्वारा हुन सक्तैन, उसलाई यो कसरी विश्वास जम्न सक्छ कि उ सूक्ष्म देह हो, उ आकाशमार्गबाट जान सक्तछ।

जहिलेसम्म मानिस आफ्नै संकल्पजगत्मा आफ्नो स्थूल शरीरद्वारा प्रवेश गर्न सक्तैन तहिलेसम्म दोस्राको संकल्प जगत्मा उसको प्रवेश स्थूल शरीरद्वारा कसरी हुन सक्छ।

सूक्ष्म भाव ग्रहण गर्ने युक्ति

आधिभौतिक (स्थूल) भावनालाई त्यागेपछि आतिवाहिक (सूक्ष्म) भावनाको उदय हुन्छ। तब भारीपन र कडापनको झूटो विश्वास यसरी नष्ट हुन जान्छ जसरी स्वप्नाबाट राम्ररी ब्युँझेपछि स्वप्नाका वस्तुको स्थूल भावना नष्ट हुन जान्छ। हल्कापन र सूक्ष्मताको भावना तब योगीमा यसरी उदय हुनजान्छ जस्तो स्वप्नामा यो जानेपछि कि यो स्वप्न हो। जस्तो स्वप्नको स्वप्न संझेपछि शरीर सूक्ष्म मालुम हुन्छ उस्तै ज्ञानप्राप्ति भएपछि स्थूल शरीर पनि हल्का मालुम हुन लाग्छ। जुन ज्ञानीका हृदयमा सूक्ष्म भावनाको दृढ अभ्यास हुनजान्छ उसका निम्ति आधिभौतिक (स्थूल) भावना यसरी नष्ट हुन जान्छ कि जसरी हिउँदमा बादल देख्तादेख्तै नष्ट हुन जान्छ। जस्तो गर्भको अवस्था जवानीमा याद रहन्न उसैगरी जसका मनमा यो भावना दृढ भएको छ कि म सूक्ष्म छु, उसले आफ्नो स्थूल भावलाई बिल्कुल भुल्दछ। वासना क्षीण भएपछि अवश्यै शरीरमा सूक्ष्मभावको उदय हुन्छ। जस्तो यो जानेपछि कि वास्तवमा यो डोरी हो, सर्प होइन तब सर्प देखा पर्दैन उस्तै नै यो जानेपछि कि हाम्रो शरीर वास्तवमा सूक्ष्म छ, स्थूल शरीरको अनुभव रहँदैन जस्तो स्वप्नमा अनुभवमा आएको कल्पना शरीरभावना नष्ट हुनासाथ जागेपछि स्थूल शरीरका भावनाको उदय हुन्छ उस्तै नै जाग्रत भावना

नष्ट भएपछि स्थूल शरीरको भावना नाश हुनजान्छ। संसारको पदार्थको वासना कम भएपछि ज्ञान र अभ्यासद्वारा स्थूल शरीरमा नै सूक्ष्म शरीरको अनुभव उदय हुनजान्छ।

ज्ञानद्वारा स्थूल भावना निवृत्ति

जस्तो वालकलाई भूत देखा पर्छ उस्तै मूर्ख जीवलाई पनि शरीर नभईकन पनि संकल्पका भ्रमले यो स्थूल शरीर देखा पर्छ। ज्ञानको प्रकाश फैलिएपछि जीवको संकल्प-मोह शरत्ऋतुको वादल झैं क्षीण हुन जान्छ। जस्तो तेल सिद्धिए-पछि बत्ती निभ्छ उस्तै संकल्प क्षीण भएपछि स्थूल शरीरको अनुभव क्षीण हुन जान्छ। निद्रा खतम भएपछि जस्तो स्वप्न देखा पर्दैन उस्तै सत्यभावना उदय भएपछि जीव-लाई शरीरको अनुभव रहँदैन। असत्यमा सत्य भावना हुनाले जीव स्थूल शरीरले घेरीएको छ। एक तत्वको भावना दृढ भएपछि जीव शरीरबाट मुक्त र सुखी हुन जान्छ। शरीरलाई सत्य संझनाले नै शरीर सत्य देखिन्छ, असत्य जानेपछि यसको अनुभव रहन्न।

कुण्डलिनी शक्ति

शरीरका मर्मस्थानमा चक्रका आकारको, सयकडौं नाडीको आधार भएको आंत्रवेष्टनिका (आन्द्राले घेरिएकी) नामको एउटा नाडी छ। उसको आकार वीणाका मूल भागमा रहेको आवर्त (गोलाइ), पानीको भुमरी, ओंकारको आधाभाग (ओं) कुण्डलको चक्र समान छ। त्यो नाडी देवता, दैत्य, मनुष्य, मृग, पक्षी, कीरा, जलजन्तु आदि सब प्राणीमा मौजूद छ। उसको आकार यस्तो छ जस्तो कोही सर्प जाडोले गुँडुल्किएर

सुतेको हो। गुदद्वारदेखि आँखिभौंसम्म सबै छिद्र स्पर्श गर्ने, चञ्चल वृत्ति भएको, बराबर चलिरहने त्यो नाडी छ। उस नाडीभित्र केराका डाँठका भित्रको गुदी तुल्य कमलो, वीणा झैं स्पन्दनयुक्त एउटा परम शक्ति वर्तमान छ।। कुण्डलका आकारमा उसको स्पन्दन हुनाले उसलाई कुण्डलिनी शक्ति भन्छन्। त्यो प्राणीको परम शक्ति हो,उसका अरू शक्तिलाई वेग दिनेवाली छ। जस्तो रिसा एका सर्पिणीले सास फेर्छे उस्तै नै त्यो शक्ति मास्तिर मुख फर्काएर सास लिए झैं तमाम शरीरका स्पन्दनको कारण हुन्छे। हृदयमा पुग्ने सबै नडीहरू उसित सम्बन्ध राख्नछन्। उसमा यसरी आएर मिल्छन् कि जस्तो समुद्रमा नदीहरू। पाँचै ज्ञानेन्द्रियका वीज कुण्डलिनी शक्तिमा रहन्छन्, प्राणद्वारा त्यो वीज सञ्चालित हुन्छ। त्यो कुण्डलिनी शक्ति, स्पन्दन, स्पर्श, ज्ञान सबको शुद्ध कला हो। संकल्पयुक्त हुनाले उसलाई कला र चेतन हुनाले चिति भन्दछन्। जिउनाले जीव, मनन गर्नाले मन, बोध प्राप्त हुनाले वुद्धि, अहंभाव प्राप्त हुनाले पुर्यष्टक त्यो कहलाउँछे। सब शक्तिहरूको परम शक्ति कुण्डलिनी शरीरमा रहेकी छ। अपानवायुको रूप धारण गरेर त्यो शक्ति सधैं तलितर जान्छे। नाभीका बीचमा रहनाले त्यो समान कहलाउँछे, उदानका नामले त्यो ऊर्ध्व भागमा रहन्छे। यदि उसका सारा वृत्ति तलितर हुन गए, वीचमा रोकिएनन्, न मास्तिरै गए भने त्यो बाहिर निस्कन्छे अनि मानिस मर्दछ। यसै गरी यदि तलितर नगएर, वीचमा पनि नअडेर उसका सारा वृत्ति मास्तिर भए,त्यो जोरले मास्तिर निस्की भने पनि मानिस मर्दछ। यदि मास्तिर तलतिर नगएर कुनै जीवको प्राणशक्ति मध्य भागमा रोकिएर अड्यो भने प्राणी

सब रोगबाट मुक्त हुनजान्छ। पुर्यष्टक नामक जीवको प्राण नामक शक्तिको नाम कुण्डलिनी हो। त्यो शरीरमा फूलमा सुगन्ध दिने मञ्जरी जस्तै रहेकी छ। यस देश-रूपी यंत्रका उदर भागमा नाभिनेर परस्पर मुख मिलेको खलाँती जस्तै मासुको डल्लो यसरी काँमेर रहेको छ कि जस्तो जल र माथि बगेका पानीका बीचमा रहेको सधैं हल्लने बेतको क्षुप। उसको भित्र उसकी लक्ष्मी कुण्डलिनी शक्ति यसरी रहेकी छ जस्तो मूगाको पेटारामा मोतीको माला।

कुण्डलिनी-द्वारा सिद्धि

उस कुण्डलिनीमा पूरक प्राणायामको अभ्यास-द्वारा जब प्राणी समरूपले रहन्छ तब सुमेरु समान स्थिरता र गुरुताको सिद्धि प्राप्त गर्दछ।

जुन बखत पूरक प्राणायामको अभ्यासबाट शारीरिक र मानसिक परिश्रम सहेर कुण्डलिनी शक्ति आफ्नो मूलाधार स्थानदेखि माथितर उठेर सुषुम्णा नाडीद्वारा ब्रह्मरन्ध्रसम्म जान्छे, लट्ठी जस्तो भएर सर्पिणी झैं जब त्यो माथितर जान्छे, तब त्यो यस शरीरलाई यसरी उडाएर जान्छे कि जस्तो हावा भरिएको खलाती पानीमाथि उत्रेर हिंड्छ। यसरी अभ्यासद्वारा योगीजन इन्द्रको पदवी प्राप्त गर्छ। जुन बखत अरू नाडीका व्यापारलाई रोक्ने रेचक प्राणायामको प्रयोगबाट कुण्डलिनी शक्ति ब्रह्मनाडी (सुषुम्णा) को भित्र भएर दिमागको ढोका उघारी वहाँबाट १२ अंगुल माथितर मस्तिष्कमा गएर २ घडीसम्म मात्र पनि स्थिर भई भने आकाशमा हिंड्ने सिद्ध पुरुषको दर्शन हुन्छ। रेचक अभ्यासरूपी युक्तिबाट प्राणलाई मुखदेखि १२ अंगुल बाहिर धेरै कालतक स्थिर गर्ने अभ्यासबाट योगी अर्काको शरीरमा

यस्न सक्छ। रेचकको अभ्यासबाट जब योगी आफ्नो जीवलाई कुण्डलीको निवासस्थानबाट बाहिर यसरी निकाल्न सकोस् जस्तो हावाबाट सुगन्ध, तब त्यो चेष्टारहित शरीरलाई काठपत्थर समान त्यागिदिन्छ, दोस्रो शरीरमा चाहे त्यो जड होस् चाहे चेतन, इच्छानुसार पसेर उसका संपत्तिको भोग गर्न सक्छ। यसरी योगी दोस्रा शरीरको भोग गरेर यदि उसको शरीर तयार छ भने उसैमा, उ छैन भने आफ्नो रुचि-अनुसार कुनै दोस्रो शरीरमा पसेर रहन्छ। अथवा आफ्नो चितिलाई समस्त जगत्मा फैलाएर सारा शरीरमा व्याप्त भएर सर्वत्र रहन्छ।

सूक्ष्मता र स्थूलता सिद्धि

हृदयकलमका चक्रका कोश (गट्टा) माथि अग्नि (प्रकाश) को एउटा झिल्को यसरी चंकन्छ कि जस्तो सुनको भुँमरो अथवा साँझको मेघमा बिजुलीको झिल्का। त्यो प्रकाशकण बिस्तारै भावनाद्वारा वायु झैं फैलिन र ज्ञानरूपीले शरीरमा सूर्यसमान चम्कन लाग्छ। प्रातःकालका बादलबाट उदाएर जसरी सूर्यको तेज क्षणभरमा बढ्दछ उस्तै नै त्यो अग्निको कण बढेर सर्वांग शरीरलाई गलाउँछ। शरीरका पार्थिव र जलमय भाग दुवैलाई जलाएर आफै नै त्यो कण विक्षुब्ध प्राणद्वारा कहीं गायब हुन्छ। उस वेला सुषुम्णा नाडी जलेपछि कुण्डलिनी शक्ति आकाशमा यसरी रहन्छे जसरी अग्निबाट निस्केको धूँवा रहन्छ। उसवेला त्यो कुण्डलिनी शक्ति आफ्नो भित्र मन, बुद्धि, जीव, अहंकार आदि-समेत, नाना प्रकारका वासनाले पूर्ण भएर आकाशमा यसरी सुशोभित हुन्छे जसरी कुनै शहरबाट निस्केको धूंवाको स्तम्भ। यस अवस्थामा उसको प्रवेश कमलको

डाँठ, पहाड, झार, भित्तो, पत्थर, आकाश, पृथ्वी आदि सबै वस्तुमा हुन सक्तछ। उही कुण्डलिनी जब स्थूलभाव धारण गर्न इच्छा गर्दछे तब फेरि रस भावनाद्वारा रसले यसरी भर्न लाग्दछे जस्तो सुकेको छाला पानीले फुल्छ। रसले पूर्ण भएर त्यो जुन आकार पनि धारणा गर्दछे। जस्तो चित्रकारीका मनका रेखाले नाना प्रकारको रूप धारण गर्दछ। दृढ भावनाद्वारा त्यो हाडको यसरी रचना गर्दछे, जसरी कि माताको गर्भाशयमा रहेको सूक्ष्म बीजले स्थूल आकार धारण गर्दछ। तब त्यो जीवशक्ति इच्छानुसार ठूलोभन्दा ठूलो (सुमेरु समान) सानुभन्दा सानु (भुसुना समान) आकार धारण गर्न सक्छे।

(१३) म के हूँ ?

चित्तको चार अवस्था

हेराम, चित्तको तीन अवस्था छ—जाग्रत, स्वप्न, सुषुप्ति। अथवा घोर, मूढ, शान्त। जाग्रत् अवस्थाको चित्तलाई घोर भन्छन्, स्वप्नावस्थाको चित्तलाई शान्त, सुषुप्ति अवस्थाको चित्तलाई मूढ भन्छन्। यी तीन अवस्थाबाट स्वतन्त्रभएपछि चित्त मरे जस्तो हुनजान्छ। मरेको चित्त सत्वरूपमा रहन्छ जो सर्वत्र एक र समान रूपले स्थित छ।

जाग्रत् अवस्था

स्थूल शरीरभित्र जीवधातु नामक यो एउटा तत्व मौजदात छ जुन रहनाले यो शरीर जीवित रहन्छ तेज, ओज, वीर्य पनि उसैको नाम हो। जब शरीरमा कुनै प्रकारको क्रिया हुन्छ तब यो जीव-

धातु प्राणद्वारा क्रियात्मक अंगतर्फ बग्न लाग्छ। अंगमा जीवधातु फिंजिएपछि उसमा चेतनाको अनुभव हुन्छ। इन्द्रियद्वारा बाहिरतर्फ प्रवृत्त भएर त्यो जीवधातु आफ्नो भित्र नानाप्रकारका जगत्को अनुभव गर्दछ। जीवधातु यसरी ज्ञानेन्द्रिय र कर्मेन्द्रियमा अडेपछि जो अनुभव हुन्छ उसैको नाम जाग्रत् हो।

सुषुप्ति अवस्था

जब शरीरमा मन, वचन, कर्मरूपी कुनै पनि क्रिया हुंदैन तब जीवधातु आफ्नो स्वरूपमा शान्त भावले रहन्छ, प्राणको क्रियामा समता आउँछ, हृदयमा रहेको जीवधातुमा कुनै प्रकारको क्षोभ हुन्न। जस्तो हावा नभएको ठाउँमा प्रकाश दिने बत्ती अचल रहन्छ उस्तै जीवधातु पनि शान्त रहन्छ। उस अवस्थामा जीवधातु ज्ञानेन्द्रिय कर्मेन्द्रियतर्फ दौडँदैन यसैले यिनमा चेतनाको अभाव रहन्छ ; यिनको क्रिया बाहिरतर्फ प्रवृत्त हुन्न। उस बखत चेतना जीवको भित्र यसरि रहन्छ कि जस्तो तिलमा तेल, हिउँमा शीतलता, घिउमा चिल्लोपना। बाह्य ज्ञान नष्ट भएपछि जीवाकार कला नामक चिति सुषुप्ति अवस्थामा पुग्दछ।

स्वप्न अवस्था

सुषुप्ति अवस्थामा जब त्यो जीवधातु सौम्य अवस्थामा प्राप्त भएको प्राणद्वारा क्षुब्ध हुन्छ तब चितिले चित्तको आकार धारण गर्छे, आफ्नै भित्र सारा जगत्को भाव, अभाव र क्रमका भ्रमलाई यसरी विस्तृत रूपले अनुभव गर्दछे जस्तो बीज आफ्नो भित्र वृक्षको अनुभव गर्दछ। जब सुतेका हालतमा जीवधातु

वायुद्वारा क्षोभित हुन्छ तब सपनामा आकाशमा उड्नाको अनुभव हुन्छ, जब जलद्वारा क्षोभित हुन्छ तब जलसम्बन्धी स्वप्नको अनुभव हुन्छ, पित्तद्वारा क्षोभित भएका वेलामा गर्मी मौसिमका स्वप्नको मनभित्र अनुभव हुन्छ। रक्तको अधिकता भएमा लाल पदार्थको अनुभव हुन्छ। जीवको भित्र जस्तो जस्तो वासना उठ्छ उस्तै उस्तै प्रकारका स्वप्न उ यसरी देख्छ कि जस्तो प्राणबाट क्षोभित भएर ज्ञानेन्द्रियद्वारा बाहिरको पदार्थ देखेको छ। स्वप्न उस ज्ञानको नाम हो जो वाह्य ज्ञानेन्द्रियको क्रिया नभई भित्रका क्षोभबाट नै हुन्छ।

तुर्यावस्था

अहंभाव–अनहंभाव, सत्ता–असत्ता दुवै नरहेको जो असक्त, सम, क्षुद्र स्थिति छ उसैको नाम चौथो अवस्था हो। जो स्वच्छ, सम, शान्त साक्षीरूपले जीवन्मुक्तभावमा स्थिति छ उसलाई तुर्यावस्था भन्दछन्। यो स्थिति न जाग्रत् हो, न स्वप्न, किनभने यस अवस्थामा संकल्पको अभाव हुन्छ, औ न सुषुप्ति किनकि यसमा जडताको अभाव रहन्छ। ज्ञानीहरूको उस अवस्थाको नाम जसमा उनका निम्ति उस जगत्को अनुभव जो अज्ञानीहरूका लागि स्थिररूपले रहेको छ, शान्त र लीन हुन जान्छ, तुर्यावस्था कहलाउँदछ। तुर्यावस्थाको अनुभव तब हुन्छ जब अहंकारको त्याग, समताको प्राप्ति र चित्तशान्ति हुनजान्छ। संकल्प–विकल्पदेखि रहित चितिका स्थितिको नाम चारौं अवस्था हो।

म देह हुँ ?

हे राम, एउटा यो विश्वास छ कि म माता–पिताबाट उत्पन्न शिरदेखि पैरसम्मको आकार वाला स्थूल देह हुँ। यो विश्वास सत्य छैन, यसैले

बन्धनमा पार्छ । आफूलाई स्थूलदेह संझनु दुःखको कारण हो, शान्तिको साधन होइन। यो विश्वास हाम्रो शत्रु हो, यसलाई जहाँतक हुन्छ हटाउनुपर्छ। यस नाना प्रकारको मानसिक क्लेश दिने बलवान् शत्रुद्वारा मारिएको जीव कहिल्यै पलाउँदैन। हे राम, जबतक संसार छ तबतक रहने आफ्नो संकल्पअनुसार रूप लिने मन जीवको सूक्ष्मरूप हो। तेस्रो निश्चय जो मोक्षतर्फ लैजानेवाला छ यो हो कि म सब भावदेखि मुक्त रउँका टुप्पाको सय भागभन्दा पनि सूक्ष्म, परम अणु, सब दृश्य दृश्य पदार्थदेखि पर, सब वस्तुदेखि भिन्न रहने आत्मा हुँ ।

म सर्वातीत कसरी हुँ ?

बालकसंमले पनि यो कुरो संझन्छ, सबलाई यस कुराको आफ्नो मनमा अनुभव हुन्छ कि म जड र ज्ञानहीन स्थूल शरीर होइन। कर्मेन्द्रियहरू यस शरीरका अंग हुन्, अंग र अंगी (अंगवाला वस्तु) मा भेद नहुनाको कारण यी पनि जडै हुन्। जस्तो काठद्वारा माटाको डल्लो यताबाट उता फेकिन्छ, उस्तै नै इन्द्रियहरू मनको प्रेरणाबाट क्रिया गर्दछन्, आफै होइन। संकल्प शक्तिवाला मन पनि स्वयं जड नै छ किनकि उ पनि बुद्धिको निश्चयद्वारा यसरी यताउता भइरहन्छ जस्तो फ्याकनाले पत्थर। निश्चय गर्ने बुद्धि पनि जडै छ, उसको संचालन पनि अहंकारद्वारा यसरी हुन्छ जसरी नदीको गहिरो स्थानतर्फ भइरहन्छ। अहंकार पनि स्वयं चेतन छैन, उ ता असार र मुर्दा समान जड छ किनभने जीवले यसलाई यसरी उत्पन्न गर्छ जसरी बालकले भूतका भ्रम। यो जीव वायुरूप चिदाकाश, हृदयभित्र रहन्छ। यो जीव

विषयको भ्रमले युक्त पुरानो चितिस्वरूप आत्मा द्वारा प्रेरित हुन्छ। जस्तो जस्तो सत्य वा असत्य भावना चितिमा उठ्छ चिति आफ्नो स्वरूप छोडेर उस्तै नै रूप धारण गर्दछे। यसैले विषयतर्फ प्रवृत्त भएको जो चेतना आत्मा छ त्यो पनि असत् नै छ, चैतन्यद्वारा प्रेरित हुन्छ। चितिद्वारा कल्पित सबै देखिएका पदार्थ असत्य छन्। एउटा वस्तु खालि सत्य छ। त्यो हो महाचिति जसलाई महासत्ता पनि भन्छन्। उ निष्कलंक, सम, शुद्ध, निरहंकार, शुद्ध ज्ञान स्वरूप, शिव, सन्मात्र, अच्युत र मलरहित सदा प्रकाशमान् छ।

शरीर र आत्माको सम्बन्ध

आत्माको शरीरका साथ केही सम्बन्ध छैन, न शरीरको आत्माकासाथ सम्बन्ध छ। शरीर र आत्मा अँध्यारो र उज्यालो जस्तै दुइटा विलक्षण पदार्थ हुन्। जस्तो हिलोमा परेको सुनका साथ हिलाका कणाको केही सम्बन्ध रहँदैन उस्तै नै शुद्ध स्वरूपवाला आत्माको शरीरका साथ केही सबन्ध हुन सक्तैन। जल र कमलसमान शरीर र आत्मा भिन्नाभिन्नै छन्। सर्वत्र वर्तमान आत्माको शरीरका साथ अलिकति पनि संबन्ध छैन। जस्तो आकाश त्यस वायुका गुणले छोइँदैन जो उसमा रहन्छ उस्तै नै शरीरका अवस्था—जन्म, मरण, आपत्ति, सुख, दुःख, आउनु, जानु आदि—आत्मामा हुन्नन्।

म सारा विश्व हुँ

चारौं मोक्ष प्राप्ति गराउने आत्मा-सम्बन्धी विश्वास यो हो कि— म समस्त जगत् अथवा त्यो शून्य, सम, चिदाकाश हुं जो विश्वमा सर्वत्र व्याप्त छ म आकाश हुं, म दिशा हुं, म तल हुं,

म माथि हुं, म दैत्य हुं, म देवता हुं, म सब लोक हुं, म यज्ञ हुं, म तम हुं, म बादल हुं, म समुद्र हुं, म पृथ्वी हुं, म रज हुं, म वायु हुं, म अग्नि हुं, मै यो सब जगत् हुं। त्यो चिति हुं जो आकाशमा सूर्यरूपले चम्कन्छ, जो सब प्राणीमा छ देवदानवमा, जडचेतन सबैमा छ। फूलमा म गन्ध हुं, म फूल-पातको सौन्दर्य हुं। सुन्दर वस्तुको रूप कला मै हुं, सब रूपमा मै अनुभव हुं। जो यो संझन्छ कि "म दिशा, काल, क्रियावाला अनन्त र अपार सर्वत्र फैलिएको आकाश हुं" उ ठीक संझन्छ। जो यो संझन्छ कि "म चित्त व्हैन, त्यो आत्मा हुं जसमा जगत्का सारा वस्तु यसरी उनिएका छन् कि जसरी मालाका धागामा उसका मोतीहरू" उही ठीक संझन्छ। जो यो संझन्छ कि "म सब वस्तुको भित्र रहनेवाला, सर्वशक्तियुक्त अन्तरात्मा हुं" उही ठीक संझन्छ। जो यो संझन्छ कि "जस्तो तरङ्ग समुद्रको एउटा क्षुद्र अंग हो उस्तै नै तीनै लोकमा जे छ त्यो मेरो नै अंग हो" उही ठीक संझन्छ।

(१४) मृत्युविचार

मृत्युको भय

हेराम, मृत्युदेखि डराउनु बिलकुलै मूर्खता हो। मृत्युबाट हुने दुई कुरा हो—एउटा मरेपछि मानिसको सर्वथा अन्त हुनजान्छ भन्ने र दोस्रो मरेपछि पनि मानिसलाई अर्को जीवन मिल्छ भन्ने। यी दुई कुरामा जुन भए पनि असलै छ। सर्वथा अन्तै हुनगयो भने डर कुन कुराको? छोडियौ, सब आपत्-बाट सधैंका निम्ति छुट्टी मिल्यो। हुनु-नहुनु, लिनु-दिनु आदि ज्वरबाट छुट्टी मिल्यो। यस्तो मृत्यु नै ता सच्चा जीवन हो

किनकि न उसको पछाडि सुख छ न दुःख। यदि मृत्युबाट जीवनको अन्त हुँदैन, एउटा शरीर छोडेर अर्को शरीरमा प्रवेश हुन्छ भने पनि कुन कुराको डर? पुरानु र रोगी शरीरलाई छोडेर नयाँ शरीरमा प्रवेश गर्न कसलाई खराब लाग्ला? यो कुरो यस्तै हो जस्तो फाटेको पुरानो लुगा फ्याँकेर नयाँ लुगा लाउनु औ फुटेटुटेको घर छोडेर दोस्रो नयाँ घरमा प्रवेश गर्नु। यसो हुंदा ता दुःखको बदला सुख मान्नुपर्छ।

मृत्यु के हो?

मृत्यु सर्वनाश हुनु होइन। मरेको प्राणी नष्ट भयो भन्नु बिलकुल झूट हो। उ ता मरेपछि दोस्रो देश र कालमा दोस्रै सृष्टि अनुभव गर्न लाग्छ। आफ्नो संकल्प-जगत्‌भित्र स्थिर हुन जानाको नाम मृत्यु हो। मृत्युमा चेतनाभित्रै रहन्छ, बाहिर रहँदैन। एउटा शरीर छोडेर जीव आफ्नो वासनाको आधारमा दोस्रै देश र कालमा आफूलाई पाउँदछ। वासनाको कारण नै जीव यता-उता घुमिरहन्छ। जस्तो स्वप्नको अनुभव गर्ने जीवको स्वप्न-संसारमा मृत्यु हुन्छ औ उ जाग्रत्‌संसारमा आएर जाग्रत्-रूपी स्वप्न देख्न लाग्छ, ठीक यसैगरी यहाँ मरेर जीव दोस्रो जगत्‌मा जाग्छ। उहाँ जागेपछि यो लोक उसलाई एउटा स्वप्न जस्तो मालुम हुन लाग्छ। झुट्टा मृत्युका मूर्छाको केही बेरसम्म अनुभव गरेर पूर्व अवस्थालाई भुली जीव दोस्रो अवस्थाको अनुभव गर्न लाग्दछ। जस्तो आँखा चिम्लना साथ नाना प्रकारका स्वप्नसृष्टिको अनुभव हुनलाग्छ उस्तै नै मृत्युको मूर्छा आउनासाथ दोस्रो संसारको अनुभव उदय हुन जान्छ। मृत्युमूर्छा आउनाका साथ तुरुन्तै तीनै लोकको विचित्र सृष्टि फेरि अनुभवमा आउन लाग्छ।

कल्पपर्यन्त स्थिर रहने अनेक जगत् आफ्नो आफ्नो देश, काल, आकाश, धर्म, कर्मका साथ देखा पर्न लाग्छ। मृत्युको बाद तुरुन्तै देश, काल, क्रिया, द्रव्य; मन, बुद्धि, इन्द्रिय आदिको अनुभव यसरी हुनलाग्छ कि जसरी जीवलाई युवावस्थामा हुन्छ।

मर्ने वेलाको अनुभव

जब रोगको कारण नाडीहरूमा संकोच र विकास हुन्छ तब शरीरमा रहने प्राणको गति अस्तव्यस्त हुन जान्छ। भित्र गएको सास मुस्किलले बाहिर आउँछ औ बाहिर निस्केर सास कठिनसँग भित्र जान्छ। नाडीको गडबडबाट प्राणको गतिमा गडबड हुन जान्छ औ चेतना खालि भित्रै रहन्छ, बाहिरतिर प्रवृत्त हुन्न। शरीरका नाडीको खराबीबाट जब प्राणको गति यसरी रोकिएपछि सास न बाहिर निस्कन सक्छ, न भित्र जान सक्छ। उसवेला भनिन्छ कि प्राणी मऱ्यो। वायुको गति रोकिएपछि प्राणीको सब चेष्टा रोकिन जान्छ, उसलाई मुर्दा भन्छन्। शरीर उसवेला सर्वदा जड हुनजान्छ। शरीर यसरी मुर्दा भएपछि प्राणीको प्राण बाहिर निस्केर आकाशमा स्थिर भएमा वासनायुक्त चेतना आत्मामा स्थिर रहन्छ। पुरुषका शरीरबाट निस्केर प्राणवायु बाहिरका वायुमण्डलमा रहनजान्छ। आफ्नो भित्र यसरी नाना प्रकारका संकल्प धारण गरेको अनेक प्राणवायुद्वारा भरिएका सब दिशाहरू देखा पर्दछन्। वायुमण्डलमा मुर्दाको प्राण, उस-भित्र उसको मन, मनभित्र उसको जगत् यसरी रहेको छ कि जस्तो तिलको भित्र तेल रहन्छ। जब जीव यो दृश्य संसार छोडेर दोस्रामा प्रवेश गर्छ तब उसले यो जान्दछ कि

स्वप्न अथवा संकल्प जस्तै थियो।जुन ठाउँमा जीवका शरीरको मृत्यु हुन्छ उसै ठाउँमा जीवलाई पहिलो जगत् जस्तै दोस्रा जगत्को अनुभव हुन लाग्दछ। मृत्युमूर्छा खतम हुनासाथ उसलाई दोस्रो शरीरको अनुभव हुन लाग्दछ। जो जीव विनामोक्षप्राप्तिले मर्दछ, उ यसै गरी वायुमण्डलमा रहेर आफ्नो लोकको अनुभव गर्दछ।

मर्ने वेलाका अज्ञानीको दुःख

धारणाको अभ्यास गर्ने योगी र ज्ञानी मानिस धारणाद्वारा शरीरलाई सुखपूर्वक छोड्दछन्। परन्तु मन आफ्नो वशमा नभएको अज्ञानीलाई मर्ने वेला बहुतै दुःख हुन्छ। जसले शास्त्र-अनुसार आफ्नो बुद्धि शुद्ध गरेको छैन, जो दुष्ट मानिसका संगतमा रहन्छ उसलाई मर्ने वेलामा अग्निकुण्डमा गिरे जस्तै भित्री डाहा हुन्छ। मर्ने वेला जब कि घाँटीमा घ्यार घ्यार, पहेंलो चेहरा, आँखाका अगाडि अँध्यारो हुनलाग्छ तब यस्ताको मन जसलाई विवेक छैन, बहुत दुःखी हुन्छ तब अन्धकारले ढाक्छ, आँखाबाट केही देखिन्न दिनैमा तारा देखिन लाग्छन्, चारौंतर्फ आकाशमा कालो वादलले ढाकेको देखिन्छ। पीडाले छाती फुट्न लाग्छ, सब दिशा घुमेको देखिन्छ, आकाशका ठाउँमा पृथ्वी र पृथ्वीका ठाउँमा आकाश देखापर्छ। आकाश उडाएको भान हुन्छ। मन गाढनिद्रामा जान लाग्छ। अँधेरो इनारमा खसाले जस्तो, पत्थरले थिचे जस्तो हुन्छ। हुरीले उडाएर आकाशमा लगे जस्तो, हिउँ पग्ले जस्तो, भुमरीमा परे जस्तो इत्यादि भान हुन्छ। उसका सब इन्द्रियको ज्ञान विस्तार विस्तार मन्द हुन्छन्।स्मरणशक्ति यत्तिको खराब हुनजान्छ कि

उसलाई अगाडि पछाडिको ज्ञान अलिकति पनि रहन्न। मोहको कारण मनमा कल्पनाशक्ति पनि रहँदैन, सबप्रकारको विवेक नष्ट भएर उ महाअन्धकारमा डुब्छ।

मरेपछिको अनुभव

मर्ने वेलामा प्रत्येक जीवलेमूर्छाको अनुभव गर्दछ। त्यो मूर्छा जीवको अनुभवमा महाप्रलयको रात्रिसमान हुन्छ। त्यहाँपछि प्रत्येक जीव आफ्नो आफ्नो सृष्टि स्वप्न र संकल्प जस्तै रचतछ। जस्तो महाप्रलयको रात्रिपछाडि परमात्मा यस दृश्यजगत्को रचना गर्छ, उस्तै नै प्रत्येक जीवले मृत्युको पछाडि आफ्नो आफ्नो परलोक सृष्टि गर्छ जबतक मोक्षप्राप्ति हुंदैन तबतक जीवलाई जन्मनु मर्नु अनुभय भइरहन्छ। मृत्युका मूर्छाका पछाडि जीवलाई आफ्नो भित्र जागेर जो ज्ञान विस्तार हुन लाग्छ उसलाई प्रधान भन्छन्। उही जडचेतनमय ज्ञानको विस्तार अव्यक्त कहलाउँछ, उसैबाट आकाश उत्पन्न हुन्छ। संसारको प्रलय र उत्पत्ति यसैमा औ यसैबाट हुन्छ। जब बोधको उदय हुन्छ तब उस अवस्थाको नाम महत् हो। उसपछाडि तन्मात्र आदि काल र महाभूत आदिको उत्पत्ति हुन्छ। उही ज्ञान बाहिरतिर प्रवृत्त भएर पाँच इद्रिय हुनजान्छ, उही आतिवाहिक (सूक्ष्म) शरीर हुनजान्छ। केहीबेरसंम कल्पनाद्वारा पुष्ट भएर त्यो सूक्ष्म शरीर बालकको जस्तो स्थूल शरीर धारण गर्दछ। त्यस्तै ज्ञानबाट दिशा र कालको भेद उदय भएर उसैका आधारमा यसरी स्थिर रहन्छ जस्तो वायुमण्डलमा उसको स्पन्दन। जस्तो सपनामा स्त्रीसंग अनुभव भएपछि पनि असत् नै हुन्छ, उस्तै नै यो सब मृत्युको पछाडि उदय

भएको संसारको विस्तार असत् भएर पनि फैलिएको देखिन्छ। जीव जहाँ मर्छ उहीं नै उ यस प्रकारको सृष्टि अनुभव गर्न लाग्छ। उहीं उसलाई इन्द्रपुरी, पहाड, तारागण, बुढ्याइँ, कमजोरी, संकष्ट, रोग, मृत्यु, स्वभाव, अभाव, दिन, रात, कल्प, क्षण, सृष्टि, संहार आदिमय जगत्को अनुभव हुनजान्छ।

मृत्युमूर्छापछाडि जीव आफ्नो आफ्नो वासनाअनुसार क्रमैले अथवा विनाक्रम यस्तो स्थितिको अनुभव गर्न लाग्दछ कि— म मरें अब बन्धुद्वारा दिएका पिण्ड आदिबाट मेरो शरीर बन्यो। यम दूतले बाँधेर यमलोकतिर लगे, नाना प्रकारका यातना दिन लागिरहेका छन्। पुण्यात्मालाई आफ्ना शुभ कर्मद्वारा पाइएका असल असल स्वर्गको बगैंचा र विमान देखापर्छ। पापीलाई उनको खराप कर्मद्वारा प्राप्त भएका हिउँ, काँडा, खाडल, पात, वन इत्यादि देखा पर्छ। मध्यम श्रेणीका न पुण्यात्मा न पापी जीवलाई सुगम बाटामा हिंडिरहेको, जसमा शीतल छाया, ठण्डा पानी छ यस्तो अनुभव हुन्छ। त्यहाँपछि जीवलाई यमलोकमा यमराजका सामुन्ने खडागरेको, उहाँ उसको कर्मानुसार विचार गरेको, कर्मानुसार नै उसलाई फल मिलेको, शुभ-कर्मको कारण स्वर्गमा र अशुभकर्मको कारण नरकमा उ गएको, स्वर्ग अथवा नरकमा आफ्नो कर्मको फल भोगेको, फेरि अनेक योनिमा भोग गरिरहेको, फेरि जहाँ मरेको थियो उसै जगत्मा उत्पन्न भएको अनुभव हुन्छ।

प्रेत ६ प्रकारकारको हुन्छ— सामान्य पापी, मध्यम पापी, स्थूल पापी, सामान्य धर्मात्मा, मध्यम धर्मात्मा, उत्तम धर्मात्मा। कोही कोही महापापी प्रेत सालभरतक

मृत्युमूर्छा (अज्ञ अवस्था) को अनुभव गरेर आफ्नो भित्र पत्थर जस्तो जड अवस्था अनुभव गर्दछ। केही दिनपछाडि उस अवस्थाबाट जागेर उ आफ्ना वासनाबाट उत्पन्न भएका नरकको धेरैकालसम्म कठोर दुःखभोगी, फेरि नाना प्रकारका योनिमा दुःख भोग गरी संसाररूपी स्वप्नका भ्रममा कुनै बखतमा शान्ति पाउँछ। अथवा उ मृत्युमूर्छापछाडि नाना प्रकारका जड अवस्थाको दुःख वृक्ष आदि योनिमा अनुभव गरेर, आफ्नो वासनाअनुसार नरकमा दुःखभोग गरेर धेरै कालपछि पृथ्वीमण्डलमा अनेक योनिमा जन्म लिन्छ। मध्यम पापी जीव मृत्युमूर्छापछाडि केही बेर जडताको अनुभव गरेर पंक्षी आदि योनिको भोग गरी मनुष्यसंसारमा आउँछ। सामान्य पापी जीव मर्नासाथ आफ्नो वासना-अनुसार यसरी दोस्रा शरीरको अनुभव गर्न लाग्दछ, जस्तो स्वप्न र संकल्पभित्र गरिन्छ, उसको चेतना तुरुन्त नै उदय हुनजान्छ । उत्तम पुण्यात्मा मृत्युमूर्छाबाट ब्युँतेपछि आफ्नो विचारअनुसार स्वर्गमा विद्याधर आदिका योनिमा आफ्ना आफ्ना कर्मको सुखभोग गरी मनुष्यलोकमा सज्जन धनवान्का घरमा जन्म लिन्छ। मध्यम पुण्यात्मा मृत्यु-मूर्छापछाडि वायुद्वारा उडेर औषधि, फलफूल आदि योनिमा आफ्ना आफ्ना कर्मको यथायोग्य फल भोगी उनैबाट मानिसका शरीरमा पसी वीर्यद्वारा गर्भमा प्रवेश गर्छ।

परलोकबाट आएपछिको अवस्था

यसरी सब इन्द्रिय सुप्त अवस्थामा भएको जीव, मनुष्यभित्र वीर्यरूपमा आउँछ। त्यो वीर्य स्त्रीका योनिमा पसेर गर्भरूप धारण गर्छ। बेला पुगेपछि त्यो गर्भ आफ्नो पूर्वकर्मअनुसार

असल अथवा खराब बालक बनेर जन्मन्छ। तब त्यो बालक चन्द्रमा जस्तै बिस्तार बिस्तार बढी कामपूर्ण यौवनको अनुभव गर्दछ। त्यहाँपछि बुढ्याइँ, रोग, मृत्यु, मृत्युमूर्छाको अनुभव, त्यहाँपछि फेरि सपनातुल्य पिण्डादिद्वारा उत्पन्न शरीर, फेरि आफ्नो कर्मानुसार त्यो लोकमा जानु, फेरि नानाप्रकारका योनिमा जन्मनु इत्यादि अनुभव गर्दछ। जबतक जीवलाई जन्म-मरणका चक्करबाट मुक्ति मिल्दैन तबतक बारबार एक जन्मबाट दोस्रो जन्ममा जानाको अनुभव भइरहन्छ।

योगिको गति — जसले योगको केही भूमिका पार गरेको छ, उसको पाप त्यो भूमिकाअनुसार क्षीण हुनजान्छ। मरेपछि उ सुन्दर स्त्रीकासाथ विमानमा बसेर लोकपालका शहरमा रही, सुमेरु पर्वतका उपवन (बगैंचा) मा विहार गरी अनेक प्रकारका सुखभोग गर्दछ। भोगद्वारा पूर्वकर्म क्षीण भइसकेपछि उ यस संसारमा गुणयुक्त, धनवान्, पवित्र, आचारवान् योगीका घरमा जन्मलिन्छ। जन्मेपछि पूर्वजन्ममा जुन भूमिकासम्म पुगेको थियो त्यहींदेखि शुरू गरी माथि चढ्छ। जहाँसम्म अज्ञानी जीव आफ्नो शुद्ध आत्माको दर्शन पाउँदैन, त्यहाँसम्म यस संसारमा भुमरी जस्तै चक्कर लगाइरहन्छ। आत्माको दर्शन गरेपछि, सत्य ज्ञानमा आरूढ भएर परमपद प्राप्त गरेपछि जीव यस संसारमा फेरि जन्मँदैन। स्थूल शरीर नष्ट भएपछि उसलाई कुनै दोस्रो शरीरमा जानाको आवश्यकता रहँदैन।

जीव-मुक्तको गति — जसलाई जीवन्मुक्ति प्राप्त भएको छ, उ मरेपछि दोस्रो जन्म लिंदैन। जीवन्मुक्त मरेर विदेह-मुक्त हुन्छ। उसलाई फेरि दृश्यजगत्को अनुभव गर्नुपर्दैन। जीवन्मुक्तका मनको वासना

यत्तिको शुद्ध हुन जान्छ कि शुद्ध हुनाको कारण उ मरेपछि संसारमा यस्तो जन्म लिंदैन, जस्तो भुटेको बिउ उम्रँदैन। जस्तो हावाको गति रोकिन्छ उस्तै नै मृत्युद्वारा स्थूलशरीर नष्ट भएपछि जीवन्मुक्तको अवस्थावाट उ विदेहमुक्त अवस्थामा प्रवेश गर्छ। विदेहमुक्तलाई जन्ममरण नाश आदिको अनुभव हुँदैन। उ न सत् कहलाउँछ न असत्।

आत्मा जीवन-मरण रहित छ

चेतन पुरुष (आत्मा) न कहिले जन्मन्छ न मर्छ। भ्रमको कारण खालि सपना जस्तै यी सब कुराको अनुभव गर्दछ। पुरुष ता चेतना मात्र हो। उ कहिले कहाँ नष्ट हुन्छ? चेतन ता अतिरिक्त पुरुषमा अरू के छ? लाखौं शरीर नष्ट भइरहन्छ, परन्तु चेतन आत्मा ता अक्षय रहन्छ। कुन यस्तो जीव आजतक मरेको छ, जसको चेतना कुनै प्रकारले नष्ट भएको छ, वासनाका नानारूपमा वदलो हुनाको नाम नै जीवन र मरण हो। न कोही जीव मर्छ, न कोही उत्पन्न हुन्छ, खालि आफ्नो वासनाका भुमरीमा परेर लुटपुट भइरहन्छ।

आयु कमवेशी हुनाको कारण

मानिसका आयुको कम-वेशी हुनामा देश, काल, कर्म, द्रव्यहरू र उसले गरेका कर्मको शुद्धि र अशुद्धि कारण छ। आयुको घट्नु-वढ्नुसंम रहनु मानिसको धर्म र कर्मका उपर निर्भर छ, कर्मैले वालककालमा, यौवनमा, बुढेसकालमा मृत्यु हुन्छ। जो शास्त्रअनुसार धर्म-कर्म गर्छ, उसलाई शास्त्रमा बताएको आयु प्राप्त हुन्छ। मृत्युले कसैलाई बलपूर्वक मार्न सक्तैन जो मर्छ उ आफ्नै कर्मबाट मर्छ, कुनै दोस्रो

कारणबाट होइन ।

को मृत्युदेखि बाहिर छ?

जसका घाँटीमा वासनारूपी धागामा उनेको पापरूपी मोतीको माला छैन, जसलाई मानसिक रोगरूपी करौंतीले चिर्दैन, जसलाई आशा-रूपी फणा भएकी शरीररूपी वृक्षमा वसेकी सर्पिणीले डसेको छैन, जसलाई राग द्वेषरूपी विष भरिएको मनरूपी प्वालमा रहेको लोभ रूपी सर्पले डस्न सकेको छैन, जसलाई विवेकरूपी जल सुकाउने, शरीररूपी समुद्रलाई जलाउने क्रोधरूपी वडवानलले जलाउँदैन, जसलाई काम देवले कोलले तिललाई झैं पेल्दैन, जसको मन एक निर्मल परमपावन ब्रह्ममा रहेर शान्त भएको छ, जसको चञ्चल मनरूपी वानर शरीररूपी टुक्रामा हाम फाल्दैन उसलाई मृत्युले खान सक्तैन, चाहे उसले जत्तिकै खान खोजोस् अर्थात् उ पुरुष मृत्युको कब्जाबाट बाहिर हुन्छ ।

(१८) ब्रह्मा

ब्रह्माको स्वरूप

सृष्टिका आदिमा स्वप्नपुरुष जस्तै जो आदि प्रजापति (सृष्टि कर्ता ब्रह्मा) उत्पन्न भएथे उनी अहिले पनि रहेका छन्। उ आदि प्रजापति जस्तो जस्तो संकल्प गर्दछन् उस्तै उस्तै सृष्टि हुन्छ । यो सारा जगत् उनैको कल्पना हो। मन नै ब्रह्माको रूप धारण गर्छ। ब्रह्मा संकल्प गर्ने मन हो। मन नै आफैलाई फैलाएर यस संसारको रचना गर्छ। मन ब्रह्माको स्वरूप हो, ब्रह्मा मनको स्वरूप हो। मनको रूप धारण गरेर नै ब्रह्मा सृष्टि गर्दछ।

ब्रह्माको उत्पत्ति

जस्तो शान्त महासमुद्रबाट चञ्चल छाल निस्कन्छ उस्तै नै महान् परमात्माबाट मन उदय हुन्छ। जस्तो निर्मल र क्षोभरहित समुद्रमा स्पन्दन (हलचल) उत्पन्न हुनजान्छ उस्तै नै संसारको कारण जीव (ब्रह्मा) परमात्मा उदय हुनजान्छ। जस्तो शान्त समुद्रमा स्पन्द (हलचल) हुनाले उसको एक भागमा घनता आउँछ उस्तै नै स्पन्दरहित ब्रह्ममा स्पन्दन भएपछि उसको एक छेउमा घनता आउँछ। जस्तो समुद्रको जलभित्र स्पन्दन र शान्ति दुवै रहन्छन् उस्तै सर्वशक्ति ब्रह्ममा स्पन्दशक्ति प्रकट हुन्छिन्। जस्तो आकाशमा आफसे आफ वायुको गति आरम्भ हुन्छ उस्तै नै ब्रह्ममा आफ्नो शक्तिबाट नै चञ्चलता उत्पन्न हुनजान्छ। जस्तो बत्तीको स्थिर शिखा आफ्नो भित्री शक्तिद्वारा नै चञ्चलता धारण गर्छ उस्तै ब्रह्म आफै नै सृष्टि गर्न लाग्दछ। यसै गरी चितिको अनुभवयुक्त स्पन्दन जो जीव कारण र कर्म आदि नामवाला छ उही सृष्टिको बीज हो। जस्तो छिनभरमा शान्त समुद्रमा जलको स्पन्दन उदय हुनजान्छ उस्तै नै विना कुनै पूर्वकारणबाट चितिमा चेत्यतर्फ प्रवृत्ति उदय हुनजान्छ। ब्रह्मरूपी समुद्रमा चितिरूपी जलले चित्तरूपी लहर उठाउँदै स्पन्दनद्वारा जीवरूपी भुमरी उत्पन्न गर्दै, अनेक सृष्टिरूपी फोकालाई जन्म दिन्छ। जस्तो हावामा चल्नु, अग्निमा गरम पन, हिउँमा शीतलता स्वाभाविक छ उस्तै आत्मा (ब्रह्म) को जीव हुनु स्वाभाविक छ; चितिरूप आत्मतत्त्व (ब्रह्म) को आफ्नो स्वभावद्वारा चेतन हुनाको नाम जीव (ब्रह्मा) हो।

ब्रह्ममा स्पन्दन

देश काल आदिबाट अपरिमित आत्मतत्त्व आफ्नै शक्तिले खेलद्वारा देश र कालबाट परिमित रूप धारण गरिलिन्छ। जस्तो जलमा चंचल जल भएको भुमरी आफै उदय हुन्छ उस्तै उस परमात्मातत्त्वमा आफै सृष्टि गर्ने कलाको उदय हुनजान्छ। जब आत्मा (ब्रह्म) आफै नै आफ्नो संकल्पनात्मक शक्तिको प्रकाश यसरी गर्दछ कि जसरी वायु आफ्नो स्पन्दशक्तिलाई, त्यहाँपछि आकारको भावना गरेर उ विश्वको आत्मा संकल्प गर्ने भिन्न आकारवाला मन बन्नजान्छ। परमब्रह्म आफ्नो स्वभावद्वारा आफआफै यो भावना गरेर कि मेरो संकल्प विकल्प गर्ने शक्ति मदेखि भिन्न छ, आफ्नो एउटा अर्कै जस्तो रूप धारण गरिलिन्छ। यो यस्तै नै हुन्छ जस्तो कोही पुरुष आफ्नो भावनाद्वारा सूर्यको किरण सूर्यभन्दा अलग, सुनका गहना सुन देखि भिन्न, जलको तरंग जलदेखि अलग, आगाको ज्वाला आगोभन्दा भिन्न संझन लागोस्। चित्शक्ति चितिरूपी समुद्रमा केही क्षुभित भएर आत्मादेखि अतिरिक्त दोस्रो आकारलाई धारणा गर्छ।

सर्वशक्तिमान् महान् र अनन्त आत्मतत्त्व (ब्रह्म) का संकल्पशक्तिद्वारा रचेको रूपलाई ब्रह्मा (मन) भन्दछन्। ब्रह्म शक्तिभित्र विनाकुनै कारणले स्फुरण हुन्छ। स्वयम्भू (ब्रह्मा) विनाकारण अथवा आफ्नै मनबाट अथवा आफआफै प्रकट हुन्छ। सब वस्तुको कारण ब्रह्मा ब्रह्मका स्वभाव बाट नै उदय हुन्छ। उदय भएर सृष्टिमा कार्यकारणको नियम स्थपना गर्दछ। पूर्वकर्मको अभाववाटै आदिप्रजापति (ब्रह्मा) आफआफै विनाकुनै कारण उत्पन्न हुन्छ।

ब्रह्माको न ता पूर्वजन्मको कर्म छ, न अब उ कर्म गर्दछ हामी-लाई जो उसको प्राण आदिको क्रिया देखा पर्छ उसमा उसको कर्मबुद्धि छैन।

ब्रह्माको शरीर

जुन मनलाई ब्रह्म भन्छन् त्यो संकल्प मात्र छ, उ संकल्पका रहनेवाला जीव हो, उसमा कोही स्थूलतत्त्व पृथ्वी आदि छैन। जसरी चित्रकारीका मनभित्र रहेको मूर्ति स्थूलशरीरबाट रहित हुन्छ उस्तै नै ब्रह्मा पनि बिनाकुनै स्थूलताबाट शुद्ध चिदाकाश-रूपमा रहन्छ। ब्रह्माको शरीर खालि आतिवाहिक छ, आधि-भौतिक छैन। जुन प्राणीको उत्पत्ति कारणद्वारा हुन्छ यी सबको दुइ शरीर (एक सूक्ष्म दोस्रो स्थूल) हुन्छ, परन्तु ब्रह्माको, जसको उत्पत्ति कुनै कारणद्वारा हुन्न सूक्ष्म शरीर नै एउटा शरीर हुन्छ। सब प्राणीका परमकारण एउटा ब्रह्मा नै हुन्। उनको कोही कारण छैन, यसै कारण ब्रह्मा खालि एक शरीरवाला हुन्। आदि प्रजापति (ब्रह्मा) को भौतिक-शरीर हुन्न, उ ता शून्य स्वरूप सूक्ष्म शरीरवाला नै हुन्छन्। आदिप्रजापति केवल मानसिक शरीर भएका हुन्छन्, भौतिक शरीरवाला होइन। सूक्ष्मरूपमा रहेर पनि उनी प्रजा सृष्टि गर्छन्।

ब्रह्मा नै संसारको रचना गर्छ

यो जगत् ब्रह्माको आकार धारण गर्ने मन नामक जीव (ब्रह्मा) को मनोराज्य हो, परन्तु सत्य प्रतीत हुन्छ। अहंयुक्त ब्रह्मारूपी भावनाले संकल्पद्वारा सृष्टिको रचना गर्दछ। यो चिति आफ्नो भित्रै निमेषको पनि करोडौं हिस्सामा युगका अन्त्यसंमको अनुभव गर्दछे। मनको रूप धारण गरेर ब्रह्मले यस सृष्टिलाई यसरी सृष्टि गर्छ, जसरी

शुद्ध जलबाट बगेका जलको रचना हुन्छ । जस्तो वायुमण्डलमा हावा चल्न लाग्छ, उस्तै नै ब्रह्मको सबभन्दा अगाडिको स्पन्दन, ब्रह्मावाट उसवाट अनन्यस्वरूपवाला सृष्टि उदय हुन्छ। जो वस्तु जुन वस्तुबाट उदय हुन्छ, उ उस्तै हुन्छ। यसैले ब्रह्मावाट उत्पन्न भएको जगत् मन मात्र हो किनकि ब्रह्मा स्वयं मन मात्रै छ, उसमा स्थूलता अलिकति पनि छैन। सृष्टिका रूपबाट अनुभवमा आउने स्वप्न अपूर्व छ। महाकल्पका अन्त्यमा ब्रह्मादि सबैको मुक्ति हुनाले पूर्वकालको स्मृति पनि ब्रह्माको कारण हुन सक्तैन।

(१६) शक्ति

ब्रह्मका अनन्त-शक्ति

हे राम, सबैको ईश्वर (नियन्ता) ब्रह्म सब शक्तिले सम्पन्न छ। उ जुन शक्तिलाई जहाँ पनि प्रकट गर्न सक्तछ। आत्मा सर्वशक्तिमान् छ, उ जुन शक्तिलाई जहाँ भावना गर्छ उहीं उसलाई आफ्नो संकल्पद्वारा प्रकट भएको देख्छ। कोही वस्तु संसारमा यस्तो छैन, जो उ सर्वत्र व्यापक ब्रह्ममा शक्तिरूपले मौजूद नहोस्। शान्तआत्मा ब्रह्ममा ज्ञानशक्ति, क्रियाशक्ति, कर्तृताशक्ति, अकर्तृताशक्ति आदि अनन्तशक्ति वर्तमान छन्। ब्रह्मको चेतनशक्ति प्राणीमा देखिन्छ, स्पन्दशक्ति (क्रियाशक्ति) हावामा, जडशक्ति पत्थरमा, द्रव (बग्ने) शक्ति जलमा, चंकनेशक्ति अग्निमा, शून्यशक्ति आकाशमा, भव (हुने) शक्ति संसारका स्थितिमा, सबै धारण गर्ने शक्ति दिशामा, नष्टशक्ति नाशमा, शोकशक्ति दुःखीमा, आनन्दशक्ति प्रसन्न चित्तवालामा, वीर्यशक्ति योद्धामा, सृष्टि गर्ने शक्ति सृष्टिमा देखिन्छ । कल्पका अन्त्यमा सब शक्तिहरू ब्रह्ममा स्वयं

रहन्छन् । जस्तो शरीरधारी मानिसका इच्छाले कल्पना-नगरलाई रचना गर्छ: उस्तै नै स्पन्दशक्तिरूपी भगवान्का इच्छाले यस दृश्य जगत्को रचना गर्छ। परमेश्वर शिवकी यी स्वाभाविक स्पन्दनशक्तिलाई प्रकृति भन्छन् । उनै जगन्माया (जगत् रचना गर्ने माया) का नामले प्रसिद्ध छन् । दृश्यमान् पदार्थको कारण हुनाले उनलाई क्रिया पनि भन्छन् ।

प्रकृति

जब शुद्ध संवित्मा जडशक्तिको उदय हुनजान्छ तब संसारको विचित्रता उत्पन्न हुन्छ । ब्रह्मानन्दरूप आत्मा नै भावको दृढताबाट मिथ्यारूपमा यसरी प्रकट भइरहेको छ कि जस्तो रेशमको कीरा आफै आफ्नो राललाई दृढ गरेर जालो बनाउँदछ । जस्तो चेतन माकुरोबाट जड जालोको उत्पत्ति हुन्छ, उस्तै नित्य र चेतन ब्रह्मबाट प्रकृतिको उत्पत्ति हुन्छ । प्रकृति तीन प्रकारकी छन्— सूक्ष्म, मध्यम, स्थूल । यी तीन अवस्थामा प्रकृति रहन्छिन, यसैले तीन प्रकारकी प्रकृति हुन्छिन् । प्रकृतिको तीन भेद छ— तम, रज, सत्त्व । यी त्रिगुणात्मक प्रकृतिलाई अविद्या पनि भन्दछन् । यस अविद्याबाट नै प्राणीको उत्पत्ति हुन्छ । यस-देखि परतिर परमब्रह्म छ । सारा दृश्यपदार्थ यस अविद्याको आश्रयमा छ, अर्थात् अविद्या नै सब दृश्यपदार्थको उपादान कारण हुन् ।

शक्तिको ब्रह्मका साथ सम्बन्ध

जस्तो हावा र उसको चल्ने क्रिया, आगो र उसको गर्मी एकै छ उस्तै चिति र स्पन्दशक्ति एउटै छ । मनोमयी स्पन्दशक्ति ब्रह्मबाट अलग छैन । जब चितिशक्ति, क्रियाशक्ति क्रियाबाट निवृत्त भएर आफ्नो स्थानतर्फ आत्मामा फर्कन्छिन्

औ उहीं शान्तभावले रहन्छिन् तब उस अवस्थालाई शिव (शान्त ब्रह्म) भन्दछन् । क्रिशा देवी चिच्छक्तिरूपी महान् आकार भएकी स्पन्दशक्तिको आफ्नो असली रूपमा रहनाको नाम शिव हो। जस्तो सुवर्ण कुनै आकारविना रहन सक्तैन उस्तै नै परमब्रह्म पनि चैतन्यविना जो उसको स्वभावै हो रहन सक्तैन । प्रकृतिदेखि पर नदेखिने पुरुष छ जो सधैं शरत्ऋतुको आकाश जस्तै स्वच्छ छ, शान्त छ, शिवरूप छ। भ्रमरूप भएकी प्रकृति जो कि परमेश्वरका इच्छारूपी स्पन्दात्मक-शक्ति छन्, त्यहींसम्म संसारमा घुमिरहन्छिन् जहाँसम्म ती नित्यतृप्त, अविकार, शिवको दर्शन गर्दिनन् । संवित् मात्र सत्ताका साथ उनको तादात्म्य हुनाको कारण प्रकृति जब कोही बखतमा दैवयोगबाट पुरुषलाई छुन्छिन् तब उनी आफ्नो प्रकृतिपनालाई छोडेर उसका साथ तन्मय हुन-जान्छिन् । जस्तो नदी समुद्रमा मिलेपछि आफ्नो रूप छोडेर समुद्रै बन्न जान्छिन् उस्तै नै प्रकृति पुरुषलाई प्राप्त गरेर पुरुषरूप हुन जान्छिन् ।

(१७) परब्रह्म

परब्रह्म

हे राम, परब्रह्म सर्वशक्तिसम्पन्न छ, उसमा सब वस्तुहरू छन् । उ सधैं सब प्रकारबाट सबै छ, सबका साथ सबमा र सब जगह छ । उ त्यो परम-तत्त्व हो जसमा सब कुरो छ, जो सबतिर छ । जसमा सब प्राणी प्रकट हुन्छन्, जसमा रहन्छन्, जसमा सब लीन हुन्छन् उस सत्य रूप तत्त्वलाई जसमा ज्ञाता ज्ञान ज्ञेयको, दर्शन

दृश्यको, कर्ता हेतु क्रियाको उदय हुन्छ उ ज्ञानस्वरूप तत्त्व-लाई नमस्कार छ। जसबाट पृथ्वी र स्वर्गमा आनन्दको वर्षा हुन्छ, जसबाट सबैको जीवन छ उ परमानन्दस्वरूप तत्त्वलाई नमस्कार छ।

ब्रह्मको अवर्णनीयता

ब्रह्म खालि उसलाई जान्नेका अनुभवमा नै आउन सक्छ, उसको वर्णन हुन सक्तैन। उ अवाच्य छ, शब्दबाट उसको वर्णन हुन सक्तैन, अनभिव्यक्त छ, उसलाई प्रकट गर्न सकिन्न। इन्द्रिय देखि परतिर छ। उसको कुनै नाम राख्न सकिन्न उसको कोही चिन्ह छैन, उ प्रत्यक्षादि प्रमाणद्वारा जान्न सकिन्न। ब्रह्मको ज्ञान केवल आफ्नो अनुभवद्वारा हुन्छ, वादविवादबाट कसैले जान्न सक्तैन।

ब्रह्म न यो हो न उ हो

ब्रह्म न चेतन हो न जड, न सत् हो न असत्, न अहं (म) हो न त्वम् (तँ), न एक हो न अनेक, न उ नजीक छ न टाढा, न प्राप्त छ न अप्राप्त, न उ सबकुछ हो न उ सब वस्तुमा रहनेवाला हो, न उ कोही विशेष पदार्थ हो न अपदार्थ, न उ पञ्चभूत हो न पञ्चभूतको आत्मा हो।

ब्रह्म एक र अनेक ह्वैन

दोस्रो मौजूद भएमा कसैलाई एउटा भन्छन्, एक रहेमा मात्र दोस्रो भनिन्छ। दुइटै चितिका रूप हुन् ओ दुइटै चिति हुनाको कारण दुइटाको दुइ हुनु असत् हो। एक नभई दोस्रो हुन्न, दोस्रो नभई एक हुंदैन। एकको अभावबाट एकता र द्वितीयता दुवैको अभाव हुनजान्छ जस्तो हाँसको फुलभित्र रस रूपबाट

शिव, कालवादीको काल, आत्मज्ञानीको आत्मा, अनात्मवादीको नैरात्म्य, सर्वदृष्टिवालाको सर्व हो।

ब्रह्मको वर्णन

आकाशका परमाणुको हजारौं भागको एक टुक्राभित्र पनि जो शुद्ध चिन्मात्र सत्ता वर्तमान छ उही परमार्थ संवित् हो। न उ देखिन्छ, न उसको वर्णन हुनसक्छ, न त्यो नजीचमा छ, न टाढा। शुद्धात्माको चितरूप खाली अनुभव मात्र गर्न सकिन्छ। त्यो सबै हो, अन्तर्यामी सबको आत्मा हो। उ सबदेखि रहित पनि छ। उ शून्य र सत् असत् दुवै हो। उ न वायु हो, न आकाश, न बुद्धि आदि हो, न शून्य हो, उ केही होइन तापनि सबको आत्मा हो। न उ काल हो, न उ मन हो, न उ आत्मा हो, न सत्ता हो, न असत्ता, न देश, न दिशा, न कोही यिनको बीचको पदार्थ, न अन्त्यको, न उ ज्ञान हो, न अज्ञान। उ संवेद्यरहित संवित् हो, चेत्यरहित चित् हो। उ संसारको परमकाष्ठा हो, उ सब दृष्टिमा सर्वोत्तम दृष्टि हो। उ सब महिमाको महिमा हो, सब गुरुको गुरु हो। उ सब प्राणीरूपी मोतीको धागो हो जो उनका हृदयरूपी छेदमा उनिएको छ। उ सब प्राणीरूपी खुर्सानीको पीरो हो। उ पदार्थको पदार्थत्व हो, उ सर्वोत्तम तत्व हो। उ वर्तमान वस्तुको सत्ता हो औ स्वयं सत्ता र असत्ता दुवै हो। उ सब जगह सब वस्तुले युक्त छ, सर्वभाववाट मुक्त छ। सबतिर उसको हात पैर छ, सबतिर उसको शिर र मुख छ, सबतिर उसको कान छ, उ संसारका सब वस्तुलाई घेरेर रहेको छ। उ इन्द्रियद्वारा जानिने सब गुणवाट रहित छ, युक्त पनि छ। सबलाई भरण गर्ने भएर पनि उ असक्त छ। सब गुण भोग्ने भएर

पनि उ निर्गुण छ। उ सब प्राणीका भित्र बाहिर छ। चर अचर दुवै हो। अतिसूक्ष्म हुनाले अविज्ञेय छ। उ टाढा पनि छ नगीच पनि। उ सूक्ष्मभन्दा पनि सूक्ष्म, स्थूलभन्दा पनि स्थूल, भारीभन्दा भारी, असलभन्दा असल छ। उ यत्तिको ठूलो छ कि उसका अगाडि सारा जगत् पनि परमाणुसमान देखा पर्छ। उ यत्तिको सूक्ष्म छ कि उसको अगाडि सूक्ष्म आकाशतत्त्व पनि महामेरु जत्रै ठूलो मालुम हुन्छ। उ आत्मा हो, विज्ञान हो, शून्य हो, परम ब्रह्म हो, श्रेय हो, शिव हो, विद्या हो, उही परम स्थिति हो। उ सबको अनुभवरूप अन्तरात्मा हो। सबैं शरीरमा उ चिन्मात्ररूपले रहेको छ। उ जगत्रूपी तिलको तेल हो, जगत् रूपी घरको बत्ती हो, जगत्रूपी वृक्षको रस हो। उ जगत्मा रहेर पनि अत्यन्त टाढा छ, उ यस्तो प्रकाश हो जसबाट सूर्यको प्रकाश उदय हुन्छ। उसबाट विष्णु आदि देवता यसरी उत्पन्न हुनजान्छन् जसरी सूर्यबाट उसका किरण, उसबाट अनन्त जगत् यसरी उत्पन्न हुन्छ जसरी समुद्रबाट पानीका फोका। उसतिर तमाम दृश्य पदार्थ यसरी गइरहेका छन् कि जसरी समुद्रतिर नदीहरू, उ सब पदार्थ र आत्मालाई बत्तीले झैं प्रकाश गर्छ। उ आकाशमा, शरीरमा, पत्थरमा, लतामा, रूखमा, पहाडमा, हावामा, पातालमा सर्वत्र छ। उसले आकाशलाई शून्य बनायो, पहाडलाई सारो बनायो, पानीलाई बग्ने तुल्यायो। जस्तो बादलबाट वर्षाको बूँद खस्छ उस्तै नै अक्षय, पूर्ण उस अमृतबाट नाना प्रकारका असार संसारका दृश्य उदय हुन्छ। जस्तो मरुभूमिमा मृगतृष्णाको नदी देखा पर्छ उस्तै नै उसमा पनि त्रिभुवनरूपी लहरको उदय र अस्त हुन्छ। उ सब प्राणीको भित्र रहेर उनीहरूको

संहार गर्ने काल हो। उ हरेक शरीररूपी पेटारामा चिति-रूपी मणिकारूपमा मौजूद छ। उसबाट नाना प्रकारको जगत् यसरी उदय भइरहन्छ कि जसरी चन्द्रमाबाट उसको किरण। परमात्माको उ महान् ज्ञानात्मक रूप हो जसमा संसारको अत्यन्त अभाव रहन्छ, यद्यपि देखता उ मौजूद छ। परमात्माको उ शून्य (सूक्ष्म) रूप हो जसमा वर्तमान भएर पनि संसार अस्त रहन्छ। परमात्माको यस्तो रूप हो कि उ महाज्ञानरूप भएर पनि पत्थर झैं जड प्रतीत हुन्छ। उ चेत्य-रहित चिन्मात्र हो। उ अनन्त, अजर, आदि,मध्य, अन्त्यरहित निरामय शिव हो। सधैं र सर्वत्र उ विना कानले सुन्दछ, विना आँखाले देख्छ, विना जिभ्राले स्वाद लिन्छ, विना छालाले छुन्छ, विना नाकले सुङ्छ। उसको अरू कुनै कारण छैन, जगत् उसको यस्तो कार्य छ जस्तो कि तरंगले जलको। जस्तो राँको घुमाउनाले उसमा चक्र देखापर्छ, उसलाई स्थिर गर्नाले चक्र गायब हुन्छ उस्तै नै जब ब्रह्ममा स्पन्दन हुन्छ तब संसारको शोभा उदय हुन्छ,जब शान्त हुन्छ तब जगत्को दृश्य गायब हुनजान्छ। उसको यो व्यापक महान् अक्षय शुद्ध स्वभाव छ कि जब उसमा स्पन्दन हुन्छ तब जगत्को सृष्टि हुनजान्छ,जब स्पन्दन शान्त हुन्छ तब जगत्को प्रलय हुन-जान्छ।जस्तो हावाको सत्ता सर्वत्र या शान्तरूपमा छ या चलेका रूपमा,उसै गरी ब्रह्म आफ्नो शान्त र स्पन्दनयुक्त रूपले सर्वत्र वर्तमान छ,यी दुइ सत्तामा व्यवहारको कारण नै नाम मात्रको भेद छ, वास्तविक भेद छैन। उ स्पन्दनरहित भएपछि शान्त शिव हुन्छ, स्पन्दनयुक्त भएमा तीनै जगत् स्पन्दनयुक्त र स्पन्दनरहित दुवै स्थितिमा उ एउटै पदार्थ छ। उस तत्वको सत्स्वरूप तबै अनुभवमा आउँछ जब मनले आफ्नो वृति

क्षीण गरेर आफूलाई नष्ट गर्छ। उस तत्वको रूप उ हो जसमा दृश्य जगत्को अभाव छ औ दृश्यको अभाव हुनाले द्रष्टाको पनि अभाव जस्तै हुनजान्छ, खालि प्रकाश मात्र अनुभव रहन्छ। जीवस्वभाव भएको चितिको चेत्यतर्फ प्रवृत्ति नभएपछि जो शान्त मलरहित र चिन्मात्र स्थिति हुन्छ उही परमात्माको स्वरूप हो। स्वप्नरहित,अजड,अनन्त, गाढ निद्रा भएको मनमा अवस्थाको जो रूप छ उही शेष रहन्छ। ज्ञानको, प्रकाशको, दृश्यको, तमको जो अनादि र अनन्त वेदन (प्रकाश, ज्ञान) रूप भाव छ उही परमात्माको रूप हो। जो जड र चेतन सब पदार्थमा वर्तमान छ जो मन, कल्पना, इन्द्रिय देखि पर छ उही महाचितिको रूप सबको अन्त भएपछि रहन्छ। निमेष मात्रमा एक प्रदेशबाट अर्को प्रदेशमा पुग्ने जो संवित् छ उसमा जो सत्ता छ उसलाई चिदाकाश भन्छन्। चिदाकाश पुरुषको उस स्वाभाविक अवस्थालाई भन्छन् जसमा निद्रा पनि नहोस्, मनको सामुन्ने कोही विषय पनि नहोओस्। पुरुषको त्यो शरत्‌ऋतुको आकाश जस्तै साफ निर्मल भावलाई चिदाकाश भन्छन् जो मृत्यु देखि र दृश्य, दर्शन, चिन्तनदेखि पर छ। चिदाकाश त्यो विकाररहित तत्व हो जसबाट र जसमा द्रष्टा, दर्शन, दृश्य तीनको उदय र अस्त हुन्छ जसमा सब पदार्थको अनुभव उदय भएर बदली भइरहन्छ, जो केही नभईकन पनि सबै हो, जो यो उ नभए पनि सबै हो, परब्रह्म उ तत्व हो जो संवेदन (चिन्तन) रहित, कल्पनाबाट मुक्त, शान्त, सच्चित्, प्रकाशमय आत्मा छ। जो बाठो भएर पनि लाटो छ, मनन गर्दै छ तापनि पत्थरसमान जड छ, भोक्ता भएर पनि नित्य तृप्त छ, कर्ता भएर पनि केही गर्दैन। जो अंगहीन भएर पनि सब अंगवाला छ, हजारौं हात र

आँखा भएको छ, जो कुनै वस्तुमा नरहीकन पनि सारा जगत्मा व्याप्त छ, जसमा कुनै इन्द्रिय नभईकन पनि सब इन्द्रियको क्रिया भइरहन्छ। जस्तो बत्ती मौजूद भएमा सब व्यवहार भइरहन्छ उस्तै नै उ प्रकाशमान र विस्तृत साक्षी रहिरहेमा चित्तका इच्छाहरू भइरहन्छन्। जस्तो समुद्रबाट तरंग, भुमरी, लहर उदय हुन्छ उस्तै उसबाट घटपट आदि आकारवाला अनेक पदार्थ उत्पन्न भइरहन्छन्। जस्तो वाला, वाजु आदि अनेक गहनाको रूपमा सुवर्ण प्रकट हुन्छ उस्तै नै उ पनि हजारौं पदार्थका झुट्टा आकारमा अर्कै जस्तो भएर प्रकट भइरहेको छ। उसबाट नै कालको गति छ, दृश्यको दृश्यता छ, मनको क्रिया छ, उसैको प्रकाशले यो जगत् प्रकाशित भइरहेको छ। क्रिया, शब्द, स्पर्श, रूप, रस, गन्ध, चेतनता आदिलाई जसको र जसद्वारा ज्ञान हुन्छ उही परमेश्वर हो। उ परमाणुदेखि पनि पर छ, सूक्ष्मभन्दा पनि सूक्ष्म छ, आकाशको भित्री भागभन्दा पनि शुद्ध, सूक्ष्म, शान्त छ। उसका प्रकाशको न आदि छ, न अन्त्य, उसलाई प्रकाश गर्ने अरू दोस्रो पदार्थ छैन। परमात्माको स्वरूप त्यो हो कि जो आकाशको, पत्थरको, वायुको भित्र मौजूद छ, जो अचेत्य (विषय नभएको) चिदाकाश छ। उसको तव अनुभव हुन्छ जब जीवको स्वभावपूर्वक अचेत्य र मनरहित परम शान्त सत्तामा स्थिति हुन्छ। परम तत्व उ शान्त र निष्क्रिय बोध हो जसमा मन बुद्धिको क्रिया नहोस् उ जडवत् शान्त होस्। चितिको प्रकाशभित्र, आकाशको प्रकाशभित्र र सब वस्तुका ज्ञानभित्र पनि जो प्रकाश छ उही ब्रह्मको रूप संझ। जो निर्लेप चित् समस्त पदार्थ, पहाड आदिका भित्र र वाहिर सधैं समान रूपले स्थित

छ उही मेरो आत्मा हो। जो चित् आत्मा जाग्रत्, स्वप्न सुषुप्ति, तुरीय, तुर्यातीत अवस्थामा सधैं सब ठाउँमा र समस्त रूपले स्थित छ उसैको म उपासना गर्दछु। उ परमचिति परमाकाश, नगर, नाट्यघर, भूमि आदि सब स्थानमा संसारलाई आफ्नो शक्तिद्वारा घेरिएको देख्तै साक्षीरूपले रहेको छ। उ प्रत्यक्ष आदि प्रमाणबाट पर हुनाले अवर्णनीय छ। खालि यत्तिकै भन्न सकिन्छ कि उ कोही बहुतै उत्तम, सूक्ष्म, सर्वात्मक, शुद्ध अनुभव मात्र तत्व हो। जो सबकुछ हो, उ न सत् हो न असत्, न दुवैको बीच। उ केही छैन तापनि सबै हो, उ मन वचनमा आउने कुनै पनि होइन, उ शून्यभन्दा शून्य र सुखभन्दा पनि अधिक सुखरूप छ।

(१८) ब्रह्मको विकास

जगत् ब्रह्मको बृंहण मात्र हो

ब्रह्मको बृंहा (वर्द्धन शक्ति) नै जगत् हो। अनादि र अनन्त ब्रह्म नै समुद्र जस्तै बढि-रहेको छ। जस्तो तरंग लहरका रूपमा समुद्र प्रकट हुन्छ उस्तै नै समस्त वस्तुका रूपमा आत्मा नै प्रकट भइरहेको छ। जगत्मा जोकुछ देखापर्छ उ स्वच्छ चिदाकाश नै चंकेको हो, अरू केही होइन। यो संसार के हो? अनादि अनन्त आत्माकाश नै चंकेको हो। जो देखिन्छ त्यो सब परम सत् आफैंमा रहेको छ, पूर्ण र सत्परब्रह्म आफैं नै फैलिरहेको छ। ब्रह्म नै ब्रह्ममा उत्पन्न हुन्छ, नष्ट हुन्छ, रहन्छ, ब्रह्म नै ब्रह्मद्वारा बढ्छ। शून्य शून्यमा फुलिरहेको छ, ब्रह्म ब्रह्ममा फैलिरहेको छ।

सत्य सत्यमा विस्तृत भइरहेको छ, पूर्ण पूर्णमा रहेको छ। ब्रह्म ब्रह्ममा नै आफ्नो बर्द्धनशक्तिद्वारा बढिरहेको छ, ब्रह्म नै ब्रह्ममा प्रकाशित भइरहेको छ, म अरू कुनै दोस्रो पदार्थ होइन । जो देखिन्छ त्यो सब अज्ञान हो, संवित् (ज्ञान) को आभास मात्र हो, जस्तो जो जगत् स्वप्न देखिन्छ उ संवित्को नै प्रकाश हो अरू केही होइन। जस्तो स्वप्न संवित्‌भित्र नगर आदि देखिन्छ उस्तै जो वस्तु हामी जगत्का आकारमा देख्छौं त्यो सबै आत्मा नै आत्माभित्र देखिइरहेको छ। जस्तो चन्द्रकान्तमणिको चमक चारौंतर्फ फैलिन्छ उस्तै नै जो यहाँ देखिएको छ त्यो सब आत्माको नै विकाररहित प्रकाश हो। न यहाँ केही कुरो उत्पन्न हुन्छ न नष्ट हुन्छ, खालि ब्रह्म नै गन्धर्वनगर (भ्रमजगत्) जस्तै जगत्‌रूपले देखापर्छ । चिदात्मारूपी समुद्र नै, जसका संवित्को विस्तार अपार अनन्त छ, जगत्‌रूपी पानीका लहरको रूपमा प्रकट भइरहेको छ। चिन्मय ब्रह्म नै सृष्टिरूपले प्रकट भएको छ, दोस्रो अरू होइन, जस्तो बीज नै वृक्षको आकार धारण गर्छ। सब वस्तुभित्र निर्मल, शुद्ध, चिन्मात्र ब्रह्म नै वर्तमान छ, उ सर्वशक्तिमान् हुनाले आफ्नो जुन कलालाई पनि अनुभव गर्न लाग्छ । उ क्रमैले सूक्ष्म र स्थूलरूपमा विकास हुन्छ, उसको अनुभव पनि गर्दछ। जस्तो स्वप्न र सुषुप्ति अवस्थामा निद्राव्यतिरिक्त अरू केही पनि छैन उस्तै नै सृष्टि र प्रलय दुवैमा ब्रह्मको अक्षय चितिव्यतिरिक्त अरू केही छैन। जस्तो स्वप्नमा स्वप्न-ज्ञानअतिरिक्त अरू कुनै वस्तु छैन उस्तै निराकार परमात्मा नै जगत्का नाना आकारमा रहेको छ । जसको पानीको थुँद, छिर्का, छाल, तरंग, फींज, भुमरी आदि जलमा

जलै हो उस्तै नै शरीर, इच्छा, दृश्य जगत्, सृष्टि, प्रलय, भावको उत्पत्ति, विषय आदि जो जगत्मा छ त्यो सब ब्रह्ममा ब्रह्मै हो। पाताल, पृथ्वी, स्वर्ग, तृण, प्राणी, आकाशमा जो देखिन्छ त्यो सब चिद्रूप ब्रह्मै हो, अरू होइन।

तीनै जगत् ब्रह्मको भित्र छ

जस्तो जरा, हाँगा, पात, फल, फूलवाला वृक्ष आफ्नो बीजभित्र मौजूद रहन्छ उस्तै यो जगत् ब्रह्ममा मौजूद छ। जस्तो सूर्यकान्तमणिभित्र आगो र दूधभित्र घिउ रहन्छ उस्तै नै यो सारा जगत् उस ब्रह्ममा रहन्छ जसमा देश र कालका क्रमको उदय हुन्छ। जस्तो आकाशमा सूर्यबाट प्रकाश र आगोबाट झिल्का निस्कन्छ उस्तै संसारका सबै दृश्य वस्तु ब्रह्मबाट उदय हुन्छ। जस्तो फलफूलवाला वरको वृक्ष बीजभित्र रहन्छ उस्तै तीनै जगत् चितिको भित्र रहन्छ। जस्तो वायुको चल्नु उस्तै ब्रह्मको सृष्टिक्रम हो। उ सत्यमा असत्य र असत्यमा सत्य जस्तै देखिइरहेको छ। सूर्यको प्रभा सूर्यदेखि भिन्न नभएर पनि भिन्नै जस्तै उत्पन्न हुन्छ उस्तै नै यो जगतलक्ष्मी ब्रह्ममा सत्य र असत्य रूपले रहेकी छ।

ब्रह्म जगत्का रूपमा प्रकट हुन्छ

एउटा सत्य ब्रह्म अनेक प्रकारका जगत्का रूपमा प्रकट भइरहेको छ। एक सबका आकारमा, शुद्ध अशुद्धरूपमा, अशून्य शून्य रूपमा, प्रकाशित अप्रकाशित रूपमा, अविकार विकारवान्का रूपमा, अप्रकट प्रकटका रूपमा, शम र शान्त अशान्तका रूपमा, दृश्य सत् असत्का रूपमा अदृश्यरूपमा, अचेत्य चेत्यरूपमा, अंशरहित अंशयुक्तरूपमा,

अहंभाव अनहंभावरूपमा, कलंक अकलंकरूपमा, वेद्य निर्वेद्यरूपमा, प्रकाश तमका रूपमा, नयाँ पुरानो रूपमा, परमाणुभन्दा पनि सूक्ष्म आकारमा, एकलो र अनेक आकारमा प्रकट भएको छ।

ब्रह्ममा अनेक सृष्टि गर्ने शक्ति

उस चिति तत्त्वमा बहुरूपता यसरी मौजूद रहन्छ कि जस्तो मुजूरको फुलभित्र उसका पुच्छरको नाना रंग। जस्तो आफ्नो स्वरूप नछोडीकन स्वप्नज्ञान नाना प्रकारका स्वप्नमा प्रकट भइरहन्छ उस्तै नै आफ्नो स्वरूप नछोडीकन एउटा चिदाकाश अनेक प्रकारका जगत्का रूपमा देखा-पर्छ। ब्रह्ममा सृष्टि यसरी रहन्छ जस्तो जलमा तरंग आदि वृक्षमा पुतली, माटामा घडा आदि। परम चित्‌लाई उसमा रहेका सृष्टिले यसरी छुन सक्तैनन् जसरी आकाशलाई उसमा रहेको बादल भिजाउन सक्तैन। जगत्‌रूपी महास्वप्नमा एउटा स्वप्नबाट अर्को स्वप्नमा प्रवेश गर्दै पनि शान्त ब्रह्म आफ्नो स्वरूपलाई छोड्दैन। जस्तो जलमा लहरको उत्थान र पतनबाट केही परिवर्तन हुँदैन उसै गरी सृष्टि र प्रलय हुनुबाट ब्रह्मको आफ्नो रूप बदलिंदैन। ब्रह्म जस्ताको तस्तै रहन्छ।

सत्ता मात्रबाट नै ब्रह्मको कर्तृत्व

परमात्मा सर्वकर्ता भएर पनि केही गर्दैन। जस्तो प्रकाश निकाल्नामा बत्ती उदासीन जस्तै रहन्छ उस्तै नै सृष्टि गर्नामा ब्रह्म उदासीनरूपले रहन्छ। जस्तो सूर्य दिनका कामको कारण छ उस्तै नै ब्रह्म केही नगरेर पनि सब कुरो गर्छ। जुन कुरो देखिरहेको छ त्यो ब्रह्मको

स्वभावबाट उत्पन्न भइरहेको छ। तिमी उसलाई यस्तो जान जस्तो संकल्पको पुरुष, स्वप्नका प्रजा, दुइ चन्द्रमाको भ्रम। जस्तो सूर्यको केही इच्छा नभईकन पनि आकाशमा उनी मौजूद रहनाले नै सारा काम भइरहन्छ उस्तै नै परमात्मामा मौजूद रहनाले नै सारा जगत्को व्यवहार भइरहन्छ। परमात्मा कर्तृत्व र अकर्तृत्व दुवै छ। कुनै इच्छा नहुनाले उ अकर्ता छ औ उ भएपछि मात्र सृष्टि हुने हुनाले उ कर्ता पनि छ। उ सब इन्द्रियभन्दा पर हुनाले कर्ता भोक्ता छैन परन्तु सब इन्द्रियभित्र रहनाले कर्ता र भोक्ता छ। अमर, सर्वव्यापक, परमात्मा यसरी जगत्को कर्ता हो जस्तो आकाश घटाकाशको, चुम्बक फलामको कर्ता छ। चुम्बक मौजूद हुनासाथ फलाम चल्न लाग्छ, उस्तै नै ब्रह्म अकर्ता भएर पनि जगत्को कर्ता हुन जान्छ।

(१९) अद्वैत

सब ब्रह्मदेखि अभिन्न छ

हे राम, जस्तो चिदात्मा र जीवमा द्वैत छैन उस्तै जीव र चित्तमा द्वैत छैन। जस्तो जीव र चित्तमा भेद छैन उस्तै शरीर र कर्ममा भेद छैन। कर्म नै देह हो, देह नै चित्त हो, चित्त नै अहंकार र जीव हो, जीव नै ईश्वर हो, उही आत्मा हो, उही सब कुरो हो, उही एक परमपद शिव हो।

प्रकृतिको आत्माका साथ सम्बन्ध

आत्मादेखि प्रकृति यस्तो भिन्न छैन जस्तो माटोदेखि घडा भिन्न छैन। जस्तो घडा माटै हो उस्तै प्रकृति पनि आत्मा नै हो। आत्माको स्पन्दनलाई नै प्रकृति भन्छन् जस्तो जलको स्पन्दन भुमरी। जस्तो हावा

र उसको स्पन्दन अलग सत्ता होईन, खालि नाम मात्रको भेद हो उस्तै आत्मा र प्रकृति दुइ वस्तु होइन, नाम मात्रको उनमा भेद छ। अज्ञानले नै यी दुईमा भेद देखापर्छ, ज्ञानबाट भेद नष्ट हुनजान्छ। जस्तो सयकडौं घडामा एउटै माटो अभिन्न सत्ताले रहन्छ उस्तै नै प्रकृति, अविद्या, तुर्या, ब्रह्म, आत्मा सब वास्तवमा एकै हुन्। म ब्रह्म हुँ, तँ ब्रह्म होस्, तीनै जगत् ब्रह्म हो, सारा दृश्य वस्तु ब्रह्म हो, दोस्रो केही छैन, जे इच्छा छ गर। यो अविद्या हो, यो जीव हो यस प्रकारको विचारधारा अज्ञानीलाई संझाउनाका लागि बुद्धिमान्ले बनाइराखेको हो, वास्तवमा सत्य छैन।

मनको ब्रह्मका साथ तादात्म्य

प्रतियोगी (एउटा दोस्राको विरुद्ध) शब्द-द्वारा वर्णन गरिन योग्य संख्या र रूपवाला जो मन छ उ सब ब्रह्मदेखि उत्पन्न भएको छ, अतएव उसलाई ब्रह्म संझ। मन ब्रह्मको शक्ति हो, यसैले उ ब्रह्म नै हो। उसको मनोमयी स्पन्दनशक्तिलाई उसदेखि अनन्य संझ।

जगत्को ब्रह्मका साथ तादात्म्य

जस्तो बाला शब्दको अर्थ सुनदेखि भिन्न छैन, जस्तो सुन बालादेखि पृथक् वस्तु होइन उस्तै जगत् शब्दबाट कोही परब्रह्मदेखि अन्य वस्तु संझनु हुँदैन। सुनदेखि भिन्न बाला, जलदेखि भिन्न तरंगको अस्तित्व हुन सक्तैन। जस्तो जलदेखि पृथक् उसको लहर रहन सक्तैन उस्तै सृष्टि पनि आत्मादेखि भिन्न रहन सक्तैन। जस्तो वायुबाट पृथक् उसको स्पन्दन कहिल्यै भिन्न हुँदैन उस्तै जगत्

पनि ब्रह्मदेखि अन्य वस्तु होइन। ब्रह्माकाश नै काकतालीय (अकस्मात्) जगत्‌रूपले प्रकट हुन जान्छ जस्तो स्वप्न र संकल्पको जगत्, यसै कारण ब्रह्मदेखि भिन्न जगत् कसरी हुन सक्छ? जस्तो आगोदेखि उसको उष्णता भिन्न छैन, फूलदेखि उसको गन्ध फरक छैन, मसीदेखि उसको कालिमा भिन्न छैन, हिउँदेखि उसको सफेदी भिन्न छैन, उखुदेखि उसको गुलियो फरक छैन, घामदेखि उसको चमक फरक छैन, चितिदेखि उसको अनुभव भिन्न छैन, जलदेखि उसको लहर भिन्न छैन उस्तै नै चित्स्वभाव (आत्मतत्त्व) देखि जगत् भिन्न छैन। अहंकार आदिको आत्मामा अनुभव यसरी हुन्छ जस्तो कि मरिचलाई उसका पीरोपनाको, नूनलाई उसका नुनिलाको, उखुलाई उसका गुलियाको, पत्थरलाई उसका कठोरताको, पहाडलाई उसका जडताको, जललाई उसका द्रवताको, आकाशलाई उसका शून्यताको, आत्मालाई आफ्नो सत्ताको, अन्तरात्मालाई आफ्ना प्रकाशको, चाकूलाई आफ्ना स्वादको, चन्द्रमालाई आफ्नो अमृतको। हे राम, यी दृष्टान्तद्वारा मैले तिमीलाई यो संझाएं कि जगत् र अहंभाव आदिमा केही भेद छैन। चिद्रूपबाट स्वयं चिदात्मा नै प्रकाशित भइरहेको छ जस्तो स्पन्दन रूपबाट स्वयं वायु। जस्तो दूधको स्वाद, मरिचको पीरो, वायुको स्पन्दन। यिनबाट अन्य भएर पनि अनन्यै छन् उस्तै यो सारा जगत् पनि परमात्माको नै रूप हो। यो जगत् ब्रह्मरूपी रत्नको अकारण चमक हो। जगत् चित्तरूपी अग्निको चमक हो, चित्तरूपी शंखको सेतोपना हो, चित्तरूपी पहाडको सारोपना हो, चित्तरूपी जलको द्रवता हो, चित्‌रूपी उखुको मीठो हो। चित्‌रूपी सुनको बाला

हो, चित्‌रूपी सस्यूँको तेल हो, चित्‌रूपी नदीको लहर हो, चित्‌रूपी बरफको ठण्डाइ हो, चित्‌रूपी फूलको सुगन्ध हो, चित्‌रूपी लताको फल हो, चित्‌को सत्ता जगत्‌को सत्ता हो, जगत्‌को सत्ता चित्‌को सत्ता हो। चित्‌सत्ता नै चेत्यका आकारमा प्राप्त हुन्छे। आफ्नो भित्रै विकार धारण गर्छे, उही सारा जगत्‌को सार छ यसैले जगत् उसदेखि भिन्न छैन। पात, कोपिला, फूल आदि जस्तो लतादेखि भिन्न छैन उस्तै नै एकत्व, द्वित्व, जगत्, तिमी, म चितिदेखि अलग छैन।

ब्रह्मको सर्व-व्यापकत्व

कारण, कर्म, कर्ता, जन्म, मरण, स्थिति सब कुरो ब्रह्म हो, उस व्यतिरिक्त केहि पनि छैन। जगत्‌को जाल ब्रह्माकाश हो, दशै दिशा ब्रह्माकाश हो; कला, काल, देश, द्रव्य, क्रिया आदि सबै ब्रह्माकाश हो। जस्तो स्वप्नका पदार्थ पहाड शहर आदि सबै चिदाकाश हुन् उस्तै जाग्रत् जगत्‌का पदार्थ पनि चिदाकाशै हुन्। पातालमा, पृथ्वीमा, स्वर्गमा, प्राणीमा, आकाशमा जुन जुन कुरो देखिन्छ त्यो सबै चित्तरूप परम ब्रह्म नै हो, अरू केही होइन।

(२०) जगत्‌को मिथ्यापन

सत्य र असत्य-को अर्थ

हे राम, आदि र अन्त्यमा जो नित्य छ उही सत्य हो, दोस्रो होइन। जो आदि र अन्त्यमा सत्य छ उही वर्तमानमा पनि सत्य छ। जो आदि र अन्त्यमा रहन्न ऊ वर्तमानमा पनि

सत्य छैन। जगतको दृश्य न सत्य छ न असत्य, उ चित्तमा यसरी भ्रम रूपबाट उदय हुन्छ कि जस्तो बुद्धिमा इन्द्रजालको दृश्य उदय हुन्छ। यो दृश्यजगत् डोरीमा सर्पको भ्रम जस्तै न यो सत्य छ न सर्वथा असत्य नै छ। स्वप्न जगत् झैं यो उत्पन्न भएको छ, न यो सच्चा हो न झुट्टो। खालि भ्रान्ति मात्र हो, खालि देखापर्छ। जगत् सत्य र असत्य दुवै हो जस्तो मृगतृष्णाको बग्ने नदी। मनद्वारा नै यो जगत्‌रूपी इन्द्रजालको शोभा रचेको छ। जगत् सदा स्थिर नहुनाले असत्य छ, जानिनाको कारण सत्य छ भनिन्छ। अतएव स्वप्न जस्तै जगत् सत्य असत्य दुवै हो। जस्तो भ्रमले आकाशमा मोतीको गुच्छा मुजूरको प्वाँख आदि देखिन्छ वास्तवमा असत्य भएर पनि सत्य जस्तो भान हुन्छ उस्तै नै जगत् पनि देखापर्छ। असत्य भएर पनि सत्य जस्तो यो जगत् प्रतीत हुन्छ, नभएर पनि अनुभवमा आउँछ।

जगत्‌को असत्यता

जो दृश्य जगत् र अहं आदि पदार्थ देखिन्छन् यिनलाई खालि भ्रान्ति मात्र र असत्य संझ। मृग-तृष्णाको पानी जस्तै, अनुभवमा आएको कल्पना-जगत् जस्तै यो जगत् साँच्चीकै प्रतीत हुन्छ तापनि असत्य छ। इन्द्राणी जस्तै यो शून्यपर्दामा नानारंग-द्वारा रचेको विना कुनै वास्तविक पदार्थको सर्वथा शून्य छ। जगत् कहिल्यै आफैं उत्पन्न भएको छैन, जो देखिन्छ त्यो खालि चिदाकाशको यस्तो काल्पनिक रचना हो कि—जस्तो स्वप्नकी स्त्रीका साथ संभोग। जस्तो सूर्यका गरमीबाट मृगतृष्णाका नदीको दृष्टि उदय हुनजान्छ उस्तै नै मन विचलित हुनाले ब्रह्मा आदि असत्य भएर पनि अनुभवमा

आउन लाग्छन्। जस्तो डुंगामा बसेको मानिसलाई स्थिर वस्तु पनि चलेको देखापर्छ उस्तै नै जगत्का सब वस्तु मिथ्याज्ञानबाट उदय हुन्छन् । भावनाको विचित्रताबाट नै जगत्को विकार उत्पन्न हुन्छ जस्तो मनको भ्रमबाट डोरीमा साँपको भ्रम उदय हुन्छ। स्वप्न, इन्द्रजाल, संकल्पनगर, पहाड जस्तै सृष्टिको अनुभव झुट्टो नै हुन्छ। यो सृष्टि सबै अज्ञानी मनका भित्र विनाकुनै वीजको मिथ्या नै उत्पन्न भएको छ। जस्तो घुमेको व्यक्तिले सारा पृथ्वी घुमेको देख्छ उस्तै नै स्वप्नसमान यस सृष्टिको अनुभव हुन्छ। यी सब सृष्टि स्वप्नको अनुभव जस्तै शून्य छ, दृष्टिको भ्राति हुनाले माया मात्र हो। सृष्टिको उदय भ्रान्ति हो, सृष्टिको लय भ्रान्ति हो—जस्तो गन्धर्वनगर। जस्तो एक घण्टाको स्वप्नभित्र सयकडौं वर्षको भ्रम पैदा हुन्छ उस्तै नै असत रूपवाला यो जगत् भ्रम चित्तरूपी सूर्यका अगाडि उपस्थित भएको छ। जस्तो संकल्प-संसारमा मनु-बाचनु हुन्छ, जस्तो गन्धर्वनगरमा भित्तो आदिको रचना हुन्छ, जस्तै डुंगामा बसेकालाई डुंगा हल्लंदा वृक्ष पहाड सबै हल्लेको भान हुन्छ, जस्तो स्वप्नमा आफ्नो शिर काटिएको अनुभव हुन्छ उसै गरी यस संसारको भ्रान्ति पनि मिथ्या उदय हुन्छ। जस्तो मरुस्थलमा झुट्टो जल देखापर्छ, जस्तो सुनका स्थानमा बाला नै देखापर्छ उसै गरी आत्मामा यो असत्य दृश्य देखापर्छ। जस्तो नशाबाज मद्य पिएमा वृक्ष आदि घुमेको देख्छ उस्तै आत्मा पनि संसारलाई अनुभव गर्छ। जगत्को उत्पत्ति झुट्टा हो, जगत्को वृद्धि झुट्टो हो, जगत्को स्वाद (अनुभव) झुट्टो हो, जगत्को लय हुनु पनि झुट्टै हो।

अविद्या

चिच्छक्ति र स्पन्दनशक्तिको झुट्टो र कल्पित संबन्धको नाम मन हो। यो मिथ्या नै उदय हुन्छ र मिथ्याज्ञान कहलाउँछ। यसैलाई अविद्या भन्छन्, यसैको नाम माया हो। संसारको बीजलाई अविद्या भन्छन् यो अविद्या नभईकन पनि भएको जस्तै फैलिन्छे।कहीं सत्य नभएर पनि सब जगह देखापर्छे। निमेष मात्र पनि स्थिर नभएकी यो स्थिर मालुम हुन्छे। तिनै महान् जगत्‌लाई यो भ्रमद्वारा मुहूर्त मात्रमा उत्पन्न गरेर धारण गर्छे ग्रास गर्छे। यस जगत्‌को भ्रान्तिलाई अविद्या भन्छन् किनकि वास्तवमा यो छँदैछैन जस्तो मृगतृष्णाका नदीमा जल हुन्न। ब्रह्मले अविद्यालाई आफ्नो सत्ताद्वारा धारण गरिराखेको छ, यसै कारण असत्य भएर पनि त्यो सत्य जस्तै जानिन्छे। असत्य-रूप अविद्याको यो स्वभाव छ कि जब उसलाई ज्ञान हुन्छ तब उ नष्ट हुन्छे, फेरि देखिन्न।

चित्त नै अविद्या हो

जस्तो वृक्ष र तरु शब्द एउटै वस्तुको नाम हो, उस्तै अविद्या, चित्त, जीव, बुद्धि आदिमा केही भेद छैन। अविद्याशब्दको रचना शास्त्रले बोध गराउनाका लागि गरेको हो। अविद्या असत्य र भ्रम मात्र छ, खालि नाम मात्र छ। जो वास्तवमा छँदैछैन उसको नामै के हुन्छ। अविद्या नामको कुनै तत्त्वै छैन। अविद्या कहाँबाट आई ? कसरी आई ? यो सोध्नाको दर-कारै छैन किनभने ज्ञानद्वारा आफै जान्नेछौ कि न यो हो, अरू हो।

माया

ब्रह्मकी अपार आदि अन्तरहित चिच्छक्ति नै मायाका रूपमा उदय हुन्छिन्। मायाको स्वभाव कोही जान्दैन, ज्ञान भएपछि यी नष्ट हुनजान्छिन्,

नाश भएपछि यिनले सुख दिन्छिन्। माया के हो ? यो जानिंदैन, यी जहाँसम्म जानिन्नन् त्यहींसम्म सृष्टि गर्छिन्, जब उनको ज्ञान हुनजान्छ तब यी नष्ट हुनजान्छिन्। कसरी, कहाँ-बाट यी उत्पन्न भइन् ? यो विचार गर्न'को आवश्यकता छैन, विचार यो हुनुपर्छ कि म यिनलाई कसरी नष्ट गरूं। जब यी क्षीण भएर अस्त हुन्छिन् तब यिनको स्वरूप समझमा आउनेछ कि यी कहाँबाट आइन्, के हुन्, कसरी नष्ट हुन्छिन् ? वास्तवमा माया केही वस्तु होइनन्, खालि देखापर्छिन्। अधिकारीलाई उपदेश दिनाका लागि र शास्त्रज्ञान गराउ-नाका लागि। यो शब्द, अर्थ र वाक्यको भ्रम खडा गरिएको छ,यसमा फस्नु हुंदैन। यो सब कुरा उपदेशका निमित्त रचेको छ, अज्ञानी जनका निम्ति नै हो, वास्तवमा ज्ञानीका निम्ति होइन। आत्मामा माया मोह आदि केही छैन। परब्रह्म त राग-रहित छ।

मूर्खका निंति जगत् सत्य छ

हे राम, यो झुट्टो जगत् उस पुरुषका निम्ति वज्रसमान दृढ छ जसका बुद्धिमा ज्ञान उत्पन्न भएको छैन। जस्तो बालकलाई नभएको भूतले मृत्युसंमको दुःख दिन्छ उस्तै मूढबुद्धि अज्ञानीका लागि यो जगत् दुःखदायी छ। जस्तो असत्य मृगतृष्णाको जल मृगका चित्तमा भ्रम पैदा गर्छ उस्तै नै यो जगत् मूर्खका निम्ति छ। जस्तो स्वप्नाको मृत्युले सत्य जस्तो अनुभवमा आएर दुःख दिन्छ उस्तै मूर्खका निमित्त यो जगत् छ। जस्तो नासमझ मानिसका लागि सुनका गहनामा सुनको भाव नभई खालि गहनाको भाव नै रहन्छ, उस्तै नै मूर्खलाई यस दृश्यजगत्मा शहर, महल, पहाड आदिको भावना हुन्छ, परमार्थको भावना हुन्न। ज्ञानीका

निश्ति त यो जगत् आकाशभन्दा पनि शून्य छ अज्ञानीका निश्ति यो वज्र र पहाडसमान कठोर छ। जस्तो मण्डप मजबूत खम्बामाथि खडा हुन्छ उस्तै नै संसारको माया रजोगुण तमोगुणवाला पुरुषका उपर टिकेको छ। हे राम, तिमी जस्ता सत्वगुणवाला पुरुष यस मायालाई सहजैमा यसरी त्यागिदिन्छन् कि जस्तो साँप आफ्नो काँचुलीलाई छोड्दछ।

अज्ञान रहेसंम जगत् अनुभव हुन्छ

जवतक अज्ञान छ तवतक ब्रह्मभावनाको उदय हुँदैन। देहमा जहाँसम्म अहंभाव छ त्यहाँसम्म दृश्यजगत्का साथ आत्मभाव छ, जवतक "यो मेरो हो" भन्ने यस्तो भावना छ त्यहींसम्म यो भ्रम रहन्छ। जवतक सज्जनको संगतबाट उच्चभावना उत्पन्न भएको छैन, जवतक मूर्खता क्षीण भएको छैन, जहाँतक नीच अवस्था छ, जहाँसम्म सम्यक् दर्शनका शक्तिबाट आफ्नो भित्रै देखि जगत्को भावना मन्द भएको छैन त्यहींसम्म जगत्को भावना स्पष्ट हुन्छ। जहाँतक अज्ञान अन्धोपन, बेबसी, विषयका उपर निर्भरता, मोहको पसारो छ त्यहींतक जगत्को कल्पना छ जवतक हृदयरूपी वनमा आशारूपी विषको गन्ध फैलिएको छ तवतक विचाररूपी चकोरको उहाँ प्रवेश हुँदैन।

ज्ञानबाट अविद्याको नाश

अज्ञात अविद्या नै वहुत र अनन्त कालतक अनुभवमा आउँछे। ज्ञान अविद्या मृगतृष्णाकी नदी झैं तुरन्तै नष्ट हुन्छे। जस्तो सूर्य उदय हुना-साथ रात गायब हुन्छ उस्तै विवेक उदय हुना-साथ अविद्या नष्ट हुन्छे। अविद्या ब्रह्मात्मक छ,

दोस्रो तत्त्वको आश्रित छैन। जबतक यसको ज्ञान हुँदैन तबतक यो छ। ज्ञान भएपछि उसमा ब्रह्मदेखि भिन्न केही रहँदैन। असत्य र अवास्तविक हुनाले यो अविद्या विनाविचार अनुभवमा आउँछे, ज्ञान भएपछि कहीं भाग्दछे।

जगत्का भ्रमको क्षय

जसका मनमा भोगको लालसा छैन, जो निर्मल र विरक्त छ, जसले आशारूपी पासो को जाल छिनालेको छ, उसका निम्ति यो भ्रम क्षीण हुन जान्छ। जसको मन तृष्णा र मोह त्याग्नाले सधैंका निम्ति शीतल र शान्त भएको छ उसको बुद्धि प्रबुद्ध हुनजान्छ। जसले आफ्नो भित्र आफ्ना अन्तरात्माको अनन्तस्वरूप भावना गरेको छ औ उसमा जगत् लीन गरिदिएको छ उसका निम्ति जीवत्व आदिको भ्रम शान्त हुनजान्छ। मिथ्या भ्रम उत्पन्न गर्ने असत्य विश्वास लीन भएपछि, परमार्थ मात्रको दर्शन गराउने परमज्ञानरूपी सूर्य उदय भएपछि चित्त यसरी नष्ट हुनजान्छ, जस्तो घिउको बूँद आगोमा पर्नाले। फेरि उसको अनुभव यसरी हुन्न जस्तो सुकेको पात जलेपछि देखिंदैन। ब्रह्मादेखि लिएर कीरातकका ज्ञानको क्षय सम्यक् ज्ञानद्वारा हुन्छ।

अविद्या विलीन हुनु नाश हुँदैन

जो वास्तवमा हुन्छ उ लीन भएपछि नाश शब्दको प्रयोग ठीक हुन जान्छ। जो वास्तवमा छँदैछैन उसको नाश कसरी? सत्यज्ञानद्वारा जब डोरीमा देखापर्ने साँप विलीन हुनजान्छ तब सर्प नष्ट भयो भन्नु कसरी? यसको केही अर्थ नै हुँदैन। जो छँदैछैन नष्ट पनि हुन्न। जो सत्य छ त्यसको अभाव पनि हुन सकैन।

ज्ञानद्वारा जगत् आत्मामा विलीन हुन्छ

जस्तो वायुको स्पन्दन वायुमा लीन हुन्छ उस्तै स्वप्न, भ्रम र संकल्पका पदार्थ संविद्मा नै लीन हुनजान्छन्। स्वप्न आदि अनुभवमा संविद् नै पदार्थको रूपधारण गर्छ। संविद्को स्पन्दन शान्त भएपछि यी सब पदार्थ संविद्रूप हुनजान्छन्।

(२१) सबभन्दा उच्च ज्ञान

भेद अज्ञानीलाई उपदेश दिनाका निति हो

हे राम, अज्ञानीका दृष्टिको पक्ष लिएर खालि उनलाई बोध गराउनाका निम्ति भेदको कल्पना गरिन्छ। विद्वान्हरू अज्ञानीलाई उपदेश गर्नाका निमित्त नै यो कुरो मान्छन् कि यो अविद्या हो, यो जीव। भेदको कल्पना नगरीकन उपदेशै हुन सक्तैन। यसैले यो ब्रह्म हो, यो जीव हो यो भेद मानेर नै उपदेश गरिन्छ। जहाँ अज्ञानको व्यवहार देखिन्छ वहाँ यस्ता भाषाको प्रयोग हुन्छ कि ब्रह्मबाट जीव उत्पन्न हुन्छ। शास्त्रमा उत्पत्ति शब्द उपदेशका निमित्त नै प्रयोग हुन्छ। जस्तो बालकलाई संझाउनाका निम्ति भूत शब्दको कल्पना गरिन्छ उस्तै नै व्यवहारका लागि भेदको कल्पना गरिन्छ। कार्य–कारण, स्व–स्वामी, हेतु–हेतुमान्, अवयव–अवयवी, व्यतिरेक–अव्यतिरेक, परिणाम–परिणामी, भाव–अभाव, विद्या–अविद्या सुख–दुःख आदि भेदको कल्पना अज्ञानीलाई उपदेश दिनाका निम्ति नै गरिन्छ, वास्तवमा भेद छंदैछैन।

परम सिद्धान्त

अध्यात्मशास्त्रको सबभन्दा उच्चो सिद्धान्त यो हो कि न अविद्या छ, न माया छ, खालि शान्त ब्रह्म नै सब कुछ हो। सब कुरो नित्य चिद्रूप ब्रह्म नै हो, मन नामको केही कल्पना छैन। सब कुरो अजर, अमर, अव्यय, अनादि, अनन्त, अखण्ड परब्रह्म नै हो। सर्वसामान्य लक्षणवाला, चेत्यभावनारहित, प्रकाशमय, चिन्मात्र ब्रह्म नै छ अरू केही छैन। सामन्य रूपबाट सब जगह रहने, चेत्यतारहित, अवर्णनीय चित्तत्व नै परमात्मा ईश्वर हो। न अज्ञान छ, न अविद्या छ, न बन्धन छ, न मोक्ष छ। जो छ उ विरोधरहित शुद्ध बोध नै प्रकाशित भइरहेको छ। हे राम, हामी जस्ता ज्ञानीका दृष्टिमा न केही उत्पन्न हुन्छ, न केही नष्ट हुन्छ। परम शान्त ब्रह्ममा ब्रह्म नै यसरी रहेको छ। न सृष्टि छ, न सृष्टि नामको कुनै वस्तु छ। तीनै लोकमा न केही उत्पन्न हुन्छ, न केही नष्ट हुन्छ। यहाँ कुनै विकारको पनि अस्तित्व छैन। जगत् नामको केही वस्तु छैन, आत्मा नै आत्मामा प्रकाशित भइरहेको छ। न आधार छ न आधेय छ, न दृश्य छ न द्रष्टा छ, न ब्रह्म छ न ब्रह्माण्ड छ, न अरू कुनै झगडा छ। "जगत् उसले पैदा गरेको छ, उसमा उत्पन्न छ" यो कुरा शास्त्र र व्यवहारका लागि मात्र हो, वास्तविक होइन। न दृश्य सत्य छ, न द्रष्टा, न दर्शन। न शून्यता सत्य छ न जडता, न चेतनता। जो कुरो छ उ सबै शान्त ब्रह्म नै छ। परमार्थ जान्नेका निम्ति जाग्रत, स्वप्न, सुषुप्ति आदि केही छैन, जो छ सो छ। वास्तवमा न स्वप्न छ, न जाग्रत, न सुषुप्ति, न तुरीय, नतुर्यातीत पद।

ब्रह्म जगत्को कर्ता ह्वैन

जो विरोधरहित आफ्नो आत्मा हो, जसका स्वरूपको वर्णन हुन सक्तैन उस्तो निराकार ईश्वरले जगत् उत्पन्न गर्छ भन्नु हास्य हो। यो जगत् कसैले बनाएको होइन, न यसमा कसैको बनाउने क्रम देखिन्छ, स्वयं उही प्रकाशित भइरहेको छ। उ ब्रह्म जगत्को कर्ता कसरी हुन सक्तछ जो ज्ञान र तर्कबाट पर छ, जसका निमित्त कर्ता, कर्म, करण, कारण, बीजआदि शब्दको प्रयोगै हुन सक्तैन।

ब्रह्ममा विकार छैन

जसमा वस्तु फेरि आफ्नो पहिलो रूप पाउन नसकोस् यस्तो रूपको बदलीलाई विकार भन्छन् जस्तो दूधबाट दही बन्नु। दूध दही बनेपछि फेरि दूध बन्न सक्तैन। परन्तु ब्रह्मता जगत्को आदि, मध्य, अन्तमा पनि ब्रह्म नै रहन्छ। यसैले जसमा आदि र अन्तको विभाग हुन सक्तैन, जसमा अवयवको विकार हुन सक्तैन उस ब्रह्ममा उस्तो विकार जो दूधबाट दही बन्नामा हुन्छ,हुन सक्तैन। ईश्वरमा कुनै प्रकारको बदली (उत्पत्ति, वृद्धि, नाश आदि) संभव छैन किनभने उ रूपरहित छ, एक छ, नित्य छ। परब्रह्मको सम्बन्धमा उत्पन्न र उत्पादक आदि शब्दको प्रयोग हुन सक्तैन किनभने उ एक र अनन्त हुनाले कुनै वस्तुको उत्पत्ति गर्न सक्तैन। वस्तुका मध्यमा पनि उही रूप हुनुपर्छ जो आदि र अन्तमा हुन्छ। यदि मध्यमा कुनै दोस्रो रूप देखिन गयो भने त्यसलाई भ्रम मात्र संझनुपर्छ। सदा एक रूप ब्रह्मको जो क्षणिक विकृति देखापर्छ त्यो अज्ञानजनित भ्रम मात्र हो किनभने वास्तवमा विकाररहित वस्तुमा विकार हुनु असम्भव छ।

ब्रह्म जगत्‌को कारण ह्वैन

अजन्मा परमात्मा नित्य आनन्दले परिपूर्ण छ । त्यसैले उ जगत्‌रूपी कार्यको कारण कसरी हुन शक्छ ? आफ्नै सत्तामा रहेको ब्रह्म न कसैको कारण हो न वीज । उ सधैं सब आकारमा रहेको छ, तर देखापर्दैन औ प्राप्त हुन्छ । त्यसैले न उ कारण हो न कार्य । जसको रूप यस्तो छ, जो वर्णनमा आउन सक्तैन, जसको प्रकाश अर्को दोस्रो प्रकाशको अधीन छैन, जो सत् र असत् दुवै छ, भला उ कारण कसरी हुन सक्छ ? यदि उ कारण भएदेखि अवर्णनीय, स्वयंप्रकाश र अतर्क्य कसरी हुनसक्छ ? आदि र अन्त नभएको निराकार ब्रह्म भला अब्रह्म, साकार, दृश्य जगत्‌को कारण कसरी हुनसक्छ ? अविकार र अजर ब्रह्म विनाक्षयले विकारयुक्त जगत्‌को कारण कसरी हुनसक्छ ? जस्तो कार्य हुन्छ उस्तै नैं उसको कारण संझनुपर्छ । परन्तु ज्ञान ज्ञेय कसरी हुनसक्छ ? जो कार्य सहकारी कारणका सहायताबाट उत्पन्न हुन्छ उही मुख्य कारणदेखि भिन्न रूप हुनसक्छ । परन्तु ब्रह्मका साथ दोस्रो सहकारी कारण नहुनाले ब्रह्मदेखि भिन्न जगत्‌रूपी कार्य कसरी उत्पन्न हुनसक्छ ?

ब्रह्म जगत्‌को वीज होइन

जो यो कुरो गर्छ कि यो दृश्य जगत् ब्रह्ममा यसरी रहेको छ, जस्तो वीजमा अंकुर रहन्छ उसले आफ्नो अज्ञान र लडकपनको परिचय दिन्छ । जो स्वयम्भू ब्रह्म मन र इन्द्रियदेखि अतीत छ, जो सूक्ष्मभन्दा पनि सूक्ष्म रूपवाला छ, भला उ जगत्‌को वीज कसरी हुनसक्छ ? आकाशभन्दा पनि सूक्ष्म र संख्यादेखि अतीत ब्रह्म भला कसरी वीज हुनसक्तछ ? जगत्,

सुमेरु पर्वत आकाश आदि भला आकाशभन्दा पनि सूक्ष्म परब्रह्ममा कसरी रहनसक्छन् ? आकृतिरहित परम सूक्ष्म ब्रह्ममा जगत्, जो उसभन्दा यत्तिको भिन्न छ जत्तिको धूपभन्दा छाया, कसरी रहनसक्छ ? आकारवाला बरको वीजमा बरको अंकुर रहनु ठीकै भन्नुपर्छ तर निराकार ब्रह्ममा साकार जगत् रहनु कसरी हुनसक्ला ? ब्रह्ममा कुनै आकारको कल्पना गर्नु ठीक छैन। यसैले उ वीज हुनसक्तैन। जगत् परम अणु (सूक्ष्म) ब्रह्मभित्र रहन्छ भन्ने यो यस्तो अज्ञानजन्य कल्पना हो जस्तो यो भन्नु कि सस्यू भित्र सुमेरुपर्वत रहन्छ। वीज मौजूद भएपछि मात्र कार्यकारण परिभाषाको प्रयोग हुन्छ। निर्विकार न कसैको वीज छ, न उसबाट कसैको उत्पत्ति हुन्छ। जब वीज मौजाद हुन्छ तब सहकारी कारणद्वारा अंकुर हाँगा आदि फैलिन्छ। सहकारी कारणविना पनि वीजबाट अंकुरको उत्पत्ति हुन्छ भन्नु यस्तो हो जस्तो बाँझी स्त्रीबाट कन्या उत्पत्ति भई भन्नु। जब सबै प्राणीको प्रलय भयो उस बखत आकारवाला कुन वीज रहन गयो ? कुन उसको सहकारी कारण रह्यो जसबाट जगत्को उत्पति हुन जाओस् ? अर्को कुरा वीजबाट अंकुरको उत्पति भएपछि वीजको पूर्वरूप नष्ट हुनजान्छ, परन्तु ब्रह्मको रूप ता सधैं एक समान रहन्छ। वीजभित्र जो सत्ता रहन्छ त्यो वीजकै आकारको हुन्छ, अङ्कुरको आकारको हुंदैन। वीजमा अंकुर कहीं देखिन्न तर ब्रह्मभित्र रहने जगत् ता जगत् नै देखापर्छ। परन्तु यदि ब्रह्ममा जगत् सधैं रह्यो भने ता उ ब्रह्म जस्तै नित्य र विकाररहित होला। अविकार र निराकारबाट विकार र आकारवालाको उत्पति हुनु न देखिएको छ न सुनिएको छ। निराकारमा आकारवाला रहन सक्छ भने

परमाणुका भित्र पनि सुमेरु रहन सक्छ। जो यो भन्छ कि जगत् ब्रह्ममा यसरी रहेको छ जस्तो बट्टामा रत्न—त्यो पागल हो। परम शान्त ब्रह्म आकारवाला जगत्को आधार हो यो भन्नु उचित छैन। आकारवाला कहिल्यै नाशरहित हुन सक्तैन।

जगत् भ्रम मात्र हो

जुन कार्यको केही कारण छैन त्यो कार्य वास्तविक हुँदैन, त्यो खालि दृष्टिको भ्रम हो। जो कारणरहित कार्य प्रत्यक्ष रूपले देखिन्छ उसलाई मृगतृष्णाको जल जस्तै देख्नेका दृष्टिको भ्रम संझ। विनाकारणको जो कार्य हुन्छ उसको स्वरूप भ्रमअतिरिक्त केही हुन्न। विनाकारण कार्य कसरी हुन सक्छ ? यदि कहीं देखियो भने उसलाई भ्रमै संझ जस्तो अपुतोलाई पुत्रको दर्शन। जो कारणरहित जगत् देखिएको छ त्यो आत्माकै भित्र संकल्प र गन्धर्वनगर जस्तै मिथ्या-दृष्टि उदय भइरहेको छ। ब्रह्म जगत्को विवर्त (भ्रम) हो। वास्तवमा जगत् र ब्रह्म एउटै हुन्। जस्तो स्वप्नमा चिति जगत्को रूप धारण गर्दछे ठीक उस्तै नै सृष्टिका आदिमा पनि चितिमा जगत्को दृश्य उदय हुन्छ। यसैले संविद् रूप आत्मामा स्वयं निराकार परमात्मा नै जगत्को रूपमा प्रकट भइरहेको छ।

अजात वाद

जगत् नामको कोही वस्तु न उत्पन्न भएको छ, न नाश हुन्छ, नछ जब छँदैछैन भने उसको उत्पत्ति र नाश के भन्नु ? जस्तो स्वप्नमा अनुभव भए पनि पृथ्वी कहीं छैन उस्तै नै अनुभवमा आउने दृश्यता पनि कहीं छैन। न कुनै उत्पन्न भएको छ, न कुनै छ, न

कुनै वास्तवमा देखिन्छ। न मिथ्यात्व छ, न सत्यत्व छ। जो छ त्यो अजन्मा छ। कारणको अभाव हुनाले जगत् न उत्पन्न भएको छ, न छ। जो अकारण छ उसको सत्ता हुन्न। जस्तो सुनको बालामा बालापन देखिएपछि पनि सुन अतिरिक्त बालाको केही सत्ता हुँदैन त्यस्तै ब्रह्मदेखि अतिरिक्त जगत्को केही सत्ता छैन। जस्तो औंठी आकारवाला सुनमा औंठीको केही सत्ता हुन्न उस्तै नै ब्रह्ममा जगत् नामको केही वस्तु छैन। जस्तो स्वप्न र संकल्पमा अनुभव भए पनि पृथ्वी हुन्न उस्तै नै अनुभव हुने जगत् पनि शून्य नै छ। यस शून्य विज्ञान आकारवाला जगत्‌मा स्थूलता अलिकति पनि छैन जस्तो मरुस्थलमा उत्पन्न भएका नदीमा पानी हुन्न। जस्तो स्वप्न र संकल्पजगत् अनुभव भए पनि असत् छ उस्तै दृश्य जगत् पनि असत् छ। हे राम, जगत् न उत्पन्न भएको छ, न हुनेछ। चेतनाकाश नै आफआफैं प्रकाशित भइरहेको छ।

यस सिद्धान्तको अधिकारी

हे राम, जसमा बुद्धिको पूरा प्रकाश भएको छैन उसलाई यो सिद्धान्तको उपदेश गर्नु उचित छैन। किनभने त्यो यस सिद्धान्तलाई भोगका दृष्टिबाट काममा लाएर नाशतर्फ प्रवृत्त हुनेछ। जसको चित्तमा भोगको इच्छा छैन, जसको दृष्टि ऊँचो छ उसैलाई "सब कुरो ब्रह्म हो" भन्ने यो उपदेश दिनुपर्छ। पहिले शिष्यलाई शम, दम आदि असल गुणद्वारा शुद्ध गरी तब उसलाई यो उपदेश गर्नुपर्छ। जो अज्ञानी र अप्रबुद्ध (नबुझेको) लाई "सब कुरो ब्रह्म हो" यो उपदेश दिन्छ त्यसले शिष्यलाई नरकतर्फ प्रवृत्त गर्दछ। जसको बुद्धि चेतन भएको छ, जसका मनबाट भोगको

इच्छा निस्किसकेको छ, जसलाई कुनै प्रकारको आशा छैन उस महात्मालाई नै यो उपदेश दिनुपर्छ कि न अविद्या छ, न पाप छ। अरूलाई होइन।

(२२) परमानन्द

विषयभोगको असारता

हे राम, विषयभोग कहिल्यै सुख दिने होइन, त्यो ता टाढैबाट देख्ता मात्र असल लाग्ने र क्षणभरमा क्षीण हुन जाने हो। संसारको सबै भोग आरम्भमा र टाढाबाट असल देखिन्छन्, परन्तु यी सब क्षणिक छन्, संसारमा फसाउनेवाला हुन्, भय उत्पन्न गर्ने र चाँडै नै दुःखमा बदलिने हुन्छन्। जस्तो आगाका ज्वालाको शिरमा धुँवाको गाजल मौजूद रहन्छ उस्तै नै संसारका सबै सुखका आशाको अन्त दुःखमा नै हुन्छ। भावको अन्त अभावमा, सौन्दर्यको अन्त कुरूपतामा, सुखको अन्त दुःख मा हुन्छ—कसका पछाडि दौडूँ ? राम्रो वस्तुमा अरम्यता देखापर्छ, स्थिर पदार्थमा अस्थिरता, सत्यमा असत्यता। यसै कारण मेरो निम्ति कुनै वस्तुमा रस छैन। विषय विषसमान दुःखदायी छ, स्त्री कामका मोहमा फँसाउने हो, स्वादको अनिरसतामा हुन्छ, यिनका चक्करमा परेर छि कुन मारिएको छैन ? संसारका जति संपत्ति छन् ती सब आपत्ति हुन्, जति सुख छन् ती सबै दुःख दिनेवाला छन्, जीवन मर्नाका निम्ति छ। विषयको भोग साँपको फणा जस्तै विषालु छ जहाँ अलिकति छोयो कि डसिहाल्यो। विषयभोग यत्तिको क्षणिक छ कि देख्तादेख्तै उसको अन्त हुनजान्छ

संपत्ति र स्त्रीको सौन्दर्य तरंग जस्तै चलायमान छ। कुन बुद्धिमान् मानिस यिनका सहारामा यसरी रहला जस्तो कुनै सर्पको फणाको छायामा बसेर सुखी रहला ? यौवनको सौन्दर्य यस्तो अस्थिर छ जस्तो शरद्‌ऋतुका बादलको छाया। संसार ता दुःखको अन्तिम सीमा हो, उसमा रहेर सुख कसरी प्राप्त गर्न सकिन्छ ?

व्यवहारको असारता

जस्तो पाकेको फल गिर्न रोकिन सक्तैन, उस्तै मृत्यु पनि कसैले रोकेर रोकिँदैन। प्रत्येक क्षण आयु यसरी क्षीण भइरहेको छ जस्तो हत्केलाको पानी। यौवन यसरी तेजीका साथ दौडिरहेको छ जस्तो पहाडको नदी। अस्थिर जीवन यस्तो झुट्टो छ जस्तो इन्द्रजालको दृश्य। सुख यति चाँडै भाग्दछ कि जत्तिको चाँडै धनुबाट छुटेको बाण। दुःखले मनका उपर यसरी आक्रमण गर्दछ कि जस्तो गिद्ध मासुका उपर। शरीर यत्तिको क्षणभंगुर छ जत्तिको खहरेको पानीको फोका। विचार गर्नाले संसारका सारा व्यवहार यत्तिका सारहीन देखिन्छन् जस्तो केराको थाम। जवानी यति चाँडै भाग्छ जस्तो मन नपरेको लोग्ने छोडेर कोही स्त्री नाठाको साथ भाग्छे। सब विषयमा नीरसता उदय हुनजान्छ, जस्तो काटेका रूखको रस सुक्छ।

सुख दुखको अनुभव हुने समय

इच्छा गरेको वस्तु पाउँनासाथ जो आनन्द हुन्छ त्यो आनन्द पाइसकेपछि हुँदैन, यो अनुभव सबैलाई छ। सबै वस्तु इच्छा गरुञ्ज्याल-सम्म मात्र सुख दिने हुन्छन्, इच्छा नभएमा हुँदैनन्। यसै कारण हाम्रो इच्छा नै वस्तुमा

सुखको आभास उत्पन्न गर्दछ। वासना भएमा नै सब वस्तु सुखदायी मालुम हुन्छ, सुखदायी त्यो वस्तु नष्ट हुंदा हामीलाई दुःख हुन्छ। जुन वस्तुबाट हामीलाई सुख हुन्छ, उसैबाट हामीलाई दुःख हुन्छ। विनावासनाले जुन वस्तु भोग गरिन्छ त्यसबाट हामीलाई भोग गर्दा न सुख हुन्छ, न त्यो नाश हुंदा दुःख। अनुभूति क्षणिक हुनाको कारण सुख दुःखमा बदलिन्छ। जो सुख कुनै खास बाह्य कारणबाट उत्पन्न हुन्न, जो अनादि र अनन्त छ, उही आत्मसुख असली सुख हो। इच्छाको उदय भएपछि जो दुःख हुन्छ त्यो दुःख नरकमा पनि हुंदैन। इच्छा शान्त हुनाले जो सुख हुन्छ त्यो सुख ब्रह्मलोकमा पनि मिल्दैन। जस्तो मरुभूमिमा कहीं पनि हिउँको स्थान हुन्न उस्तै नै जो सच्चा सुख वासनाको उदय नभईकन हुन्छ त्यो सुख स्वर्ग जस्ता ठाउँमा पनि पाँइदैन। चित्त शान्त भएपछि जुन सुखको अनुभव हुन्छ त्यो सुख (आनन्द) यत्तिको ठूलो छ कि बोलीबाट प्रकट हुनै सक्तैन। उसमा कहिल्यै वृद्धि हुन्न, न उ उत्पन्न हुन्छ, न नष्ट हुन्छ। जब हृदयबाट सबै आशाहरूको त्याग गरिन्छ तब मानिसलाई बढो आनन्द हुन्छ, उसका मुखको शोभा चन्द्रमाको शोभा झैं हुनजान्छ। मनले चिताएकी परम सुन्दरीको अंकमाल गर्दा पनि जो सुख हुनसक्तैन त्यो सुख आफ्ना भित्रबाट इच्छा निकाल्नाले प्राप्त हुन्छ। इच्छारहित हुनु राज्यभन्दा स्वर्गभन्दा, चन्द्रमाभन्दा, भगवान्‌भन्दा, प्रेमिकाको प्राप्तिभन्दा पनि सुखदायी छ।

आत्मानन्द

जस्तो जुन मानिसले स्वर्गको सुख देखेको छ उसको मन पृथ्वीको सुखमा लाग्दैन उस्तै जसले एक छिनसम्म पनि आत्मस्थिति प्राप्त गरेको छ

उसको मन भोगमा कदापि लाग्दैन। आत्मानुभव नै हाम्रो अन्तिम पद हो, उही हाम्रो अन्तिम शान्त गति हो, उही हाम्रो परम, नित्य, कल्याणमय श्रेय हो। उसमा विश्राम पाएपछि हामीलाई भ्रममा पर्नु पर्दैन। त्यो महाआनन्दमय पदवी प्राप्त भएपछि प्राणीले दृश्यजगत्‌लाई केही पनि संझदैन, उसको कदर गर्दैन जस्तो राजाहरू दुःखी अवस्थालाई चाहना गर्दैनन्।

(२३) बन्धन र मोक्ष

बन्धनको स्वरूप

जगत्‌का पदार्थको वासना दृढ हुनाको नाम बन्धन हो। जो सुख र दुःखले युक्त छ उही बन्धनको अनुभव गर्दछ। उपादेय (पाउन योग्य) वस्तु पाउनाको इच्छा गर्नु र हेय (छोड्न योग्य) वस्तु देखि द्वेष गर्नु नै बन्धन हो अरू दोस्रो होइन। दृश्यका साथ द्रष्टाको विश्वास बन्धन हो। वासना हुनु र नहुनु नै बन्धन र मोक्षको कारण छ। जगत्, तँ, म आदिको जो यो झुट्टो दृश्य छ, जहाँसम्म यसमा विश्वास छ त्यहाँसम्म मोक्ष हुँदैन।

बन्धनको कारण

आशारूपी पासामा परेको र वासनारूपी डोरीले-बाँधिएको जीव संसारमा यसरी जकडिन्छ कि जस्तो धागोले बाँधिएको पक्षी। जसले आफ्नो वासना रूपी डोरी छिनालेको छ, जो सब जगह आसक्त छैन, जो न कुनै अवस्थामा प्रसन्न हुन्छ न कसै देखि रिसाउँदछ त्यो कहिल्यै बन्धनमा पर्दैन। वासनाका धागाले मन

आफ्नै मूर्खताको कारण आफैलाई यसरी बन्धनमा हाल्छ जस्तो माकुरो। जसले आफ्नो भित्र यो भावना दृढ गरेको छ कि "म खालि यत्ति नै हुँ" उ सर्वज्ञ र विभु भएर पनि सानुपना प्राप्त गर्छ। जस्तो समुद्रमा जलको प्रवेश हुन्छ उस्तै उस प्राणीका उपर अनेक आपत्तिहरू आउँछन् जो "यो म हुँ, यो मेरो हो" यस्तो कल्पना गर्छ

मिथ्या भावना

आफ्नो कल्पनाद्वारा उत्पन्न गरिएको "ब्रह्म म होइन" भन्ने मिथ्या भावना दृढ हुनाले नै हामी अधोगतिमा प्राप्त हुन्छौं। संसारमा घुम्नाको र जन्म-जन्मान्तरको फल पाउनाको कारण। जीवका निम्ति आत्मालाई भुल्नुसिवाय अरू छैन। "म ब्रह्म होइन" यस संकल्पबाट मन दृढबन्धनमा पर्छ। 'म यो हुँ' यो संकल्प नाशकारी बन्धनमा पार्ने हुन्छ, 'म यो होइन' यो संकल्पबाट मुक्ति मिल्छ। जड देहलाई दुःख हुन्न, विचारहीन देहधारी-लाई नै दुःख हुन्छ। गहिरो अज्ञानबाट विचारहीनता आउँछ। यसैले अज्ञान नै दुःखको कारण हो। आत्मा नजान्नाले नै भ्रम पैदा हुन्छ, आत्मज्ञानबाट नै सब प्रकारको सम्पत्ति प्राप्त हुन्छ

मोक्षको स्वरूप र अनुभव

सब इच्छाबाट अलग भएपछि चित्त क्षीण हुनुलाई आत्मदर्शी तत्त्वज्ञानी मोक्ष भन्छन्। जगत्को भ्रम संझेर, सब विषयलाई नीरस संझेर, वासनारहित भएर रहनाको नाम निर्वाण हो। आत्मामा मनको क्रिया बत्ती निभे झैं शान्त हुनाको नाम निर्वाण हो जब मन चञ्चलताबाट मुक्त हुन जान्छ तब उसलाई मुर्दा मन

भन्दछन् उसैको नाम योग र शास्त्रमा मोक्ष छ । जब परमात्मा संकल्पयुक्त हुन्छ तब उसलाई मन भन्छन् । संकल्परहित भएपछि उ मन रहँदैन । उस स्थितिको नाम मोक्ष हो । जब दृश्य पदार्थमा रस प्रतीत हुन्न, उसमा कुनै स्वाद आउन्न, उ प्राप्त गर्नाको इच्छा मनमा उदय हुंदैन तब मुक्तिको अनुभव हुन्छ । मिथ्याज्ञानबाट उत्पन्न भएको अज्ञानको गाँठो जो अहंभावका रूपमा अनुभूत छ त्यो जब खुल्छ तब मोक्षको अनुभव हुन्छ । जब सब इन्द्रिय शान्त हुन्छन्, जीवले मनको गुणलाई छोडेर ब्रह्मको गुण ग्रहण गर्दछ तब त्यो विभुत्वको अनुभव गर्दछ । जब जीव यस प्रकारको ध्यान गर्छ कि उ सब इन्द्रिय, मन, बुद्धिदेखि जो पर छ उसभन्दा पनि पर रहने तत्त्व हो, तब मुक्त हुन्छ । जब जीव सब प्राणीमा आफूलाई आफूमा सब प्राणीलाई देख्छ, कुनै प्रकारको भेद संझँदैन तब त्यो मुक्त हुन्छ । कर्तृत्व र भोक्तृत्वबाट मुक्त, सब उपाधिबाट छुटेको, सुखदुःखका अनुभवबाट पार भएको भएपछि जीव मुक्त हुन्छ । जब जीव जाग्रत्, स्वप्न, सुषुप्ति तीनै अवस्थादेखि माथ्तिर चौथो अवस्थाको आनन्द अनुभव गर्न लाग्छ तब त्यो मुक्त हुन्छ । यदि सब विषय मनले त्यागेर वासनादेखि माथ्तिर चढ्छ तब जीव उसै वखत मुक्त हुनजान्छ । मोक्ष प्राप्त गर्न के मुश्किल छ ? जुन जुन विषयको इच्छा हुन्छ त्यस त्यसलाई छोडिरहे ता मोक्ष नै छ ।

मुक्तिको भेद

मोक्ष दुई प्रकारको छ— सदेह र विदेह । जुन बाँचेकै मानिसमा लिने दिने काममा कुनै वासना रहन्न, खालि कर्म गर्छ उसलाई सदेहमुक्त (जीवन्मुक्त) भन्दछन् । शरीर नष्ट भएपछि जब

फेरि जन्मनाको संभावना हुंदैन उस्तो मुक्तिलाई विदेहमुक्ति भन्दछन्। जस्तो चलेको र स्थिर वायुमा अलिकति पनि भेद छैन ठीक उस्तै नै सदेह र विदेह मुक्तिमा केही विशेष भेद छैन।

मुक्ति र जड स्थितिको भेद

जड वस्तुको भित्र पनि वासनाका वीजको रूपमा सुतेकी चित्शक्ति उनको रस (विशेष-तत्त्व) का आकारमा रहन्छिन्। जस्तो वीजमा फूल आदि र माटामा घडा रहन्छ उस्तै नै जड वस्तुभित्र उनको वासना रहन्छ। उनी सुषुप्ति (जडवत् स्थिति) जसमा वासनाको वीज शेष रहन्छयो सिद्धि दिने होइनन्। सिद्धि दिने उनी तुर्या स्थिति हुन् जसमा वासना निर्वीज हुनजान्छ। यो अवस्था जसमा सद्‌रूपले वासन सुतेर रहन्छ,जस्तो वीजभित्र अंकुर रहन्छ, दोस्रो जन्म दिने-वाला हो। स्थावर आदि जति जडस्थिति छन्,जुनमा वासना सुप्त अवस्थामा रहन्छ, अवश्यै दोस्रो जन्म उत्पन्न गराउने हुन्। आगो, ऋण, रोग, वैरी, प्रेम, वैर र विषको अलिकति मात्र पनि शेष रहनाले यिनबाट दुःख हुन्छ उस्तै नै वासनाको लेश मात्रले पनि दुःख दिन्छ। जड अवस्थाको सुषुप्ति स्थिति जसमा मनको उदय भएको हुन्न, जसमा सुतेको वासना मौजूद छ यो अनेक जन्मको दुःख दिने हो। यसको उल्टो उ सत्ता सामान्य रूपवाला स्थिति हो जसमा वासनारूपी वीज डढेको हुन्छ। यस्तो स्थिति सदेह होस् वा विदेह होस् दुःख दिने हुन्न। बुद्धिपूर्वक विचार गरेर वस्तुहरूको रूप जानेर सत्ता सामान्य स्थितिको जो अनुभव हुन्छ उसलाई मोक्ष भन्छन्। जानेर वासनाको त्याग गर्नु, तब सत्ता सामान्य रूपमा रहनु कैवल्य कहलाउँछ। सज्जनका साथ

विचार गरेर, शास्त्रको अध्ययन गरेर आध्यात्मिक भावना-द्वारा जो सत्ता सामन्य रूपमा स्थिति हुन्छ उही ब्रह्मको अनुभव हो।

बन्धन र मोक्षको मिथ्यापना

बन्धन र मोक्ष दुवै अज्ञानीका झुट्टा कल्पना हुन्। बन्धन र मोक्ष दुई अज्ञान र भूलका कारण हुन्छन् वास्तवमा न बन्ध छ न मोक्ष। बन्धन र मोक्षको मोह अज्ञानीका निम्ति मात्र छ, ज्ञानीका निम्ति छैन। जो कल्पनाद्वारा बद्ध हुनजान्छ उसैका निमित्त मुक्ति पनि।छ। वास्तवमा न बन्धन छ न मुक्ति।

(२४) मोक्षप्राप्तिको उपाय

मोक्षप्राप्तिको उपाय ज्ञान

संसार-समुद्रदेखि पार हुने उपाय न वनमा बस्नु हो, न कुनै विशेष देशमा वास गर्नु न शरीरलाई कष्ट दिने तपकर्म गर्नु, न कर्म-त्याग गर्नु, न कुनै क्रियाको अनुष्ठान गर्नु, न कुनै विशेष र विचित्र प्रकारका आचारव्यवहार, न तीर्थाटन, न दान, न कुनै विद्या, न केही ध्यान, न योग, न तपस्या, न यज्ञ, न दैव (तकदीर), न कर्म, न धन, न बन्धुजन, न व्रत आदि, न शास्त्र, न गुरुको वाक्य, न ईश्वरको पूजा हो। तप, तीर्थ आदिबाट स्वर्गप्राप्ति हुन्छ, मोक्ष होइन। यसैले म भन्छु कि बन्धन परेका मनका निमित्त संसारदेखि पार हुने उपाय ज्ञान अतिरिक्त केही छैन।

बुद्धिमान् जन दुस्तर संसारसमुद्रदेखि ज्ञान युक्ति-

रूपी डुङ्गाद्वारा निमेषमा नै पार हुन जान्छन्। मोक्षप्राप्तिका निम्ति ज्ञान नै एउटा अनुष्ठान छ, दोस्रो कुनै छैन। ज्ञानबाट नै परमसिद्धि प्राप्त हुन्छ, कुनै अनुष्ठानका कष्टबाट होइन। मिथ्या ज्ञानरूपी विषूचिका (हैजा) बहुत पुरानो रोग हो, यसैको नाम जगत् र अविचार हो। यो विनाज्ञानले शान्त हुन्न। आत्माको प्रत्यक्ष ज्ञानबाट प्राणीको दुःख शान्त हुनजान्छ उसलाई जीवन्मुक्तिको अनुभव हुन्छ। ज्ञानबाट सब दुःखको नाश हुनजान्छ। ज्ञानवान्लाई नै परमानन्द प्राप्त हुन्छ, उ संसारमा डुब्दैन। ज्ञानी नै सुखी, ज्ञानी नै बलवान् हुन्छ, ज्ञानी नै बाँच्छ। यसैले ज्ञानी बन। ज्ञानबाट अज्ञान हट्छ। ज्ञानैबाट परमसिद्धि मिल्छ, दोस्रो उपायबाट होइन। जस्तो विषको असर भएपछि विषूचिका रोग शान्त हुन्छ उसै गरी आत्मज्ञान भएपछि सब दुःख शान्त हुनजान्छ।

मोक्ष प्राप्तिको साधन देवताको आराधना हुँन

आत्मा नै आफ्नो बन्धु, आत्मा नै आफ्नो शत्रु हो। आत्माद्वारा यदि हाम्रो रक्षा हुँदैन भने दोस्रो कुनै उपाय नै छैन। जो गति अभ्यास, वैराग्य, इन्द्रियनिग्रहद्वारा आत्माबाट प्राप्त हुन्छ त्यो तीनै लोकमा अरू कसैबाट पनि मिल्दैन। यसैले आत्माको पूजा गर, आत्माकै आराधना गर, आत्माकै दर्शन गरेर आत्मामा रहू। जस्तो पृथ्वीबाट अन्न उत्पन्न हुन्छ उस्तै आफ्नो मन निग्रह गर्नाले नै सब उत्तम स्थान र सबै चिरस्थायी संपत्ति प्राप्त हुन्छ। विष्णु आदि देवताको भक्ति ता उनलाई शुभ मार्गमा लगाउनाका लागि बनाएको हो जो मूर्ख अध्यात्म-

शास्त्र, प्रयत्न, विचारबाट टाढा भाग्छ । यदि विष्णु आदि देवतालाई प्रसन्न गर्ने मिहिनेत गर्न सक्छ भने, आफ्नो मनैलाई शुद्ध गर्ने प्रयत्न किन गर्दैन ? सबै प्राणीका हृदयमा विष्णु (आत्मा) निवास गर्छन् । आफूमा रहेका विष्णुलाई छोडेर जो बाहिर विष्णुको तलाश गर्छ त्यो अधम हो । ठूला तेजस्वी विष्णुबाट जो वर प्राप्त भएको देखिन्छ त्यो पनि वास्तवमा आफ्नै अभ्यासरूपी वृक्षको फल हो ।

हे राम, यो संसार नामवाली अनन्त माया आफ्नो आत्मालाई जितेपछि शान्त हुन्छे, दोस्रो कुनै उपायबाट हुन्न । धेरै काल आराधना गर्नाले बहुत प्रसन्न भएपछि पनि विष्णु आदि देवता विचार नगर्ने पुरुषलाई ज्ञान दिन सक्तैनन् । जो मानिस जेसुकै पनि जहाँ प्राप्त गर्छ त्यो सबै आफ्नै शक्तिका प्रयोगबाट प्राप्त गर्दछ, कसैको द्वारा होइन । जो आफ्नो मनलाई शान्त गर्नाले, आत्मालाई जान्नाले सिद्ध हुन्छ त्यो न धनबाट, न गुरुबाट, न हरिबाट मिल्न सक्तछ । यदि गुरु आदिले कुनै व्यक्तिलाई उसको आफ्नो पुरुषार्थविना नै उद्धार गर्न सक्छन् भने यिनले ऊँट, हात्ती, बैल, आदिको उद्धार किन गर्दैनन् ?

ईश्वर सबको भित्र छ

ऊ ईश्वर कहीं टाढा छैनन् । चिन्मात्र रूपले शरीरभित्र नै सदा रहन्छन् । शिव पनि चिन्मात्र छन्, विष्णु पनि चिन्मात्र हुन्, ब्रह्मा पनि चिन्मात्र हुन्, सूर्य पनि चिन्मात्र हुन् । न भगवान् टाढा छन्, न कठिनाइले नै प्राप्त हुन्छन् । उनी ता आफ्नै भित्रबाट नै निजानन्दरूपमा प्रकट हुन्छन् । आफ्नै हृदय गुफाभित्र बसेका ईश्वरलाई छोडेर जो व्यक्ति दोस्रो ईश्वरको तलाश गर्छ त्यो आफ्नो हात परेको कौस्तुभ-

मणिलाई छोडेर मामुली रत्नको तलाश गर्छ। यी देवताको देवता परमात्माको प्राप्ति ज्ञानैबाट हुन्छ, कुनै अनुष्ठान दुःखबाट होइन। विना ज्ञान र कुनै साधनले यो आत्मा प्राप्त हुँदैन। परमात्मप्राप्ति गर्नामा ज्ञान नै एउटा अनुष्ठान हो, दोस्रो होइन।

आत्मदेवको पूजा गर्ने विधि

जसको बुद्धि चेतन भएको छैन, जसको चित्त चंचल छ खालि उनैका निम्ति बाहिरी र बनावटी देवपूजाको विधि छ। जो देव सब जगह मौजूद छ, ज्ञानरूपले सब प्राणीको भित्र छ, उसका निम्ति आवाहन मंत्र आदिको आवश्यकता छैन। आत्मदेवको पूजामा न बत्तीको, न धूपको, न फूलको, न अन्नको, न दानको, न चन्दन लगाउनाको, न भोगको आवश्यकता छ। उसको पूजा खालि एउटै विधिबाट हुन्छ, त्यो हो उसको ध्यान जसमा कुनै कुराको दुःख छैन जो शीतलता दिने अमृत हो। यही बडो भारी ध्यान हो। यही बडो भारी पूजा हो कि शरीरमा रहेका परम शिव आत्माको ध्यान गरियोस्। यही परम योग हो, यही बडो भारी क्रिया हो। शम र बोध आदि फूलद्वारा आत्माको पूजा गर्नु नै असली पूजा हो कुनै आकारको पूजा गर्नु वास्तविक पूजा होइन। आफ्नो भित्र ध्यान गर्नु सिवाय अरू कुनै आत्माको पूजै छैन। संवित् (ज्ञान) रूप आत्मदेव कुनै उपहारबाट प्रसन्न हुन्नन् देख्दा, सुन्दा, छुँदा, सुङ्दा, खाँदा, पिउँदा, सुत्ता, उठ्ता हिंड्दा, सास फेर्दा, बोल्दा, लिंदा-दिंदा अर्थात् सब काम-गर्दा संवित् (ज्ञान) मय बन्नुपर्छ। आफ्नो आत्मा रूपी ईश्वरलाई ध्यानरूपी अमृतले पूजा गर। आत्मदेवका निमित्त

ध्यानै सर्वोत्तम उपहार छ। ज्ञान नै यिनलाई प्रसन्न गर्ने विधि हो। संवेदनात्मक शुद्ध ज्ञान नै यिनका निम्ति पाद्य अर्घ्य आदि हो। ध्यानको आश्रय गर। विना ध्यानले र अरू कुनै विधिबाट आत्माको प्राप्ति हुंदैन। आत्मध्यानबाट नै सब भोग, सुख र लक्ष्मीको प्राप्ति हुन्छ।

ज्ञानीहरूको पूजा

चिन्मात्र आत्मदेवको पूजा समबुद्धिबाट सबै यथाप्राप्त वस्तुद्वारा हुन्छ। उसको पूजाको निम्ति कुनै अप्राप्त र अपूर्व वस्तुका लागि यत्न गर्नाको आवश्यकता छैन। उसको पूजा सबै यथाप्राप्त वस्तुहरूबाट गर्नुपर्छ। शरीरद्वारा गरिने सबै कामद्वारा आत्माको पूजा हुन्छ। कामको भोगबाट, खानेकुरा खानुबाट, नानाप्रकारका ऐश्वर्यको प्राप्तिबाट, यथाप्राप्त सवारीबाट, बिछ्याउनामा सुत्नुबाट, स्त्री,खानु–पिनु आदि भोगबाट, अरू सब सुखभोगबाट, आधि–व्याधिको सहनबाट, मोहमा हाल्ने प्रीतिका अनुभवबाट, यथाप्राप्त सब आपत्ति दुःखसहनबाट, दरिद्रता वा राजभोग भोग्नुबाट, नानाप्रकारका चेष्टाबाट,रागद्वेषबाट,मधुर मित्रताबाट, करुणा उपेक्षा प्रसन्नताबाट, शक्तिको शुद्ध उपयोगबाट, अकस्मात् प्राप्त अनियत अथवा स्थिर भोगको उपभोगबाट, वीत-राग भएर निषिद्ध अथवा अनिषिद्ध भोग त्याग्नुबाट, इच्छित अनिच्छित भोग निर्विकार रहेर भोग्नुबाट, सब प्रकारका दृष्टिमा चेष्टामा सधैं समभाव राख्नुबाट, धन प्राप्त गर्नु र धन त्याग गर्नुबाट, जो गयो उसको उपेक्षा र जो आउँछ उसको प्राप्ति गर्नुबाट, जो टाढाबाट सुखदायी अथवा दुःखदायी देखिन्छ उ सब दृश्यमा समबुद्धि राखेर घुम्नुबाट, म यो हू

यो होइन यस विचारलाई त्यागेर सब कुरो ब्रह्म हो यो भाव निश्चित गर्नुबाट, सब रूपबाट, सब आकारबाट, इच्छित र अनिच्छित दुवै पदार्थको त्याग वा ग्रहणबाट देश काल क्रियाद्वारा जेसुकै शुभ अशुभ जो फल प्राप्त हुन्छ उसलाई विना कुनै मानसिक विकारले ग्रहण गर्नुबाट प्राणी आत्मदेवको पूजा गर्न सक्तछ।

बाहिरी देवताको पूज्य गौड हो

आत्माको मुख्य आकार त्यो नित्य चित्तत्त्व हो जो हृदयगुफामा वास गर्छ। शंख, चक्र, गदा, पद्म धारण गर्ने रूप गौड हो। जो मुख्य आकारलाई छोडेर गौड आकारको पछाडि दौडन्छ त्यो सिद्ध रसायनलाई फ्याँकेर दोस्रो सिद्ध गर्न प्रयास गर्छ। आत्माको दर्शन गर्नामा मुख्य यत्न पुरुषको स्वयं गरेको आत्मविचारै हो। गौड छोडेर मुख्यको आश्रय लिनुपर्छ। जो आफ्नो चित्त वशमा गर्न सक्तैन, जसको भित्र आत्मा अनात्माको विवेक उत्पन्न भएको छैन, उसैले शंख चक्र आदि हातमा लिएको साकार ईश्वरको पूजा गर्छ। संसारमा वैराग्य उत्पन्न गर्ने उस भगवान्को पूजा गर्नाले कष्ट र तपस्याबाट बखत भएपछि उसको मन शुद्ध हुनजानेछ। जस्तो काँचो आँप बिस्तार बिस्तार पाक्छ उस्तै नै उसको मन नित्य अभ्यास र विवेकबाट केही कालमा शुद्ध हुनजान्छ। यस प्रक्रियामा पनि वास्तवमा आत्मा नै फल दिन्छ, हरिपूजा आदि साधन ता निमित्त मात्र हुन्।

मोक्षप्राप्तिका निति कर्मत्यागको अनावश्यकता

हे राम, कर्म पुरुष हो, पुरुष कर्म हो। जस्तो बरफ र शीतलता अभिन्न छ उस्तै पुरुष र कर्म भिन्न छैन। पुरुष र कर्ममा, संवित् र स्पन्दमय आत्मामा कल्पना अतिरिक्त अलिकति पनि भेद छैन। अतएव वेदनात्मक सूक्ष्म कर्मको जहाँतक शरीर छ तहाँतक त्याग र ग्रहण निरर्थक छ। जबतक आत्मामा चेत्यतर्फ प्रवृत्ति छ तबतक उ वासना, इच्छा, मन, कर्म, संकल्प आदि रूपमा प्रकट भइरहन्छ। चाहे ज्ञानी होस् चाहे अज्ञानी जहाँतक शरीरमा चित्त छ तहाँतक कर्म त्याग हुनै सक्तैन। नरकमा होस् अथवा स्वर्गमा, कर्म गर्दा गर्दै अथवा नगर्दै जसको जस्तो वासना हुन्छ उस्तै नै उसको मन अनुभव गर्दछ। यस कारण जसले तत्त्वज्ञान प्राप्त गरेको छैन उ कर्म गरोस् वा नगरोस, कर्मको कर्ता नै हो। ज्ञानी कर्म गरोस् वा न गरोस् उसमा वासना नहुनाले अकर्ता नै हुन्छ। जबतक शरीर छ तबतक मुक्त पुरूषलाई पनि स्वाभाविक कर्म त्याग्नु उचित छैन। जहाँतक आयु छ तहाँतक शरीर ता अवश्यै क्रिया गरिरहन्छ। अतएव मुक्तिका निम्ति कर्मत्यागको आवश्यकता छैन।

सम्यक् ज्ञानको स्वरूप

यहाँ अनादि र अनन्त प्रकाशवाला परमात्मा नै छ, यस्तो शंकारहित निश्चय सम्यक् ज्ञानलाई ज्ञान भन्दछन्। घटपट आकारवाला जति संसारका पदार्थ छन् ती सब आत्मा नै हुन्। आत्मा अतिरिक्त यहाँ अरू कुनै तत्त्व छैन-यस्तो निश्चय सम्यक् ज्ञान हो। ज्ञान कहिल्यै ज्ञेय हुन

सक्तैन, यहाँ खालि अक्षय ज्ञान नै हो, यो वर्णन गर्न सकिन्न यस प्रकारको बोध सम्यक् ज्ञान हो।

आत्मज्ञान आफ्नै यत्नबाट हुन्छ

आत्मदेवको ज्ञान आफ्नै पुरुषार्थ र विवेकबाट हुन्छ, तपस्या स्नान आदि कुनै अनुष्ठानबाट हुन्न। आत्मा आफैं आफ्नो सात्विक बुद्धिद्वारा जानिन्छ। सब जगह र हमेशा आफ्नै अनुभवद्वारा नै जानिन्छ। आफ्नो प्रज्ञामयी हितकारिणी बुद्धिद्वारा नै त्यो पद प्राप्त हुन्छ, अरू कुनै क्रियाबाट हुँदैन। जबतक आफैंले आफ्नो विचारद्वारा आत्मदर्शन गरिंदैन तबतक उसलाई ज्ञान हुँदैन। बुद्धिमान्ले संसारका सब वस्तुमा यस दृष्टिबाट विचार गर्नु पर्छ कि यिनमा कुन सत्य हो कुन असत्य। निश्चय भएपछि असत्यको त्याग गरोस् सत्यको ग्रहण। शुद्ध विचारबाट नै आत्माले आत्मालाई जान्दछ। संसारको भावना विचारैबाट लीन हुन्छ।

विचारका निमित्तको चित्त शुद्धि

हे राम, शास्त्रको अध्ययनबाट, गाढा वैराग्यबाट, सत्संगबाट मन पवित्र गर्नु पर्छ। आपत्ति नाश गर्नाका निम्ति वैराग्य, शास्त्र र उत्तम गुणद्वारा यत्नपूर्वक मनलाई उच्चो उठाउनुपर्छ। शास्त्रको अध्ययन, सज्जनको संगत र शुभकर्म गर्नाले पाप क्षीण भएर सार वस्तु संझने बत्ती जस्तै प्रकाश भएकी बुद्धिको उदय हुन्छ।

विचारको विषय

म को हूँ ? यो संसार किन छ ? के हो ? कसरी छ ? जन्म-मरण किन हुन्छ ? यी सब कुरामा विचार गर्नाले मन शुद्ध र महान् हुन्छ। जुन जुन पदार्थको मानिस आश्रय लिन्छ उही

नाशवान् छ यो देखिन्छ। संसार असार छ, उत्पन्न र नाश-वाला छ, दुःखदायी अवस्थाले परिपूर्ण छ–के यो नीचबुद्धि-वालालाई थाहा छ? आत्मामा सुखदुःखको अनुभव हुनु यत्तिको असत्य छ जस्तो कि आकाशमा गोलाइ र नीलोपन हुनु। दुःख र सुख न देहलाई हुन्छ न आत्मालाई। अज्ञानबाट नै यसको अनुभव हुन्छ, अज्ञान नष्ट भएपछि यसको अनुभव कसैलाई हुँदैन। आत्मा र शरीर एउटा अर्कोसित मिलेर रहेका छन्। देहबाट आत्मालाई अलग गरेर सुखी होऊ।

अविद्याबाट अविद्या नाश

मुमुक्षुको सात्त्विक अविद्या अंश आदि सात्त्विक अविद्याद्वारा नष्ट हुनजान्छ। जस्तो धोबीले मैललाई मैलैबाट साफ गर्दछ उस्तै नै अश्रेष्ठ अविद्यालाई श्रेष्ठ अविद्याले दूर गर्छ। अविद्या क्षीण भएपछि अकस्मात् आफूमा आत्माको विचार उदय हनजान्छ, आफ्नो स्वरूपको निश्चय हुनजान्छ। अविद्या क्षीण हुनाको यो अर्थ हो कि आत्मा आत्माको विचार गर्छ औ आत्माले आत्मालाई जान्दछ, यो अनुभव हुन्छ कि आत्मै हो अविद्या होइन।

ज्ञानप्राप्तिमा शास्त्रको उपयोग

शास्त्रमा धर्म, अर्थ, काम तीन वर्गको नै उपदेश छ। ब्रह्मप्राप्तिको विषय ता अवाच्य हुनाले शास्त्रमा मिल्दैन। शास्त्रका सबै वाक्यको अर्थ विचार गर्नाले बखतमा ब्रह्म-प्राप्तिको अनुभव हुन्छ। ब्रह्मज्ञान शास्त्रका सब अर्थभन्दा परको विषय छ, जस्तो स्त्रीको सौन्दर्य

उसका शरीरका सब अंगदेखि परको वस्तु हो। सब शब्द देखि परको ब्रह्मज्ञान न शास्त्रबाट प्राप्त हुन्छ, न गुरुका वाक्यबाट, न दान र ईश्वरपूजा आदिबाट। शास्त्रानुसार अभ्यास र योग गर्नाले चित्तशुद्धि हुन्छ, चित्तशुद्धि भएपछि चित्त आफैं नै परम पदको अनुभव गर्न लाग्छ। शास्त्र अविद्याको अंश हो, तर सात्त्विक अंश। सात्त्विक भागबाट अविद्याको तामसिक भाग क्षय हुनजान्छ। शास्त्ररूपी मैलबाट अविद्यारूपी मैल धोएर पुरुषले परमशुद्धि प्राप्त गर्छ। मोक्ष इच्छा र शास्त्रका मेलबाट सब ज्ञानदेखि परको आत्मज्ञान उदय हुनजान्छ। जस्तो बालक हातमा लागेको माटो माटैले धोएर साफ गर्छ उस्तै नै शास्त्रका कल्पनाद्वारा आफ्ना मनको सांसारिक कल्पनालाई हटाएर ज्ञानी परम पवित्रतालाई प्राप्त गर्छ। जस्तो ऊखुको रस चुसेर मानिस उसको स्वाद लिन्छ उस्तै नै शास्त्रका महावाक्यमा जो ब्रह्मानन्द भरिएको छ उसको भोग ज्ञानीले आफ्नो अनुभवद्वारा नै गर्दछ। वास्तवमा आत्मा शास्त्रद्वारा जानिदैन, न गुरुको वचनद्वारा। उ ता आफ्नो अनुभवद्वारा नै जानिन्छ। गुरुको उपदेश र शास्त्रको अध्ययनविना पनि आत्मज्ञान हुंदैन। अधिकारी, शास्त्र, गुरु यी तीनको संयोग भएपछि नै आत्मानुभवको प्रकाश हुन्छ।

(२५) ज्ञान प्राप्तिको साधन

ज्ञानबन्धु

हेराम, म ज्ञानबन्धुभन्दा अज्ञानीलाई ज्यादा असल संझन्छु। ज्ञानबन्धु उ हो जो शास्त्रको पठन र चर्चा शिल्पकार जस्तै भोग प्राप्ति गर्नाका लागि नै गर्दछ, उसको अनुसार चल्नाका निम्ति

हुँदैन, जसका ज्ञानको उसलाई जीवनमा केही प्रभाव हुंदैन, जो अन्न–वस्त्र मात्र प्राप्तिलाई शास्त्रका अध्यनको उचित फल संझन्छ जस्तो शिल्पशास्त्र जान्ने मानिस। जो श्रुतिमा कहेको प्रवृत्तिमार्गमा चल्नु नै आफ्नो धर्म संझन्छ, ज्ञानदेखि दूर भाग्छ। आत्मज्ञान नै वास्तवमा ज्ञान हो, वस्तुको ज्ञान ता ज्ञानाभास मात्र हो किनभने उसबाट सारवस्तुको ज्ञान हुदैन। जो आत्मज्ञान नपाएर अरू ज्ञानबाट सन्तुष्ट हुन्छ त्यो ज्ञानबन्धु हो।

ज्ञानी

जो पुरुष ज्ञानबाट जानेका ज्ञेय पदार्थका ध्यानमा यत्तिको लागेको छ कि उसलाई आफ्नै मनको पनि ध्यान छैन, जसको चित्त अचित्त हुन गएको छ, उसलाई कर्म-फलको चिन्ता छैन उ ज्ञानी हो। जो जान्न योग्य वस्तु जानेर कर्म गर्दा वासनारहित हुनजान्छ, उही ज्ञानी हो। जसका मनको इच्छा शान्त भएको छ उही ज्ञानी हो। जसको ज्ञान यस्तो छ जसमा पुनर्जन्म हुनाको संभावना छैन उही ज्ञानी हो। जो जस्तो औसर पऱ्यो उस्तै कामना र संकल्पविना शान्तहृदय भएर काम गरिरहन्छ उही ज्ञानी हो।

अभ्यासको महत्व

शयकडौं जन्ममा अनुभूत हुनाको कारण बहुत दृढ भएको संसार भावनाको क्षय, विना धेरै काल अभ्यास र योग नगरी हुँदैन। कुनै काम बराबर गर्नाको नाम अभ्यास हो। विनाअभ्यास आत्मभावनाको उदय हुन्न। उसैको चिंतन गर्नु, उसैको वर्णन गर्नु, अर्कालाई उसैको ज्ञान गराउनु, उसैको विचारमा तत्पर रहनु अभ्यास कहलाउँछ। जसको भित्र वैराग्यरसले

रँगिएको, उदारता र सौन्दर्यले परिपूर्ण, आनन्द प्रसार गर्ने बुद्धिको उदय भएको छ यो आत्मज्ञानको अभ्यासी हो। जो युक्ति र शास्त्रका अभ्यासबाट ज्ञाता र ज्ञेय दुवैका अभावको अनुभव गर्ने यत्न गरिरहन्छ त्यो ब्रह्माभ्यासी कहलाउँछ। विनाअभ्यास कल्याणकारी ज्ञानमा विश्राम हुँदैन। अभ्यास गरिरहनाले समय भएपछि अवश्य शान्तिको अनुभव हुनेछ।

योग

संसारबाट पार उत्रने युक्तिको नाम योग हो, यो दुइ प्रकारको छ आत्मज्ञान र प्राणनिरोध। यद्यपि दुइटै मार्गको नाम योग हो तथापि प्राणनिरोध नै योग शब्दले अधिक प्रचलित छ। कसैका निमित्त योगमार्ग कठिन छ, कसैका निमित्त ज्ञानमार्ग। चित शान्त गर्नामा दुई उपाय छन्–एउटा योग, दोस्रो ज्ञान। योगको अर्थ हो चित्तवृत्तिनिरोध गर्नु, ज्ञानको अर्थ हो यथास्थित वस्तुलाई जान्नु। चित्तवृत्ति (स्पन्दन) दुइटामा कुनै एउटाको क्षय भएपछि अर्को पनि क्षय हुन्छ। एउटा गुणी हो अर्को गुण, एउटा नष्ट भएपछि दुवै नष्ट हुन्छन् यसमा संदेह छैन।

योगको निष्ठा

जीवको परमात्मामा उस्तो स्थिति हो जो तुरीय छ, जो जाग्रत, स्वप्न, सुषुप्ति आदि अवस्थाको बीजले रहित छ, जो आनन्द र चितिको अनुभव हो, परमज्ञान र आनन्द उही हो जो योगबाट प्राप्त हुन्छ। उस स्थितिको अनुभव नभई सब लहर शान्त भएको, मन नरहेको अमृतसमुद्रमा प्रवेश हुँदैन। योग शब्दको तीन अर्थ छः– एक तत्त्वको अभ्यास, प्राणको निरोध, मनको निग्रह। यी तीनमा कुनै एउटाको

अभ्यास भएपछि तीनौटै सिद्ध हुनजान्छन्। यी तीनमा मनोनिग्रह सबभन्दा उत्तम छ, यो सिद्ध भएपछि चाँडै नै कल्याण हुनजान्छ।

(९६) एकतत्त्वको अभ्यास

एकतत्त्वको गहिरो अभ्यासबाट मन सहजैमा शान्त हुनजान्छ। मन स्वभावमा लीन भएपछि प्राण पनि शान्त हुन्छ। एकतात्त्वको अभ्यास तीन प्रकारबाट गरिन्छ–ब्रह्मभावना, पदार्थभावभावना, केवलभावना।

ब्रह्म भावना

अनन्त आत्मतत्त्वको विचार गरेर मनलाई तन्मय बनाउने यत्न गर्नु पर्छ। मन तल्लीन भएपछि उ स्थिर हुनजान्छ। आत्मतात्त्वमा मन स्थिर गर्नाले प्राणसहित मन स्थिर हुन्छ। आत्मा जस्तो जस्तो भावना गर्दछ उ चाँडैनै उस्तै हुनजान्छ, उस्तै नै शक्तिले पूर्ण हुनजान्छ, जस्तो खहरे पनि वर्षा भएपछि ठूलो नदी बन्नजान्छ उस्तै नै भावनाद्वारा मन आत्मा भएर अनन्त र सब कुरो हुनजान्छ।

पदार्थमा अभावभावना

असत्य दृष्टि क्षीण भएपछि र सत्य दृष्टि दृढ भएपछि आत्मा निर्विकल्प र शुद्ध चितिको आकार धारण गर्दछ। जगत् रूपी भ्रम, जो आकाशको रंग जस्तै देखना मात्रको छ, उसको अभावज्ञान दृढ भएपछि ब्रह्मरूपको ज्ञान हुन्छ। दृश्य जगत्को अत्यन्त अभावको भावना नभई कुनै दोस्रो शुभ गति हुंदैन।

द्रष्टा, दर्शन, दृश्य सबैलाई अत्यन्त असत् सझेर निर्विकल्प समाधिमा एकतत्त्वका ध्यानमा डुबेपछि, हृदयमा वासना-क्षयका अंकुरको बीज रोपिएपछि क्रमैले राग द्वेष आदिको उत्पत्ति हुन्न, संसारको भावना निर्मूल हुन्छ, निर्विकल्प समाधि पनि दृढ हुन लाग्छ। अहंभाव र जगत् अत्यन्त-असत् हुनाको अभ्यास नभई नित्यरूप मुक्तिका अनुभवको उदय हुंदैन।

केवलीभाव

दृश्यको अत्यन्त अभाव भएपछि जब द्रष्टाको द्रष्टापन आफै लय हुनजान्छ तब जो सत्ता बाँकी रहन्छ उसैलाई केवलीभाव भन्दछन्। जस्तो हावा रोकिए-पछि उसको क्रिया शान्त हुनजान्छ उस्तै नै केवलीभाव प्राप्त भएपछि राग द्वेष आदिका सबै वासना शान्त हुनजान्छन्। तीनै जगत्, तिमी, म, सब दृश्य शान्त भएपछि द्रष्टा आफ्नो शुद्ध आत्मस्वरूप हुनजाने केवलीभाव अनुभव हुन लाग्छ। म, तिमी, जगत् आदि दृश्य भ्रम शान्त भएपछि र द्रष्टाको अनुभवमा नआएपछि केवलताको अनुभव हुनजान्छ।

(२७) प्राणनिरोध

प्राण र मतको सम्बन्ध

जस्तो पंखाको गति रोकिएपछि हवाको गति रोकिन्छ उस्तै नै प्राणको गति रोकिए-पछि मन शान्त हुनजान्छ। मन शान्त भएपछि अवश्य नै यो संसार विलीन हुन-जान्छ जस्तो द्रव्यका छायाको गति द्रव्यको गतिसमान हुन्छ उस्तै प्राणको रूप पनि मानसिक हो। मनले नै प्राणको

कल्पना गरेको छ, यस कुराको पनि कल्पना गरेको छ कि प्राण उसको गति हो, प्राण नभईकन उ रहन सक्तैन। यसै कारणले उ प्राणका उपर निर्भर रहन्छ। मन जसको अभ्यास गर्छ उसैको अनुभव गर्छ। मन संझन्छ कि प्राण उसको जीवन हो, यसैले नै प्राणमा मनको स्थिति छ।

प्राणविद्या

प्राणविद्याबाट जीवको सब दुःख नाश हुन्छ, सब प्रकारको सौभाग्य वृद्धि हुन्छ। शरीरको मेरुदण्डका मध्यमा दुइटा मिलेका कोमल इला र पिंगला नामक नाडी छन्। हाड मासुले बनेका, तल–माथि गर्ने नालसमेतका, कमलो पात भएका कमलका फूलको जोडासमान तीन यंत्र (शरीरका माथिल्लो भागमा) रहेका छन्। यी यन्त्रका पात वायुका प्रवेशबाट विकसित हुन्छन्। वायुले व्याप्त भएपछि उनका पात विस्तार विस्तार हल्लन्छन्। यी पात हल्लनाले वायुको वृद्धि हुन्छ। जस्तो वायुद्वारा लहरा पात हल्लनाले बाहिर चारौंतर्फ अरू हावा फैलिन्छ। भित्र जब बायुको आकार बढ्छ तब त्यो बायु मास्तिर, तलतिर चारौंतर्फ शरीरका नाडीद्वारा फैलिन्छ। हृदयमा पसेको वायु शरीरमा फैलिएर नाना प्रकारको चेष्टा गर्दै विशेष स्थानमा रहेर प्राण, अपान, समान, व्यान, उदान नामले प्रसिद्ध हुन्छ। शरीरभित्र हृदयमा रहेका तीन यंत्रमा प्राणका सारा शक्ति रहन्छन् औ उहाँबाट यसरी शरीरमा फैलिन्छन् जस्तो चन्द्रमाको किरण फैलिन्छ। यी प्राणशक्तिहरू जान्छन्, आउँछन्, आकर्षण गर्छन्, हरण गर्छन्, विहार गर्छन्, मास्तिर चढ्छन्, तल झर्छन्। हृदयमा रहने वायु प्राण कहलाउँछ।

यसको एउटा शक्ति आँखामा गएर उसको संचालन गर्छ, एउटा छालामा जान्छ, एउटा नाकमा, एउटा भोजन पचाउँछ, एउटा जिभ्रोमा गएर वाणीलाई संचालन गर्छ। धेरै कति भनूं सारा शरीरलाई भगवान् प्राण यसरी संचालन गर्छ कि जस्तो कोही यांत्रिक कुनै यंत्रलाई चलाउँछ। शरीर-भित्र रहने वायुको दुई भाग छ—एउटा माथितर जान्छ, दोस्रो तलतिर, उनको नाम प्राण र अपान हो। कमलनालका एक तन्तुको हजारौं हिस्साभन्दा पनि सूक्ष्म र दुर्लक्ष्य गति प्राण र अपानको छ। शरीरका बाहिर–भित्र माथिल्लो भागमा सदागति र स्पन्दनशक्तिवाला प्राण सधैं रहन्छ, यस्तै अपान तल्लो भागमा रहन्छ। प्राण र अपानको गति जानेर र वश गरेर योगी स्वस्थ रही सुखभोग गर्दछ। हृदयमा रहेको कमलपत्रबाट प्राणको उदय हुन्छ, १२ अंगुलतक बाहिर आएर त्यो अस्त हुनजान्छ। अपानको १२ अंगुल टाढामा उदय भएर भित्र हृदयमा रहेका कमलका बीचमा अस्त हुन्छ। जहाँ १२ अंगुलमा बाहिर प्राणको अस्त हुन्छ उहींबाट प्राणका अस्तको पछाडि अपानको उदय हुन्छ। प्राणको गति अग्निशिखा जस्तै हृदयबाट माथितर र बाहिर छ, अपानको गति जल जस्तै हृदयाकाशतर्फ बाहिरबाट भित्र तलतिर छ। अपानरूपी चन्द्रमाको कला जब र जहाँ प्राणरूपी सूर्यद्वारा ग्रस्त हुनजान्छ त्यो स्थान भेट्टाउनाले फेरि शोक हुंदैन। यसै गरी जब प्राणको कलालाई अपान ग्रस्त गर्दछ त्यो स्थान भेट्टाउनाले जन्मनु पर्दैन। भित्र र बाहिर रहने वायु नै प्राण र अपानको रूप धारण गर्छ। जब बाहिर (१२ अंगुलमा) प्राण ता शान्त होओस् औ अपानको उदय नहोओस् तब ध्यान लगाउनाले शोक हुंदैन। यसै

गरी हृदयभित्र जब अपान शान्त हुन जाओस्, प्राणको उदय नभएको होओस्, उस बखत ध्यान लगाउनाले पुनर्जन्म हुंदैन किनभने उही आत्माको आधार हो। त्यो यस्तो ठाउँ छ उसमा प्राण र अपान, उदय र अस्त, सूर्य र चन्द्रमा दुवैको समागम हुन्छ। हृदयमा अपानको अस्त भएपछि प्राणको उदय हुन्छ, बाहिर प्राणको अस्त भएपछि अपानको उदय हुन्छ। यी दुइटाका उदय र अस्तको बीच अवस्था, जसमा प्राण र अपान दुवैका गतिको अनुभव हुन्न, आत्माको निजी अवस्था हो। उसमा रहनु नै योगीहरूको ध्येय छ। उसमा तब नित्यस्थिति हुन्छ जब प्राणका गतिको बिलकुल निरोध हुन्छ।

स्वाभाविक प्राणायाम

जो सबभन्दा उत्तम प्राणायाम छ, उसलाई ज्ञानीजन सुत्ता, उठ्ता गरिरहन्छन्। हे राम, त्यो आफ्नो कल्याणका निम्ति सुन—हृदय-कमलका कोश (फोक्सो) बाट प्राण बाहिर निस्कनाको नाम रेचक हो। बाहिर १२ अंगुलबाट प्राणलाई भित्रका अंगमा ल्याउनाको नाम पूरक हो। बाहिरबाट अपान भित्र आएपछि उसद्वारा भित्रका अंग यत्नपूर्वक भर्नाको नाम पूरक हो। हृदयमा आएर जब अपान अस्त हुन्छ, उहाँबाट प्राणको उदय भएको छैन त्यो अवस्था कुंभक कहलाउँछ, योगीलाई यसको अनुभव हुन्छ। यी रेचक, कुंभक, पूरक स्वाभाविक छन्, सदा भइरहन्छन्। जो वायु १२ अंगुल बाहिरबाट उदय हुन्छ उसको उहीं (बाह्य) पूरक आदि प्राणायाम हुन्छ। नाकदेखि बाहिर १२ अंगुल टाढा, माटामा प्रकट नभएको घडा जस्तै जब वायु आकाशमा स्थिर रहन्छ उसलाई बाह्यकुम्भक भन्दछन्। बाहिरतर्फ

जाने वायु नाकको टुप्पासम्म पुग्नुलाई प्रथम बाह्यपूरक भन्छन्। त्यहाँ देखि १२ अंगुलतक प्राण जानाको नाम दोस्रो बाह्यपूरक हो। प्राण बाहिर अस्त भएपछि अपानको उदय नभएसम्मको अवस्थालाई बाह्यकुम्भक भन्छन्। अपानको उदय हुनुभन्दा अगाडि जो उसको भित्रतर्फ जाने प्रवृत्ति हुन लाग्छ त्यस मुक्तिदायक प्राणायामलाई बाह्य-रेचक भन्छन्। १२ अंगुल उठेर अपानको आकारमा हुनु दोस्रो पूरक हो। यी बाहिरी भित्री प्राणको स्वभाव कुंभक आदि जानेपछि योगी फेरि जन्मँदैन। उठ्ता, बस्ता, हिंड्दा सुत्दा यी प्राणायाम गरिरहनाले स्वभाविक चंचल वृत्तिवाला प्राण पनि वशमा आउँछ। यी प्राणायाम गरिरहने मानिस बुद्धिलाई चिनमा लगाएर जेसुकै गरोस्, खाओस् पिओस्, उसलाई कर्तृत्वको स्पर्श हुंदैन। यस अभ्यासमा खूब लागेर, बाहिरबाट मनलाई रोकेर, केही दिनमा नै मानिस कैवल्य-पद प्राप्त गर्दछ। यिनको अभ्यास गरेपछि मनलाई बाहिरका विषयमा आनन्द आउँदैन, जस्तो ब्राह्मणलाई कुकुरको मासुमा। जब प्राण बाहिर आएर अस्त हुन्छ, अपानको उदय हुन आँटेको होस् यस बाह्यकुंभकको अवलंबन गरेर योगी शोकबाट रहित हुनजान्छ। हृदयमा अपान अस्त भएपछि प्राणको उदय नभएसम्मको अवस्था (भित्री कुंभक) अवलम्बन गर्नाले पनि योगी शोकरहित हुन्छ। प्राणलाई निकालेर अपानको ग्रहण नगरी शुद्ध कुंभकको अभ्यास गर्नाले परिताप हुंदैन। अपानलाई भित्र लगेर प्राणलाई बाहिर ननिकाली जो भित्री कुंभक हुन्छ उसको अभ्यास गर्नाले पुनर्जन्म हुँदैन। प्राण र अपान दुवै जब भित्र लीन हुनजान्छन् उस अवस्थाको अभ्यास गरी आत्मा शान्त

भएपछि शोक हुँदैन । प्राणलाई खान जब अपान उद्यत हुन्छ उस कल्पनारहित कालको ध्यान गर्नाले फेरि शोक पर्दैन । यस्तै अपानलाई खान जब प्राण तत्पर हुन्छ उस देश, कालको ध्यान गर्नाले शोक हुँदैन । जब, जहाँ, बाहिर, भित्र, प्राण र अपान एउटाले अर्कोलाई निल्दछन् ओ एकछिनका लागि प्राणको गति रोकिन्छ, प्राण र अपान दुवैको अभाव हुनजान्छ त्यो बिना कुनै यत्नबाट हुने सिद्धावस्थालाई बाहिरी–भित्री कुम्भक भन्दछन् । उस अवस्थामा नै आत्माका शुद्धरूपको भान हुन्छ ।

प्राणको गति रोक्ने युक्ति — वैराग्य, कारणको अभ्यास, व्यसनक्षय, परमार्थज्ञान, शास्त्र, सत्संग, अभ्यास, संसारका वस्तुमा आसक्ति त्याग, ध्यानद्वारा एकताको अनुभव, एकतत्वको गूढ अभ्यास, पूरक आदि प्राणायामको अभ्यास, एकान्तमा बसेर ध्यान लगाउनु, ओंको उच्चारणद्वारा शब्दतत्त्वको अभ्यास भावना, सुषुप्त अवस्थामा संवित् लैजानु, रेचकको अभ्यास, प्राणलाई शान्त गर्ने अभ्यास, पूरक अभ्यास, तालुका मूलमा रहेको घंटीलाई दवाएर प्राणलाई ऊर्ध्वरन्ध्रमा लैजानु, सब कल्पनालाई शून्याकार आत्मामा लीन गरेर ध्यान लगाउनु, आँखीभौंका बीचमा रहेको तारालाई ध्यान लगाएर चेतन आत्मामा स्थिति प्राप्त गर्नु । नाकको अग्रभागदेखि १२ अंगुलबाहिर ध्यान लगाएर संवितलाई लीन गर्नु, अभ्यासद्वारा प्राणलाई ऊर्ध्वरंध्रद्वारा तालुदेखि १२ अंगुलमा लगेर शान्त गर्नु अकस्मात् उदय भएको आत्मज्ञानमा दृढतासाथ अडेर कल्पनाहरूलाई लीन गर्नु, चित्तलाई बलपूर्वक शुद्ध, वासना-

रहित संवित्मय आत्मामा लगाउनु आदि अनेक विधिद्वारा प्राणका गतिको निरोध हुनजान्छ। अभ्यासद्वारा प्राणको गति रोकिएपछि मन शान्त हुनजान्छ र निर्वाण नै शेष रहनजान्छ।

मनोलय
मन संसारचक्रको नाभी हो

यस मायाचक्रको नाभी 'धुर' मन हो। यसलाई समातेर स्थिर गर्नाले फेरि संसारले दुःख दिँदैन। मनलाई बुद्धि र पुरुषार्थद्वारा वश गरेपछि यो मायाचक्र संसार वशमा आउँछ। संकल्पनात्मक मनलाई रोक्नाले संसारको गति रोकिन्छ। परस पुरुषार्थको आश्रय लिएर बल, प्रज्ञा, युक्तिद्वारा संसारचक्रको नाभी मनलाई रोक्नुपर्छ। यो संसार मनको सहारामा नै चलिरहेको छ, मन जितेपछि सब कुरो जितिन्छ। चित्तको सत्ताबाट जगत्को सत्ता छ, जगत्को सत्ता चित्तको सत्ता हो; एउटाको अभाव भएपछि दुइटैको अभाव हुनजान्छ, त्यो हुन्छ सत्यको बिचारबाट। चित्तको भित्र संसार यसरी रहेको छ कि जस्तो घडाभित्र घटाकाश। चित्त नाश भएपछि संसार यसरी रहँदैन कि जस्तो घडा नाश भएपछि घटाकाश रहँदैन। वायुको चल्नु बन्द भएपछि जस्तो गन्ध आउनु बन्द हुन्छ उस्तै मनको स्पन्दन (गति) शान्त भएपछि प्राणको गति पनि रोकिन्छ। चित्तको त्यागबाट र लीनताबाट द्वैत र ऐक्य सब प्रकारले लीन हुनजान्छ खालि एउटा शान्त र अविकार परमतत्त्व नै शेष रहन्छ। यो संसाररूपी खेतीको खेतलाई चित्त भन्छन्। जब खेतै रहेन भने खेतीमा पैदा हुनाको संभावना कहाँ होला ? जस्तो जल नै तरंगका रूपमा प्रकट हुन्छ उस्तै चित्त भाव–अभाव–

वाला वस्तुका रूपमा परिणत हुन्छ। जस्तो साम्राज्य पाए-पछि सब संपत्ति पाइन्छ उस्तै चित्त नाशरूपी सर्वत्यागबाट सब कुरो हुनजान्छ। यी सब उपद्रव पैदा गर्ने संसाररूपी दुःखबाट छुट्नाको एउटै उपाय छ त्यो हो मनको निग्रह। मन विलीन हुनाका साथ दुःख शान्त हुनजान्छ, सर्वगत शान्त ब्रह्मको अनुभव हुनलाग्छ। आफ्नै पुरुषार्थबाट सिद्ध हुने, इच्छित वस्तुको त्यागरूप मन शान्त नभई शुभगतिको प्राप्ति हुँदैन।

मनको स्थूलता

अनात्ममा आत्मभावबाट, देहमा विश्वास-बाट, स्त्री-पुत्र-कुटुम्बबाट, अहंकारको विकारबाट, ममताको मलबाट, "यो मेरो हो" यस भावबाट, जरा मरण आदि दिने दुःखबाट, उपादेय (पाउन योग्य) र हेय (त्याग्न योग्य) लाई पाउन छोड्नु-बाट, आधिव्याधि दिलाउने संसारका आशाबाट, स्नेहबाट, धनको प्राप्तिबाट, सुन्दरभन्दा सुन्दर देखिने मणि र स्त्री-हरूबाट चित्त मोटो हुन्छ। दुराशारूपी वायुका बलबाट, आसक्तिरूपी चाराबाट चित्तरूपी सर्प मोटो हुन्छ। उत्पत्ति र नाशवान् शरीरबाट विष समान दुःखदायी भोग अधिक भोग्नाले चित्त स्थूल हुन्छ।

मनको ब्रह्मत्व प्राप्ति

परमब्रह्ममा चित्त लगाउनाले चित्त वासना-रहित र शुद्ध हुनजान्छ, यस्तो चित्त कल्पना-शून्य भएर आत्मभाव प्राप्त गर्छ। विचार-द्वारा मन विलीन हुन्छ। मन नामवाला भ्रम पैदा गर्ने कर्म क्षीण भएपछि प्राणी जीवन्मुक्त हुन्छ। अभावको अत्यन्त भावनाद्वारा चित्त क्षीण भएपछि सामान्य

रूप भएको सत्ता सामान्य चितिको अनुभव हुन्छ।

मन निरोध गर्ने युक्ति

जस्तो मत्ताएको दुष्ट हात्ती बिना अंकुशले जित्न सकिंदैन उस्तै मन पनि बिना ठीक युक्तिले जित्न सकिंदैन। जो उचित युक्तिलाई छोडेर मन जित्ने उपाय गर्छ त्यो हठी हो, उसलाई एउटा भयका पछाडि अर्को भय र एक दुःखका पछाडि अर्को दुःख भइरहन्छ। जो बलपूर्वक चित्तलाई जित्न खोज्छ उ मूर्ख त्यो व्यक्तिसमान हो जो उन्मत्त हात्तीलाई कमलतन्तुले बाँध्न खोज्छ। चित्तलाई विजय गर्ने निश्चित युक्तिहरू यी छन्—अध्यात्मशास्त्रको अध्ययन, साधुहरूको संगत, वासनाको त्याग, प्राणनिरोध। आफ्नै ज्ञान र पुरुषार्थद्वारा चित्त जतिको राम्ररी शान्त हुन्छ उस्तो न तपस्याबाट, न तीर्थबाट, न विद्याबाट, न यज्ञबाट, न कुनै विशेष अनुष्ठानबाट हुन्छ। आफ्नै ज्ञानरूपी पुरुषार्थबाट इच्छित वस्तुको त्यागबाट चित्तरूपी वेताललाई विजय गर्न सकिन्छ। विवेकद्वारा यस कुराको निश्चय गरेपछि कि मन आत्मा (चिति) को नै अंश हो, दृढ अभ्यासद्वारा मन आत्माका साथ एकताको अनुभव गर्दछ। इच्छित वस्तु त्यागेपछि जो विकाररहित स्थिति हुनजान्छ उसले मनलाई यसरी जित्छ कि जस्तो हात्तीलाई अंकुशले। मनको वासना नामक चंचलता जो अविद्या हो उसलाई विचारद्वारा नष्ट गरिदिनुपर्छ। जो जो मनमा वासना उठ्छ त्यसलाई त्याग्नाले अविद्या क्षीण हुनजान्छ। मनलाई जित्नाको एउटा युक्ति यो हो कि विषयका उपर आसक्ति उत्पन्न नगनु। ज्ञानद्वारा वासनारहित भएपछि मनको नाश हुन्छ, प्राणको स्पन्दन पनि रोकिन्छ खालि शान्ति नै शेष रहन्छ। ज्ञान-

बाट सब पदार्थको असत्यता निश्चय हुनजान्छ उसबाट वासना क्षय हुन्छ, प्राण र मनको वियोग हुनजान्छ। "म को हुँ" र "म के हुन सक्छु" यस्तो आत्मविचार त्यो आगो हो जसबाट चित्तरूपी खराब वृक्षको बीज जलाउन सकिन्छ। "सब कुरो ब्रह्म हो" यस भावनाबाट जसको अज्ञान क्षीण भएको छ उस ज्ञानीका मनमा वासनाको यसरी उदय हुँदैन कि जस्तो मरुभूमिमा बादल उड्दैन।

ज्ञान युक्ति

अहंकार (मन) को त्याग गर्नामा अलिकति पनि क्लेश हुन्न, फूल माड्नु, आँखा चिम्लनु जस्तै उ सरल छ। यो कसरी हुन्छ भने सुन — जो वस्तु अज्ञानको कारण सत्य प्रतीत हुन्छ उ अवश्य नै नष्ट हुन्छ। अहंकार उस्तै नै मिथ्या छ जस्तो अरू मिथ्याज्ञान। मन मेरो असली स्वरूप होइन, बनावटी (झुट्टा) रूप हो, यसैले म मन होइन। यसरी मनलाई त्यागेपछि मन शान्त र सनातन ब्रह्म हुनजान्छ।

संकल्पको उच्छेदन

संकल्प नै मनको बन्धन हो, उसको अभाव नै मुक्तता हो। संकल्परहित भएपछि मानिस चित्तरहित हुन जान्छ, चित्तरहित हुनाले मोक्षको अनुभव हुन्छ।

संकल्पद्वारा नै जगत्को मिथ्या अनुभव उत्पन्न हुन्छ, संकल्प क्षीण भएपछि यो कहीं लीन हुनजान्छ। संकल्प क्षीण भएपछि संसारका सारा दुःख जडैबाट नष्ट हुन्छन्। संकल्प निर्मूल गर्न कठिन छैन, आफ्नो संकल्पद्वारा संकल्पलाई, आफ्नो मनद्वारा मनलाई काटेर आत्मामा अड। भावनाको अभाव मात्रैले संकल्प आफै नै क्षीण हुन्छ। संकल्पनाशका

यत्नबाट मानिसलाई कुनै भय हुंदैन। भाव विपर्यय (भावलाई अभाव संझनु) बाट आधा निमेषैमा हेलैले संकल्प नष्ट गर्ने इच्छा गर्नेले संकल्प नाश गर्नसक्छ । आफ्नो अहंभाव आरोपण गर्नु नै संकल्प हो, अहंभाव शून्य गर्नाको यत्न गर्नु नै संकल्पत्याग कहलाउँदछ।

भोगबाट विरक्ति

भोगको इच्छा हुनु नै बन्धन हो। उसको त्याग नै मोक्ष हो। जुन जुन वस्तुबाट विरक्ति हुन्छ त्यस त्यस वस्तुबाट मुक्ति मिल्छ। शास्त्रका साधनको कोही प्रयोजनै छैन खालि यत्ति गर्नु नै काफी छ कि जो जो वस्तु स्वादिलो छ त्यस त्यसलाई विष र आगो जस्तै संझ। यदि प्राणीलाई हृदयमा भोगका उपर विरक्ति उत्पन्न भयो भने तुरुन्तै उच्चपदको प्राप्ति हुनजान्छ। जहाँतक संसारलाई नाश गर्ने भोगका उपरको विरक्ति मनमा उदय हुंदैन त्यहाँतक त्रिजय प्राप्त गर्ने परमनिवृत्तिको प्राप्ति हुंदैन। संसाररूपी खाडलमा प्राणी त्यहींसम्म लडबडिन्छ, त्यहाँसम्म विषयमा विरक्ति उत्पन्न हुन्न। विषयविरक्ति आत्मचिन्तनबाट हृदयमा उत्पन्न भएपछि कमलका फूलको शोभा झैं प्रकाश पाउँछ। जस्तो बत्ती र उसको प्रकाश एउटा अर्कोसित संबद्ध छ उस्तै परादृष्टि प्राप्त भएपछि तृष्णाको क्षय हुन्छ। तृष्णा क्षय भएपछि परा-दृष्टिको प्राप्ति हुन्छ। भोगका घृणाबाट विचार उत्पन्न हुन्छ, विचारबाट भोगका उपर घृणा हुन्छ। परम पुरुषार्थको आश्रय लिएर भोगका प्रति विरक्ति उत्पन्न गर। जस्तो पानी सेचन गर्नाले विस्तार विस्तार लताको वृद्धि हुन्छ उस्तै विषयको विरक्ति विस्तार विस्तार अभ्यास गर्नाले सिद्ध हुन्छ। हे राम, विनापुरुषार्थले यहाँ केही पनि मिल्दैन, विना-

अभ्यासले मूर्ख कुनै सिद्धि प्राप्त गर्न सक्तैन, उ उसको कस्तै इच्छा गरोस्‌न।

इन्द्रियनिग्रह

जो विवेकवाला र उदार-आत्मा छ उसलाई जितेन्द्रिय भन्छन्। उ संसार–मुद्रमा वासना-रूपी लहरीका बीचमा परेर घबडाउँदैन। जस्तो राजाको हुकुम मंत्रीहरू पालन गर्छन् उस्तै जो मनको निश्चय हुन्छ उसैलाई इन्द्रियका वृत्तिहरू संपादन गर्दछन्। यसैले जो संसारका विषयमा मनलाई लगाउँदैन, आफ्नो भित्र विवेकप्राप्तिको यत्न गरिरहन्छ उ शान्तिको अनुभव गर्दछ। परमपुरुषार्थको आश्रय लिएर बुद्धिपूर्वक यत्न गरी भोगको आशालाई चित्तबाट समूल नष्ट गरिदिनुपर्छ, चित्त इन्द्रियका सेनाको नायक हो। उसलाई जित्नाले सबतिर जीत हुन्छ।

वासनात्याग

हे राम, वासनालाई चित्तको स्वरूप जान। वासना र चित्त दुवै पर्यायवाचक शब्द हुन्। जस्तो "यो स्वप्न हो" भन्ने ज्ञान भएपछि स्वप्नशरीर असत्य मालुम हुन्छ उस्तै वासना क्षीण भएपछि अनुभवमा आउने संसार पनि असत् नै देखिनजान्छ। वासना क्षीण भएपछि जो जीवनको स्थिति हुन्छ उसलाई जीवन्मुक्ति भन्छन्, यो ज्ञान जो मुक्त छैन उसलाई हुन सक्तैन। सब इच्छा त्यागेपछि शुद्ध चित्तको जो स्थिति छ त्यो मलरहित चिति हो। उसैलाई सत्य भन्छन्। हे राम, "यो वस्तु मेरो होओस्" भन्ने आफ्नो भित्रको भावनालाई तृष्णा भन्दछन् यही सबभन्दा ठूलो जंजीर हो। सब सत्–असत् पदार्थका उपर यस्तो वासना पूर्णतया र सधैंका लागि त्याग गरेर महामना, उदारात्मा, पुरुष परमपद प्राप्त गर्दछ। बन्ध र मोक्ष,

सुख र दुःख, सत् र असत्–सब आशा त्यागेर क्षोभरहित समुद्र जस्तै स्थिर हुनजाऊ।

तृष्णाको खराबी

तृष्णा जरा-मरणका दुःखको पिटारी हो, आधि-व्याधि दिने हो। अपार तृष्णाद्वारा हृदयमा अज्ञानरूपी अँधेरो रात ढाकिएपछि नै चेतना (आत्मा) काशमा दोषरूपी लाटोकोसेराका पंक्ति उड्न लाग्छन्। तृष्णाबाट मारिएको व्यक्ति दीन हुनजान्छ, आफ्नो भित्रको बल-तेज बेपत्ता पार्छ, दुर्गतिमा पर्छ। मोहमा पर्छ, कराउंछ, पतन हुन्छ। बुढ्याइँ आएपछि दाँत खस्छ, रूँ सेतो हुन्छ, सबै कुरो जीर्ण र क्षीण हुनजान्छ, तैपनि तृष्णा क्षीण हुन्न।

यहाँ पाउने छोड्ने कुरो छैन

मनोकल्पित, हृदयमा विस्तृत यस टुटे-फुटेका संसारनगरीमा कुनै वृद्धि हुंदा के कसको बढ्छ, के कसको घट्छ, ? यस्तो सब प्रकारबाट झुट्टो इन्द्रजाली संसारमा यस्तो कुन प्राप्य वस्तु छ जसको ज्ञानी इच्छा गरोस् ? यस ब्रह्मतत्त्वमय सर्वत्र सत्यमय संसारमा यस्तो कुन त्याज्य वस्तु छ जसलाई विद्वान्ले त्यागोस।आयु यत्तिको क्षणिक छ जस्तो कि वायुले उडाएर ल्याएको शरत ऋतुको बादलको टुक्रो। भोग यस्तो चञ्चल छ जस्तो मेघमा चम्केको बिजुली। यौवन र सौन्दर्य पानीको बहाउ जस्तै तेजीले जानेवाला छ, शरीर क्षणमा नष्ट हुनेवाला छ यसै कारण हेराम, सबबाट विरक्त भएर निर्वाण प्राप्त गर्नाको प्रयत्न गर।

ध्येय र ज्ञेयत्याग

हेराम! ज्ञानीले वासनात्याग दुई प्रकार-बाट बताएका छन:– एउटा ध्येय,– अर्को ज्ञेय। म यी सब वस्तुको र यी सब मेरा

जीवन हुन, म यिनी नभई र यी म नभई रहन सक्दैनन्, यो निश्चयलाई आफ्नो भित्र निश्चय गरेर र मनले राम्ररी विचार गरेर औ यो धारण गरेर कि न यी वस्तु मेरा हुन् न म यिनको हुं, शान्त बुद्धिबाट जो वासनाको त्याग गरिन्छ त्यस वासनालाई ध्येयत्याग भन्छन् । जो हेलैले आफ्नो अहंकारमयी वासना त्याग गरेर बाँच्छ त्यो जीवन्मुक्त कहलाउँछ । समबुद्धिबाट सब कामना क्षय गरेर र ममता रहित भएर शरीरको त्याग गर्दछ उसको वासनात्यागलाई ज्ञेयत्याग भन्छन् । जो कल्पनारहित वासना त्याग गरेर जो शान्ति प्राप्त गर्छ उस मुक्तपुरुषको त्याग ज्ञेयत्याग हो ।

वासना त्याग्ने तरकीब

वासनाले बाँधिएको मानिस बद्ध हो । वासना क्षीण भएपछि मोक्ष हुन्छ । वासनाको त्याग गरेपछि मोक्षको वासना पनि त्यागिदेऊ । विषयका संबन्धको तामसी वासना त्यागेर मैत्री आदि शुभ वासना धारण गर्नुपर्छ । यीअनुसार व्यवहार गर्दै, यिनलाई पनि त्यागेर, अफ्नो भित्र सब वासनाले रहित भएर चिन्मात्र आत्माको वासनाको आश्रय लेऊ । मन र बुद्धिले संयुक्त त्यो चिन्मात्र वासनालाई पनि त्यागेर जुन बाँकी रहन्छ उसमा स्थिर होऊ । वासनालाई, वासना गर्नेलाई, काल, कलना, तिमिर (अन्धकार) आदि र प्राणस्पन्दन–यी सबलाई जडसहित उखेलेर सौम्य आकाश जस्तै शान्त भएर जो रहन्छ उही हुन जाऊ । जो व्यक्ति आफ्नो चित्तबाट सब वस्तु त्याग गरेर दुःखरहित हुनजान्छ उही मुक्त र परम ईश्वर हो । समाधि लगाओस् या नलगाओस्, कर्म गरोस् वा न गरोस् जो आफ्नो हृदयबाट सब आसक्ति

हटाउँछ उही महाशय मुक्त हो। जसको मन वासनारहित भएको छ उसलाई न कर्म त्यागनाको आवश्यकता छ न कर्म गर्नाको, न समाधिको जरूरत छ न जपको। जस्तो मरुभूमिमा बादल उठ्न सक्तैन उस्तै उस पुरुषका हृदयमा वासना उदय हुन्न। जसको अज्ञान "सब कुरो ब्रह्म नै हो" यस भावनाबाट हटेको छ। परमार्थ जानेपछि वासना यसरी समूल नष्ट हुनजान्छ कि जस्तो बत्ती बालेपछि अँध्यारो।

अहंकारको त्याग

अहंकाररूपी बादल विलीन भएपछि चितिरूपी आकाश निर्मल हुन जानाले आत्मज्ञानरूपी सूर्यको प्रचण्ड प्रकाश हुन्छ। चितिरूपी चाँदनी जबतक अहंकाररूपी बादलमा छिपिरहन्छे तबतक परमार्थकुमुद फुल्न पाउँदैन। चित्तरूपी हाँगा-पात-फल-फूल भएका वृक्षको अहंभावरूपी बीज जड देखि उखेलेर शून्यहृदय हुनजाऊ। अहंभावको अभावबाट शान्तिपूर्ण स्वभावमा स्थिति हुनजान्छ। आकाशको नीलिमा जस्तै भ्रमात्मक संसारको आदि जरो अहंभावयुक्त आत्मा हो। यो जगत्‌रूपी वृक्ष अहंभावरूपी बीजबाट उदय हुन्छ। उसलाई ज्ञानरूपी अग्निले भस्म गरेपछि फेरि केही उत्पन्न हुँदैन।

अहंभाव जानेपछि रहँदैन, यसबाट दुःख हुन्न। चिन्मात्र-रूपी ऐनामा जब आफ्नो आत्मा नै देखिन्छ, आत्मभावको नै चिन्तन हुन्छ तब अहंभावको उत्पत्ति हुँदैन। यो सब इन्द्रजालको तमाशा झुट्टा हो। यसैले मलाई न यसबाट स्नेह छ न वैराग्य। म नै सारा जगत् हुँ यस विचारद्वारा जब हेय र उपादेय भाव क्षीण हुनजान्छ समताको अनुभव हुन्छ तब अहंभावको वृद्धि हुँदैन।

ब्रह्मभावको अभ्यास

हे राम, मन शान्त गरेर, इन्द्रिय वश गरेर, शान्त भएर, निषिद्ध काम्यकर्म छोडेर, इन्द्रियलाई विषयतर्फबाट हटाएर, श्रद्धालु भएर, इन्द्रिय र चित्तका वृत्तिलाई वश गरेर, कमलो आसनमा बसेर जहाँतक मन शान्त हुँदैन त्यहाँसम्म ओंको उच्चारण गरिरहोस्। तब अन्तःकरण शुद्धिका निमित्त प्राणायाम गरोस्, फेरि विस्तार विस्तार इन्द्रियलाई आफ्ना विषयबाट हटाओस्। देह, इन्द्रिय, मन, बुद्धि र क्षेत्रज्ञ (जीव) लाई जुन जुन तत्त्वबाट उदय भएका छन् उनलाई उस उस तत्त्वमा विलीन गरोस्। पहिलो विराट्मा रहोस्, फेरि आत्मामा, फेरि अव्याकृतमा, फेरि परमकारणमा। शरीरका मांस आदि पार्थिव भागलाई पृथ्वीमा विलीन गरोस्, रक्त आदि जल भागलाई जलमा, अग्निबाट बनेका भागलाई अग्निमा, वायुभागलाई वायुमा, आकाशभागलाई आकाशमा विलीन गरोस्। यसै गरी प्रत्येक इन्द्रियमा जुन तत्त्वबाट उ बनेको छ उ उहीं हुनाको भावना गरोस्। आत्माका भोगका निम्ति जो इन्द्रिय बनेका छन् उनलाई पनि यसै गरी उनका तत्त्वमा लीन गरोस्। कानलाई दिशामा, छालालाई बिजुलीमा, आँखालाई सूर्यको विम्बमा, जिब्रोलाई जलमा, प्राणलाई वायुमा, वाक्लाई अग्निमा, हातलाई इन्द्रमा, पैरलाई विष्णुमा, गुदालाई मृत्युमा, उपस्थलाई कश्यपमा, मनलाई चन्द्रमामा, बुद्धिलाई ब्रह्ममा विलीन गरोस्। यी सबै कारण देवता हुन्। यसरी आफ्नो शरीरलाई ब्रह्माण्डको समष्टि शरीरमा लीन गरेर 'म विराट् हूँ' यस भावनाको अभ्यास गरोस्। तब पृथ्वीलाई जलमा, जल अग्निमा, अग्नि वायुमा, वायु आकाशमा, आकाश महाकाशमा जो

समस्त पदार्थका उत्पत्तिको कारण छ, लीन गरोस्। लिंग-शरीर धारण गरेको योगी केही बेर उस तत्त्वमा रहोस्। सूक्ष्मभूत, वासना, कर्म, विद्या, दश इन्द्रिय, मन, बुद्धि यी सब मिलेर लिंग (सूक्ष्म) शरीर कहलाउँछ। तब ब्रह्माण्डदेखि बाहिर भएर यो अनुभव गरोस् कि मै सब कुरो हुँ। लिंगशरीरलाई सूक्ष्म, अप्राकृत, अव्यक्त तत्त्वमा लीन गरोस्। जुन तत्त्वमा यो जगत् नाम रूपबाट मुक्त भएर रहन्छ उसलाई कोही प्रकृति भन्छन्, कोही माया, कोही परमाणु, कोही अविद्या। उस तत्त्वमा लीन भएर सब पदार्थ अव्यक्त-रूपले रहन्छन्। निःसंबन्ध र निःस्वाद भएर सारा जगत् सृष्टिको उदय हुनुभन्दा अगाडि उसमा उसकै रूपमा रहन्छ। यसैले स्थूल, सूक्ष्म, कारण यी तीन अवस्थादेखि परमा रहेको चौथो अव्यक्त अवस्थालाई ध्यान गरेर औ लिंगशरीर (सूक्ष्मभाव) लाई विलीन गरेर, आफ्नो आत्मा-लाई परमात्मा विलीन गरी उसको अनुभव स्थिर गरोस्।

अहंभाव क्षीण भएपछिको अवस्था

संसारमा जो सुख-दुःख मिल्छ त्यो सब अहंकारको विकार हो। अहंकार नामक मनको वृत्ति क्षीण भएपछि या क्षीण हुन लागेपछि लोभ र मोह आदि दोषहरूले शुद्ध हृदयलाई यसरी छुन सक्दैनन् जस्तो कि पानीले कमललाई। प्रसन्नता आदिबाट निस्केको सौन्दर्य मुखमा सदा रहन्छ। वासनाको गाँठो खुल्छ त्यो विस्तार विस्तार क्षीण भएर गिर्ने जान्छ, रीस बहुत कम हुन्छ, मोह मन्द हुन्छ, काम शान्त हुनजान्छ, लोभ कहीं भाग्छ, इन्द्रिय आफ्नो वशदेखि बाहिर हुदैनन्, कुनै खेद हुँदैन,

सुख-दुःख दुवै शान्त हुन्छन्। शीतल गराउने समताको चारौंतरफ उदय हुन्छ।

असँगको अभ्यास

जन्मजन्मान्तर प्राप्त गराउने बीज (व्यष्टि) संवित् हो। उसको संसाररूपी अंकुर पैदा गर्ने भित्रको रस वासना हो। उस वासनाको रसलाई हेराम, असंगरूपी आगोले जलाऊ। जसका मनमा संग छ त्यही संसार–सागरमा डुबेको छ, जसका मनमा संग छैन त्यो संसार-सागरबाट पार भएको छ। संसारी मन पनि यदि असक्त छ भने उसलाई मुक्त संझ, दीर्घ तपस्याबाट शुद्ध गरिएको मन पनि यदि संगयुक्त छ भने उसलाई बन्धनमा संझ। समस्त दुःख संगतबाट उदय हुन्छ। संसक्त चित्तमा नै सारा दुःखको परंपरा आउँछ। शरीरसँग पनि संगत हुनु वृथा छ किनभने जस्तो जल र त्यसमा बगेको काठको केही संबन्ध छैन उस्तै आत्मा र शरीरको संबन्ध पनि झूटो छ। देहभावनाबाट नै आत्मालाई शरीरका सुख-दुःखको वशमा हुनुपर्छ। ज्ञानीहरू भन्छन् कि—उसलाई त्यागनाले नै आत्मा मुक्त हुन्छ। आत्मा नित्य, निर्मल, निरामय, स्वयं प्रकाश चिति हो, शरीर अनित्य र मलयुक्त छ। भला यी दुईमा संबन्ध कस्तो ? मनले यी कुरो गर्नुपर्छ कि उ संसारका सब वस्तुदेखि हटेर यिनलाई नीरस संझी आत्मरसमा डुबेर चितिमा विश्राम लेओस्। यहाँ अडेर, सब प्रकारका संगत-देखि मुक्त भएर जीव जब अजीव हुनजान्छ तब त्यो संसारको व्यवहार गरोस् वा नगरोस् असंसक्त उसलाई भन्छन्। जो यत्तिको समान भावमा रहोस् कि न उसका निम्ति कर्म गर्नु श्रेष्ठ होस्, न कर्ममा लाग्नु औ जसले सब कर्मको फल त्यागिदिएको छ। "यो सब कुरो आत्मदेव नै हो, कुन

कुरो इच्छा गरूँ, कुन कुरो छोडूँ ?" यस्तो असंसक्ति जीवन्मुक्त पुरुषमा हुन्छ । सब कर्मको फललाई संगरहित भन्छन् । पदार्थको भाव–अभाव र हर्ष–शोकरूपी मलीन वासना हुनाको नाम संग हो। जब हर्ष–शोकदेखि रहित भएर वासना शुद्ध हुनजान्छ तब उसलाई शरीर जीवित रहे-संम असंग भन्छन्। शुभ–अशुभ कर्म गर्दागर्दै पनि मन उनमा लिप्त नहुनाको नाम असंग हो।

समभावको अभ्यास

हेय (त्याज्य) वस्तुबाट खेद नगर, उपादेय (प्राप्य) वस्तुसंग संगत नगर। हेय–उपादेय दुवै दृष्टिलाई त्यागेर दुइटैदेखि रहित भावमा निर्मल भएर रहू। जस्तो जहाँतक बादल हट्तैन त्यहाँतक आकाशमा चाँदनी देखा पर्दैन उस्तै जबतक चित्तबाट हेय र उपादेय भाव जाँदैन तबतक समताको उदय हुँदैन। जसका मनमा यस्तो वासना उदय भइरहन्छ कि "यो वस्तु प्राप्य छ, यो वस्तु छैन" उसभित्र समताको उदय हुँदैन। वैराग्य देखाउने स्वच्छ समताको उदय उसका चित्तमा कसरी हुनसक्छ जसका चित्तमा योग्य कुरो प्राप्त गर्ने र अयोग्यकुरो त्याग गर्ने वासना बनिरहन्छ ।

समताको आनन्द

जो अनन्त र सार आनन्द समताबाट पाइन्छ त्यो न राज्यप्राप्तिबाट मिल्न सक्छ, न सुन्दर युवतिका साथ रमण गर्नाले। समता द्वैतलाई अन्त गर्ने, व्यग्रता ज्वरलाई नाश गर्ने छ। उसलाई तिमी सब प्रकारका दुःखको गरम शान्त गर्ने बादल संझ। समदृष्टि-वाला व्यक्ति महान्, बराबर रहनेवाला र भयानक, सुख दुःखमा पनि सदा एक रस रहन्छ।

सबमा बन्धुभावना

यो मेरो बन्धु हो, यो मेरो बन्धु होइन यस्तो भेदभाव क्षुद्र पुरुषमा हुन्छ, उदार भाववालाका बुद्धिमा यस्तो भेद रहँदैन। "यस्तो कुन वस्तु छ जो मेरो होइन" यो निश्चय दृढ गरेपछि बुद्धिमा भेदभाव रहँदैन । हेराम, संसारका सबै प्राणी तिम्रा बन्धु हुन् किनभने यस्तो कुनै पनि प्राणी छैन जो तिमीसित बिलकुल संबन्ध नराखेको होस्। जब यौटै आत्मा सबमा मौजूद छ 'यो मेरो भाइ हो, यो दोस्रो हो' यस्तो विचार कसरी आउन सक्छ ?

कर्तृत्व त्याग

जस्तो मसी सिद्धिएपछि कालो स्वयं खतम हुन्छ उस्तै नै स्पन्दनरूप कर्म (कर्तृत्वभाव) क्षीण भएपछि मन स्वयं नै क्षीण हुनजान्छ। चित्त र कर्म (कर्तृत्व) दुवै आगो र गरम जस्तै संबद्ध छ। दुइटामा एउटाको अभाव भएपछि दुइटैको अभाव हुनजान्छ। आत्माको अज्ञानबाट. कर्म गर्ने संकल्प उदय हुन्छ, संकल्पयुक्त हुनु नै बन्धनको कारण हो, उसलाई अवश्य त्याग गर्नुपर्छ। कर्म त्याग तब हुन्छ जब आत्माबाट वेदन र संवेद्य (ज्ञान र विषय) को भावना निस्केपछि वासना रहँदैन; कल्पनारहित शान्त भावमा उसको स्थिति हुनजान्छ।

सर्वत्याग

सब वस्तुलाई जबतक त्याग गरिंदैन तबतक आत्माको प्राप्ति हुँदैन । अवस्थाहरू सब त्यागेपछि जो बाँकी रहन्छ उही आत्मा हो। जो अरू सब काम छोडेर आफ्नो पूरा तागतले आत्मालाई प्राप्त गर्ने यत्न गर्दछ उसैले आत्मालाई पाउँछ, दोस्रोले पाउँदैन। जो अरू कुनै वस्तु प्राप्त गर्दैन उही यस परमामृत आत्मा-

लाई पूर्णतया प्राप्त गरेर सब कुरो पाउँछ। सच्चा सर्वत्याग यस्तो चिन्तामणि हो जसमा सब प्रकारका दुःखको अन्त हुनजान्छ। शुद्ध बुद्धि युक्त भएर हेराम, तिमी सर्वत्यागको साधन गर। उसैबाट सब कुरो मिल्छ, चिन्तामणि मात्र होइन सर्वत्याग ता साम्राज्य हो। सर्वत्याग न शरीर त्याग्नाले सिद्ध हुन्छ, न राज्य आदि त्याग्नाले, न झुप्रोमा बसेर तपस्या गर्नाले। वृक्षको वीज जस्तै सब वस्तुको वीज मन हो। सबको वीज त्यागेपछि सबैको त्याग हुन जान्छ। हेबाबु, चित्तलाई नै सब कुरो भन्दछन्, चित्तको त्याग नै सर्वत्याग हो। उसैलाई त्याग गर। जो तीनै कालमा रहेको जगज्जाललाई यसरी आफ्नो भित्र संझन्छ, जस्तो मोती धागालाई, उसैले सर्वत्याग गर्‍यो।

महात्यागीको स्वरूप

जसले मनबाट धर्म-अधर्म, सुख-दुःख, जन्म मरणको भावना त्यागेको छ उ महात्यागी हो। जसले आफ्नो बुद्धिद्वारा सब इच्छा-लाई, सब शंकालाई, सब तृष्णालाई, सब निश्चयलाई त्याग गरिदिएको छ उ महात्यागी कहलाउँछ। देह मेरो होइन, जन्ममरण मेरो होइन--जसको मनभित्र यस्तो निश्चय भएको छ उ महात्यागी हो। जसका मनबाट शरीरको, मनको, इन्द्रियको सत्ता निस्केको छ उ महा-त्यागी हो।

समाधिको स्वरूप

हे राम, निर्विकल्प समाधिमा रहेपछि अक्षय सुषुप्तिसमान शुद्ध पदप्राप्ति हुन्छ। पद्मासन कसेर बस्नाले र ब्रह्मलाई हात जोडेर बस्नाले पनि जहाँसम्म मनमा शान्ति छैन समाधि

लाग्दैन । चुपचाप बसिरहनाको नाम समाधि होइन, सब आशा (इच्छा) रूप झार जलाउनाका निम्ति अग्निरूप तत्वज्ञानलाई समाधि भन्छन् । समाधि नाम हो उस परम प्रज्ञाको जो स्थिर छ, जो नित्य तृप्त छ, जो यथार्थ ज्ञान-दायक छ । सुमेरुतुल्य उस स्थितिको नाम समाधि हो जसमा चंचलता छैन, अहंकार छैन, द्वैतभावना छैन। मनको उस पूर्ण अवस्थाको नाम समाधि हो जसमा कुनै चिन्ता छैन, जसमा सब इच्छाको पूर्ति भइसकेको छ, जसमा हेय र उपादेयको दृष्टि छैन। महात्माहरूको समाधि उसै वेला-देखि आरम्भ हुन जान्छ जब ज्ञानद्वारा मन पूर्ण रूपले स्थिर हुन्छ। विषयमा बिलकुल तृष्णा नहुनाको नाम समाधि हो। विषयमा दृढ वैराग्य हुनाको नाम ध्यान हो। समाधि अरू केही होइन खालि ज्ञानद्वारा मनमा विषयका उपर विरक्ति र चारौं-तर्फ शान्तिको अनुभव हुनु नै हो। यस्तो ध्यान नै जसमा सत्य ज्ञान छ, शान्ति छ, वासनाको लेश छैन, आत्मानन्द पद निर्वाण हो।

मन लीन हुनाको आनन्द

चित्तरूपी वेताल शान्त भएपछि जो आनन्द अनुभवमा आउँछ त्यो सारा जगत्को राज्य पाएपछि पनि प्राप्त हुंदैन। सब आशाहरूको ज्वर र मोहरूपी बरसात हटाउनाका लागि शरत्‌ऋतुको आगमनरूप चित्त नाशसिवाय अरू कुनै कल्याणकारी वस्तु छैन । उनै महात्मा जन सुखभोगको सीमामा पुग्छन् जसले मनलाई मारेको छ। चित्तरूपी तामालाई शोधेर परमार्थरूपी सुन बनाउनाले सच्चा आनन्द मिल्छ, शरीररूपी पत्थरबाट होइन ।

(२८) ज्ञानका सात भूमिका

ज्ञानका सात भूमिका

हेराधव, ज्ञानका सात भूमिकालाई अलग अलग जानेपछि तिमी मोहरूपी हिलामा गाडिनेछैनौ। आत्मबोध गराउने ज्ञानका सात भूमिका हुन्, मुक्ति यी सात भूमिकादेखि पर छ। मोक्ष र सत्यको ज्ञान यी पर्यायवाची शब्द हुन्। जसलाई सत्यको ज्ञान भएको छ उसले फेरि जन्म लिंदैन। सात भूमिका यी हुन्:- शुभेच्छा, सुविचारणा, तनुमानसा, सत्वापत्ति, असंसक्ति, पदार्थभावनी, तुर्यगा। इनका अन्तमा मुक्ति छ जसलाई प्राप्त गरेपछि शोक-सुर्ता रहँदैन।

योग भूमिकाको पहिलो विवरण

१. वैराग्य उत्पन्न भएपछि "किन रहूँ ? किन शास्त्र र सज्जनको सहायताबाट सत्य ज्ञान नजानूँ ?" यस्तो इच्छालाई शुभेच्छा भन्दछन्। शास्त्राध्ययनबाट र सत्संगबाट, वैराग्य र अभ्यासबाट सदाचारतर्फ लाग्नाको नाम विचारणा हो। शुभेच्छा र विचारणाको अभ्यासबाट इन्द्रियका विषयमा आसक्ति नरहेपछि जो मनको स्थूलता कम हुनु हो उसैलाई तनुमानसा भन्दछन्। यी तीनै भूमिकाको अभ्यासबाट विषयका उपर विरक्ति भएपछि जब शुद्ध आत्मामा चित्तको स्थिरता हुनलाग्छ तब त्यो सत्वापत्ति कहलाउँछ। जब पूर्वोक्त चार अवस्थाको अभ्यासद्वारा विषयमा असंसक्ति भएपछि सत्ताको प्रकाशमा मन स्थिर हुनजान्छ तब उसलाई असंसक्ति भन्दछन्। जब पूर्वोक्त पाँच भूमिकाका अभ्यासबाट आत्मामा दृढ स्थिति भएपछि भित्र र बाहिरका सब पदार्थको अभाव बडा प्रयत्नले भावना गरेर उसलाई

असत् सँझन्छ तब पदार्थभावनी भूमिकाको उदय हुन्छ। पूर्वोक्त छ भूमिकाको अभ्यास भइसकेपछि र भेद नदेखाइदिएपछि जो आत्मभावमा स्थिर भावबाट स्थिति हुनजान्छ उसैलाई तुर्यगा भन्छन्। यसैलाई तुरीयावस्था, यसैलाई जीवन्मुक्ति भन्दछन्। विदेहमुक्ति ता यसदेखि पर छ।

योगभूमिकाको दोस्रो विवरण

२. सबभन्दा पहिले शास्त्रको अध्ययन र सत्संग गरेर बुद्धि बढाओस्—यो योगको पहिलो भूमिका हो। दोस्रा विचारणा हो। तेस्रो असंग भावना हो। चौथो हो विलापिनी जसमा वासना लीन हुनजान्छ। पाँचौं हो शुद्ध संवित्मा स्थिति जसलाई आनन्दरूपा भन्छन्। जागा भए जस्तो देखिने आधा सुतेको जीवन्मुक्त यस अवस्थामा रहन्छ। छैटौं भूमिका हो स्वसंवेदनरूपा (जसमा आत्माको अनुभव होओस्)। यो स्थिति आनन्दले परिपूर्ण छ, सुषुप्ति जस्तै छ। यो शान्त र तुर्यावस्था हो जो शुद्ध, सम, सौम्य छ जसमा पुगेपछि नै मुक्तिको अनुभव हुन्छ। सातौं भूमिका यो हो जसको अनुभव जीवलाई हुंदैन। त्यो निर्वाण स्वरूपवाला तुर्यातीत परम अवस्था हो। पहिला तीन अवस्थामा जाग्रत् अवस्था रहन्छ। चौथो अवस्थामा स्वप्नावस्था जस्तै अनुभव हुन्छ—उसमा रहेको जीवलाई जगत् स्वप्नसमान देखा पर्छ। आनन्द मात्रले पूर्ण हुनाको कारण पाँचौं भूमिका सुषुप्ति कहलाउँछ। छैटौं संवेदनरूप हुनाले (कुनै दोस्रो विषयको उसमा ज्ञान नहुनाले) तुर्या कहलाउँछ। सातौं अवस्था तुर्यातीत हो—उसमा आत्मा आफ्नै प्रकाशमा रहन्छ। उ मन वचनदेखि पर छ।

ज्ञानभूमिकाको तेस्रा विवरण, प्रथम भूमिका

(३) अनेक भोग भोगेपछि मानिसमा विवेकको उत्पत्ति हुन्छ, उ विचार गर्न लाग्छ कि यो संसार असार छ, मलाई यसको अलिकति पनि इच्छा छैन। यसरी जब उसका हृदयमा वैराग्य उत्पन्न हुन्छ औ यो इच्छा हुन्छ कि यो संसार-समुद्रबाट पार हूँ, तब त्यो उत्तम बुद्धिवाला विचारमा तत्पर हुन्छ। विचारबाट केही दिनमा उसलाई वैराग्य हुनलाग्छ र अर्काको उपकारवाला उदार क्रिया गर्ने लाग्छ, यो काममा उसलाई आनन्द हुन्छ, ग्राम्य र कठोर चेष्टाबाट बच्ने प्रयत्न गर्छ, कसैको चित्त दुखाउँदैन। शुभ कर्म गर्न लाग्छ, अर्काको मन उद्विग्न नगराउन कोमल कर्म गर्छ, पापदेखि डराउँछ, भोगको वास्ता गर्दैन, मीठो, प्रेमले भरिएको उचित देश-काल अनुरूप वचन बोल्छ, मन-वचन-कर्मले सज्जनको सेवा गर्छ, यताउताबाट ल्याएर शास्त्रको अध्ययन गर्छ। यो पहिलो भूमिका शुभेच्छा हो।

दोस्रो भूमिका

तब त्यो यस्ता श्रेष्ठ पण्डितको शरणमा जान्छ जो श्रुति, स्मृति, सदाचारधारणा, ध्यानको राम्ररी व्याख्या गर्न सक्नेछ। जस्तो गृहस्थी आफ्नो घरको काम राम्ररी जान्दछ उस्तै नै उ पनि शास्त्र सुनेर र पढेर पदार्थहरूको विभाग र कार्य-अकार्य निर्णय गर्छ। जस्तो साँपले धारण गरेको पनि काँचुलीलाई विस्तार विस्तार अलग गर्छ उस्तै नै उ पनि मद, अभिमान, मात्सर्य, मोह, लोभ, काम आदिलाई बाहिर धारण गरेको छ तापनि विस्तार विस्तार छोड्दछ। यस्तो बुद्धिवाला पुरुष शास्त्र, गुरु, सज्जनको सेवा गरेर सारा ज्ञानको रहस्य प्राप्त गर्दछ। यो दोस्रो भूमिका विचारणा हो।

तेस्रो भूमिका।

तब त्यो शास्त्रका वाक्यमा बुद्धिलाई राखेर, तपस्वीका आश्रममा आध्यात्मिक उपदेश सुनेर, पत्थरका आसनमा बसेर संसारको दोष देखाउने र वैराग्य उत्पन्न गराउने विचारमा आफ्नो आयु बिताउँछ, असंसक्तिको शान्त सुख भोग गर्छ। असंग दुई प्रकारको छ--एउटा सामान्य असंग, दोस्रो श्रेष्ठ असंग। म सुख-दुःखको कर्ता कसरी हुन सक्छु? सुख-दुःख ता पूर्वजन्मका कर्मानुसार ईश्वरको अधीन छ, सब भोगको भोग महारोग हो, सब संपत्ति आपत्ति हुन्, सब संयोग वियोग हो, बुद्धिका सब व्याधि मानसिक रोग हुन्, सब भावलाई खानाका निम्ति काल सदा तत्पर रहन्छ--यस्तो सोचेर जब मनमा वस्तुहरूका उपर अनासक्तिभाव उदय हुनजान्छ तब उसलाई सामान्य असंग भन्दछन्। योगका नाना कर्मबाट, महात्माको संगतबाट, दुर्जनदेखि दूर रहनाले आत्मज्ञानको आन्तरिक प्रयोगबाट, पुरुषार्थबाट, नित्य अभ्यासबाट जब तत्वहरूको प्रत्यक्षज्ञान भएमा, संसारसमुद्र पारी परम कारण र सार वस्तुमा मिलेमा यस्तो दृढ निश्चय ज्ञान हुन जानु कि 'म कर्ता होइन, कर्ता ता ईश्वर हो या मेरो प्रकृतिजन्य कर्म हो' तब शब्द र अर्थ भावना त्यागेर मौन-शान्त रहनु श्रेष्ठ असंग हो। यो तेस्रो भूमिका तनु-मानसा, असंसक्तता र असंगभावना हो।

चौथो भूमिका

पूर्वोक्त तीन भूमिकाको अभ्यासबाट अज्ञान क्षीण भएपछि र पूर्णचन्द्रमासमान सम्यग् ज्ञान उदय भएपछि योगीहरू चतुर्थ भूमिकामा प्रवेश गरेर युक्तचित्त भई सब वस्तुलाई एक, अनादि,

अखण्ड, अनन्त, समरूपले देख्छन् । द्वैत शान्त र अद्वैत दृढ हुनाले चौथो भूमिकामा रहेको ज्ञानी संसारलाई स्वप्न-समान देखन लाग्छ। यो चौथो भूमिका सत्वापत्ति र विलापिनी, स्वप्न हो ।

पाँचौं भूमिका

सुषुप्त पद नामक पाँचौं भूमिकामा पुगेपछि योगीको अनुभव सत्ता मात्रको नै रहन्छ। उसका निम्ति विशेषता सब क्षीण हुन-जान्छन् औ उसको स्थिति अद्वैत मात्रमा रहन्छ। द्वैतको भान मेटिन्छ, भित्र प्रकाश हुन्छ। बाहिरको काम गर्दा पनि अन्तर्मुखी वृत्ति हुनाले सुषुप्तिमै लीन रहन्छ। यस भूमिकाको अभ्यासी वासनारहित भएर आफ्नो परम शान्तको कारण सुतेको जस्तो देखिन्छ। यो पाँचौं भूमिका असंसक्ति, आनन्दरूपा, सुषुप्ति हो।

छैटौं भूमिका

क्रमैले अभ्यास गर्दै योगी तुर्या नामक छैटौं भूमिकामा प्रवेश गर्छ। उस अवस्थामा न सत्‌को अनुभव हुन्छ न असत्‌को, न आफ्नो न अनहंकारको। उस अवस्थामा गएको जीवन्मुक्तभावना रहित, द्वैतबाट मुक्त, क्षीण मनवाला हुन्छ, उसका सब सन्देह शान्त हुनजान्छन्, मनको गाँठो खुल्छ। तस्वीरको बत्ती झैं उ स्थिर रहन्छ। निर्वाणमा प्रवेश नगरीकन पनि उसका निम्ति निर्वाण जस्तै हुन्छ। जस्तो आकाशको बीचमा राखेको घडाको भित्र बाहिर शून्य नै शून्य हुन्छ उस्तै यो अवस्था प्राप्त गरेको योगीलाई शून्यताको अनुभव हुन्छ। जस्तो समुद्रमा राखेको पूर्ण घडाको भित्र र बाहिर पूर्णताको अनुभव हुन्छ उस्तै नै यो भूमिकामा गएका योगीलाई पूर्णताको

अनुभव हुन्छ। उ न केही भएको छ, न केही भएको छैन। यो छैटौं भूमिका पदार्थाभावनी, स्वसंवेदनरूपा र तुर्या हो।

सातौं भूमिका

सातौं भूमिका विदेहमुक्ति हो। यो शान्त अवस्था सब भूमिकाको अन्तिम सीमा हो, यसको वर्णन हुन सक्तैन। तिम्रै अवर्णनीय भएर पनि कुनै न कुनै रीतबाट उसको उपदेश गरिन्छ। उसलाई मुक्ति भन्छन्, ब्रह्म भन्छन्, उस पूर्णभन्दा पनि पूर्ण अवस्थालाई निर्वाण पनि भन्छन्। विदेहमुक्त न उदय हुन्छ न अस्त, न उसको अन्त हुन्छ। न उ सत् हो न असत्, न टाढा छ न नगीच, न उ म हुँ न उ, कोही दोस्रो हो। यो सातौं भूमिका तुर्यगा, तुर्यातीता हो।

(२९) कर्मबन्धन

कर्मफलको अटल नियम

हे राम, संसारमा यस्तो कुनै पहाड, आकाश समुद्र, स्वर्ग आदि स्थान छैन जहाँ आफूले गरेका कर्मको फल मिल्दैन। पूर्वजन्ममा अथवा यस जन्ममा जुनसुकै कर्म गरिन्छ त्यो अवश्य नै प्रकट हुन्छ। त्यो पुरुषले गरेको यत्न हो, कदापि, निष्फल हुन जाँदैन।

कर्मको वास्तविक स्वरूप

जगत्मा जुन क्रियालाई कर्म भन्छन् उसको सबभन्दा प्रथम रूप मानसिक छ। अतएव मनको स्पन्दन र कर्म एउटै हो। कर्मको बीज मनको वासनात्मक स्पन्दन हो। यसैको फल प्राप्त हुन्छ। सबै कर्मको बीज मनकै स्पन्दन हो।

जीव-कर्ममा एकता

जस्तो फूल र उसको आशयमा केही भेद छैन उस्तै कर्म र मनमा केही भेद छैन--दुवै अभिन्न छन्। जस्तो कोही गुणी विना गुणले रहन सक्दैन उस्तै कुनै मन आफ्नो कल्पनात्मक कर्मशक्तिबाट छुट्टिएर रहन सक्दैन। जस्तो अग्नि र उसको उष्णता अलग रहन सक्दैन उस्तै मन, कर्म, आत्मा अलग छैन। कल्पनासिवाय पुरुष र कर्ममा, आत्मा र संवित्स्पन्द-नमा केही भेद छैन। कर्म नै पुरुष हो, पुरुष नै कर्म हो। यी दुइटा यसरी अभिन्न छन् जस्तो वरफ र उसको शीतलता। दैव, कर्म, पुरुष आदि संवित्स्पन्दनके पर्यायवाची शब्द हुन्। जस्तो वीज र अंकुरमा, जल र तरंगमा भेद छैन उस्तै नै पुरुष, कर्म र क्रियामा वास्तविक भेद छैन।

जीवको सृष्टि अगाडिको कर्मको अभाव

सृष्टिका आदिमा जो ब्रह्मा आदि आफै उदय हुन्छ, उसको शरीर ज्ञानमय छ। उसको न कुनै पूर्वजन्म छ, न उसको कर्म। सृष्टिदेखि अगाडिका कसैको पनि कुनै कर्म हुँदैन।

सृष्टिका आदिमा स्वयं सृष्टिरूपले प्रकट हुन्छ। परब्रह्मबाट सार जीव विना कुनै कारण आफ आफै नै उदय हुनजान्छन्। उत्पन्न भएपछि उनका आफ्नै कर्म उनका सुख दुःखको कारण हुनजान्छ। जसरी सृष्टिका आदिमा ब्रह्मरूपी ब्रह्मा आदि प्रकट हुन्छन् उसै गरी सयकडौं हजारौं अरू जीवहरू पनि प्रकट हुन्छन्। उनीहरूमा जो जीव आफूलाई ब्रह्मदेखि भिन्न संझन्छ, अज्ञानको कारण प्रकृति नामक दोस्रो तत्वलाई मान्न लाग्छ भविष्यमा कर्मको अनुसार उसको जन्म हुन्छ किनभने उ आफ्नो र तत्वका सम्बन्धमा असत्य धारण-

गर्दछ । जुन जीव ब्रह्मा, विष्णु, शिव आदि अ..लाई ब्रह्म-देखि अन्य संझँदैनन् यी आत्मज्ञानमा अविचलित भावले रहन्छन् । सृष्टिका आदिमा जीवको कोही हुन्न, परन्तु पछाडि कर्मको कल्पना गरेर जीव उसको फल भोग्दछ। सृष्टि चालु भएपछि नै पूर्वकर्मको कल्पना गरिन्छ। उसका पछाडि जीव आफ्ना आफ्ना कर्मका जंजीरमा जकडिएर संसारमा भ्रमण गरिरहन्छ । स्वप्न देख्नेवालाको स्वप्न मनुष्यको पूर्वकर्म जस्तो काल्पनिक छ, वास्तविक छैन उस्तै नै जाग्रत्‌रूपी स्वप्नका जीवको सृष्टिदेखि पूर्वको कर्म काल्पनिक हो, वास्तविक होइन । जस्तो स्वप्नमा उत्पन्न भएका पुरुषको पूर्वकर्म हुँदैन, उस्तै नै जाग्रत्‌रूपी स्वप्नमा प्रकट भएका जीवको पूर्वकर्म हुँदैन । ब्रह्मका हृदयभित्र यो सृष्टि यस्तै नै छ जस्तो कि तिम्रा हृदयमा स्वप्नको शहर । उहाँ पनि कार्य–कारणको संबन्ध उस्तै छ जस्तो कि स्वप्नको भित्र ।

जीव र कर्म फलाई बाँध्ने वासना

अज्ञानीलाई आफ्ना सब कर्मको फल यसैकारण भुक्तनुपर्छ कि उसका कर्मको सार वासना छ। वासना क्षीण भएपछि ज्ञानीलाई आफ्ना कुनै कर्मको फल भोग्नुपर्दैन । वासना नहुनाले सबै कर्म फलरहित हुनजान्छन् । जस्तो ऋतु पल्टेपछि पहिला ऋतुका सब कुरा विलीन हुनजान्छन् उस्तै नै वासना क्षीण भएपछि कर्मको फल क्षीण हुनजान्छ । जस्तो बेतको स्वभाव यस्तो छ कि उसमा फल लाग्दैन उस्तै वासनारहित क्रिया पनि फल नभएको हुन्छ ।

आत्माको अज्ञानबाट नै कर्मको कारण संकल्पको कर्मफलबाट उदय हुन्छ । संकल्पयुक्त हुनाले नै बन्धन मुक्त हुने विधि हुन्छ यसैले संकल्पको त्याग गर । कर्मको कल्पनाबाट नै संचित् कर्म फल पाउँछ । जस्तो पानी बिना लहरो सुक्छ उस्तै अशुभ फल दिने क्रिया पनि वासनाका अभावले गर्दा फल दिँदैन । सम, शुद्ध र विकार रहित बुद्धिले जो गरिन्छ उ दोषयुक्त हुँदैन । अशक्त-वाला मुनि शुभ–अशुभ कर्म गर्दा या त्याग्दा पनि कहिल्यै संसारमा पर्दैन जुन मूखले मनले त्याग गरेको छैन उ शुभ-अशुभ कर्म नगर्दा पनि सधैं संसारमा डुबिरहन्छ । मनको यस्तो निश्चय छ कि यो वस्तु पाउन योग्य छ उसलाई पाउनाको वासना कर्तृत्व कहलाउँछ । कुनै विशेष फल प्राप्तिको इच्छाबाट जब मनुष्य कुनै क्रिया गर्दछ तब जस्तो उसको प्रयत्न हुन्छ उहीअनुसार फल पाउँछ । कार्यको कर्ता हुनाले नै जीव उसको भोग्नेवाला हुन्छ । चाहे कुनै कर्म गरोस् तैपनि जस्तो जस्तो वासना हुन्छ स्वर्ग र नरकमा उस्तै उस्तै फल उसको मन अनुभव गर्दछ । यसैले अज्ञानी जीव चाहे कर्म गरोस् वा नगरोस् उ कर्ता हो, वासना रहित हुनाले ज्ञानी जीव अकर्ता हो, चाहे उ कर्म गरोस् वा नगरोस् । ज्ञानी वासना क्षीण हुन जानाले कर्म गरेर पनि उसको फल भोग्दैन । छ ता असक्त बुद्धि भएर कर्म मात्र गर्छ, फलको वासनाले होइन, यसैले फलप्राप्ति भएपछि पनि यस भावनाले कि आत्मा नै सब कुरो हो कर्मको फल अनुभव गर्दछ । मनले जो कर्म गरिन्छ उही कर्म हो, मनले जो गरिँदैन त्यो कर्म होइन । यसैले कर्मको कर्ता मनै हो शरीर होइन । खाडलमा खस्नाको भय (वासना) मनमा

भएपछि खाटमा सुतेको वास्तवमा खाडलमा नखसेको मानिस पनि मनभित्र खाडलमा खस्नाको दुःख पाउँछ। दोस्रो मानिस खाडलमा खसेर पनि खाटमा सुतेको सुख भोग्छ । एउटा अकर्ता पनि कर्ता हो, दोस्रो कर्ता पनि अकर्ता हो, खाली मनको कारण। यसैले कर्म गर्दा र नगर्दा सबै मनलाई असक्त राख्नुपर्छ। यसैकारण मन नै सब कर्मको, सब इच्छाको, सब भावको, सब लोकको, सब गतिको बीज हो। उसलाई त्यागेपछि सब कर्मको त्याग हुन जान्छ, सब दुःख क्षीण हुन जान्छ, सब कर्म लय हुन जान्छ। ज्ञानी मानसिक कर्मबाट आक्रान्त हुँदैन, न उसका वशमा हुन्छ, न उसका रंगमा रंगिन्छ। किनभने उ असक्त रहन्छ। जस्तो जब कोही बालक कल्पनाद्वारा शहर बनाउँछ, बिगार्छ तब शहरलाई कल्पनाबाट रचना गर्ने उ वास्तविक रचना नगर्दा पनि लीलाले मानसिक रचनाको अनुभव गर्छ, त्यो असल खराब बन्यो भने उसलाई वास्तवमा सुख-दुःख हुन्छ। यदि उसको शहर गिर्‍यो भने मानसिक रचनालाई वास्तविक रचना संझनाले उसलाई वास्तविक दुःख नभईकन पनि दुःख हुन्छ। यसैले वास्तवमा कर्म नगर्ने पनि कर्ममा लिप्त हुँदैन, नगर्ने लिप्त हुन जान्छ। विवेकद्वारा शुभ-अशुभ दुवै कर्म नाश गर्नुपर्छ--यो तब हुन्छ जब कि ज्ञानद्वारा (कर्म केही पनि छैन) भन्ने यो दृढ निश्चय हुन जान्छ। विना कुनै दृश्यतर्फ प्रवृत्ति, विना वासना र विना कुनै कल्पनाले शान्त भएर रहनाको नाम कर्मत्याग हो। जसले कर्मलाई जडसहित त्यागेर शान्ति प्राप्त गरिसकेको छ उसका निम्ति कर्म गर्नु नगर्नु एउटै छ। गर्नाले उसलाई केही हानि हुदैन, नगर्नाले कुनै प्रत्यवाय छैन। यसैले हेराम,

यस निश्चयलाई दृढ गरेर, कर्म विचारको शंका छोडेर, सब कल्पना र इच्छालाई त्याग गरेर, शुद्ध ज्ञान स्वरूप भएर रहू। जो यस्तो सच्चा कर्म त्याग नगरेर अत्यागरूपी कर्म त्याग गर्दछ अर्थात् बाह्य क्रिया ता छोड्छ परन्तु भित्रको वासना छोड्दैन. त्यो आकाशलाई मार्नाको प्रयत्न गर्दछ। जो ज्ञानद्वारा कर्म त्यागमा अड्दछ, वासनारहित जीव मुक्त छ, उ चाहे घरमा रहोस् चाहे वनमा, चाहे शान्त हुन जाओस् चाहे उन्नति गरोस् उसका निम्ति सब एउटै हो। शान्त मानिसका निम्ति ता घर नै टाढाको निर्जन वन-समान हुन्छ, अशान्तका निम्ति निर्जन वन पनि मानिस भरिएको शहर जस्तै हुन्छ।

कर्मयोग

जसलाई अहिलेसम्म ज्ञानदृष्टि प्राप्त भएको छैन उसले कर्ममा नै निर्भर रहनुपर्छ—जस्तो जसलाई रेशमको बढिया ओढने प्राप्त भएको छैन उसले आफ्नो कंबल फ्याक्नुहुँदैन। बहुत भन्नाको जरूरत छैन संक्षेपले भन्छु कि संकल्पको अभावबाट नै मुक्ति हुन्छ। न मानिसलाई केही गर्नु छ, न केही गर्नु छैन, सब कुरो अनन्त, अज, शान्त, शिव नै हो। सब कर्मको फल-रूपी मनलाई सुप्त पुरुषलाई झैं भूलेर, वेदनारहित भएर, जस्तो अवसर पर्छ उस्तै काम गरिरहू। जस्तो शुद्ध ऐना-भित्र प्रतिविम्ब पर्नाको क्रिया आफसेआफ भइरहन्छ उस्तै नै असक्त भएर यथाप्राप्त कर्म सधैं गरिरहनुपर्छ। जन्मको दुःख सदा हटाउने यो बहुत असल धैर्य छ कि आफ्नो कर्म वासनारहित भएर गर्ने अभ्यास राखोस्। आत्मज्ञानिका निमित्त कुनै विधि-निषेध छैन। जसको सब इच्छा शान्त

भएको छ उसलाई को अरू किन केही गर्ने आज्ञा देला ? अज्ञानी व्यक्ति जसले विषयतर्फ चित्त प्रवृत्त गरिराखेको छ, कर्मको असल खराब नजानी कर्म गर्दै माछो झैं बहुत दुःख पाउँछ। ज्ञानी जन जितेन्द्रिय हुनाको कारण, तत्वज्ञानी हुनाको कारण र वासनारहित हुनाको कारण इष्ट-अनिष्ट वस्तुका चक्करमा पर्दैन। उसका निम्ति ता न कुनै कर्म खराप छ न कुनै असल, न त्याज्य छ न कार्य, न आफ्नो छ न दोस्राको। हे पापरहित रामजी, तिमीले महाकर्ता, महाभोक्ता र महात्यागी बन्नुपर्छ, सब शंकालाई त्यागेर अनन्त धैर्य धारणा गर। महाकर्ता उ हो जो राग द्वेष, सुख दुःख, धर्माधर्म, सफलता विफलता आदि सबको भोग अनपेक्ष भावले गर्दछ। महाभोक्ता उ हो जो न कुनै वस्तुदेखि द्वेष गर्छ, सबैलाई स्वाभाविक चालले भोग गर्छ। महात्यागी उसलाई भन्छन् जसले आफ्नो मनभित्रबाट बुद्धिपूर्वक सबै इच्छा, तृष्णा, निश्चय, शंकाहरूलाई हटाएको छ। हे राम, बाहिरबाट सब काम गर्दा गर्दै मनभित्र आशा, राग, वासनाले रहित भएर संसारमा विचरण गर। बाहिरबाट ता उदार र मनोहर आचरणवाला, सब प्रकारका सदाचारअनुसार कर्म गर्नेवाला भई भित्रबाट सबैलाई त्यागेर विचरण गर। बाहिरबाट सब आशाले पूर्ण तर भित्र केही आशा नराखेर बाहिर तप्त, भित्र शीतल रहेर संसारमा विचरण गर। बाहिरबाट सब प्रकारको क्रिया संपादन गर्दै भित्रबाट कुनै क्रिया नगर्दै, बाहिरी तौरबाट कर्ता, भित्री तौरमा अकर्ता बनेर संसारमा विचरण गर। बाहिरबाट लोकोचित आचारअनुसार क्रिया गर्दै, भित्र कुनै आचार विचारका बन्धनमा नपर्दै अत्यन्त सम भएर, सब वासना शान्त गरेर रहनुपर्छ। जबतक शरीर

कायम छ तबतक गर्ने योग्य कर्मलाई फलाशा नराखेर गर्दै आत्मभावमा अडेर रहनुपर्छ। सत् र असत्का बीचमा आफूलाई राखेर, त्यस स्थितिमा आश्रय गरेर बाहिर र भित्रका दृश्यलाई न प्राप्त गर्ने इच्छा गर, न त्याग गर्नाको। हे राम, कर्म गर्दै रहे पनि रागरहित, अत्यन्त विरत, आत्मामा स्थित र वासनारहित भएर आफ्नो मनलाई आकाश-समान शून्य राख। बुद्धिमान्मा जस्तो कर्म गर्नाको कामना हुन्न उस्तै कर्म त्यागको पनि कामना हुंदैन। यसैले निष्काम बुद्धिबाट सुतेको पुरुष झैं यथाप्राप्त कर्म जरूर गर। जस्तो कतै जान लागेका पथिकको पयर विना कुनै संकल्पले नै उस स्थानतर्फ परिरहन्छ उसै गरी तिमी पनि संकल्परहित भएर यथोचित कर्म गरिरहू। विना कुनै संकल्पले सुख-दुःको भावना नगर्दै यथाप्राप्त कामलाई यसरी गरिरहू, जस्तो झार आफ्नो इच्छा नभईकन पनि यता-उता उडिरहन्छ। जस्तो काठको मशीन आफआफैं केही रस नलिईकन दोस्राको निमित्त चलिरहन्छ उस्तै काम गर्दै तिम्रो भित्र उसको स्वाद आउन हुंदैन। तिम्रा इन्द्रियका सबै वृत्ति नीरस हुन जानुपर्छ। बाहिरतिर लागेमा पनि उनमा चिदानन्दको रस नै हुनुपर्छ। जस्तो पाँग्रो बिस्तार बिस्तार घुमिरहन्छ उस्तै नै तिमी पनि यथाप्राप्त कर्मलाई संकल्प र वासनारहित भएर गर्दै रहू।

(३०) आत्मानुभव

आत्मानुभव उदयको लक्षण

हे राम, जस्तो निर्मली फल हाल्दैमा पानी निर्मल हुनजान्छ उस्तै नै पक्षीको जाल मूसा-द्वारा काटिन जानु जस्तै वैराग्यबाट संसारको जाल काटिएपछि र हृदयको गाँठो खुकुलो भएर खोलिएपछि ज्ञानको कारण उस व्यक्तिको

भित्र आत्माको प्रकाश हुनजान्छ। जसले विचार गरिसकेको छ, जसको चित्तवृत्ति क्षीण भइसकेको छ, जसले मनको कल्पनाशक्ति त्याग गरेको छ, जसलाई आत्मामा परिणत गरेको छ, जसले दृश्यलाई त्यागेको छ—हेयत्व र उपादेयत्व बुद्धिलाई छोडिदिएको छ, जसको दृष्टि अद्रष्टा दृश्यतर्फ नगएर द्रष्टा आत्मातर्फ नै जान्छ, जो परम तत्वमा जाग्ने यत्न गरिरहेको छ औ गाढा अन्धकारवाला संसारका मार्गमा सुतेको छ, जो सरस भोग्य पदार्थका उपर पनि वैराग्यद्वारा नीरसता प्राप्त गरेर विरक्त भइसकेको छ, जो आशारहित भएको छ। जस्तो पिंजडाको पक्षी बाहिर निस्केर भाग्दछ उस्तै नै रागरहित, संगरहित, छन्दरहित र आश्रयरहित भएको मन मोहदेखि बाहिर निस्कन्छ। संदेह, आश्चर्य, भ्रम शान्त भएपछि परिपूर्ण भएर मन पूर्णचन्द्रसमान विराजमान हुन्छ। जस्तो हावा बन्दभएपछि समुद्र शान्त हुन्छ उस्तै नै आत्मानुभव भएपछि त्यस समताको अनुभव हुन्छ जसमा उदय र अस्त छैन, जो उत्तम सौन्दर्य उत्पन्न गर्नेवाला छ। जस्तो सूर्य उदाएपछि सुनसान र रात्रि क्षीण हुनजान्छ उस्तै जडताले जर्जरित भएको वासना क्षीण हुन्छ। जस्तो प्रातःकालमा कमल सूर्यलाई देखेर फुल्छ उस्तै नै आत्मातर्फ दृष्टि भएको शुद्ध प्रज्ञाको उदय हुन्छ। जस्तो पूर्ण चन्द्रमाको किरण फैलिन्छ उस्तै नै हृदयलाई मोहित गर्ने, संसारलाई प्रसन्न गर्ने सत्वबाट मिल्ने ज्ञानको उदय हुन्छ। तरंग जस्तै आउने जाने जन्म मरणले अज्ञानीलाई नै आफ्नो काखमा लिन्छन्, यिनबाट बचनजान्छ। जस्तो हिउँद लागेपछि मरुभूमिमा मिथ्याभ्रमबाट उदय हुने मृगतृष्णाको नदी देखतादेखतै गायब हुनजान्छ उस्तै विवेक उदय भएपछि

मिथ्याज्ञानबाट उदय भएको वासना क्षिण हुनजान्छ।

आत्माको अनुभव

चित्तको एक विषयबाट अर्को विषयतर्फ जाँदामा बीचको जो मानसिक क्रियारहित स्थिति छ त्यो आत्मस्वरूपको स्थिति हो। पत्थरको भित्र जस्तै सब संकल्प क्षीण भएपछि जडता र निद्रा नभएको जो आफ्ना भित्रको अनुभव छ त्यो स्वरूपमा रहनु हो। अहंभाव शान्त भएपछि, भेदको अनुभव नरहेपछि र स्पन्दहीन भएपछि जो अनुभव हुन्छ त्यो आफ्नो स्वरूपको अनुभव हो।

आत्मानुभवको अवर्णनीयता

अहंकार क्षीण भएपछि जो सुख र प्रसन्नता दिने परिपूर्ण रूपवाला अवस्था उदय हुन्छ उसमा रहने प्रयत्न गर्नु पर्छ। माथिसंम भरिएको समुद्र जस्तै त्यो परिपूर्ण अवस्था शब्दद्वारा वर्णन गर्न सकिन्न। न उसको केही वर्णन हुनसक्छ, न उसको केही उपमा दिन सकिन्छ। चित्तका प्रकाशको एक अंश मात्र जो तुर्यावस्था छ यदि त्यो स्थिर भयो भने आत्मानुभवसंग उसको केही उपमा दिन सकिन्छ। उस आकाशको समान विस्तृत र परिपूर्ण अवस्थाको केही केही उपमा सुषुप्तिसँग पनि दिन सकिन्छ। मन र अहंकार लीन भएपछि जो परमानन्दवाला र परमात्मस्वरूप अवस्था जो कि सब पदार्थभित्र रहेको छ, जो आफूआफै गरेका योगबाट नै सिद्ध हुन्छ, अनुभवमा आउँछ त्यो सुषुप्तिभन्दा बहुत भिन्न छ। उसको अनुभव खालि आफ्नै भित्र हुन सक्छ, शब्दद्वारा उसको वर्णन हुन सक्तैन। जस्तो बिना अनुभव मिठाईको स्वाद थाहा हुन्न उसै गरी बिना आफ्नो

अनुभवले आत्माको स्वरूप थाहा हुंदैन। आत्माको अनुभव जसलाई भएको छ, उ जुन गतिमा प्राप्त हुन्छ उसका सामुन्ने इन्द्रको लक्ष्मी पनि तुच्छ छन्। स्वर्ग, मर्त्य, पातालमा कहीं पनि त्यो सुख र ऐश्वर्य देखिंदैन जो आत्मज्ञानभन्दा ठूलो छ।

आत्मानुभवमा चित्ताभाव

विद्यमान हुनाले, असत्य हुनाले, भाषामय हुनाले मन आकाश-वृक्ष जस्तै भ्रमसिवाय केही पनि सत् पदार्थ होइन। ज्ञानीको मन आत्मभाव जागृत भएपछि मर्न जान्छ, तृष्णा भाग्दछ, मोह क्षीण हुनजान्छ, अहंकार विलीन हुन्छ। परमार्थको ज्ञान भएपछि र युक्तिमा परिणति भएपछि मनरूपी सच्चा भृग पनि असत् हुन जान्छ, जस्तो तेल सकिएको बत्ती निभ्छ उस्तै आत्मानुभव भएपछि मनको चञ्चलता कहीं जान्छ औ अनन्त प्रकाशवाला परमार्थ अवस्था बाँकी रहनजान्छ, मनको चंचलता कहीं लोप हुन्छ, त्यो शुद्ध बोध नै बाँकी रहन्छ जो बोधरहित, विभाग रहित, सब कुछ सूक्ष्म परमार्थ वस्तु हो। विवेकको उदय भएपछि चित्तसत्ता नै शुद्ध बोधमा परिणत हुनजान्छ, अनादि र अनन्त शुद्ध प्रकाशको अनुभव हुन लाग्छ। तब आफै नै उस ठाउँमा, अनादि, अनन्त, अनायास ध्यान नै शेष रहनजान्छ। परमार्थताका एकताको अनुभव भए-पछि नजाने मन कहाँ जान्छ कहाँ, कहाँ वासना, कहाँ कर्म, कहाँ हर्ष, कहाँ शोक? अनुभव हुन्छ।

अविद्या एकबाजि हटेपछि फेरि आउन्न

जस्तो एक बाजि रूखबाट खसेको फल मिहिनेत गरे पनि फेरि उसमा जोर्न सकिन्न उस्तै नै एकबाजि हृदयको गाँठो खुलेपछि मन फेरि बन्धनमा पर्न सक्तैन।

जस्तो कसैका प्रेममा फसेकी स्त्री आफ्नो घरको काममा लागिरहेकी छ तापनि आफ्ना प्रेमीको स्वादमा मस्त रहन्छे उस्तै नै धीर पुरुष जब परम शुद्ध एक तत्त्वको आनन्दमा विश्राम पाउँछ तब उसलाई इन्द्रसहित सब देवताले पनि त्यस पदबाट डगाउन सक्तैनन्। जस्तो मृगतृष्णाको ज्ञान भएपछि त्यसले प्यासालाई पनि आकर्षण गर्दैन उस्तै जानिसकेकी अविद्याले ज्ञानीलाई आकर्षित गर्दिन। अविद्या पूरा ज्ञान भइसकेपछि स्वप्नको भोग जस्तै क्षीण हुन्छे।

परम तृप्तिको अनुभव

मोक्षको म किन इच्छा गरूं, मलाई बन्धन नै कुन कुराको छ? जब म बद्ध छैन भने मोक्षको इच्छा पनि केटाकेटीको खेल हो। मेरो अज्ञान हर्‍यो, अब न बन्धन छ न मोक्ष। ध्यानबाट मलाई अब के? ध्यान नलाउनाले मलाई के? ध्यान र अध्यान दुवै छोडेर आफ्नो आत्माको अनुभव गर्नेका निम्ति जो आउँछ आओस्। न मेरो वृद्धि हुन्छ न मेरो क्षय, न मलाई अब ध्यानको इच्छा छ न ध्यान नगर्नाको, न भोगतर्फ न भोग त्यागतिर मेरो इच्छा छ, म ता समभावले रहेको छु। न मेरो परम तत्त्वमा वाञ्छा छ न मेरो जगत्को स्थितिमा, न मलाई ध्यानबाट केही मतलब छ न संसारका वैभवबाट, न मरेको छु न जिउँदो छु, न म सत् हुँ न असत् हुँ, न यो मेरो हो न उ मेरो हो। म बहुतै महान् छु मलाई नमस्कार छ, जगत्को राज्य मिले पनि म आनन्द छु, राज्य, गए पनि म आनन्दै छु। मलाइ ध्यानबाट केही गर्नु छैन, मलाई राज्य विभवबाट केही गर्नु छैन। जो आउँछ उ आओस्। न म कोही हुँ, न मेरो कोही हो।

मेरा निम्ति अब कुनै कर्तव्य छैन। मेरो स्वर्ग कहीं एक ठाउँमा छैन, मेरो निम्ति सब ठाउँ स्वर्ग छ। जो आँउछ उ आओस्, जो जान्छ उ जाओस्। मेरो सुखमा न इच्छा छ, न दुःखसित द्वेष। सुख-दुःख आओस् या जाओस् म यिनमा पर्नेवाला को हुं! यस शरीरमा अनेक वासना उदय र अस्त भइरहून् मलाई के? जब मनबाट यो भ्रम मेटियो कि यो शरीर मेरो हो, म यस शरीरको हुं तब यो कुरो फजूल छ कि म यस शरीरलाई राखूं या त्यागूं। मैले सबभन्दा उत्तम विश्राम र दुर्लभ पद प्राप्त गरिसकें, मन वचन कर्मद्वारा उस परम अवस्थाको प्राप्ति गरिलिएँ जहाँबाट फेरि फर्कनु पर्दैन। यो सुखदायक छ, यो सुख दायक छैन—यसप्रकारको मेरो विचार क्षीण भइसक्यो। अब म शान्त र सम पदमा रहेको छु।

(३१) जीवन्मुक्ति

जीवन्मुक्तको लक्षण

जुन अन्तर्मुखी वृत्तिवालालाई सुखबाट सुख र दुःखबाट दुःखको अनुभव हुंदैन उ मुक्त कहलाउँछ। यस्तो समदृष्टिवाला मानिस बडा बडा भयानक बार बार आउने सुख-दुःख-देखि मनमा विकार आउन दिंदैन। जगत्को व्यवहार गरिरहँदा पनि जसका मनमा कुनै वस्तुमाथि रसिकता छैन उ शान्त हो। जसको सब काम इच्छा र संकल्पले रहित हुन्छ, जो परिआएको काम गरिरहन्छ उही शान्त हो। मुक्त पुरुषलाई न कुनै वस्तुमाथि रसिकता हुन्छ न नीरसता। उ विषयको इच्छुक भएर विषयमा रमाउँदैन। रागवाला देखिएर पनि उ रागरहित हुन्छ। मुक्त पुरुषले न कसैलाई

उद्विग्न गर्छ, न उ कसैदेखि उद्विग्न हुन्छ। उसका लोभ मोह आदि शत्रु नष्ट हुनजान्छन्। उ अर्काको मनलाई जानेर लोकप्रिय आचरण गर्दछ, प्रिय र मधुर वाणी बोल्दछ। उ क्षण भरमा कामको विवेचन र निर्णय गर्दछ। उ शहरिया जस्तै आचारवाला र सबको बन्धु हुन्छ। बाहिरबाट यी सब काम गरिरहेको देखिन्छ तापनि भित्र सब प्रकारबाट शान्त रहन्छ। मुक्त पुरुष प्राप्त वस्तुलाई उपेक्षा गर्दैन, अप्राप्त वस्तुको इच्छा गर्दैन, सब वृत्तिमा आफ्नो भित्र शान्त र शीतल रहन्छ। जो काम जीवनप्रवाहमा गर्न मिल्छ उसलाई जो कामना र संकल्परहित भएर, हृदयमा शून्यताको भाव राखेर गर्दछ उही ज्ञानी हो। मुक्त पुरुष वर्ण, धर्म, आश्रम, आचार, शास्त्र, बन्धनबाट पार भएर जगत्को संकल्पजाल-देखि यसरी निस्केर भाग्दछ जस्तो पिंजडाबाट सिंह। सब कर्मको फल त्याग्ने, सदा तृप्त, कसैको आश्रयमा नरहने त्यो पुरुष कुनै पाप पुण्य भावमा लिप्त हुंदैन। उसको वासनाको गाँठो खुलेर बिस्तार बिस्तार खस्छ। रीस कम हुनजान्छ। मोह मन्द हुन्छ। उसका चेहरामा सधैं प्रसन्नता झल्कन्छ। उ जीवनको चाह र मृत्युको निन्दा गर्दैन। उ कुनै वस्तुको बन्धनमा पर्दैन, सधैं तृप्त र असक्त भई सम्राट् जस्तै रहन्छ। उ परिपूर्ण मनवाला, आफ्नै मानमा रहने, मौनी र शत्रुका माँझमा पनि अचल रहने हुन्छ। भयानक आपत्तिमा, ऐश्वर्य अवस्थामा, आनन्ददायक उत्सवमा घुम्दा पनि न उसलाई उद्वेग हुन्छ न आनन्द। मनभित्र सदा मुक्त रहेर पनि सब काम गरिरहन्छ। न उ डराउँछ, न उ विवश र दीन हुन्छ, उ मौनी, सम र स्वस्थ मन भएर पर्वतसमान धैर्यले रहन्छ। सब वस्तुदेखि विरक्त, इच्छारहित भएको उ आत्मामा नै

सन्तुष्ट रहन्छ। न कुनै वस्तुको चाहना गर्छ, न यिनैका निम्ति काम गर्छ। न उसलाई आकाशगमन आदि सिद्धिको इच्छा हुन्छ, न भोग प्राप्तिको, न प्रभावको, न सन्मानको, न मर्नाको, न बाँच्नाको। उ सब सुख भोगिरहेको र सब प्रकारका आशा भएको जस्तो देखिन्छ, कर्ता हुनाको भ्रम त्यागेर उ सब काम गरिरहन्छ। काममा लागिरहेको छ तापनि उ उदासी नै रहन्छ। उ न इच्छा गर्छ, न शोच फिक्री, न द्वेष गर्छ न हर्ष। जस्तो औसर पर्छ उहीअनुसार असक्त मनले उ भक्तका उपर भक्तको, मूर्खका उपर मूर्खको, बालकका उपर बालकको, बूढाका उपर बूढाको, सज्जनका उपर सज्जनको जस्तै व्यवहार गर्दछ। यौवन वृत्तिवालामा उ युवाको जस्तै रहन्छ, दुःखी-लाई देखेर दुःखी हुन्छ। न उसलाई असल काम गर्नाले मतलब, न खराप, न भोगसंग, न कर्म गर्नाले, न भोग त्याग्नाले, न बन्धुसित मतलब रहन्छ। उ सब वस्तुलाई सब प्रकारबाट ग्रहण र त्याग गरिरहन्छ। उसलाई केही प्राप्त गर्नु छैन तापनि बालक जस्तै उ सदा काममा लागिरहन्छ। उ देश, काल, क्रिया र क्रमअनुसार काम गरिरहन्छ तापनि कामबाट हुने सुख दुःखदेखि परै रहन्छ। उ न कहिल्यै दुःखी हुन्छ, कहिल्यै न उद्धत, न प्रमत्त, न खिन्न, न उद्विग्न, न हर्षित। वासनारहित भएर जो यस भागबाट कर्म गर्छ कि यो संसारको काम हो, उ मुक्त हो। उ सब काम गर्दै पनि उनको बन्नु-बिग्रनुमा प्रसन्न-दुःखित हुंदैन। ज्ञानी पुरुष जगत्को व्यवहारलाई न त्याग्छ, न उसको इच्छै गर्छ, जस्तो औसर पर्छ उस्तै व्यवहार गर्छ। बोध मात्रमा अडेको जीवन्मुक्तले जागेर पनि सुतेको झैं देखिई जगत्को सब व्यवहार गरि-रहन्छ। उ कल्पनायुक्त भएर पनि कल्पनारहित हुन्छ,

काम गरिरहँदा पनि उसमा अहंभाव रहन्न, उसको बुद्धि कुनै काममा लिप्त हुन्न। स्त्री, पुत्र, मित्र, धनसंपत्तिलाई उ पूर्वजन्मका कर्मको फल र स्वप्नसमान संझन्छ। उसको भित्र लोकेषणा, दारेषणा, वित्तेषणा उत्पन्न हुन्न,उ अपूर्व विश्रान्तिको अनुभव गर्दछ, बाँचेर पनि मुर्दातुल्य देखिन्छ। सामयिक आपत्तिमा, सदा रहने सुख दुःखमा न उ प्रसन्न हुन्छ, न ग्लानिको अनुभव गर्दछ। इष्ट वस्तुको चाहना र अनिष्ट वस्तुदेखि नफरत उसका मनमा हुन्न। जसमा 'म र मेरो' भन्ने यो भाव क्षीण भएको छ, जसको मनमा हर्ष, शोक, भय, क्रोध, काम, कृपणताको असर पर्दैन उही जीवन्मुक्त हो। उ संगरूपी रंगले रहित हुन्छ, उसको अभिमान–ज्वर उत्रेको हुन्छ, उ आत्मानुभावका आनन्दमा रहन्छ, पूर्ण पवित्र मनवाला हुन्छ। उसलाई कामरूपी हिलोले छुन सक्तैन, उसको भ्रमरूपी बन्धन काटिएको हुन्छ, संसारबाट पार भइसकेको हुन्छ। सब काममा प्रसन्न भएको देखिइन्छ तापनि उ वास्तवमा कुनै विषयदेखि प्रसन्न रहँदैन। जीवन्मुक्त कुनै सुख–दुःखदिने स्थितिमा फस्तैन, खाली स्वाभाविक काम गर्छ या केही पनि गर्दैन। उ सदा आत्मामै रहन्छ। संसारको व्यवहार उसलाई यसरी आनन्द दिन सक्तैन कि जस्तो सुतेकोलाई मनोहर सुन्दरीहरू। जो उसलाई प्राप्त छैन उसको उ चिन्ता गर्दैन, जो उसलाई प्राप्त भएको छ उसको उ प्रशंसा गर्दैन, शंकारहित भएर उ यथा-प्राप्त स्थितिअनुसार व्यवहार गर्छ। जीवन्मुक्तको मुखको शोभा सुख–दुःखमा उदय र अस्त हुंदैन। बाहिर रागद्वेष र भय आदि भावअनुसार गरिरहेको देखिन्छ तापनि उ भित्र आकाशसमान शुद्ध रहन्छ।

जीवन्मुक्तका निति लिने छोड्ने छ। केही हुँदैन

जसको मनमा यो विचार नै रहेको छैन कि फलानु वस्तु प्राप्य छ, फलानु वस्तु त्याज्य छ। उसलाई कर्म त्याग्नाले के? कर्म गर्नाले के? केही यस्तो वस्तु छैन जो ज्ञानीलाई उद्वेग गराउने अतएव त्याज्य छ, न कोही यस्तो वस्तु छ जो कि ज्ञानीका निम्ति प्राप्य छ जसका लागि उ यत्न गरोस। ज्ञानीलाई कर्म छोड्नाले केही लाभ छैन, न कर्म गर्नाले केही हानि छ, यसैले उ जस्तो स्थिति हुन्छ उसअनुसार व्यवहार गर्दछ। उ सदा प्रबुद्ध मनवाला संसारको काम गर्दै पनि आत्मामा नै रहनाको कारण सधैं समाधिमा रहन्छ। आत्माअतिरिक्त अरू कुनै पदार्थ सत्य होस् तब त्यो पाउने इच्छा गरिएला, जब आत्मादेखि अतिरिक्त कुनै वस्तु नै छैन तब फेरि आत्मा कसको इच्छा गरोस्, कसको ध्यान गरोस्, कसको पछाडि दौडोस्, कसलाई प्राप्त गरोस्? यसैले यो वाञ्छनीय हो, यो अवाञ्छनीय हो यस प्रकारको विचार मुक्तात्मामा उठ्तैन। यस प्रकारको इच्छा नभएपछि आत्मा केही गर्दैन, किनकि कर्ता, कर्म, कारण, सब आत्मा नै हो। इच्छारहित आत्मा कर्मरहित पनि हुन सक्तैन किनभने आत्मासिवाय अरू केही वस्तु छँदैछैन जसदेखि उ डराओस्।

जीवन्मुक्त महाकर्ता हो

उ महाकर्ता हो जो यथाप्राप्त धर्म अधर्म शंकारहित भएर गर्दछ। जो राग द्वेष, सुख दुःख, धर्म-अधर्म, सफलता-विफलतामा निरपेक्ष रहेर काम गर्छ। जो अहंभाव, मद, मत्सरले रहित

भएर नहडंबडाईकन काम गर्छ, जसका मनमा शुभ-अशुभ र धार्मिक-अधार्मिक काम गर्दा शंका हुँदैन, जो उद्वेग र आनन्दले रहित छ, जो सम र शुद्ध बुद्धिबाट काम गर्दा न हर्षित हुन्छ न चिन्ता गर्छ, जो कर्म-अकर्म दुवैमा उदासीन रहेर काम गर्दै भित्र उदासीन भावले रहन्छ, जो स्वभावैले शान्त छ, जसको मन उत्पत्ति, स्थिति, नाश, उदय, अस्त सब अवस्थामा समान रहन्छ।

जीवन्मुक्त सदा समाधिमा रहन्छ

व्यवहारमा लागेको ज्ञानी र वनमा रहने ज्ञानी दुवै एउटै हुन्, दुवैले सन्देहरहित पद प्राप्त गरिसकेका छन्। जीवन्मुक्तको मन वासना क्षीण हुनाको कारण कर्म गर्दै पनि अकर्ता छ, जस्तै कथा सुन्दा उस मानिसको मन जसको ध्यान कहीं गएको छ, जसका चित्तमा गहिरो वासना भरिएको छ उसको मन कर्म नगर्दा पनि कर्ता छ—जस्तो कि केही काम नगरेको पुरुष स्वप्नका खाडलमा गिर्नाको अनुभव गर्दछ। चित्तको अकर्तृत्व भाव नै उत्तम समाधि हो, उसैलाई केवली भाव र परम निवृत्ति भन्दछन्। जसको चित्त राम्ररी स्थिर छ, जसको अहंभावरूपी दोष क्षीण भइसकेको छ त्यसका निम्ति उसको घर नै निर्जन वनतुल्य छ। समाहित चित्तवालाका निम्ति घर र वन एउटै हो। आफ्नो भित्र शीतलता आएपछि सारा संसार शीतल हुन जान्छ। जो आफ्नो आत्मालाई सब भाव र पदार्थदेखि पर र सब भावयुक्त रूपबाट देख्तछ उही समाधिस्थ हो। जो आत्मालाई सब वस्तुभित्र देख्तै शान्त बुद्धि भएर न कुनै वस्तुको ध्यान गर्छ, न कुनैको सोच गर्छ उही समाहित

हो। जीवन्मुक्त महासत्व पदलाई प्राप्त गरेर यति माथि पदवीमा पुग्दछ कि उसलाई यस कुराको अलिकति पनि परवाह रहन्न। उ रहोस् वा नरहोस्, मरोस् वा बाँचोस्। सब प्रकारको उत्तम, भोग्न योग्य वस्तुले परिपूर्ण र अनेक व्यक्तिले भरिएका घरमा रहोस् या सब प्रकारको भोग नभएका वनमा, उद्दीप्त कामयुक्त मदिरा पिएर नाचोस्, अथवा सब प्रकारको संगत त्यागेर पहाडमा जाओस्, चन्दन, अगरु, कपूर आदि सुगन्धित पदार्थ शरीरमा लगाओस्, अथवा प्रचण्ड महाज्वाला भएको आगोमा फाल्हालोस्, बहुत ठूलो पाप गरोस् अथवा पुण्य, उसलाई आजै मृत्यु आओस् अथवा कल्पको अन्त्यमा। यस्तै कुनै काम छैन मुक्त पुरुष गरोस् वा नगरोस् जस्तो हिलामा परेर पनि सुन मैलो हुन्न उस्तै नै जीवन्मुक्तलाई पनि कुनै काम गर्दामा कलंक लाग्दैन।

जीवन्मुक्त महाभोक्ता हो दैवयोगले प्राप्त जो स्वाभाविक भोग छ उसलाई विना इच्छा र विना घृणाले यसरी भोग्नुपर्छ जस्तो कि समुद्र आफूमा आएका नदीहरूसँग भोग गर्छ। जस्तो आँखाले हेर्नाको आनन्द लिन्छ उस्तै नै ज्ञानी पनि विनाकुनै प्रयत्नले प्राप्त भोगलाई असक्त मनले भोग गर्छ। दैवयोगले आइपरेका स्त्री आदि भोग भोग्दामा धीर पुरुषलाई न आनन्द हुन्छ न दुःख। अप्राप्त भोगको वासना नगर्नु, प्राप्त भोग भोग गर्नु नै ज्ञानीको लक्षण हो, जीवन्मुक्त महाभोक्ता हो। महाभोक्ता उसलाई भन्छन् जो न कुनै विषको इच्छा गर्छ, न कसैको घृणा गर्छ, सब स्वाभाविक भोग भोगगर्छ, जो दिएर पनि केही दिंदैन,

जो भोगेर पनि केही गर्दैन, जो भोगेर पनि केही भोग्दैन, जो समस्त लोकव्यवहारलाई विना खिन्न मनले साक्षी समान इच्छारहित भएर भोग्दछ–देखतछ, जो वुढ्याइँ र मृत्युलाई आपत्ति, राज्य दारिद्र्यलाई एउटै जस्तै रमणीय सझन्छ, जो महान् सुख र दुःखलाई समान भावले यसरी ग्रहण गर्दछ जस्तो समुद्र सब नदीलाई। जो पीरो, अमिलो नुनिलो, पर्पराउने, मीठो उत्तम र मध्यम खाद्य पदार्थलाई समान भावले खान्छ, जो सरस र नीरस, राम्रो र नराम्रो-लाई समान भावले हेर्छ, जसका निम्ति नून र मिठाई, शुभ र अशुभ समान छ, जो इच्छारहित भएर यस प्रकारको विचार छोडेर खान्छ कि यो खान लायक पदार्थ हो, यो खान लायक होइन, जो आपत्ति र संपत्ति, आनन्द र मोह, आफ्नो र अर्काको सबलाई सब बुद्धिले भोग गर्छ उही महाभोक्ता हो।

जीवन्मुक्त शरीर नगरीमा राज्य गर्छ

जीवन्मुक्त उत्तम पदमा रहेर पनि, शरीर नगरीमा राज्य गरिरहेर पनि लिप्त हुँदैन। ज्ञानीका निम्ति यो शरीरनगरी बगैंचा समान भोग र मोक्ष दिने हो, सुख दिने हो, दुःख दिने होइन। हे राम, यो देहनगरी बडो रमणीय र सर्वगुण-संपन्न छ। ज्ञानीलाई अनन्त आनन्द दिने र आत्मसूर्यको प्रकाश गर्नेछ। जो आफ्नो शरीर र मनको ज्ञान राख्छ उसका निम्ति यो सर्वसौभाग्य र सौन्दर्यवाला शरीरनगरी दुःख दिने हुँदैन; परन्तु परम हित र सुख दिने हुन्छ। यो शरीर ज्ञानीलाई ता अनन्त सुख दिने, आनन्द दिने र अज्ञानीलाई अनन्त दुःख दिने हो।

जस्तो इन्द्रलाई अमरावती सुख दिन्छ उस्तै नै यो देहले पनि ज्ञानीलाई सुख दिन्छ, उनको भोग र मोक्षको साधन हो। शरीरमा बसेको सर्वव्यापी आत्मा नाना प्रकारका भोग भोग्दै आफ्नो पुरुषार्थलाई प्राप्त गर्छ। ज्ञानी जन इन्द्रियद्वारा प्राप्त विषयलाई तिरस्कार गर्दैनन्, अप्राप्त विषय पाउने यत्न गर्दैनन्।

जीवन्मुक्त यथाप्राप्त व्यवहार गर्छ

तो ज्ञानी होइनन, मूर्ख हुन्, जो जहाँतक देह छ तहाँतक समचित्त भएर शरीरका अवस्था अनुसार कर्मेन्द्रियको व्यवहार गर्दैनन्। जो मूर्ख तत्वलाई जान्दैन त्यही आफ्नो लडकपनको कारण स्वाभाविक अवस्थाबाट दूर हट्छ। जस्तो जबतक तिल छ तबतक तेल छ उस्तै जबतक यो शरीर छ तबतक यसको स्वाभाविक अवस्था छ। जो शरीरको अवस्थाअनुसार व्यवहार गर्दैन उ तरवारले आकाशलाई काट्छ। देहको अवस्थाअनुसार हुने सुख-दुःखलाई त्याग गर्नु उचित छैन। चित्तको समता र शान्ति ता योगबाट प्राप्त हुन्छ न कि कर्मेन्द्रिय बन्द गर्नाले। जहाँसम्म शरीर छ त्यहाँसम्म ज्ञानपूर्वक सदाचारअनुसार कर्मेन्द्रियद्वारा शरीरको आवश्यकता पूरा गर्नु पर्छ—मनबाट होइन। जबतक सृष्टि छ तबतक काम गर्नाले नै मन प्रसन्न गर्नेलाई सुख मिल्छ। स्वाभाविक काम गर्नाले कसैलाई दोष लाग्दैन।

बाह्य व्यवहारमा ज्ञानी र अज्ञानीको समता

बाह्य व्यवहारमा जस्तो अज्ञानी उस्तै सर्वज्ञ, भेद खाली वासनाको छ जो कि बन्धन र मोक्षको कारण हो। जबतक शरीर छ तबतक दुःखमा दुःख, सुखमा सुख अज्ञानीलाई जस्तै असंसक्त ज्ञानीका

शरीरमा पनि भएकै देखिन्छ। जो मनदेखि मुक्त छ उही मुक्त हो, चाहे उ कर्मेन्द्रियका व्यवहारमा बाँधिएको होस् जो मनदेखि बद्ध छ उही बद्ध हो, चाहे उ कर्मेन्द्रियबाट केही पनि नगरोस्। संसारमा सुख-दुःखको अनुभव दिलाउने र बन्ध मोक्षतर्फ लैजाने खालि बुद्धि इन्द्रियहरू नै हुन्, कर्मेन्द्रिय होइनन् जस्तो सूर्यको किरण प्रकाशको हेतु हो।

जीवन्मुक्तको चित्त

मूढचित्त नै चित्त हो, प्रबुद्ध चित्त सत्व कहलाउँछ। चित्तको दोस्रो जन्म हुन्छ, सत्वले हुँदैन। आत्मज्ञानीको मन यसरी शान्त भएर जस्तो कि मेघ वर्षेपछि मृगतृष्णाका नदीको जल र तेज घाम लागेपछि हिउको कण विलीन हुनजान्छ, तुर्यावस्थामा रहन जान्छ। जीवन्मुक्तको हृदय शुद्ध भएर यसरी दोस्रो जन्म उत्पन्न गर्दैन जस्तो कि भुटेको बिउ नयाँ अँकुर उत्पन्न गर्न सक्तैन। ती जीवन्मुक्त महात्माको चीत्त, जसले उस तत्वको दर्शन गरेको छ, जो यहाँ र उहाँ सब ठाउँमा छ सत्वकहलाउँछ। जीवन्मुक्तका शरीरमा व्यवहार गर्ने वासनाको नाम चित्त होइन,सत्व हो। तत्त्वज्ञानी जो नित्य सम भावमा रहेको छ चित्तरहित हुनजान्छ। उ सत्त्वका स्पन्दनद्वारा लीलाले संसारमा भ्रमण गर्दछ। विवेकद्वारा शुद्ध गरेको चित्त सत्त्व भनिन्छ, जस्तो भुटेको बीजबाट अंकुर पैदा हुन्न उस्तै नै सत्वबाट मोह उत्पन्न हुँदैन। जो मुनीश्वर अन्तर्मुख भएर चितिरूपी अग्निमा जगत्रूपी तृणको आहुति दिइरहन्छ उसको चित्त आदिको भ्रम मेटिन जान्छ।

जीवन्मुक्त र सिद्धि

तत्त्वज्ञानी होस् वा अज्ञानी होस्, जो कोही काल, द्रव्य, क्रियाद्वारा सिद्धि प्राप्त गर्नाको इच्छा गर्छ, प्रयत्न गर्छ उही आकाशगमन आदि सिद्धिहरू प्राप्त गर्छ। जो जीवन्मुक्त आत्मभावमा रहन्छ उसको सब वासना क्षीण हुन्छ, उ सबभन्दा परको पदमा रहन्छ, आत्मामा संतुष्ट छ, उ कुनै प्रकारको यत्न गर्दन। न उसलाई आकाशगमन आदि सिद्धिहरूको कुनै मतलब छ, न भोगको, न उसलाई प्रभावको इच्छा छ, न सन्मानको, न बाँच्नाको आशा छ, न मर्नाको भय। यदि कुनै आत्मज्ञानी सिद्धिको इच्छा गर्छ भने उ पनि क्रमैले सिद्धि प्राप्त गर्न सक्छ। द्रव्य, काल, क्रिया, मन्त्र प्रयोगका जो स्वाभाविक शक्ति छन् उनलाई वशमा गर्नाले सिद्धिहरू प्राप्त हुन्छन्। द्रव्य, काल, क्रिया, क्रम, युक्तिबाट उपयोगमा लाएपछि यिनले आफ्नो स्वाभाविक फल दिन्छन्। जसका चित्तमा जस्तो इच्छा उत्पन्न हुन्छ उ चाहे ज्ञानी होस् चाहे अज्ञानी, मिहिनेत गरेर उसलाई समयमा पूरा गरिलिन्छ। जो जो सिद्धि नामक फल जसजसले प्राप्त गरेको छ त्यो सब उनले आफ्नै आफ्नै पुरुषार्थरूपी वृक्षबाट पाएका छन्।

जीवन्मुक्तमा आपत्ति रहँदैन

जो उदार चित्तवाला महात्मा तीनै लोकलाई तृणसमान संझन्छ उसलाई सारा आपत्तिहरूले यसरी छोडेर जान्छन् कि जस्तो सर्प आफ्नो पुरानो काँचुलीलाई। जसको भित्र सदा सत्त्वको प्रकाश रहन्छ उसलाई लोकपालले यसरी रक्षा गर्दछन् कि जस्तो सारा ब्रह्माण्डलाई। जो केही पनि लिंदैन उसैलाई परम अमृत मिल्छ।

जीवन्मुक्तको जीवन शोभा युक्त हो

जुन यथार्थदर्शी ज्ञानीको बुद्धि आत्मावलोकन-देखि विचलित हुन्न उसको नै जीवन शोभायमान हुन्छ। जसको भित्र अहंभाव छैन, जसको बुद्धि विषयमा लिप्त छैन, जो सब भावमा सम रहन्छ उसको नै जीवन शोभा-युक्त हुन्छ। जो राग द्वेषदेखि रहित छ, शीतल बुद्धिले यस जीवनलाई साक्षीसमान देखतछ जीवन उसको नै शोभित हुन्छ। जसले यथार्थ ज्ञान पाएर, हेय र उपादेय भावना त्यागेर आफ्नो मनभित्र नै मनलाई स्थापित गरेको छ उसैको जीवनले शोभा पाउँछ। जो सच्चा दृष्टि प्राप्त गरेर जगत्को क्रिया वासनारहित भएर गर्दछ जीवन उसको नै शोभायुक्त हुन्छ। जो हेय र उपादेय विषयमा विचरण गर्दै मनमा न उद्विग्न हुन्छ, न हर्षित उसैको जीवन शोभायमान हुन्छ। जस्तो निर्मल शुद्ध सरोवरबाट सफेद हाँसका पंक्ति निस्कन्छन् उस्तै नै जसबाट सद्गुणका पंक्ति निस्कन्छन् उसैको जीवन शोभायुक्त हुन्छ। जसको गुण सुनेर, जसलाई देखेर, जसलाई संझेर सब प्राणीलाई आनन्द हुन्छ जीवन उसैको शोभायुक्त हो। संसारमा जो जो काम गरिन्छ उसबाट शान्तचित्तवालालाई नै आनन्द मिल्दछ, दोस्रालाई होइन। बुद्धिद्वारा विवेक प्राप्त गरेपछि नै साँप जस्तै भयदायक भोगलाई यसरी भोग गर्नुपर्दछ जस्तो कि गरुड सर्पलाई खान्छ। तत्वको विचार र दर्शन गरेपछि विभूतिहरूको सेवन गर्नाले आनन्दप्राप्ति हुन्छ, अन्यथा दुःख मिल्छ। जस्तो वर्षा ऋतुमा नदीहरू ठूलो आकार धारण गर्छन् उस्तै नै संगरहित भएर भोगहरू भोग्नाले इनका विभूतिहरू अरू ज्यादा हुनजान्छन्। जस्तो वसन्त

ऋतुमा वृक्षको सुन्दरता र शोभा आदि गुण बढ्न जान्छन् उस्तै नै तत्त्वज्ञान प्राप्त भएपछि मानिसमा बल, बुद्धि, तेज को वृद्धि हुनजान्छ।

जीवन्मुक्त शरीर ढलेपछि विदेह-मुक्त हुन्छ

जस्तो चलेको हावा स्थिर हावामा प्रवेश गर्न जान्छ उस्तै नै शरीर कालद्वारा नष्ट भएपछि जीवन्मुक्त, विदेहमुक्त हुन जान्छ। विदेहमुक्त न उदय हुन्छ, न अस्त हुन्छ, न उसको अन्त हुन्छ। न उ सत् रहन्छ न असत्, न कहीं टाढा जान्छ। न उ म हुँ न कोही दोस्रो, (उ कुनै कर्मको फल पाउनाको वशमा परेर शरीर धारण गर्दैन। उसलाई पूर्ण स्वतन्त्रता छ, जब जस्तो इच्छा हुन्छ तब उस्तै रूप धारण गर्छ (उ सूर्य भएर जगत्‌लाई गरम र प्रकाश दिन्छ, विष्णु भएर त्रिलोकीको पालना गर्दछ, रुद्र भएर सबको संहार गर्छ, ब्रह्मा भएर सृष्टिको रचना गर्छ, आकाशका रूपमा उ सुर-असुर ऋषिहरूसहित वायुमण्डललाई धारणा गर्दछ, कुलाचल भएर लोकपालका नगरलाई धारण गर्छ, पृथ्वी भएर सारा लोकलाई धारण गर्छ, तृण गुल्म लता भएर फलफूललाई धारण , जलको आकार धारण गरेर उ दौडन्छ, आगाको आकार धारण गरेर उ जलाउँछ, तेज भएर प्रकाश दिन्छ, तम भएर अंध्यारो फैलाउँछ, शून्य भएर आकाश बन्छ, पर्वत भएर रुकावट पैदा गर्छ, चेतन भएर चेतन जीवहरू र जड भएर जड वस्तुहरूलाई उत्पन्न गर्छ, समुद्र भएर उ पृथ्वीलाई घेर्दछ, परम सूर्य भएर प्रकाश फैलाउँछ, तीनै जगत्‌का परमाणु रूपले उ शान्तिका साथ रहन्छ, तीनै कालमा देखा पर्ने

सारा दृश्य जगत् उही हो। हे राम, यस अवस्थाको नाम नै मुक्ति हो, यसैलाई ब्रह्म भन्छन्, यही पूर्ण रूपले परिपूर्ण स्वरूपवाला निर्माण हो। ओंतत्सत् ॥

योगवाशिष्ठका कथाहरू

हे रामचन्द्र, सृष्टिका आदिमा ब्रह्माजीले मलाई दिएको सारा ज्ञान यही हो जो तिमीलाई मैले सुनाएँ। उही ज्ञान उपाख्यान (कथा) का रूपमा तिमीलाई सुनाउँछु, जसबाट तिमीलाई मनन र निदिध्यासन हुन जानेछ। तिमीले वैराग्य अवस्थाको वर्णन गर्दा भनेका थियौ कि कुनै पुरुष पनि यस्तो छैन जसलाई कालले खाँदैन इत्यादि। परन्तु हे राम, मृत्यु खाली अज्ञानी जीवका निमित्त मात्र हो जसले आफूलाई मरणशील भौतिक देह मानिराखेको छ। जो वासनापूर्वक कर्म गर्छ उही मृत्युको मुखमा पर्छ किनभने उसलाई आफ्नो वासना पूर्ति गर्न र कर्मफल भोग्नाका लागि दोस्रो जन्म नलिई हुंदैन। जो तत्वज्ञानी छ, जो सकाम कर्म गर्दैन, जसको मनमा संसारका विषयका निम्ति लेश मात्र पनि वासना छैन, जसले आफूलाई सधैं चिदाकाशमा नै राख्तछ, जो भौतिक देहको अभिमानी छैन उसका निम्ति मृत्यु भनेको कुनै चीज होइन। मृत्यु उसलाई छुन पनि असमर्थ छ। यस विषयमा म तिमीलाई एउटा कथासुनाउँछु:—

(३२) आकाशजको कथा

आकाश नामका एउटा ब्राह्मण थिए। उनको उत्पत्ति शुद्ध चिदाकाशबाट विना कुनै पूर्वकर्म–लीला मात्रबाट भएको थियो। उत्पन्न भएर पनि उनी आफ्नो चिदाकाश

स्वरूपमा नै रहन्थे । उनका हृदयमा कुनै विषयवासना थिएन, न उनी कुनै कामनाले कर्म गर्दथे । यसरी जीवन व्यतीत गर्दै उनको बहुत समय बित्यो। मृत्युलाई खयाल भयो कि 'यो ब्राह्मण धेरै दिनदेखि जीवित छ, अब यसलाई नमारी हुंदैन'। मृत्युले यी ब्राह्मणलाई मार्न बार बार यत्न गरे तर मार्न सकेनन्। आफूलाई यस कुरामा असमर्थ देखेर उनलाई आश्चर्य, खेद, क्रोध सबै भयो। जब आफ्नो असफलताको कारण मृत्युलालाई आएन तब उनी यमराज कहाँ गए । उनले यमराजलाई आफ्नो असफलताको कारण सुनाए यमराजले भनेः- मृत्यु ? तिमी ता निमित्त मात्र हौ, तिमी कसैलाई पनि मार्न सक्तैनौ। प्राणीलाई खालि उसैका कर्मले नै मार्छ। जसले वासनात्मक कर्म गरेको छ उही तिम्रो शिकार हुन्छ । जाऊ, ती ब्राह्मणको कर्म खोज, उनको कामनापूर्वक गरेको कर्म भेट्टायौ भने उनलाई मार्न सक्नेछौ। यमराजका आज्ञाले मृत्युले ब्राह्मणका साथ गुप्तरूपले रहेर उनका जीवनको निरीक्षण गरे, उनका पूर्वजन्मको पनि भलीभाँति हाल जाने, तर आकाशज ब्राह्मणको जीवनमा वासनात्मक कर्म एउटा पनि भेट्टाउन सकेनन् । ती ब्राह्मणको स्थिति सधैं आत्मभावमा रहन्थ्यो, कुनै विषयमा उनको वासना थिएन, उनको सारा काम स्वभावप्रेरित थियो, उनी कुनै वस्तु र प्राणीलाई आफूदेखि भिन्न र बाहिर संझदैनथे, उनलाई क्षणभंगुर शरीर र मनका साथ आत्मत्वको अभिमान हुंदैनथ्यो । अब मृत्युका समझमा आयो कि आकाशजको जीवन किन आफ्नो काबुमा आएन। मृत्युले यमराजसंग भनेः- प्रभु ? जो तपाईं भन्नुहुन्थ्यो सो ठिक रहेछ । म कसैलाई पनि मार्न सक्तोरहनेछु, प्राणीलाई उनैका कर्मले मार्दोरहेछ ।

(३३) लीलोपाख्यान

हे राम, मृत्यु के हो, मृत्युका पछाडि के हुन्छ। सृष्टिको भित्र सृष्टि र उसको भित्र पनि सृष्टि यसरी अनन्त सृष्टि हुएको वृत्तान्त र वासनानुसार आगामी जीवन बन्नु इत्यादि अनेक रहस्य जान्नाका निमित्त तिमीलाई अपूर्व कथा सुनाउँछु :—

पृथ्वीमण्डलमा कुनै वखत पद्म नामक एकजना राजा राज्य गर्दथे। उनी बहुतै योग्य र सर्वगुण संपन्न थिए। उनकी गुणवती लीला नामकी रानी थिइन्। लीला आफ्ना स्वामीमा सारै अनुरक्त थिइन्। कल्पनामा पनि उनी कहिल्यै राजादेखि अलग रहन चाहन्नथिन्। यस्तो चाहन्थिन् कि उनका स्वामी सधैं बाँचिरहून्, कहिल्यै उनको मृत्यु नहोस्। एक दिन लीलाले आफ्ना शहरका बडा बडा विद्वान्‌लाई बोलाएर सोधिन् कि "कुन उपाय यस्तो छ जसबाट मानिस मृत्युका मुखमा पर्दैन" विद्वान्‌ले भने—महारानी, कुनै उपाय यस्तो छैन जसबाट संसारी मनुष्य नमरोस्, जो उत्पन्न हुन्छ त्यो अवश्य नाश हुन्छ। निराश भएर लीलाले सरस्वती देवीको उपासना गरी, उनलाई प्रसन्न गराई उनीसित यो वरमागिन् कि "मभन्दा अगाडि मेरो स्वामी मरे भने उनको जीव मेरै कोठामा रहोस्, बाहिर जान नपाओस्" सरस्वतीले तथास्तु भनेर वरदान दिइन्, फेरि तिमीले संझनासाथ म प्रकट हुनेछु भनेर अन्तर्धान भइन्। केही दिनपछि राजा पद्मको मृत्यु भयो। लीला बहुतै दुःखी र शोकातुर भइन्। उनलाई आकाश-

वाणी भयो कि "तिमीले घबडाउनुपर्दैन, राजाको जीव कोठैमा छ । परन्तु मुर्दालाई तबतक सुरक्षित राख जहाँसम्म राजाको जीव फर्केर आउँदैन" लीलालाई यो आकाशवाणी सुनेर आश्चर्य भयो । उनले सरस्वतीको ध्यान गरिन्, सरस्वती आफ्नो वचनअनुसार प्रकट भइन् । लीलाले देवीसँग सोधिन् कि उनका स्वामी अहिले कहाँ छन् ? देवीले भनिन्– उनी यसै कोठामा छन् तर दोस्रै सृष्टिमा छन् जो यो सृष्टिभन्दा सूक्ष्म र यसको भित्र छ । लीलालाई सरस्वतीले बताइन् कि एउटा जगत्‌भित्र दोश्रो जगत् र उसभित्र अर्को जगत्, यसरी यो सिलसिला अनन्ततक जारी छ । एउटा सृष्टि अर्को सृष्टिका जीवका निम्ति शून्य छ। कुनै जीवले दोस्रा सृष्टिको व्यवहार हेर्न इच्छा गरेमा यस्तो सिद्धि पनि पाउन सक्छ । लीला यो कुरा सुनेर आफ्नो पतिलाई उनको वर्तमान् सृष्टिमा हेर्न बहुतै उत्सुक भइन् । सरस्वतीले उन-लाई यो रीति बनाइन् कि जसद्वारा उनी दोस्रो सृष्टिमा पसेर उहाँको सब व्यवहार देख्न सकून् ।

सरस्वती र लीला उस लोकमा प्रवेश गरे जहाँ पद्म उस बखत आफ्नो वासनायुक्त पूर्वकर्म भोगिरहेका थिए। पद्म मरेको यो सृष्टिमा एक क्षण मात्र भएको थियो, परन्तु जुन सृष्टिमा उनी थिए उहाँ उनी १६ वर्षको पट्ठो राजा देखिन्थे, एउटा विशाल राज्य गरिरहेका थिए। लीलालाई यो देखेर बहुत आश्चर्य भयो कि यत्ति थोरै समयमा नै १६ वर्ष कसरी बित्यो ! उनको कोठाभित्र नै सारा सृष्टि र बहुत ठूलो साम्राज्य कसरी देखिन्छ ? सरस्वतीले लीलालाई संझाइन् कि देश र कालका अणु–अणुभित्र ठूलठूला जगत् छन् । सारा देश कालको हिसाब जगत्को एउटै छैन । जो घटना एउट

सृष्टिमा एक क्षणमा हुन्छ उ अर्को जगत्मा एक कल्पमा हुन्छ। जस्तो मानिसले आफ्नो ओछ्यानमा लडेर एक छिनैमा वर्षौं सम्म हुने स्वप्नको व्यवहार एउटा अनन्त संसार क्षेत्रमा अनुभव गर्दछ उस्तै सब सृष्टिको हाल हो। सरस्वतीले लीला-लाई भनिन्--यसमा तिमीलाई के को आश्चर्य ? योभन्दा ज्यादा आश्चर्य ता यो छ कि कुल एक सप्ताह पनि बितेको छैन, तिम्रो स्वामी पद्म बन्नुभन्दा अघिल्लो जन्ममा एउटा ब्राह्मण थिए। तिमी उनकी पत्नी थियौ। यदि तिमीलाई विश्वास छैन भने आऊ म तिमीलाई देखाउँछु कि त्यो ब्राह्मणको कुटी अहिले खाली छ, उनका छोराहरू अहिले शोक गरिरहेका छन्। लीलाले यो ठाउँ हेर्ने इच्छा गरिन् सरश्वतीले उनलाई उस सृष्टिमा लगिन्।

उहाँ लीलाले त्यो झुप्रो देखिन् जहाँ ब्राह्मण वशिष्ठ र उनकी पत्नी अरुन्धती रहन्थे। एकदिन वशिष्ठले एउटा राजाको सवारी बडो ठाँटसाथ निस्केको देखे। त्यो देखेर उनका मनमा एउटा तीव्र वासना यी सब सुख र वैभव पाउनाकालागि उदय भयो। उसै दिन ब्राह्मणको शरीर छुट्यो। उनकी पत्नीले पनि सरस्वतीसंग यो वर मागिराखेका थिइन्-यदि ब्राह्मण पहिले मरे भने उनको जीव त्यस झुप्राबाट बाहिर नजाओस्, सधैं उनको र उनका पतिको साथ नछुटोस्। ब्राह्मण मरेपछि उनकी पत्नी पनि सती गइन्। सरस्वतीले लीलालाई भनिन् कि यो सब घटना खाली एक सप्ताहैमा भएको छ। ती ब्राह्मण तिम्रा पति पद्मका रूपमा र ब्राह्मणी तिम्रा रूपमा यस जगत्मा राजसुख भोग्नाका निम्ति उत्पन्न भएको थियौ, तिमीहरू दुवैको जीव त्यस कुटीबाट बाहिर

गएको छैन। लीलालाई यो देखेर बहुत आश्चर्य भयो। फेरि उनलाई यो जान्नाको उत्सुकता भयो कि उनी यसभन्दा अघिल्लो जन्ममा कहाँ थिइन्। सरस्वतीका सहायताबाट उनलाई आफ्नो पूर्वजन्मको ज्ञान उदय भयो।

अब सरस्वती र लीला उस लोकमा फर्के जहाँ पद्म विदूरथ राजाका रूपमा राज्य गरिरहेका थिए। लीलालाई यो देखेर आश्चर्य भयो कि अब राजा ७० वर्षका देखिन्थे। उनकी वर्तमान रानीको नाम पनि लीला थियो किनकि उनी उनलाई बहुतै चाहन्थिन्, उसैले यिनलाई यस जन्ममा पनि लीला नै भेट्टिइन्। लीला र सरस्वती राजा विदूरथसंग एकान्तमा मिले। राजालाई उनका अघिल्लो जन्मको पद्मरूप याद गराए। विदूरथको हृदयमा पद्म हुने वासना जागृत भयो। उसै वखत दोस्रो लीलाले पनि सरस्वतीसंग यो वर मागेकी थिइन् कि अघिल्लो जन्ममा पनि उनले आफ्नै पति पाऊन्। केही दिनपछि विदूरथको राज्यमा बाहिरबाट शत्रुको आक्रमण हुन लाग्यो, ठूलो लडाइँ भयो। यस लडाइँमा राजा विदूरथ मारिए। उनको जीव लीलाका कोठामा सुरक्षित मुर्दामा पस्यो, पद्म नामको शरीर जाग्यो। पद्मले उठ्नासाथ आफ्ना पुराना दुनियाँको अनुभव गरे। आफ्ना अगाडिका दुवै लीला खडा पाए। आफ्ना दुवै पत्नीका साथ सुखपूर्वक फेरि केही दिनसम्म पद्मले आफ्नो जीवन बिताए। वशिष्ठ भन्दछन्—हे राम? जुन कुरो हाम्रो जीवनमा हुन्छ ती सबै हाम्रा वासनाको अनुसार नै हुन्छन्। जीवन, मरण, साथी, संगी, लोकलोकान्तर सबै हाम्रा वासनाहरू नै बनेका हुन्।

(३४) कर्कटी राक्षसीको कथा

हे राम, अज्ञानी दुःख भोग्न र मर्नाका लागि नै बाँचतछ। जसले आत्मालाई जानेन उस अज्ञानीको जीवन नै मृत्यु हो। ब्रह्माले सृष्टिको आदि देखि यो नियम बनाएर राखेका छन् कि हिंसा गर्ने जीवलाई खानाका निम्ति मूढ प्राणीहरू हुन्, आत्मज्ञानीहरू होइनन्। संसारमा उदार गुणवाला प्राणी छ, उ यस पृथ्वीतलको वर्तमान चन्द्रमा हो, उसले सबलाई शीतलता प्रदान गर्छ। सारा गुणभन्दा उत्तम गुण अध्यात्म-विद्या हो, उसलाई जानेपछि नै राजा राजा हुन्छ, मन्त्री मन्त्री हुन्छ। यस विषयमा तिमीलाई म एउटा कथा सुनाउँदछु :—

हिमालय पर्वतका उत्तरीय काछमा कर्कटी नामकी एउटी राक्षसी थिइन्, उनी जीवालई खाएर आफ्नो पेट भर्दथिन्। तर उनको सारै ठूलो शरीर हुनाले उनी नअघाई सधैं भोकै रहन्थिन्। यसैले उनले उग्र तपस्या गरिन्, ब्रह्मा प्रसन्न भए। ब्रह्मासंग उनले यो वर मागिन् कि उनको शरीर सीयो जस्तो सानू होओस्। ब्रह्माजीले तथास्तु भने। अब कर्कटीको शरीर सीयोसमान भयो, यहाँपछि उनको नाम पनि विषूचिका रहन गयो। उनले यो विषूचिका रूपबाट धेरै प्राणी मारिन्। परन्तु यिनलाई बीच बीचमा यो पछुताउ हुन्थ्यो कि बहुत ठूला ठूला जन्तु मारेर पनि उनका शरीरभित्र खाली एउटा सानो रगतको थोपो मात्र जान्थ्यो। उनले फेरि तपस्या गरिन्, ब्रह्मासंग यो वर मागिन कि उनको शरीर फेरि उत्रै अघिको जत्रै होओस्। ब्रह्माले यो वर दिनुभन्दा

अगाडि यो कबूल गराए कि उनले अज्ञानीलाई मात्रै मारेर आफ्नो पेट भरून्, ज्ञानीलाई होइन । कर्कटीले हुन्छ भनिन् ।कुन ज्ञानी हो, कुन अज्ञानी यो जान्नाका निमित्त एउटा सूची तयार गरिन् । जसलाई भेटे पनि यही प्रश्न गर्थिन्, उत्तर नदिनेलाई खान्थिन् । यसै गर्दागर्दै धेरै काल बित्यो । एकदिन थिनले वनमा किरात राजालाई भेटिन्, उनका नगीचमा गई उनीसंग प्रश्न गरिन् । राजाले सब प्रश्नको यथार्थ उत्तर दिए । उनी सारै खुसी भएर राजासँग मिलिन्, उनले राजासितै बस्न इच्छा प्रकट गरिन । राजाका आज्ञाले उनी रान्नो रूप धारण गरी, सुन्दर वस्त्र गहना लगाई राजमहलैमा बस्न लागिन् । ती राजाका राज्यमा जो पापी थिए,जसलाई राजदर्बारमा मृत्युदण्ड मिल्थ्यो यी सबै कर्कटीलाई खानाका लागि दिइन्थे । यसरी केही दिन शान्तिसंग बिताई उनी उत्तम गतिमा प्राप्त भइन् ।

(३८) इन्दुब्राह्मणका पुत्रको कथा

हे राम, जीव खालि संकल्पमय छ । जुन संकल्प हृदयमा दृढ हुनजान्छ उही नै बाह्य आकार धारणा गर्दछ । संकल्पमय चित्त जस्तो जगत्को कल्पना गर्छ उस्तै नै सारा जगत् क्षणैमा निर्मित हुन्छ । सारा ब्रह्माण्ड मनैको कल्पना हो । प्रत्येक मनमा जगत् रचना गर्ने सामर्थ्य छ । यस विषयमा म तिमीलाई एउटा कथा सुनाउँदछु :—

एक बखत जगत् स्रष्टा ब्रह्माजीले आफ्नो महाँप्रलयको निद्रावाट बिउँझेपछि नयाँ सृष्टिको रचना गर्न आँटे । उस बेला उनलाई यो थाह भयो कि सृष्टि ता पहिलेदेखि नै रचिएको छ । बहुतै आश्चर्य भएर उनले उस सृष्टिका सूर्यसंग

सोधे कि--यो सृष्टि मेरो रचनाभन्दा पहिले नै कहाँबाट आयो। सूर्यले भने--ब्रह्माजी ? यस्तो एउटै होइन यस्ता दशोटा सृष्टि तिमीले नरचीकन नै रचिएको छ। ब्रह्माले आश्चर्य भएर सोधे--यी सृष्टि रच्ने को हुन् ? सूर्यले भने-तिम्रो अगाडि रचेका सृष्टिमा जो जम्बूद्वीप थियो उहीं स्वर्ण नामको प्रान्तमा इन्दु नामका ब्राह्मण र उनकी सुयोग्य पत्नी बसेका थिए। सन्तान नहुनाले उनले शिवजीको तपस्या गरे। शीवजीको वरदानबाट उनले दशोटा महामना छोरा पाए। केही कालमा उनी परलोक भएपछि उनका दशौटै छोरा एकट्ठा भएर सल्लाह गरे कि पिताजीको याद कायम राख्नाका निमित्त हामीले कुनै यस्तो ठूलो काम गर्नु पर्छ जो आजसम्म कसैले गरेको छैन। सोच्ता सोच्ता यही ठिक गरे कि हामी दशोटै मिलेर ब्रह्मा बनेर दशोटै सृष्टि रचना गरौं। यो धारण गरेर यिनले समाधी लिए। यिनीहरू यो संकल्प गर्न लागे कि हामी ब्रह्मा हौं, सृष्टि गर्न सक्छौं। केही दिन बितेपछि उनको संकल्प दृढ भयो औ दश सृष्टिको रचना भयो। यी सृष्टि उहाँसंम कायम रहन्छन् जहाँसंम उनको संकल्पशक्ति क्षीण हुंदैन। यो सुनेर ब्रह्माजी शान्त भए।

(३६) अहिल्या-इन्द्रब्राह्मणको कथा

हे राम, मन कुनै वस्तुमा स्थिर भएपछि कत्तिको आनन्द हुन्छ। चित्त स्थिर भएका प्रेमीलाई शरीरको दुःख कहाँसंम भानहुंदैन ; यस विषयमा एउटा कथा म तिमीलाई सुनाउँछु :--

मगध देशमा इन्द्रद्युम्न नामक वडा प्रतापी राजा थिए। उनकी रानी अहिल्या सारै राम्री थिइन्। त्यही

शहरमा इन्द्र नामक एउटा अत्यन्त बुद्धिमान् ब्राह्मणकुमार रहन्थे। रानीले ती ब्राह्मणको प्रशंसा सुनेर उनलाई हेर्ने इच्छा गरिन्। कुनै केटीद्वारा उनलाई महलमा बोलाइन्, उनमा रानी यत्तिको आसक्त भइन् कि सारा जगत् इन्द्रमय देख्न लागिन्। "ततस्तदनुरक्ता सा पश्यन्ती तन्मयं जगत्"– उनलाई रानीले आफ्नो हृदयको प्रेम प्रकट गरिन्। इन्द्र पनि रानीमा अनुरक्त भए, सारा संसार भुलेर उनैका ध्यानमा रहन लागे। इन्द्रलाई अहिल्याको ध्यान गर्दा र अहिल्यालाई इन्द्रको ध्यान गर्दा अलौकिक आनन्दको अनुभव हुन्थ्यो, एउटाको दोस्रासंग मिल्ने सधैं इच्छा रहन्थ्यो। रानी मौका मिल्नाका साथ इन्द्रसंग आनन्दले समय बिताउँथिन्। यो कुरो बिस्तार बिस्तार फैलिई राजाका कानमा पुग्यो। राजाले यी दुइलाई छुट्याउन भरिसक यत्न गरे तर सकेनन्। राजाले यिनलाई हरेक कष्ट दिए, हात्तिले कुल्चाए, कोर्रा लगाए, अन्न जल बन्द गरेर थुने परन्तु यिनको प्रेम यत्तिको अनन्य थियो कि कडाभन्दा कडा दुःखले पनि यिनलाई छुंदैनथ्यो। इन्द्रले राजासित भने– राजन्? मेरो जगत् ता अहिल्यामय छ, तपाईंले दिएका सयकडौं दुःखको भान मलाई छैन, उस्तै अहिल्याको जगत् पनि ममय छ अर्थात् उनी सब जगह मलाई नै देख्छिन् यसैकारण उनलाई पनि कुनै दुःखबाट अलिकति पनि पीडाको भान हुंदैन। राजालाई सारै खेद भयो किनभने उनले यिनलाई अनेक दुःख दिंदा पनि एउटालाई अर्काको मनबाट तिलभर पनि हटाउन सकेनन्। तब राजाले भरत नामक ऋषिसंग गएर सबै कुरा भने, उनीसंग प्रार्थना गरे कि यिनलाई श्रापदिनोस्। ऋषिले यी दुबैलाई श्राप दिए

कि यिनको शरीर पतन होओस्। यी दुवैले भने—यस आपले हामीलाई केही गर्दैन, आपले खालि हाम्रो शरीरलाई नै नष्ट गर्छ हामीलाई छुन सक्तैन। शरीरको ता हामी दुवैलाई भान छैन। हाम्रो मन जो एउटा अर्काको ध्यानमा अचल छ उसलाई आपले नष्ट गर्न सक्तैन। यी दुवै मनले जहाँ रहे पनि शरीरको रचना गर्नेछन्।

यिनका दुवै शरीर सुकेको रूख झैं ढले। यी दुवै मृग योनिमा जन्मे, उहाँ पनि उनको प्रेम अनन्य थियो। यहाँपछि यी दुवै पक्षी भए। फेरि दुवै ब्राह्मणदम्पतीका रूपमा जन्मे। यहाँ पछि पनि यिनको अनेक जन्म भइसकेको छ, तर हरेक जन्ममा परस्परमा अनन्य प्रेम थियो।

(३७) चित्तोपाख्यान

हे राम, संसारका सबै सुख दुःख चित्तको आधीनमा छन्। बन्धन र मोक्ष पनि चित्तकै अवस्था हो। जुन चित्त वासनापूर्तिका निम्ति यताउता दौडिरहन्छ उसलाई कहिल्यै शान्ति मिल्दैन। जसले वासनाबाट छुट्टी पाएको छ उही चित्त शुद्ध ब्राम्हण बन्न जान्छ औ अनुपम परमानन्द अनुभव गर्दछ। यस विषयमा एउटा उपाख्यान सुन :—

एउटा बहुत ठूलो, शान्त र भयानक जंगल छ। एक दिन उहाँ घुम्दाघुम्दै मैले एउटा विचित्र पुरुष देखें। उ सारै ठूलो जीउ भएको, हजारौं हात र आंखा भएको थियो। उसको सब व्यवहार सिल्लीको जस्तै देखिन्थ्यो। उ कहिले यता दौडन्थ्यो कहिले उता। कहिले रुन्थ्यो कहिले हाँस्थ्यो, कहिले नाच्थ्यो

कहिले शोकातुर भएर लड्थ्यो। उसका हजारौं आँखाले उसलाई हजारौं विषय देखाउँथे। ती देखिएका विषय पाउनाका निम्ति उ अधीर भएर चारौंतर्फ दौडिरहन्थ्यो। कुनै एउटा विषयमा स्थिर भएर उसको स्वाद लिन पाउँदैनथ्यो। कुनै विषय नपाएमा र विषयबाट आफूले भने जस्तो आनन्द मिलन नसकेमा उ यत्तिको झर्कन्थ्यो कि आफ्ना हजारौं हातले आफैंलाई खुप जोरले पिट्न लाग्थ्यो। यस्तो गर्दागर्दै उ यत्तिको डराउँद्थ्यो कि आफूलाई सुरक्षित राख्नाका लागि कुनै एकान्त झाडी तलास गर्दथ्यो। तर रुँदारुँदै उसको दृष्टि, विवेक र बुद्धि यत्तिको मन्द हुन्थ्यो कि उ अन्धो जस्तै करन्जका घना झाडीमा बस्थ्यो, त्यस काँडाले छिया छिया भएपछि चिच्याउन लाग्थ्यो। यो शरीरको वेदना हटाउना निम्ति उ इनारमा फालहाल्थ्यो। त्यो इनारमा विषालु जन्तु भरिएका थिए, त्यसबाट कपालै चर्कने गरी दुर्गन्ध निस्कन्थ्यो। रातभर त्यस इनारमा कुनै किसिमले रहेर बिहान फेरि त्यस इनारबाट निस्केर उ आफ्नो बेचैनीको जीवन आरंभ गर्थ्यो। घुम्दा घुम्दै कहिलेकहीं केराको शीतल सुगन्धित वनमा उ पुग्थ्यो, उहाँ २ घडी थकाई मारी भरपेट खान पउँथ्यो। तर उहाँ पनि उसलाई शान्ति मिल्दैनथ्यो। उ उहाँबाट भागेर यताउता फेरि भड्कन्थ्यो। मैले यो पनि विचित्र कुरो देखें कि कति यत्न गर्दा पनि उ मेरो अगाडि पर्दैनथ्यो, हरघडी उ मेरो नजरबाट बचेरै हिंड्थ्यो। एक दिन यस्तो भयो कि धेरै यत्न गर्दा मैले उसलाई आफ्नो सामुन्ने बोलाएर हेरें। हेर्दा हेर्दै उसका हजारौं आँखा र हात खिइन लागे, केही दिनमा उसको सारा शरीर छिन्न-भिन्न भयो, उ मेरो हृदयमा पसेर शान्त भयो।

मैले यो विचार गरेको थिएँ कि त्यस वनमा यस्तो सिल्ली एउटै थियो, उसलाई मेरो दर्शन पाउनासाथ मुक्ति मिल्यो। परन्तु त्यस वनमा यस्ता पागल धेरै भेट्टिए, यिनमा जो मेरो सामुन्ने पर्‍यो उ शान्त भयो, जो मदेखि मुख लुकाएर बस्यो उ अहिलेसम्म उसैगरी घुमिरहेको छ।

रामले सोधे—हे गुरु, त्यो वन कहाँ छ? उ पुरुष को हो? वशिष्ठले भने—हे राम! त्यो वन यो संसार हो, उ पागल पुरुष मन हो, हजारौं नेत्र र हात मनका अनन्त वासना हुन्। त्यो अँध्यारो इनार गृहस्थाश्रम हो, करञ्जको झाडी नरक हो, केराको वन स्वर्ग हो। म विवेक हुँ। म जसका सामुन्ने छु त्यो मन शान्त र मुक्त हुन जान्छ। विवेक विचारद्वारा नै मनले अमनस्क भई निर्वाण प्राप्त गर्छ।

(३८) बालकाख्यायिका

हे राम, जो यो दृश्य संसार छ उ खालि दृष्टि मात्र छ, कल्पना र भ्रमदेखि अतिरिक्त यसको सत्ता छैन। शून्य ब्रह्मरूपी भित्तामा मनरूपी चित्रकारले यो सब चित्र बनाइराखेको छ, मनको कल्पनाअतिरिक्त यसमा अलिकति पनि सार छैन। जस्तो स्वप्नमा रचेका जगत्मा कल्पनासिवाय केही पनि हुँदैन उस्तै नै यस संसारको स्थिति छ। वास्तवमा ता जगत् छँदै छैन, मनले आफ्नै भित्र यसको कल्पना गरिराखेको छ। यैसै कल्पनाको वसमा भएर उ आफै यत्तिको यसमा भुलिरहेको छ कि उसलाई दृश्य पदार्थ नै सार र वास्तविक भान हुन्छ। जस्तो कोही बालक झुट्टो कहानी सुनेर उसलाई सच्चा

संझी उसमा सुख-दुःखको अनुभव गर्दछ। यस विषयमा म एउटा साधु कहानी तिमीलाई सुनाउँछुः-

एकादेशमा शून्यनगर छ। उहाँ तिनोटा राजकुमार रहन्थे, तिनमा दुइटा ता अहिलेसम्म जन्मेकै छैनन्, एउटा गर्भैमा पसेको थिएन। यिनले सारै दुःख पाए। तब कतै गएर धन कमाउनुपर्छ भन्ने विचार गरी उनीहरू घरबाट निस्के। बाटामा उनलाई सारै कष्ट भयो। भोक, प्यास, थकाइले पीडित भएर उनीहरू तीनोटा रूखका मन्तिर बसे। ती तीनोटा रूखमा दुइटा ता उम्रेकै थिएनन्, एउटाको बीउ नै रोपिएको थिएन। उस वृक्षको शीतल छायामा बसेर उनीहरूले थकाइ मारे, उसबाट अमृत जस्ता मीठा फल टिपेर खाए। एक छिनपछि उनीहरू उहाँबाट उठेर हिडे। बाटामा उनले सारै सुन्दर, निर्मल जल भएका तीनोटा नदी देखे। यी नदी यस्ता थिए कि दुइटामा पानी नै थिएन, एउटा सुकेको थियो। उनले त्यो सुकेका नदीमा बढो आनन्दसाथ नुहाए, पौडी खेले, पानी खाए। उहाँबाट हिंडेपछि साँझमा उनीहरू भविष्य नगरमा पुगे। उहाँ उनले बस्नलाई तीनोटा घर ठीक गरे। यिनमा दुइटा घर बनेकै थिएनन्, एउटाको भित्तै थिएन! उहाँ बसेर उनले तीनोटा ब्राह्मणलाई निमन्त्रणा गरे। यिनमा दुइटाको शरीरै थिएन, एउटाको मुखै थिएन। उनले तीनोटा थालमा खाए। यिनमा दुइटाको पिंदै थिएन, एउटा धूलोपीठो थियो। त्यस भविष्यनगरमा यी तीन राजकुमारले आनन्दपूर्वक आफ्नो जीवन व्यतीत गरे। धाईले हालेको यो कथा सुन्ने बालक दंगपर्‍यो।

(३०) इन्द्रजालोपाख्यान

हे राम, यो सारा जगत् मनभित्र छ। मन यसलाई एक निमेषमा उत्पन्न गर्दछ, एक निमेषमा लय गर्छ। साह्रा दृश्य-संसार स्वप्न जस्तै छ। क्षणभरको स्वप्नमा यी सब घटना हुनजान्छन् जुन घटना बाह्यजगत्मा (जो एउटा दोस्रो सपना हो) कल्पौंमा हुन्छ। जो बाह्यजगत्मा धेरै कालमा हुन्छ उ क्षणभरमा मनभित्र हुनजान्छ। यस विषयमा एउटा कथा म तिमीलाई सुनाउँछु :—

यो पृथ्वीमण्डलमा एउटा उत्तरपाण्डव नामको देश छ। उहाँ कुनै दिन महाप्रतापी धर्मात्मा लवण नामका राजा राज्य गर्दथे। उनी एक दिन राजसभामा बसेका वेलामा उहाँ एउटा इन्द्रजाली आयो। उसले राजालाई प्रणाम गरेर बिन्ति चढायो कि महाराज, म इन्द्रजाली हुं, सर्कारलाई आफ्नो करामत देखाउन पाऊँ। राजाले आज्ञा दिए। तब उसले आफ्नो पेटारीबाट मुजूरका प्वाँखको गुच्छा निकालेर राजाका सामुन्ने घुमाउन लाग्यो। त्यो घुमेको हेर्दाहेर्दै राजा बेहोश भएर दुइ घडीसम्म निदाए। सारा दरबारियाहरू हडबडाएर इन्द्रजालीलाई जथाभावी गाली गर्न लागे। दुई घडी बितेपछि राजा बिउँझे, राम्ररी चैतन्य भएपछि उनले आफ्नो दुइ घडी मूर्छित अवस्थामा भएको आश्चर्यजनक घटना सब दरबारियाहरूलाई सुनाउन लागे।

राजा भन्छन् :— मुजूरका प्वाँखको गुच्छा घुमेको हेर्दाहेर्दै मलाई निद्राले घेर्‍यो, म निदाएँ। त्यसै वेला एउटा

अर्कै देशको राजाको दूत बहुतै तेज र अत्यन्त राम्रो घोडा लिएर मेरो अगाडि आयो। उसले मसंग भन्यो कि यो घोडा हाम्रो राजाले सर्कारको सवारीका निमित चढाउन पठाएको हो। म त्यो घोडा देखेर सारै खुशी भएँ। त्यसै वेला त्यही घोडा चढेर म बाहिर निस्कें। घोडा बहुतै तेज थियो, मलाई लिएर अत्यन्त वेगले दगुर्‍यो, रोक्तै रोकिएन। म आफ्नो यो राज्य देखि धेरै टाढा दक्षिणपट्टि विन्ध्याचलको जंगलमा पुगें। रोकन नशक्ता मैले घोडैबाट एउटा रूखको हागा समातेर घोडालाई छोडिदिएँ। घोडा हिडेपछि रूखबाट ओर्लेर म थकाइ मार्न लागें। मलाई भोकप्यासले यत्तिको सतायो कि प्राणै निस्कला भने जस्तो भयो। चारौंतर्फ हेर्दें कतैबाट पनि अन्नजलको संभावना देखिन। म जीवनबाट निराश भइसकेको थिएँ। त्यसै वेला मैलो लुगा लाएकी, काली, कुरूप एउटी चाण्डालकन्या मस्त चालले जान लागेकी मैले देखें। उसका हातमा जामुनूको रस र भात थियो। म सारै भोक-तीर्खाले व्याकुल भएको हुनाले दगुरेर उसका अगाडि पुगें। उसँग प्रार्थना गरें कि त्यसबाट केही अन्न दिएर मेरो प्राण बचाऊ। कन्याले भनी—म चाण्डालकी छोरी हुँ यो अन्न र रस आफ्ना बाबुका निमित्त लान लागेकी छु, यसबाट म तिमीलाई अलिकति पनि दिन सक्तिन। बहुतै प्रार्थना गर्दा पनि उसले एक सितो भात मलाई दिइन सरासर हिडी। म कराउँदै उसको पछाडि लागें। कन्याले भनी—यदि तिमी मेरो लोग्ने हुन स्वीकार गर्छौ भने म तिमीलाई पिताको अन्नबाट केही दिन्छु। प्राणै जान लागेको हुनाले उसको पति हुन मैले स्वीकार गरें। उसले मलाई अलिकति भात र रस खान दिई। उ खुशी भएर

मलाई लिएर बाबुकहाँ गईं, बाबुलाई भनी—मैले यो राम्रो पुरुषलाई लोग्ने बनाएँ। बाबुले सारै खुशी भएर भन्यो—तैंले बहुतै असल गरिछस्, जा, ज्वाईंलाई लिएर घर जा। उ मलाई लिएर आफ्नो घर गई। मैले चाण्डालका घर पुगेर देखें कि उहाँ चारौंतर्फ हाड, मासु, रगत, जानवरको छाला छरिइरहेको छ। एउटा बहुतै दुर्गन्धी झुप्रामा मेरी सासू मासु पकाइरहेकी थिइन्। छोरीले आमालाई सबै कुरो बताई, उनी आफ्नो यस्तो राम्रो ज्वाइँ देखेर सारै खुशी भइन्। रगत र मासुको भोजन मलाई पस्किन्। सारा चाण्डाल दाज्यूभाइ जम्मा गरेर चाण्डालदम्पतीले मसंग आफ्नी छोरीको बडो धूमधामका साथ बिहा गरिदिए केही दिनैमा म एउटा प्रतिष्ठित चाण्डाल बन्न गएँ। केही वर्ष-भित्र उही स्त्रीबाट तीन छोरा, तीन छोरी भए। मैले आफ्नो राजभाव बिल्कुलै भुलें, सब काम चाण्डालयोग्य गर्न लागें। एक समय पानी नपर्नाले सारै अनिकाल पर्‍यो, उहाँ अन्नजलको अभाव भयो, सबै बालबच्चा भोकभोकै मर्न लागे। सारै तंग भएर म बालबच्चा लिई भोजनोपार्जन गर्नाका निम्ति दोस्रै देशातिर लागें। बाटामा यी सबै खान नपाउनाले चल्न नसकी एउटा रूखमन्तिर लडे। उनमा सबभन्दा सानो छोराले "बा !!! मेरो प्राण निस्कन लाग्यो, मलाई केहीं खान देऊ" भनेर कराउन लाग्यो। यो करुण क्रन्दनले मेरो मुटु छेड्यो। मेरा साथमा दिने कुरो केहीं थिएन के गरूँ ! आगो बालें, लौ आइज मेरो मासु खा! भनेर आगोभित्र पसें। आगाको पीडाले मेरो चेतना दोस्रै स्थितिको अनुभव गर्न लाग्यो, म बिउझें आफूलाई राजाका रूपमा यहाँ पाएँ।

यो हाल सुनेर सारा दरबार चकित भयो। राजा पनि चकित भए। इन्द्रजालीले राजालाई भन्यो–महाराज, यो सब घटना साँचो हो सरकारलाई विश्वास नभए आफैं उस देशमा सवारी भएर नजर होस्। राजा आफ्ना सेना लिएर दक्षिणतर्फ रवाना भए। बाटामा उनले उही नै देश, ठाउँ, दृश्य देखे। किरात देशमा पुगेर पनि उनले उही ठाउँ देखे, जहाँ उनी वृत्तिका निमित्त घुमेका थिए। त्यो ठाउँ पनि देखे जहाँ उनले छोराका निमित्त आफ्नो शरीर बलिदान गरेको थियो, उहाँ अकालका सबै निशानहरू देखिन्थे। चाण्डालका घरमा गएर हेर्छन् ता उहाँ उनकी सासू उनाईका मृत्युको शोकले रोइरहेकी थिइन्, राजाले उनलाई संझाई धन दिए। आश्चर्यले चकित भएर उनी आफ्नो राज्यमा फर्के।

(४०) गाधीब्राह्मणको कथा

हे राम, मायाको स्वरूप कस्तो छ? यस विषमा म तिमीलाई एउटा पुरानो कथा सुनाउछु, यसबाट तिमीलाई मायाको स्वरूप थाह हुनेछ।

कोशल देशमा एउटा बहुतै आचार-विचार शुद्ध भएका गाधी नामका ब्राह्मण थिए। उनका मनमा एक दिन मायाको दर्शन गर्नाको इच्छा उठ्यो र भगवान्‌को ध्यान गरे। भगवान्‌ले प्रकट भएर वरदान दिएकि कुनै दिन तिमीलाई मायाको दर्शन हुनेछ। केही दिनपछि गाधी गंगा-स्नान गर्न गए। लुगा किनारमा राखी जलमा पसेर गोता लगाए। डुब्नाका साथ उनलाई एउटा विचित्र अनुभव भयो—

उनी आफ्नै घरमाइ बिरामी भएर मर्न आँटे। उनलाई मर्ने वेलाको अनुभव हुनलाग्यो। मरेर दोस्रो लोकमा पुगे। उहाँ उनलाई आफ्ना जीवनको उत्कट वासनाअनुसार भोग र दण्ड मिल्यो। फेरि उनी यस लोकमा आएर एउटी चाण्डाल्नीका पेटमा पसे, चाण्डालपुत्र भएर जन्मे। ठूलो भएपछि उनले आफू जस्तै कुरूप चाण्डालकन्यासँग बिहा गरे। उसैका साथ गृहस्थीको सुख भोग्न लागे, चाण्डाल वृत्तिद्वारा धन कमाएर जहान पाल्थे। उनले कैयौं छोरा छोरी पाए। उनी स्वयं बूढा भएँ। एक बखत उनी बसेका किरात देशमा अनिकाल पऱ्यो। खान नमिल्दाइ उनका कैयौं छोराछोरी मरे, स्वास्नीको पनि देहान्त भयो। उनी बहुत रोए कराए। शोकातुर भएर आफ्नो पेट पाल्नाका लागि उनी दोस्रै देशतिर लागे। बाटामा उनलाई एउटा हात्तीले अचानक सूंढले उठाएर आफ्नो पीठमा राख्यो। उ हात्ती एउटा राज्यको राजा खोज्नाका निम्ति छोडेको थियो। जसलाई हात्तीले पीठमा राख्छ उसैलाई राजा तुल्याउनुपर्छ भनेर उस हात्तीका पछाडि पछाडि राज्यका मन्त्री कर्मचारीहरू थिए। उनले उस चाण्डाललाई प्रणाम गरे। उसलाई हात्तीबाट उतारी राजोचित शृंगार गराई आफ्नो राज्यमा लगेर गद्दीमा राखे। अब उ चाण्डाल राजा भएर सब प्रकारको भोग भोग्न लाग्यो। उसका राज्यमा कुनै कुराको कमी थिएन, धन धान्य–अतुल संपत्ति थियो। अन्तः-पुरमा एकसेएक सुन्दरीहरू उसको टहल–सुसारका निमित्त तयार थिए। पूरा आठ वर्ष उनले चाण्डाल रूपमा राजभोग गरे। दुर्भाग्यवश एक दिन उहाँ उनका जवानीका साथी चाण्डालहरू आइपुगे, उसै वेला उनका सामुन्नेबाट राजाको

सवारी निस्क्यो । ती चाण्डालले आफ्नो पुरानो मित्र कटंज चाण्डाललाई देखेर चिन्हे, खुशी भएर चिच्याए उसँग मिलन दौडे । सिपाहीले रोका पनि रोकिए नन्–किन रोकिन्थे, जसको मित्र राजा छ उसलाई सिपाहीको के डर ? यो रहस्य दुनियाँलाई थाह भयो । सारा शहरमा यो कुरा फैलियो कि यहाँका राजा चाण्डाल पो रहेछन् । रानीहरू र शहरका ब्राह्मणवर्गलाई यो खबर मिल्नाका साथ यत्तिको दुःख भयो कि उनीहरूले प्रायश्चित्तका लागि अग्निप्रवेश गरे । राजाले पनि यो सबै दृश्य देखेर असह्य भई उसै अग्निमा प्रवेश गरे । चैतन्य हुनाका साथ उनले आफूलाई डुबुल्कीबाट टाउको उठाएका गाधीको रूपमा पाए । उनले संझनै सकेनन् कि मामला के हो ? किनारमा हेर्दा उनको लुगा जहाँको तहीं मौजूद थियो । चारौंतर्फको स्थिति विचार गर्दा यही थाहा भयो कि उनले यो सबै घटनाको अनुभव उति समयमा गरेका थिए जति समय उनलाई एक डुबुल्की मार्दा लाग्यो । उनी आश्चर्य भएर घरमा आए ।

केही दिनपछि उनका घरमा एउटा परदेशी आयो । राती सुत्ने वेलामा गाधीले उसँग उसका यात्राको वृत्तान्त सोधे । उसले भन्यो- हेब्राह्मण, मैले धेरै देश घुमे परन्तु एउटा देशमा मैले यस्तो हृदयविदारक दृश्य देखें कि त्यो संझदा पनि रौं ठाडा हुन्छन्, रू रू लाग्छ । यहाँदेखि उत्तर पट्टि एउटा देशमा सारा ब्राह्मण प्रजा र सारा रानीहरू यस कारण अग्निमा प्रवेश गरे कि उनले आठ वर्षसम्म नजान्दा एउटा चाण्डालका राजशासनमा जीवन बिताउनु पर्‍यो । चाण्डाल राजाले पनि साह्रै दुःखी भएर उसै

अग्निमा प्रवेश गर्‍यो यो घटना मैले यिनै आँखाले देखें उहाँबाट म प्रयाग गएँ, त्रिवेणीमा स्नान गरी सीधा आउँदैछु। गाधीलाई यो कुरा सुनेर आश्चर्य लाग्यो, यो घटनास्थल हेर्न प्रबल इच्छा उठ्यो उनी यात्रीलाई साथमा लिएर उस राज्यमा गए, उहाँ सब कुरो उस्तै देखे जस्तो उनले अनुभव गरेको थियो। फेरि उनी किरातदेशमा गए उहाँ पनि उनले सबै कुरा उस्तै देखे जस्तो उनले चाण्डाल-जीवनमा अनुभव गरेको थियो। उनी मायाको स्वरूप विचार गर्दै वहाँबाट फर्के।

(४१) शुक्रोपाख्यान

हे राम, वासना र संकल्पअनुसार नै मानिसको गति हुन्छ। यसैकारण निर्वाणपद पाउन इच्छा गर्ने पुरुषले सांसारिक विषयको वासना गर्नु हुँदैन, कुनै सांसारिक सुख अथवा भोगलाई आफ्नो मनमा संकल्प उदय हुन दिन हुँदैन। यस विषयमा एउटा पुरानो उपाख्यान म तिमीलाई सुनाउँछु :—

एक बखत मन्दराचल पर्वतमा भृगुले उग्र तपस्या आरम्भ गरे। आफ्नो देखभाल गर्नाका लागि आफ्नै पुत्र शुक्रलाई राखे। भृगुजीले निर्विकल्प समाधि लगाएपछि शुक्र फुर्सत भएको हुनाले एक दिन शान्त भएर प्रकृतिको शोभा हेर्न लागे। उसै बखत उनले आकाशमार्ग-बाट जान लागेकी एउटी अप्सरालाई देखे। उसलाई देख्नाका साथ उनका मनमा कामवासना उठ्यो, उसलाई पाउनाको प्रबल इच्छा भयो। उनलाई यो खयाल भयो कि यो अप्सरा

देवलोककी हो, उसलाई पाउन देवलोक नै जानुपर्छ। यो संकल्प उदय हुनाका साथ उनको सूक्ष्मशरीर स्थूलशरीर छोडेर देवलोकमा पुग्यो। शुक्रले आफूलाई इन्द्रलोकमा पाए। उहाँ चारैतिर ऐश्वर्य, भोग, सौन्दर्य, आनन्दको साम्राज्य देखियो। इन्द्रले शुक्रलाई आदर सत्कारका साथ स्वर्गको सुख भोग्न निमन्त्रणा दिए। शुक्रको मन उसै अप्सरासाथि टाँसिएको थियो जसलाई देखेर उनी कामोन्मत्त भई देवलोकसम्म आएका थिए। स्वर्गमा उसैको तलाश गर्न लागे। निदान एक दिन एउटा बगैंचामा उसलाई भेट्टाए। चार आँखा हुनाका साथ दुवैमा परस्पर प्रेमको उदय भयो, दुवै आनन्दका साथ मिले। विश्वाची नामकी उस अप्सराका साथ आनन्द भोग गर्दागर्दै धेरै काल बित्यो। अगाडिको पुण्य भोगद्वारा क्षय भइसकेपछि ती दुवै शुक्र र अप्सरा स्वर्गबाट खसे। केही दिन यी दुवैको सूक्ष्मशरीर चन्द्रमाको किरणमा रह्यो, फेरि त्यहाँबाट आएर अन्नमा पस्यो। उसमा शुक्रको जीव रहेको अन्न दशारण्य देशका एउटा ब्राह्मणले खाए। विश्वाचीको जीव रहेको अन्न मालव देशका राजाले खाए। ब्राह्मणको भोजनको वीर्य बनेपछि शुक्र उनकी स्त्रीका गर्भबाट ब्राह्मण कुमारका रूपमा जन्मे, मालव देशकी रानीका गर्भबाट विश्वाचीको जीव राजकुमारीका रूपमा जन्म्यो। कन्या ठूली विवाहयोग्य भएपछि राजाले उनलाई स्वयंवरद्वारा वर छुन्ने आज्ञा दिए। दैवसंयोग ती ब्राह्मणकुमार पनि कहाँबाट कहाँबाट हो उहीं आइपुगे। पूर्व प्रेम अदृष्टरूपले उदय भयो, राजकन्याले उनै गरीब ब्राह्मणकुमारलाई नै वरण गरिन्, यिनको विवाह भयो। केही दिनपछि राजा यिनलाई राज्य सुम्पेर आफू वनतिर लागे। यहाँ धेरै कालसम्म

राज्यसुख भोगेपछि शुक्रको जीवले त्यो देह छोडिदियो। उ जीव बंगालमा एउटा माझी भयो, वहाँबाट सूर्यवंशी राजा भयो, फेरि एउटा विद्वान् भयो, फेरि एउटा विद्याधर भयो, फेरि मद्रासमा राजा भयो, फेरि वासुदेव नामको एउटा तपस्वी ठिटो भयो, फेरि विन्ध्याचलमा एउटा किराती भयो, फेरि सौवीर र कैवट देशमा मन्त्री भयो, फेरि त्रिगर्त देशमा गधा भयो, फेरि किरात देशमा बाँस भयो, चीनका वनमा मृग भयो, तारको रूखमा सर्प भयो, फेरि एउटा वनमा लुइँचे भयो यसरी आफ्नो वासना र कर्मअनुसार वहुत रूप धारण गर्दै उ जीव एउटा ब्राह्मणकुमार भएर गंगाजीका किनारमा तपस्या गर्न लाग्यो।

भृगुजीको धेरै कालपछि समाधि खुल्यो, यताउति हेरे शुक्रलाई कहीं पनि देखेनन्। तलाश गर्दा शुक्रको शरीर मरेको भेट्टाए। रिसाएर काललाई श्राप दिन तयार भए। कालले खडा भएर भृगुलाई भन्यो—भृगुजी, तपाईंले यो के गर्न आँटेको म भगवान्‌ले नियत गरिएको काल हूँ, सधैं आफ्नो धर्मपालन गर्छु। तपाई मलाई श्राप दिन सक्नु हुन्न। म सारा प्राणीको स्थूलशरीर उनैका वासना र कर्मअनुसार वदली गर्छु। तपाईंका छोरा शुक्र आफ्ना वासना र संकल्प-अनुसार नै अनेक योनिमा घुमिरहेका छन्। कालले भृगुलाई उनका पुत्रका सब जन्मको वृतान्त र अहिले ब्राह्मणकुमार भएर तपस्या गर्न लागेको समेत सब हाल सुनाएर भने—भृगुजी, तपाईलाई विश्वास छैन भने जाऊँ हिड्नोस् गएर हेरौं। भृगुजी काललाई लिएर ब्राह्मणका नगीचमा गए। कुमारले यिनलाई पहिचान्न सकेनन्। भृगुजीका आज्ञाबाट

ध्यानदृष्टिले विचार गर्दा कुमारलाई आफ्ना पूर्वजन्मको स्मरण भयो। पिताले भनेबमोजिम उनले फेरि शुक हुने तीव्र वासना गरे। यो शरीर छोडेर शुकशरीरमा प्रवेश गरे।

(४२) दाम, व्याल, कटको कथा

हे राम, मानिसलाई सब प्रकारको सिद्धि र विजय प्राप्त गर्ने यो एउटै उपाय छ—अहंभाव नरहेको पुरुषार्थ। जो अहंभावले प्रेरित भएर पुरुषार्थ गर्छ उसलाई यत्तिको कामयावी हुँदैन जत्तिको कि अहंभावरहित भई, जीवनलाई हत्केलामा राखी आफ्नो आदर्श सिद्धिका निमित्त मृत्युदेखि नडराई पुरुषार्थ गर्नेलाई हुन्छ। जसलाई अहंभाव र मृत्युको डर छ, जो सधैं आफ्नो ज्यान बचाउने ख्याल राख्छ उ परास्त हुन्छ। यस विषयमा म तिमीलाई एउटा कथा सुनाउँछु:—

एक बखत पाताललोकका राजा शम्बरासुरले देवलोकका देवतासँग लडाईं खेले, धेरै दिन घोर युद्ध भयो। कहिले शम्बर परास्त हुन्थे कहिले देवराज इन्द्र। शम्बरले आफ्नो मायाबाट तीनोटा विशाल दैत्य दाम, व्याल, कट खडा गरे। यिनमा अहंभाव लेश मात्र पनि थिएन, न कुनै वासना यिनका मनमा उठ्यो। जे गर्नाका लागि उनको उत्पत्ति भएको छ खालि उही गर्नामा नै उनको निष्काम प्रवृत्ति थियो। उसको फल अथवा उस संबन्धी हानि-लाभको चिन्ता उनका मनमा अलिकति पनि हुँदैनथ्यो। यिनले देवतालाई लडाइँमा आच्छु आच्छु पारे। यत्तिको बहादुरीका साथ लडे कि उनका अगाडि खडा हुन देवतालाई हिम्मतै भएन।

निदानमा देवताहरू भागेर ब्रह्माका शरणमा गए। ब्रह्माले देवतालाई सम्झाए कि जहाँतक दाम, व्याल, कट अनहंभाव-बाट युद्ध गर्छन उहाँसम्म यिनलाई विजय गर्न सक्तैनौं। असैले यिनलाई परास्त गर्नु छ भने यस किसिमबाट लड्नु-पर्छ कि उनका हृदयमा विजयकामना, मृत्युभय, बाच्नाको लालसा र अहंभाव पैदा होओस्।

देवताले ब्रह्माको सल्लाहले युद्धको कार्यक्रम ठीक गरी उहीबमोजिम यसरी लडे कि उनका मनमा विजयको इच्छा प्रकट भयो, अनि मर्नको डर, पराजयदेखि घृणा, जीवनको लालसा र अहंभाव पनि पैदा भयो। यी सबै पैदा हुनासाथ उनीहरू देवतासँग लड्न लागे, अनि लडाइँ छोडेर भागे, तब नष्ट पनि भए।

(४३) भीम, भास, दृढको कथा

हे राम, जो वासनारहित भएर संसारमा स्वधर्मपालन गर्छ त्यस्तो आत्मज्ञानीलाई यहाँ विजय, अभ्युदय र मरेपछि उत्तम गति प्राप्त हुन्छ। यस विषयमा एउटा कथा सुन :--

जब पातालका दैत्यराज शम्बरलाई आफूले मायाद्वारा निकालेका योद्धा दाम, व्याल, कट अहंभाव उदय भएर नष्ट भएको थाह भयो तब उनले फेरि आफ्नो मायाबाट तीनोटा आत्मज्ञानी योद्धा भीम, भास, दृढको रचना गरे। यिनमा जन्मसिद्ध ब्रह्मभाव पूर्णरूपले थियो, यी जीवन्मुक्त थिए। कुनै कारणबाट पनि उनमा अहंभाव, कामना, भय र फलको इच्छा हुने संभावना नै थिएन। जुन कामका

लागि उत्पन्न भएका थिए उ काम ज्यान लडाएर अनहंभावले गर्दथे। यीसँग लडन देवताले सकेनन। देवताले बारबार यिनका चित्तमा अहंभाव, वासना, भय आदि उत्पन्न गराउने यत्न गरे तर देवताहरू सफल हुन सकेनन् किनकि यी तीनोटै जीवन्मुक्त थिए, स्वधर्ममा दृढ रहनु नै यिनको काम थियो। देवताहरू विष्णुका शरणमा गए। विष्णु भगवान्‌लाई ध्यानबाट विचार गर्दा यो थाह भयो कि यिनलाई अर्न परास्त गर्न देवताले सकैनन्। अब आफैं सुदर्शन चक्र लिएर संग्राम-स्थलमा आए, यिनलाई मारेर आफ्नो लोकमा स्थान दिए, देवतालाई भयबाट मुक्त गरे।

(४४) दाशूरोपाख्यान

हे राम, मैले दाशूर मुनिबाट सुनेको ब्रह्मज्ञानको उपदेश तिमीलाई सुनाउँछु सुन :—

मगध देशमा शरलोमा नामक ऋषि थिए। उनका एक मात्र पुत्र दाशूर बाबुका सारै प्यारा थिए। शरलोमाको एक दिन मृत्यु भयो। पितृशोकले व्याकुल भएर दाशूर रुन, कराउन लागे। उनको त्यो असह्य शोक देखेर वनदेवीलाई बहुतै दया लाग्यो। उनी दाशूरको सामुन्ने गएर अदृश्यरूपले उनलाई संझाउन लागिन्— हे साधु, तिमी मूर्ख झैं किन शोक गर्छौ ? के तिमीलाई कुनै यस्तो घटना हुन गयो कि जो अरूलाई हुन्न। संसारको यो अटल नियम छ कि जीव जन्मेपछि मर्छ, ब्रह्मासम्मको पनि यही गति हो। यसैले कसका निम्ति शोक गर्नु ! रुनु खालि

केटाकेटीको काम हो जसलाई संसारको अटल नियम थाहा छैन। तिमी ता बच्चा होइनौ उठ, आफ्नो जीवनको ध्येय प्राप्त गर। यो सुनेपछि दाशूरलाई होश आयो। उनले विचार गरे कि पिताजीका मृत्युका निम्ति शोक गर्नु व्यर्थ हो। जति शोक गरे पनि उनी कदापि जीवित हुंदैनन्। अब ता आफ्नो जीवन पो सुधार्नु पर्छ। यो विचार गरेर उनले तपस्या गर्ने निश्चय गरे। तपस्या गर्नाका निम्ति उनले एउटा पवित्र ठाउँ खोजे तर कहीं पनि भने जस्तो पवित्र स्थान भेट्टाएनन्। आखिरमा उनको मनमा झल्क्यो कि बस्नसकेदेखि रूखको टुप्पो शुद्ध ठाउँ हो। यसैका निमित्त उनले आफ्नो मासु काटेर अग्निमा होम्न लागे, अग्निदेव प्रकट भए। उनले दाशूरलाई वरदान दिए कि तिमी यस कदम्बका रूखका टुप्पामा खडा भएर तपस्या गर्न सक्ने शक्ति प्राप्त गर्नेछौ। दाशूर त्यस कदम्ब रूखका टुप्पामा रहेर तपस्या, यज्ञ गर्न लागे। उनको सब यज्ञ र तप मानसिक हुन्थ्यो। मनैले उनले विधिपूर्वक अश्वमेध, नरमेध, गोमेध आदि ठूलठूला यज्ञ गरे। धेरै दिन तपस्या र यज्ञ गर्दा पनि उनलाई आत्मज्ञान भए न किनकि आत्मज्ञान ता खालि विचारबाट नै हुन्छ तपस्या, यज्ञबाट हुंदैन। अँ, उनलाई यति भयो कि निष्काम तप र यज्ञ गर्नाले उनको अन्तःकरण शुद्ध भयो औ उनी आत्मस्वरूप विचार गर्न योग्य भए। विचार गर्दा गर्दा उनलाई आत्मज्ञान भयो, उनी जीवन्मुक्त भएर आनन्दसाथ त्यस वनमा रहन लागे ।

एक दिन उनका अगाडि एउटी वनदेवी रोएर भन्न लागिन्—हे ऋषि, तपाईंलाई सब प्रकारको सिद्धि प्राप्त छ, यसैले तपाईंसंग प्रार्थना गर्छु कि मेरो यो शोक हटाइदिनोस्।

के भने चैत्र-शुक्ल-त्रयोदशीमा इन्द्रका नन्दनवनमा कामोत्सव मनाउन सब देवीहरू एकट्ठा भएका थिए, उनीहरू सबैका काखमा आफ्नाफ्ना छोराछोरी खेलेको देखेर म सारै दुःखित भएँ किनभने मेरा सन्तान छैनन्। हे ऋषि, मलाई एउटा पुत्र दिनोस् यदि दिनुहुन्न भने म अग्निमा फालहालेर मर्छु! दाशूरलाई ती वनदेवीका उपर दया उठ्यो, उनले वनदेवीलाई एउटा फूल दिएर भने—हे देवी, जाऊ, एक महीनामा तिम्रा गर्भबाट एउटा पुत्र जन्मनेछ। तर तिमीले अग्निमा प्रवेश गर्ने धम्की दिएकी हुनाले त्यो छोरो अज्ञानी हुनेछ, सांसारिक विद्या उसलाई खुल्नेछ परन्तु आत्मज्ञान ता कुनै ज्ञानीको उपदेश नभई खुल्नेछैन। खुशी भएर वनदेवी घर गइन्। उनलाई एक महीनापछि पुत्रोत्पत्तिको आनन्द भयो। पुत्रलाई उनले सब विद्या पढाइन्, दश वर्ष भएपछि छोरालाई दाशूर मुनिकहाँ लगेर सुम्पिन् र प्रार्थना गरिन् कि यसलाई आत्मज्ञान दिएर आफ्नो श्राप हटाउनुहोस्। दाशूरले उसलाई नाना प्रकारको दृष्टान्त देखाई ब्रह्मज्ञानको उपदेश गरे।

वशिष्ठजी भन्छन्– हे राम, एकदिन म आकाश मार्गबाट सूक्ष्म शरीरद्वारा गंगास्नान गर्न जान लागेको थिएँ। वहाँ दाशूरमुनिले वनदेवीका पुत्रलाई बडो सरल र रोचक उपायबाट उपदेश गरेको सुनें। त्यस बखत उनी यो संझाउन लागेका थिए कि सारा जगत संकल्पको पसारो हो, संकल्प नै सारा पदार्थको उत्पादक हो। संकल्पद्वारा नै संसारको रचना हुन्छ, संकल्प क्षीण भएपछि संसार नाश हुन्छ, यो संसार खालि एउटा संकल्पको नगर हो, जो शुद्ध चिदाकाशबाट उदय र उसैमा लय हुन्छ।

(४८) जनकको उपाख्यान

हे राम, जनक राजालाई कसरी जीवन्मुक्त पद मिल्यो त्यो उपाख्यान म तिमीलाई सुनाउँछु:—

विदेह नगरका राजा जनक एक दिन आफ्नो बगैंचामा घुमिरहेका थिए। एक्काएक उनले कुनै अदृष्ट सिद्धहरूको गाना सुने। गाना के थियो ! उनका निम्ति चेतावनी र उद्बोधन थियो। गानाको सार यो थियो कि—जो मानिस यो संसारका सबै भोग्य पदार्थ अन्त्यमा दुःख दायी हुन्छन्, यो जानी जानीकन पनि पदार्थका पछाडि दौडन्छ उ मानिस होइन गधा हो जो आफ्नो हृदयगुफामा रहेका ईश्वरलाई छोडेर दोस्रा बाहिरका देवताको उपासनाका चक्करमा पर्छ, बाहिर ईश्वरको तलाश गर्छ उ मूर्ख हो। उ उस्तै हो जस्तो कोही मानिस हातमा रहेको रत्नलाई छोडेर कांचको पछाडि दौडन्छ। हामी ता उस देवताको उपासना गर्दछौं जो सबमा छ, जसमा सब छ, जसको सब छ, जसदेखि सब छ, जो सब हो, जो सत्य हो, जो आत्माको पनि आत्मा हो, जो सत्-असत्, प्रकाश–तम, द्रष्टा–दृश्यदेखि पर छ यिनका बीचमा छ, उ आनन्दरूप स्पन्दनरहित आत्मा हो, उहाँ अडेपछि सब वासना नष्ट हुन्छन्।

यो गीत सुनेर जनक वडो सोचमा परे। उनले विचार गरे कि यो जन्म व्यर्थ गयो, अहिलेसम्म उस पदको प्राप्ति भएको छैन जुन पाँउनाले फेरि अर्को कुनै कुरो पाउनाको दरकारै हुँदैन। यो सोच्तै जनक घर गए, उहाँ एकान्तमा बसेर यो विचार गर्न लागे—

यो प्रपञ्चरचना इन्द्रजाल जस्तै हो, म यसमा किन मोहित भइरहेको ? संसारका सारा पदार्थ पानीको तरंग जस्तै क्षणभंगुर छन् तैपनि म तिनलाई पाउनाको इच्छा गरिरहन्छु, योभन्दा ज्यादा मूर्खता के हुन सक्छ ? जुन वस्तुमा सुख देखिन्छ त्यसमा दुःख मिसिएको छ तैपनि म उसमा डुबिरहेको छु। जो ठूला ठूला शक्तिशाली महापुरुष भए ती पनि सबै कालका मुखमा परिसके। यो देखेर पनि म बाँच्नाको इच्छा गरिरहन्छु। संसारका सब पदार्थ नाशवान् छन्, यस्तो कुनै वस्तु छैन जसलाई सत्य भन्न सकियोस्। कुन पदार्थको आसरा गरूँ ? संसारका सब पदार्थ विषरूप छन्। मानिसले जुन जुन पदार्थ इच्छा गर्दछ त्यस त्यसको परिणाम म दुःख नै देख्छु। यस्तो कुनै पदार्थ नजर आउँदैन जसलाई पाएपछि फेरि कुनै वस्तुका प्राप्तिका इच्छा नरहोस् अथवा जुन भेट्टाएपछि पूर्ण सुखको अनुभव हुन जाओस्। एउटा पाउनासाथ फेरि तुरुन्तै अर्को वस्तु पाउनाको वासना हृदयमा उदय हुन्छ, फेरि पाइसकेका वस्तुको राम्ररी भोग नहुँदैमा मन त्यसदेखि विरक्त भएर अर्कै वस्तुतिर लाग्छ। सारा जिन्दगी यसै गरी मृगतृष्णाको पछाडि दौडँदा दौडँदैमा खतम हुनजान्छ। जस्तो पुतली सुखरूप संझेर बत्तीको ज्वालातिर दौडन्छ र ज्वाला छुनाका साथ भस्म हुन्छ, यही हाल हामीहरूको पनि छ। भोगलाई आनन्दरूप ठानेर हामी उसका उपभोग गर्दैमा आफ्नो अमूल्य जीवन खतम गरिदिन्छौं, अन्त्यमा पछुताउँछौं, हात मलेर बस्छौं, जीवन व्यर्थै बित्यो भनेर रुन्छौं। सब सत्ताको टाउकामा असत्ता नाचेको छ। सबै रमणीय पदार्थभित्र कुरूपता र अरम्यता लुकिरहेको छ। सबै सुखको परिणाम दुःख

नै छ। अब लौ मन कुन पदार्थको, कुन सौन्दर्यको, कुन सुखको इच्छा गरौं। जति संपति छन् ती सबै कुनै न कुनै रूपमा आपत्ति नै हुन्। धेरै दिनसम्म म अज्ञानी बनेर यिनका पछाडि घुमिरहें। संसारका अनन्त भोगको वासनाले गर्दा धेरै नै जन्ममरण सहें। अब यो कुरो हुन सक्तैन! अब म बिउँझें! अब मलाई समझ आयो! अब मलाई थाह भयो कि जसले मलाई संसारको भोगतिर लगिरहेको छ उ शत्रु मेरै भित्र मनका आकारमा रहेको रहेछ। म अब यसलाई पक्ड्छु, पक्डेर यत्तिको चुट्छु कि फेरि उसले टाउकै उठाउन सक्नेछैन। मेरो मनरूपी मोती अहिलेसम्म छेडिएको छैन अब म यसलाई आत्मविचाररूपी बर्माले छेड्छु। चित्तसित जनकले सोधे--हे मन, लौ अब लँ नै भन्, तैंले आजसम्म जुन जुन पदार्थ पाउनाको इच्छा गरिस् के ती पदार्थ पाएपछि तँलाई शान्ति भयो? भएन। शान्ति, तृप्ति तँलाई तीबाट भएको भए फेरि तुरुन्तै अर्कोतिर किन लाग्थिस्। आफैं विचार गर, पछि पनि ता तेरो यही गति होला। यसै ता गर्लास् नि अब त राम्ररी संझी। जस्तो अहिलेसम्म कुनै पदार्थले तँलाई तृप्त गर्न सकेन उस्तै अब पछाडि पनि कुनैले तृप्त गर्न सक्तैन। तैंले भोगका पछाडि दौडनु व्यर्थ हो, भोगबाट तँलाई कहिल्यै पनि शान्ति मिल्नेछैन, अब शान्त भएर बस्।

यसरी चित्तलाई बारबार संझाउँदा उनको चित्त शान्त भयो, भोगको वासना मनबाट हट्यो, आत्माको प्रकाश हुनलाग्यो। विस्तार विस्तार शान्ति र आनन्दको अनुभव दृढ हुन गयो। आत्मविचारबाट जनकले जीवन्मुक्तिपद प्राप्त गरे। न उनलाई कुनै वस्तु पाउनाको इच्छा रह्यो, न

त्याग्नाको। कसैसित न द्वेष रह्यो, न राग। न राजपाठ त्याग्नाको इच्छा भयो न उसको सुख भोग्नाको वासना मनमा रह्यो। जुन स्थितिमा उनी थिए उहीअनुसार सारा काम गरिरहन्थे। उनका मनमा संकल्प क्षय भयो। उनी राज्यको सारा काम यथोचित रूपबाट गर्दथे। कुनै काम गर्दा पनि उनलाई हर्ष–विस्मातको अनुभव हुंदैनथ्यो। उनको जीवन मेसिन जस्तै थियो। न उनलाई गएको कुराको विस्मात हुन्थ्यो न भविष्यको इच्छा। उनी खाली वर्तमान कालको यथायोग्य काम निरपेक्ष र निरहंभावले गर्दथे। कुनै वस्तुमाथि उनको स्नेह थिएन। राजा भए पनि जनक यसरी जीवन्मुक्त थिए। हे राम, तिमीले पनि यसै गरी रहनुपर्छ।

(४६) पुण्य–पावनको कथा

हे राम, संसारका जति संबन्ध छन् ती सबै अस्थायी छन्। यी एक न एक दिन अवश्य छुट्छन्। जसका साथ हाम्रो पूर्वकर्म र वासनाअनुसार यस जन्ममा संम्बन्ध भएको छ, अवश्यै उसका साथ वियोग हुन्छ। यो कुरा जानीकन पनि जो मानिस कुनै सम्बन्धी मरेमा अथवा कुनै कारणले उसका साथ वियोग भएमा रुन्छ, शोक गर्छ उ मूर्ख हो। प्रत्येक प्राणीको अनन्त जन्म भइसकेको छ, ती जन्ममा उसको अनन्त जीवका साथ सम्बन्ध भएको छ, वियोग पनि भएको छ। जबतक जीवलाई निर्वाण प्राप्ति हुन्न तबतक यही दशा बराबर रहन्छ। यो संझेका प्राणीले कुनै सम्बन्धीको वियोगमा शोक गर्दैन। यस विषयमा म तिमीलाई एउटा कथा सुनाउँछु:—

जम्बूद्वीपको कुनै ठाउँमा महेन्द्र नामको एउटा पर्वत छ। उहीं गंगाको किनारमा दीर्घतपस् नामका एउटा ब्राह्मण-दम्पती बसेका थिए। उनका बडा योग्य राम्रा पुण्य र पावन नामका बडा सुयोग्य पुत्र थिए। यिनमा पुण्य जेठा, पावन कान्छा थिए। दुवैले आफ्ना बाबु आमाको शिक्षाअनुसार तपस्या र ब्रह्म विचार गर्न आरम्भ गरे। पुण्य ता केही दिनैमा ज्ञानी भई आत्मस्थितिमा रहन लागे परन्तु पावन-लाई ज्ञान प्राप्त भएन। यत्तिकैमा उनका बाबुको शरीरको शरीर छुट्यो, आमाले पनि उसै बखत शरीर छोडिन्। जीवन्मुक्त हुनाले पुण्यलाई आमा बाबु मर्नाको शोक भएन। उनले विधि-पूर्वक मरेका आफ्ना बाबू आमाका शरीरको संस्कार गरी आफू यथोचित कार्यमा लागे। पावनलाई आमा बाबु मर्नाको सारै शोक भयो। रातदिन उनलाई संझेर रुन, कराउन लागे। पुण्यलाई पावनको यो दशा देखेर दया उठ्यो। एक दिन उनले पावनलाई बोलाएर यसरी संझाए—

भाइ पावन, तिमी यसरी कसका निम्ति शोक गर्छौ। बा आमा ता ज्ञानी थिए मुक्त भए। तिमीदेखि उनले अवश्य छुट्टिनु थियो। यो संसारको अटल नियम हो, तिम्रा रुनु-धुनुबाट बदलिन सक्तैन। यस शरीरको सम्बन्ध जीउसँग तबतक रहन्छ जबतक वासना उसका साथ छ। जब त्यो शरीर जीवका कामको रहँदैन तब उसले फाटेको लुगा जस्तै उस-लाई छोडी दोस्रो शरीरमा प्रवेश गर्छ। तिम्रो लामो जीवनको इतिहासमा खाली यिनै मात्र बाबु आमा होइनन्। अनेक आमा बाबु, अनेक अनेक स्त्री पुत्रादिसँग तिम्रो नाता जोडिएको छ, तीसंग बिछोट पनि भएको छ। उनलाई

तिमी जान्दैनौ, तिम्रो दृष्टि खुलेको छैन। म तिम्रो पूर्वजन्म जान्दछु। तिमी जब मृगयोनिमा थियौ उस वेला कैयौं मृग, मृगीहरू तिम्रा बन्धु थिए, उनको शोक अब तिमी किन गर्दैनौ? जब तिमी हाँसयोनिमा थियौ उस वेलाका बन्धुको शोक किन गर्दैनौ? तिमी वृक्ष हुंदा वृक्ष नै बन्धु थिए, सिंह हुंदा सिंहै बन्धु थिए। माछो हुंदा तिम्रा बन्धु माछै थिए। दशार्णदेशमा तिमी काग र वानर भयौ, तुषार देशमा राजपुत्र भयौ, पुंड्र देशमा जंगली काग भयौ, हैहय देशमा हात्ति, त्रिगर्त देशमा गधा, शल्य देशमा कुकुर, सालको वनमा पक्षी, कोशल देशमा ब्राह्मण, विन्ध्याचलमा पीपल र वरको कीरो, मद्रदेशमा कुखुरो, वंगालमा तित्रा, तुरुष्क देशमा घोडा, ताडको जरामा कीरो, डुम्रीको रूखमा भुसुनु, विन्ध्याचलमा बकुल्लो, हिमालयका भूर्जपत्रमा कमिला, एउटा गाउँमा गोबरमा बिच्छी, एकबखत चाण्डालनीको छोरो आदि अनेक योनिमा तिमी पैदा भयौ। ती योनिमा तिम्रा अनेक बाबु आमा र बन्धुजन भए। यी सब योनि तिम्रा कर्म र वासनानुसार तिमीलाई मिले। म पनि आज जो तिम्रो बन्धु बनेको छु तिम्रो जस्तै मैले पनि अनेक योनिमा जन्म लिइसकेको छु। त्रिगर्त देशमा म एउटा भ्यागुतो भएँ, एउटा वनमा सानो चरो, विन्ध्याचलमा एउटा चाण्डाल, वंगालमा रूख, फेरि विन्ध्य पर्वतमा ऊंट, हिमालयमा काकाकुल, पौण्ड्र देशमा राजा, एउटा जंगलमा बाघ, दुइ वर्षतक गिद्ध, पाँच वर्ष ग्राह, सय वर्ष सिंह, आन्ध्र देशमा चाखुरो, तुषार देशमा राजा, शैलाचार्यको पुत्र आदि अनेक योनिमा मेरो जन्म भइसकेको छ। यस योनिमा म तिम्रो दाजु छु, यो सम्बन्ध स्थायी छैन। यसैले हे भाइ, तिमीले शोक गर्नु योग्य छैन, कति जनाको

तिमी शोक गर्छौ ? यस्तो घत लाग्ने आफ्ना दाज्यू पुष्यको अमूल्य उपदेशबाट पावनलाई बोध उत्पन्न भयो, उनी जीवन्मुक्त भए।

(४७) बलिको कथा

हे राम, सांसारिक भोगबाट चित्तलाई शान्ति मिल्दैन। जो भोग हामी एकबाजि भोग्छौं उसमा यो अनुभव गर्छौं कि जुन तृप्ति र आनन्दका निम्ति भोग गरेका थियौं उ उसबाट मिलेन। यो अनुभव हुँदा हुँदै पनि मानिस फेरि उही भोग इच्छा गरिरहन्छ, कत्रो आश्चर्य ? योभन्दा मूर्खता केही छैन। यो विचार गर्नासाथ बलि विरक्त भएर आत्मपदमा लीन भए। उही कथा म तिमीलाई सुनाउँदछु :-

कुनै दिन विरोचनका छोरा बलि पातालमा राज्य गर्दथे। उनले आफ्नो बाहुबलले देवता, दानव सबैलाई जितेर आफ्नो साम्राज्य चारैतिर फैलाएका थिए। राज्य गर्दा गर्दै धेरै काल बित्यो, एक दिन उनका मनमा यो विचार उदय भयो कि—म धेरै कालदेखि स्वर्ग, मर्त्य, पाताल तीनै लोकको राज्य भोगिरहेको छु तापनि कहिल्यै चित्तमा शान्ति भएन। बारबार तिनै भोग भोग्छु तैपनि कहिल्यै पनि यिनबाट मलाई परम तृप्ति भएन। प्रतिदिन उही काम गरिरहन्छु जसबाट आत्मालाई शान्ति मिल्दैन, आत्माको कुनै कल्याण भएको देखिन्न। सारा जीवन यिनै भोग भोग्दैमा यसै गरी बितिसक्यो, हात केही लागेन। सबै जीवको काम पागलको चेष्टा जस्तै छ। मेरा पिता विरोचन आत्मज्ञानी थिए उनी बारंबार भन्थे कि "जीवले यो स्थिति प्राप्त गर्नु-

पछि जसमा आनन्द र परम तृप्ति स्वभाव सिद्ध छ, जसको आनन्दरूप विषयभोगबाट हुने सुखभन्दा परम उत्तम छ, जुन प्राप्त गर्नाले विषयभोगको वासना रहंदैन।"। उसबखत यी कुरा संझने शक्ति ममा थिएन। अब मलाई थाहा भयो कि उस पदको प्राप्ति नभएसम्म शान्ति मिल्दैन। मैले राम्ररी देखें कि संसारका समस्त भोग अनन्तकालसम्म भोग गर्नाले पनि चित्तमा शान्तिको अनुभव र परमानन्द प्राप्ति हुँदैन। भोगबाट जो सुख मिल्छ उ क्षणिक र तुरुन्तै दुःखमा परिणत हुनेवाला छ।

यो विचार मनमा उदय भएपछि उनी आफ्ना गुरु शुक्राचार्यकहाँ गए। उनलाई प्रणाम गरेर उनीसंग उस परम पद प्राप्तिको उपाय सोधे जुन उनका पिता विरोचनले बयान गरेका थिए। शुक्रले भने--यस बखत मलाई कुरा गर्ने फुर्सत छैन, कार्यवश कहीं जानु छ। खाली एउटा कुरो तिमी-लाई भनेर जान्छु कि "संसारमा जो कुछ तिमी म जगत्‌को पदार्थ छ यो सबै एउटै अखण्ड, शुद्ध, निर्विकार, चित् तत्त्व हो। यो अतिरिक्त संसारमा अरू केही छैन। उस पदमा आफूलाई राख्नु, आफूलाई उही संझनु नै मनुष्यजीवनको ध्येय हो। तिमी यसैको चिन्तन गरिरहू। यही चिन्तन गर्दा गर्दै तिमीलाई निर्विकल्प समाधि लाग्नेछ, परमानन्दको अनुभव हुनेछ"। यति भनेर शुक्राचार्य हिंडे।

बलि घरमा आएर यही कुरो विचार गर्न लागे। विचार गर्दा गर्दै उनलाई यो दृढ निश्चय भयो कि संसारको सबै कुरो चिद्‌तत्त्व नै हो, यो अतिरिक्त यहाँ अरू केही छैन। यो सोच्ता सोच्तै उनलाई निर्विकल्प समाधि चढ्यो, उस

समाधिमा उपाधिरहित परमानन्दको अनुभव भयो। यो आनन्द यस्तो थियो कि जसका मुकाबिलामा संसारका सारा भोग तुच्छ देखिन्थे। यिनी धेरै कालतक समाधिमा रहँदा राज्यको काममा विघ्न पर्न लाग्यो। यो देखेर शुक्राचार्य उहाँ गए, बलिलाई समाधिबाट जगाएर राजकाज हेर्ने सल्लाह दिए। बलिलाई जीवन्मुक्ति मिलिसकेको थियो, समाधि अवस्थामा भएको आनन्द उनला सदा रहन्थ्यो। उनले आत्मरूपमा नै रहेर धेरै काल राज्य गरे।

(४८) प्रह्लादको कथा

हे राम, भक्तिको सच्चा उत्तम स्वरूप र ज्ञानप्राप्तिको सर्वश्रेष्ठ स्वरूपका विषयमा म तिमीलाई प्रह्लादको कथा सुनाउँदछु:—

कुनै बखतमा पाताल देशका राजा हिरण्यकशिपु थिए। उनले देवतासंग घोर युद्ध गरे। देवतालाई यिनीदेखि सारै भय भयो। देवताले विष्णु भगवान्‌सित आफ्नो रक्षाका निम्ति प्रार्थना गरे। विष्णु भगवान्‌ले आफ्नो सुदर्शनचक्रद्वारा उनलाई मारेर देवतालाई भयदेखि मुक्त गरे। बाबु मरेपछि उनका छोरा प्रह्लादलाई यो विचार उठ्यो कि विष्णुसित प्रार्थना गर्नाले नै मलाई फाइदा छ उनीसंग वैरभाव गर्नु बेकूफी हो। उनी बलवान् छन्, उनले अत्यन्त प्रभावशाली मेरा पितालाई पनि ता मारे। यस्ता सर्व समर्थ देवताको भक्ति गर्नाले जो फाइदा हुन्छ त्यो फाइदा वैरभाव गर्नाले हुँदैन।

यो विचार गरेर प्रह्लादले विष्णु भगवान्‌को भक्ति

आरम्भ गरे। मनमा विष्णु भगवान्‌को दिव्य मूर्ति थापेर मानसिक साधनद्वारा उनको पूजा गर्न लागे। बिस्तार बिस्तार उनले आफ्नो भित्रबाट आसुरी वृत्ति निकाली आफूलाई भगवान्‌को कृपायोग्य, शुद्ध चितवाला र अनन्य भक्त बनाए। उनका मनमा विष्णु भगवान् अतिरिक्त अरू कुनै वस्तु आउँदैनथ्यो, सधैं ध्यानमा मग्न रहन्थे। अनन्य प्रेमको वश भएर विष्णु भगवान् प्रह्लादका अगाडि प्रत्यक्ष भए, उनलाई मनबमोजिम बर माग भने। प्रह्लादले भगवान्‌सित प्रार्थना गरेकी भगवन्, मलाई आत्मज्ञान दिनोस् म उस पदको प्राप्ति गरूँ जसमा परम शान्ति र परमानन्दको अनुभव हुन्छ। विष्णुले भने— "संसारमा जति उतम पदार्थ छन् ती सबै म तिमीलाई दिन सक्छु परन्तु आत्मज्ञान दिनु मेरा शक्तिको बाहिर छ। कसैलाई आत्मज्ञान अरूबाट मिल्न सक्तैन। गुरु र देवताले खाली आत्मज्ञानको साधन मात्र बताउन सक्तछन् आत्मज्ञान दिन सक्तैनन्। आत्मज्ञान ता खाली आफ्नै विचारबाट नै उदय हुन्छ। यसै कारण तिमी आत्मविचार आफै गर। शुद्ध चित्त र स्थिर बुद्धिद्वारा विचार गर्दागर्दै तिमीलाई आत्मज्ञान चाँडै नै फुर्न जानेछ।" यति भनेर विष्णु अन्तर्धान भए।

प्रह्लादका मनमा आत्मज्ञानप्राप्तिको सारै तीव्र जीज्ञासा भयो। उनले विचार गर्न आरम्भ गरे कि आत्मा कुन वस्तु हो? विचार गर्दा उनलाई पहिले त यो निर्णय भयो कि कुनै दृश्य पदार्थ आत्मा होइन, आत्मा ता सबै दृश्य मात्रको साक्षी हो द्रष्टा हो। दृश्य पदार्थलाई आत्मा संझनु भूल हो। शरीर, इन्द्रिय, मन, प्राण, बुद्धि आदि कुनै पनि आत्मा हुन सक्तैनन् किनभने यिनको ज्ञान आत्मालाई

भइरहन्छ । आत्मा यी दृश्य पदार्थदेखि पर छ, यीभन्दा सूक्ष्म छ, स्वसंवेद्य छ। प्रह्लाद यस अनुभवमा रहन यत्न गर्न लागे। उस अवस्थामा अड्नाले उनलाई अलौकिक शान्ति र आनन्द हुनलाग्यो । अभ्यास गर्दा गर्दै केही कालमा उनलाई निर्विकल्प समाधि लाग्यो। समाधिमा बस्ताबस्तै उनको धेरै काल बित्यो। राजमहलमा हलचल मच्चियो, चारैतिर अत्याचार हुन लाग्यो,न कुनै व्यवस्था रह्यो । न कहीं न्याय रह्यो ।राज्यका प्रजा निरंकुश भएर जथाभावी गर्न लागे। देव दानवको युद्ध अनियमित रूपबाट हुन लाग्यो। यो दशा देखेर विष्णु भगवान्ले प्रह्लादलाई समाधिबाट जगाएर यो उपदेश दिए कि--प्रह्लाद ! तिमी जुन शान्ति र आनन्दको अनुभव समाधिमा गरिरहेकाछौ उही शान्ति र आनन्द सच्चा आत्मज्ञानीलाई संसारमा आफ्नो यथोचित धर्मपालन गर्दागर्दै पनि अनुभवमा आउँछ । आत्मानुभव नाश हुने र बदलिने होइन, न उ कुनै अवस्था विशेषको नाम हो। जसलाई एकबाजी आत्मसाक्षात्कार भएको छ उ सदा आत्मपदमा अडिरहन्छ जो पूर्ण छ, शान्त छ, अनन्त छ। विषय, इन्द्रिय, देह, मन आदि सबै आत्मतत्वका नाना रूप हुन्। जगत्मा कुनै वस्तु यस्तो छैन जो आत्मादेखि अतिरिक्त छ। यो सारा जगत् आत्माको नै प्रकाश हो, आत्माकै भित्र छ, यसमा अनात्म वस्तु केही छैन। यसै कारण ज्ञानीले संसार छोडेर कहीं भाग्नुपर्दैन। यहीं बसी बसी जीवन्मुक्त बनेर आफ्नो शरीर, इन्द्रिय, मन आदिसंग संबन्ध भएको धर्म पालन गरिरहनुपर्छ। जो जीवन्मुक्त आफ्नो शरीर, इन्द्रिय, मन, बुद्धिबाट उनको यथायोग्य कर्म हुनदिन्छ उसको जीवन नै सुन्दर जीवन हुन्छ। निर्विकल्प समाधिद्वारा प्राप्त स्थितिमा नै नित्यअडिरहनु आफ्नो यथोचितधर्म पालन गरिरहनु नै जीवन्मुक्ति

हो। यसैले प्रह्लाद ! तिमी आफ्ना राज्यको काम हेर, राजोचित धर्म पालन गर, यति भनेर भगवान् अन्तर्धान भए। प्रह्लादका मनमा विष्णुभगवान्को उपदेश झल्क्यो, उनले जीवन्मुक्त भएर धेरै कालसम्म अनासक्त भावले पातालको राज्य गरे।

(४९) उद्दालक मुनिको कथा

हे राम, मानिसलाई पूरा शान्ति र आनन्दको अनुभव उसै वेला हुन सक्छ जुन वेला उसले आफूलाई सामान्य सत्तामा अडाएर राख्छ। जबतक मानिस विकारवान् पदार्थमा अहंभाव राख्छ तबतक उसलाई शान्ति र परमानन्दको प्राप्ति हुन सक्तैन। यस विषयमा एउटा कथा तिमीलाई म सुनाउँछु :—

गन्धमादन पर्वतमा उद्दालक नामका एउटा तरुण तपस्वी रहन्थे। एक दिन उनका मनमा यो विचार उदय भयो कि अहिलेसम्म मलाई आनन्द र शान्तिको अनुभव भएन, अब यसका निम्ति प्रयत्न गर्नुपर्छ किनभने मनुष्यका जीवनको परम ध्येय उही हो। इन्द्रियका भोगबाट मानिस कहिल्यै तृप्त हुन सक्तैन। उसले ता त्यो कुरो प्राप्त गर्नुपर्छ जुन पाएपछि अर्को कुरो पाउनाको दरकारै नरहोस्। मानिसको ध्येय ता यो हुनुपर्छ जसमा अनन्त आनन्द र परम शान्तिको अनुभव होस्, मोह र दुःखको लेश पनि नरहोस्। यो विचार गरेर उद्दालकले निष्काम तपस्या आरम्भ गरे। केही दिन तप गर्नाले र यम नियममा रहनाले उनको मन शुद्ध र विवेकवान् भयो। अब उनी आफ्नै मनसित सोध्न लागे कि—हेमन ! तँ यो कुरो बता कि विषयका पछाडि दौडँदा दौडँदा तँलाई

कुन सुख मिल्छ ? यदि तैंले विचार गरेर हेरिस् भने तँलाई यो स्पष्ट हुन जानेछ कि विषयबाट सुखको आशा गर्नु उस्तै हो जस्तो तीर्खा लागेकाले मृगतृष्णाका पछाडि दौडनु। हे मन, तँ सुख ठानेर जुन विषयका पछाडि दौडन्छस् ती सबै दुःखदायी सिद्ध हुन्छन्। कुनै विषय पाएपछि पनि यस्तो तृप्ति हुँदैन कि फेरि अरू पाउनाको इच्छा नहोस्। जुन विषय तँ प्राप्त गर्छस् केही कालपछि त्यसै-बाट तँलाई घृणा उत्पन्न हुन्छ। त्यो विषय यदि सुखदायी भएको भए उसबाट फेरि घृणा किन उत्पन्न हुन्थ्यो तँ आफैं विचार गर। विषयलाई सुखदायी सम्झनु तेरो भ्रम हो। अब विषयको वासना हटाई उस आत्मपदमा रहने यत्न गर, जसमा रहनाले तँलाई अतुल, अनन्त, अक्षय आनन्द मिल्नेछ।

यो विचारबाट मन शान्त भएपछि उनले आत्मविचार आरम्भ गरे, आफैंसित सोध्न लागे कि "म के हूँ ? के म इन्द्रियको विषय हूँ ? होइन, किनभने मेरो आत्मभाव सदा एकरूप छ, स्थिर छ, प्रकाशरूप छ, विषयहरू ता नाना छन्, विकारवान् छन्, जड छन्। इन्द्रिय पनि मेरो स्वरूप हुन सक्तैन किनभने यी पनि नाना छन्, विकारवान् छन्. मेरा ज्ञानको विषय छन्। ज्ञाता र ज्ञानको विषय कसरी एउटै हुनसक्छ ! ज्ञाता ता विषयदेखि सधैं भिन्न छ। शरीर पनि म होइन, किनभने यो पनि मेरो ज्ञानको विषय छ, म यसलाई मेरो भन्दछु। यो विकारवान् छ जन्मन्छ, मर्छ। आत्मामा न विकार छ, न उ जन्मन्छ न मर्छ। आत्मा कुनै दोस्रो ज्ञानको विषय पनि छैन, स्वसंवेद्य छ। आत्माको कहिल्यै

पनि विच्छेद हुंदैन। शरीरको अनुभव ता सुषुप्ति अवस्थामा हुंदैन। के म मन हुं ? यो पनि भन्न ठीक छैन किनकि मन पनि आत्माको विषय छ, विकारवान् छ। मनको अनुभव पनि अविच्छिन्न रूपले हुंदैन, सुषुप्ति अवस्थामा मनको अनुभव रहँदैन परन्तु आत्माको अनुभव ता सबै अवस्थामा भइरहन्छ। यी सब विचारबाट यो निश्चय भयो कि विषय इन्द्रिय, शरीर, मन आदि जति पदार्थ छन् यी कदापि आत्मा हुन सक्तैनन्। आत्मा यिनको द्रष्टा, यी सबभन्दा अधिकस्थायी स्वयं प्रकाशतत्व हो। उसको न कुनै आदि छ न अन्त। उ सधैं आफ्नो सत्तामा रहेको छ। उसको अनुभव तब हुन्छ जब सब विषयबाट अहंभाव हटाएर आत्मसत्तामा आफूलाई राखिन्छ।" यो विचार गरेर उद्दालकले योगद्वारा मनो-निरोध गर्न आरम्भ गरे। प्राणायामबाट प्राणलाई रोकेर कुण्डलिनी शक्ति जाग्रत गरे, उनलाई ब्रह्मस्थानमा लगेर ब्रह्ममा अडाए। यसो गरेपछि उनलाई निर्विकल्प समाधि भयो। यस स्थितिमा उनले परम शान्ति र आनन्दको अनुभव गरे।

केही कालपछि उनको समाधि टुट्यो, उनी जाग्रत् अवस्थामाआए। अब उनको दृष्टि दोस्रै भयो। उनका चित्तमा उही परम शान्ति र उही आनन्द थियो जो उनले समाधि अवस्थामा अनुभव गरेका थिए। अब उनलाई जाग्रत् अवस्थामा पनि आत्मभावको अनुभव हुन्थ्यो। उनको स्थिति उस सत्ता सामान्यमा थियो जो सदा सर्वत्र एक रूपमा रहेको छ जो सबै वस्तुको परम स्वरूप हो, जसमा आनन्द र शान्ति अविच्छिन्न रूपले वर्तमान छ। यस अवस्थालाई चारै अवस्था (जाग्रत्, स्वप्न, सुषुप्ति, तुरीय) देखि परको

तुर्यतीत भन्छन् यस अवस्थामा रहेको मानिसलाई कुनै स्थिति प्राप्त गर्नाको इच्छा रहँदैन। उद्दालकले यसैमा अडेर आफ्नो जीवन जीवन्मुक्त रूपबाट बिताए।

(५०) सुरघुको कथा

हे राम, किराती राजा सुरघुले पनि उद्दालक मुनिले जस्तै आफ्नै विचारद्वारा परम शान्ति अनुभव गरे। उही कथा म तिमीलाई भन्छुः—

हिमालयमा कैलाशपर्वतको नगीच एउटा देश थियो। त्यहाँ हेमजटा नामको एउटा जंगली जाति रहन्थ्यो, उसलाई किरात पनि भन्थे। त्यस जातिका राजाको नाम सुरघु थियो, उनी महाप्रतापी र बुद्धिमान् थिए न्यायपूर्वक राज्य गर्दथे। एक दिन उनका मनमा यस प्रकारको दुःखको विचार उठ्यो कि राज्यको काम न्यायपूर्वक गर्दा पनि मेरा हातबाट धेरै (अपराधी) लाई दुःख मिल्छ, यदि यस दुःखदेखि बच्नाका निम्ति राज्य छाडौँ भने अराजकताले गर्दा प्रजा नष्ट-भ्रष्ट हुन-जान्छन्, यदि न्याय नगरौँ भने दुराचारीका हातबाट सज्जनहरूलाई कष्ट हुनजान्छ। म के गरूँ ? भन्ने यस्तो विचारले सुरघु राजा सारै दुःखी भए।

उसै बखत उहाँ माण्डव्य ऋषि आइपुगे। सुरघुले उनलाई प्रणाम गरेर उनीसँग आफ्ना दुःखको चिकित्सा सोधे। माण्डव्य ऋषिले भने— महाराज, तिम्रो यो दुःख त्यहाँसम्म शान्त हुँदैन, जहाँसम्म तिमी आत्मज्ञानी भएर निष्काम भावले राज्य गर्नेछैनौ। सांसारिक आधि र व्याधिले मानिसलाई त्यहींसम्म कष्ट दिन्छ जहाँसम्म उ जीवन्मुक्त हुँदैन। जीवन्मुक्त भए-

पछि मानिस हरेक स्थितिमा आनन्द र शान्ति अनुभव गर्दछ। यति भनेर माण्डव्य ऋषि गए। सुरघु यो विचार गर्न लागे कि आत्मा के हो ? विचार गर्दागर्दै उनी यो निश्चयमा पुगे कि शरीर, इन्द्रिय, मन यिनमा कुनै पनि आत्मा हुन सक्तैनन्, किनभने यी सबै विषय हुन्, विकारवान् छन्, सधैं अनुभवमा आउँदैनन्। आत्माको अनुभव ता सदा अविच्छिन्न रूपले रहन्छ। आत्माको अभाव कहिल्यै कसैले अनुभव गर्दैन, परन्तु यी वस्तुको अभाव निरन्तर अनुभव भइ-रहन्छ। यसै कारण सदा स्वसंवेद्य आत्मालाई कहिले काँही अनुभवमा आउने विषय, शरीर, इन्द्रिय मनका साथ अहंभाव हुनु खालि भ्रम मात्र हो। शरीर, इन्द्रिय, मनहरू ता परिछिन्न वस्तु हुन् परन्तु आत्मा जो चिन्मात्र छ, उ अनन्त र व्यापक छ। देश, काल, लोकान्तर कहीं वस्तु यस्तो छैन जो आत्मा देखि बाहिर छ। आत्मा सबमा छ, आत्मामा सब छ। सब पदार्थ आत्माको प्रकाश हो। यो विचार गर्दागर्दै सुरघुलाई आत्मानुभव हुनलाग्यो। उनलाई राज्यको काम गरिरहँदा पनि आनन्द र शान्तिको अनुभव हुनलाग्यो, सब स्थितिमा समान रहने अभ्यास भयो। उनी जुनसुकै काम पनि आफ्नो धर्म सझेर निष्काम भावले गर्दथे। हानि, लाभ, यश, अपयश, मोह, शोकले उनलाई छुन सक्तैनथ्यो। राज्यको सबै काम यथास्थिति र आवश्यकतानुसार गरिरहंदा पनि उनका चित्तमा पूर्ण शान्ति रहन्थ्यो।

एक दिन उनका मित्र परिघ नामक पारसी राजा घुम्दा-घुम्दै उहाँ आइपुगे, उनी पनि आत्मज्ञानी थिए। यिनमा बडो प्रेमका साथ आत्मचर्चा चल्यो। परिघले सुरघुलाई सोधे कि के तपाईंलाई कहिल्यै समाधिको अनुभव भएको

छ ? सुरघुले भने—कहिले के ? मलाई हरघडी समाधिको अनुभव हुन्छ। आत्मज्ञानी जन सांसारिक काम गरिरहँदा पनि समाधि मै रहन्छ, उसलाई सारा जगत् आत्मरूप नै देखापर्छ। जगत्का कुनै घटनाले पनि उसलाई आत्मपद-बाट च्युत गर्न सक्दैन। सारा जगत्मा उसले आत्माको नै प्रकाश देख्छ। निष्काम कर्म गर्नु, शोक मोहले रहित भएर संसारमा घुम्नु, सब वस्तुलाई आत्मदृष्टिले देख्नु यही सर्वोत्तम समाधि हो।

(५१) भासविलास संवाद

हे राम, जीवको परम उद्देश्य, जीवनको अन्तिम प्राप्यस्थान, मनुष्यको सर्वोत्तम ध्येय, आत्मानुभव, स्वरूप, परमानन्दमय मुक्ति हो। उसलाई नजाने पनि प्रत्येक जीव उसैका खोजीमा छ। त्यो प्राप्ति नभएसम्म जीव संसारमा गोता खाइ-रहन्छ। अनन्त जीव अज्ञानले गर्दा आत्मपदार्थलाई आत्मा संझन्छन्, जहाँ आनन्द छैन उहाँ आनन्दको कल्पना गर्दछन्, यो कुरो संझन्छन् कि फलानो वस्तु पाएपछि मलाई परमानन्द मिल्छ परन्तु उ वस्तु पाइसकेपछि उनलाई थाह हुन्छ कि यस्तो संझनु भ्रान्ति पो रहेछ। फेरि तुरन्तै उनको उही दुर्दशा देखिन्छ, अर्को कुनै अप्राप्त वस्तुतिर उनको मन दौडन लाग्छ, उ प्राप्त गर्न अग्रसर हुन्छ। पाइसके-पछि फेरि उनलाई यही मालुम हुन्छ कि व्यर्थ हामीले हण्डर खायौं, हाम्रो विचार ठीक रहेनछ। जहाँसम्म यिनलाई परमानन्दको यथार्थ स्वरूप पत्ता लाग्दैन, उसको अनुभव गर्दैन उहाँसम्म यस किसिमको भ्रान्ति बराबर भइरहन्छ। यो भ्रान्तिमय जीवनमा कहिल्यै चैन छैन, सधैं अशान्ति रहन्छ। यस विषयमा एउटा कथा सुनाउँछु :—

सह्याचल पर्वतमा अत्रि ऋषिका आश्रमको नगीच दुई मुनि रहन्थे। उनका दुई छोरा भास र विलास नामका थिए। यिनको परस्परमा घनिष्ठ प्रेम थियो, यी कहिल्यै छुट्टिदैनथे। दुवैको खानु, पिउनु, रहनु, बस्नु, सुत्नु, उठ्नु एकै ठाउँमा हुन्थ्यो। यसरी रहँदारहँदै यी दुवैका आमाबाबु परलोक भए। केही दिनपछि दुवै जना देशदेशावर घुम्न निस्के, भिन्न भिन्न दिशातिर लागे, दुवैले संसार भ्रमण गरेर नाना प्रकारको अनुभव गरे। एक दिन अकस्मात् यी दुवैको भेट भयो, दुवै आनन्दशा मस्त भए। विलासले भाससंग सोधे—दाइ, तिमी धेरै दिनमा मिल्यौ, कुशलै छौ? भासले भने—भाइ विलास, यस संसारमा को कुशल छ? सधैं केही न केही दुःख परिरहेकै छ। जहांसंम मानिसलाई आत्मज्ञान हुंदैन उहाँसंम कुशल कहाँबाट हुन्छ। जबतक परमानन्दको प्राप्ति हुंदैन तबतक कुशल कहाँ हुन्छ। जहाँसंम पुरुष इन्द्रियका विषयको पछाडि दौडिरहन्छ उहाँसंम कुशल कहाँ हुन्छ। जहाँतक मनमा विषयसुखको वासना रहन्छ उहाँसंम कुशल कहाँ हुन्छ। जहाँसंम बुद्धि सांसारिक रहन्छ, आत्मविचारमा लाग्दैन वहाँसंम कुशल कहाँ हुन्छ। जहाँसंम मानिस जीवन्मुक्त भएर घुम्दैन वहाँसंम कुशल कहाँ हुन्छ। जहाँसंम मानिस संसारमा निष्काम भावले आफ्नो स्थितिअनुसार धर्मको पालन गर्दैन वहाँसंम कुशल कहाँ हुन्छ। जहाँसम्म अहंभाव छ उहाँसंम कुशल कसरी हुन सक्छ। जहाँसम्म जीवले ब्रह्मभाव प्राप्त गर्दैन वहाँसंम कुशल कसरी हुन सक्छ? भासको यो विचार विलासलाई ठीक लाग्यो, दुवै आत्मविचार गर्न लागे।

(८२) वीतहव्यको कथा ।

हे राम, स्वयं विचार गर्नाले कसरी चित्त शान्त हुन्छ, यस बारेमा म तिमीलाई एउटा कथा सुनाउँछु:—

विन्ध्याचलको कन्दरामा वीतहव्य नामक एक जना तपस्वी रहन्थे। उनका मनमा सांसारिक विषयभोगको बडो तीव्र कामना थियो। यसैले उनले अनेक काम्य कर्म गरे, उसको फल पनि भोगे परन्तु उनका मनमा तृप्ति कहिल्यै भएन, हमेसा कुनै न कुनै विषय भोगको वासना उनका मनमा रहन्थ्यो। आफ्नो यो स्थितिका उपर विचार गर्दा उनलाई सारै खेद भयो। उनले यो निश्चय गरे कि पूर्ण तृप्ति र शान्ति प्राप्त गर्ने उपाय खालि निर्विकल्प समाधिको अनुभव गर्नु मात्र छ, यो अनुभव पाँउनाका लागि उनी एउटा पर्णकुटीमा बसेर विचार गर्न लागे।

म विषयका निम्ति किन दौडिरहेको हुँ ? यसै कारणले न हो फलानु विषयको भोग गरेपछि मलाई आनन्द मिल्छ। अनेक हण्डर खाएपछि बल्ल बल्ल जब त्यो विषय मिल्छ तब उसको भोग गर्छु, उत्तिखेरै फेरि मलाई यो अनुभव हुनलाग्छ कि विषय भोग गरेपछि मलाई परमानन्दको अनुभव र परम तृप्ति प्राप्त हुनेछ भन्ने यो मेरो खयाल गलत थियो। केही दिनपछिमलाई त्यस विषयबाट घृणा हुनलाग्छ, म त्यो विषय छोड्न चाहन्छु। त्यस वेला त्यो विषय मबाट हट्न सकेनभने उसको अगाडि पर्नु नै मलाई दुःखदायी प्रतीत हुनलाग्छ। कत्रो आश्चर्यको कुरा हो जुन विषय केही दिनअगाडि मलाई परमानन्दको खानि मालुम हुन्थ्यो, जसलाई पाउन म आकाश-पाताल चहारें, जसलाई प्राप्ति

गर्नु म आफ्नो जीवनको ध्येय सम्झन्थें, सौभाग्य सम्झन्थें। उही विषय प्राप्त भएपछि, भोगिसकेपछि आनन्दरहित, दुःखदायी प्रतीत हुन लाग्छ। त्यो देख्ता वाक्क आउँछ। अनुभवबाट यो कुरो साफ जाहेरै छ कि कुनै विषय पनि स्वयं आनन्द दिने होइन, विषयबाट आनन्द हुनेभए उसको भोग गरेपछि अथवा उसलाई प्राप्त गरेपछि मलाई सधैं आनन्दको अनुभव भइरहनुपर्ने हो। तर यो कुरो कतै-बाट कहिल्यै पनि भएको देखिएन। देखिन ता यो पो आउँछ कि जसलाई जो जो भोग धेरै नै प्राप्त छ ती भोगमा उसलाई पनि विशेष आनन्द भएको देखिंदैन. उ सधैं त्यस विषयका निम्ति छटपटिइरहेको देखिन्छ जो विषय अर्कालाई प्राप्त छ, उ सित छैन। अर्काथरि ती वस्तुलाई आनन्ददायक सम्झी रहन्छन् जुन वस्तु उनलाई सुलभले प्राप्त छ तर दोस्रासित छैन। यसै भ्रममा परेर सारा जीवहरू संसार–समुद्रमा गोता-खाइरहेका छन्। आज यो प्राप्त गर्नु छ, भोलि उसैदेखि घृणा छ, भोलि यो प्राप्त गर्नुपर्ने छ पर्सी उसको पीछा छुटाउनु-पर्छ। आखिर व्यर्थको उद्योगबाट मिल्छ के ? मानिसले यस अनुभवबाट आफ्नो विचारद्वारा यही सिक्नुपर्छ कि आनन्द-प्राप्तिका निम्ति विषयका पछाडि दौडनु भूल हो। आनन्द कुनै विषयभोगबाट मिल्न सक्तैन।

यो विचार गर्दागर्दै वीतहव्यका मनमा विषयतर्फ वैराग्य उत्पन्न भयो। अब उनको मन कुनै विषयतर्फ पनि दौडदैनथ्यो यो स्थिति भएपछि उनले इन्द्रियतर्फ ध्यान दिएर विचार गर्न लागे कि इन्द्रियलाई आत्मा सम्झनु र यिनको आवश्यकतालाई आफ्नो आवश्यकता सम्झनु

मानिसको वडो भारी भूल हो। इन्द्रियहरू मन र प्राणका साथ संबन्ध नभएसंम जड हुन्छन, निष्क्रिय हुन्छन्। यदि मनले इन्द्रियका साथ संबद्ध भएर उनका विषयको भोग गरेन भने ता कुनै इन्द्रियले पनि विषयज्ञान र भोग प्राप्त गर्न सक्तैनन्। यस्तै नै इन्द्रियका सारा क्रिया प्राणका आधारमा छन्। यदि कुनै इन्द्रियको प्राणीका साथ सम्बन्ध छैनभने उस इन्द्रियबाट कुनै क्रिया हुन सक्तैन। मन र प्राणले नै इन्द्रियलाई चेतना र क्रिया प्रदान गर्छन्, स्वयं इन्द्रिय केही गर्न सक्तैनन्, ती जड र असक्त छन्। मानिस भूलले यिनलाई आत्मा मानिरहेको छ, इन्द्रियको आवश्यकतालाई आफ्नै आवश्यकता संझिरहेको छ। यसरी विचार गर्दागर्दै वीतहव्यलाई इन्द्रियदेखि छुट्टि मिल्यो। अब उनी इन्द्रिय र यिनका विषयको वशमा रहेनन्। उनले आफ्नो आत्मभावलाई यभिन्दा माथि उठाएर अगाडि विचार आरंभ गरे।

मन र प्राण पनि कदापि आत्मा हुन सक्तैनन्। मन चञ्चल छ, प्राण जड छ परन्तु आत्मभावना सधैं स्थिर छ, स्वयं प्रकाश छ। जति विकार छ त्यो सब आत्माको विषयहरूमा छ, सब विषयको साक्षी आत्मा सदा एक रूप, निर्विकार छ। यदि यो मन भएको भए मनको ज्ञान उसलाई हुने थिएन। उसलाई यो पनि थाहा हुने थिएन कि मन विकारवान् र चञ्चल छ। विकारको ज्ञान तब हुन सक्छ जब कि कोही निर्विकार द्रष्टा उसलाई हेरिरहेको होओस्। प्राण जड छ उ न आफूलाई अनुभव गर्न सक्छ न कुनै अर्को विषयलाई। प्राणको अनुभव आत्मालाई हुन्छ, प्राण शक्ति पनि आत्माकै अधीन छ। यसरी विचार गर्दागर्दै

बीतहव्यलाई यो अनुभव हुनलाग्यो कि मन र प्राणभन्दा पर यिनको द्रष्टा र संचालक आत्मतत्त्व छ यसैमा अड्नु ठीक छ। बुद्धि मनदेखि केही स्थिर जानिन्छ तापनि आत्मा हुन सक्तैन किनभने बुद्धिमा पनि विकार छ, आत्मालाई बुद्धिको ज्ञान हुन्छ। मन र बुद्धि दुवै गाढ निद्रा (सुषुप्ति) मा शान्त हुन जान्छन् परन्तु आत्माको अनुभव उहाँ पनि हुन्छ। यसैले आत्मा बुद्धिभन्दा अधिक स्थायी, बुद्धिको द्रष्टा गहनतम तत्त्व हो, उसैमा अड्नाले नै शान्तिको अनुभव हुन सकछ।

यसरी आत्मतत्त्वको विचार र ध्यान गर्दा वीतहव्यलाई समाधि लाग्यो। उनका बुद्धि, मन, प्राण, इन्द्रिय, शरीर सबै स्थिर भए। उनी यस समाधिमा धेरै काल रहे। समाधि खुलेर उनको चेतना जाग्रत् अवस्थामा फर्केपछि उनलाई यो थाहा भयो कि उनको शरीरमाथि एउटा ठूलो ढिस्को भइसकेको छ। उनका शरीर र इन्द्रियमा यत्तिको जडता आइसकेको छ कि उनी तिनलाई अलिकति पनि चलाउन सक्तैनन्। तब उनको चेतना भित्रै फर्क्यो। उनले आफ्नो सूक्ष्म शरीरद्वारा पूर्वजीवन र लोकको अनुभव गरे। सय वर्षसम्म उनी कैलाश पर्वतमा एउटा तपस्वी भए, सय वर्ष विद्याधर, पाँच युगसम्म इन्द्र र धेरै कालसम्म गणेश भई रहेका थिए।

अब वीतहव्यले यो विचार गरे कि उनको जरा र माटाले दबेको शरीर चैतन्य भएर माटाबाट स्वतन्त्र होओस्। यसैले उनले आफ्नो सूक्ष्मशरीर सूर्यमण्डलमा पठाए। उहाँबाट पिंगला नामको सूर्यकल्प साथमा ल्याएर उसबाट शरीरमाथिको माटो साफ गराए अनि शरीर र इन्द्रियमा चेतनता

र संचलनशक्ति उत्पन्न गराए। अब उनको शरीर पूर्ववत् स्वस्थ र चेतन भयो। जो अनुभव उनले निर्विकल्प समाधिमा गरेका थिए उसैमा अडेर जाग्रत् अवस्थामा पनि आत्मभावले रहन लागे। अब उनको जीवन एउटा जीवन्मुक्तको जीवन थियो। उनका निम्ति छोड्ने न केही थियो न ग्रहण गर्ने। न कुनै विषयमा उनको राग थियो न घृणा। इन्द्रियद्वारा इन्द्रियोचित र शरीर–मनद्वारा शरीर मनले गर्ने योग्य कर्म उनी शान्त रहेर गर्दथे। उनलाई हरबखत परमानन्दको अनुभव भइरहन्थ्यो। यसरी जीवन्मुक्त अवस्थमा धेरै कालसंम रहेपछि उनका मनमा विदेह मुक्तिको कैवल्य अवस्थामा प्रवेश गर्ने विचार भयो। तब उनले संसारलाई र जीवनका एउटा-एउटा वस्तुलाई संबोधन गर्दै बिदा गरे। आफूलाई सबबाट निर्मुक्त गराई परम शान्त, तुर्यातीत, निर्वाण स्थितिमा रहेर सदाका निम्ति शान्त भए।

(९३) काक भुशुण्डको कथा

हे राम, संसारबाट मुक्त हुने उपायको नाम योग हो। योग दुई प्रकारको छ— पहिला चित्तोपशम, दोस्रो प्राणनिरोध। प्राणनिरोधबाट चित्तनिरोध हुनजान्छ, चित्त शान्त भएपछि प्राणको निरोध हुनजान्छ। चित्तोपशम भएपछि आत्मानुभवको उदय हुन्छ। कोही प्राण निरोधका मार्गबाट चलेर आत्मानुभव गर्छन्, कोही मनोनिरोधका मार्गबाट। पहिला साधकलाई योगी, दोस्रालाई ज्ञानी भन्छन्। योगीका वर्णनका विषयमा एउटा अपूर्व इतिहास म तिमीलाई सुनाउँछु:—

एक दिन म सूक्ष्मशरीरद्वारा इन्द्रको सभामा गएँ। उहाँ ठूलठूला ऋषिमुनि बसेका थिए। नाना कुरा चलिरहेको थियो। चिरञ्जीवीको कुरा चल्दा शातातप मुनिले भने— संसारमा सबभन्दा ज्यादा बाँच्ने काक भुशुण्ड छन्। सबैले उत्सुकतापूर्वक सोधे—उनी को हुन्? कहाँ रहन्छन्? शातातपले उत्तर दिए:—सुमेरु पर्वतका पद्मराग नामक कन्दराको शिखरमा एउटा कल्पवृक्ष छ। उसका दक्षिण-पश्चिका हाँगामा धेरै पक्षीहरू रहन्छन्, उनका मध्यमा महा-श्रीमान् एउटा काग बसेका छन् उनको नाम भुशुण्ड हो, उनी वीतराग र महाबुद्धिमान् छन्। जति कालदेखि उनी जीवित छन् उति कालदेखि अरू कुनै जीवित छैन। उनी शान्त र जीवन्मुक्त छन्, उनका साथ कुरा गर्दा परमानन्द हुन्छ, चित्त शान्त हुन्छ। शातातपको यो कुरा सुनेपछि मेरा चित्तमा काक भुशुण्डका दर्शनको प्रबल उत्कण्ठा भयो। इन्द्रका सभाबाट म सोझै सुमेरुपर्वततिर लागें। सुमेरुपर्वतका पद्मराग नामक कन्दराको शिखरमा पुग्नाका साथ कल्प-वृक्ष देखियो। त्यो वृक्ष महासुन्दर, सब ऋतुमा फलफूलले परिपूर्ण थियो, उसमा नाना पक्षीहरू आनन्दको राग अलाप गरिरहेका थिए। अगाडि बढेर मैले देखें कि उसको एउटा हाँगामा बसेका अनेक कागहरू अचल र शान्त थिए। उनका मध्यमा एउटा महाश्रीमान्, तेजस्वी, ऊचो गर्दन गरेका काग विराजमान थिए जो जगत्मा सबभन्दा चिरञ्जीवी हुन्, जसले अनेक कल्प देखेको छ, जो सधैं आत्मभावमा स्थिर रहन्छन्। म आकाशबाट तल ओर्लें। मलाई देख्नाकासाथ सारा कागमा खलबली मच्चियो। काक भुशुण्डले मलाई कहिल्यै देखेका थिएनन् तापनि आफ्नो सर्वज्ञताले गर्दा

संझे कि म वशिष्ठ हुं, कुतूहलवश उनको दर्शन गर्न आएको छु। उनले उठेर मलाई प्रणाम गरे, मेरो स्वागत गरे। संकल्पबाट हात निकाली रूखका पातको आसन ठीक गरी मलाई राखे। यद्यपि उनले सब जानेका थिए कि म यहाँ केका निम्ति आएको छु तैपनि मसित सोधे—हे भगवन्! तपाईंले दर्शन दिएर हामीलाई कृतार्थ गर्नु भयो, कृपा गरेर आज्ञा गर्नु होस् कि तपाईंको हामीहरूले के सेवा गरौं? मैले भने—हे मुनि, इन्द्रका सभामा चिरञ्जीवीको कुरा चल्दा तपाईं सबभन्दा चिरञ्जीवी हुनु हुन्छ भन्ने सुनेको हुनाले म तपाईंको दर्शन गर्न आएको हुं, तपाईंले कृपा गरेर मलाई आफ्नो जीवनी सुनाउनु होस्? म यही प्रार्थना गर्छु।

उनले भने—भगवान्, शिवका अनेक गण र शक्तिहरू छन्। उनमा एउटी अलम्बुसा नामक शक्ति छन्। उनको वाहन चण्ड नामक काग छन्, अरू शक्तिका वाहन हंसिनीहरू छन्। एक दिन सबै शक्तिले मिलेर उत्सव मनाए। उनका वाहनहरूले पनि उत्सव मनाई मत्त भएर नाचगान गरे। नाना प्रकारको क्रीडा गर्दा गर्दै यहाँतक भयो कि ती सब हंसिनीहरू चण्ड कागबाट गर्भिणी भए। मेरी आमा हंसिनी ब्राह्मी शक्तिकी वाहन थिइन्। जब शक्तिहरूलाई यो पत्ता लाग्यो कि उनका वाहन हंसिनीहरू सबै गर्भवती भइसके तब थिनलाई केही दिनका निम्ति छुट्टी दिएर सबै शक्तिहरू समाधिमा मग्न भए। समय भएपछि प्रत्येक हंसिनीले तीन तीनओटा फुल पारे। फुलबाट बच्चा निस्केपछि हाम्रा पिता चण्डले सबलाई लिएर ब्राह्मी शक्ति-कहाँ गए। उनबाट हामीलाई आशीर्वाद दिलाए। ब्राह्मी शक्तिले हामी सबैलाई आशीर्वाद दिइन् कि हामी सबै

कहिल्यै पनि संसारका चक्रमा पर्ने छैनौं, सधैं आत्मभावमा रहेर जीवन्मुक्त हुनेछौ । यति भनेपछि देवाले हामीलाई यस कल्पवृक्षमा बस्ने सल्लाह दिइन् । हामी सबै यहाँ आएर बस्यौं । यहाँ हामी बसेको धेरै काल भइसक्यो । मेरा सबै भाइहरू विदेहमुक्त भइसके । म मात्रै एउटा अहिलेसम्म जीवित छु । म यहाँ रहँदा रहँदै अनेक कल्प विते । समय समयमा प्रलय हुन्छ फेरि सृष्टि हुन्छ । प्रलयका वेलामा म आफ्नो यो गुँड छोडेर धारणाद्वारा अति सूक्ष्म बन्न जान्छु । प्रलय कालमा जब १२ सूर्यले भूमण्डल जलाउन लाग्छन् उस वेला म पानीको धारण गरेर माथि आकाशमा जान्छु । जब जोरले आँधी चल्छ पानी पर्न लाग्छ तब म अग्निको धारण गरेर आकाशमा रहन्छु । जब सारा पृथ्वी जलमय हुनजान्छ उस वेला म वायुको रूप धारण गरेर पानीमाथि रहन्छु । सारा ब्रह्माण्ड लय भएपछि म सुषुप्ति अवस्थामा ब्रह्ममा मिल्न जान्छु ब्रह्माण्डको फेरि सृष्टि नभएसम्म म उसै अवस्थामा रहन्छु । मेरा संकल्पबाट यो कल्पवृक्ष प्रत्येक सृष्टिमा उदय हुन्छ । सृष्टि भएपछि म फेरि यसै गुँडमा आएर वास गर्छु । मैले सोधें–तपाईंले यत्रो ठूलो जीवनमा के के देख्नुभयो ? उनले भने—मैले अनेक आश्चर्यमय घटना देखेको छु, तिनमा कुनै घटना म तपाईंलाई सुनाउँछु—एक बखत पृथ्वीमा झारपात रूख मात्र थिए अरू केही थिएनन् । एक समय ११ हजार वर्षसम्म पृथ्वीमा खरानीअतिरिक्त केही थिएन, वृक्ष झारपात सबै जलेका थिए एक बखत यस्तो सृष्टि भयो कि चन्द्र सूर्य आदि प्रकाशक ग्रह उज्जेकै थिएनन्, खालि सुमेरु पर्वतमा रहेका रत्नबाट नै प्रकाश हुन्थ्यो, उस वेला दिन-रातको गति केही पनि जानिदैनथ्यो । एक

समय यस्तो भयो कि देवासुर संग्राममा दैत्यहरूको विजय भयो, खालि ब्रह्मा विष्णु शिवलाई छोडेर अरू सब देवता उनका अधीनमा थिए सारा संसारमा २० युगसम्म दैत्यको नै अचल राज्य रह्यो। एक बखत दुई युगसम्म पृथ्वीमा रूख-सिवाय केही थिएन, महामेरु मात्र खालि एउटा पानीमा खम्बा जस्तै रहेको थियो। एक बाजि विन्ध्याचल यत्तिको बढ्यो कि सारा पृथ्वीमण्डल दबाउन लाग्यो। एक पल्ट सृष्टिमा न मानिस थिए न देवता आदि। एक समय पृथ्वीमा ब्राह्मणको आचरण खराब हुन गएको थियो, उनीहरू मद्यपान र दुराचार गर्दथे शूद्रको राज्य थियो। मेरा साम्नुन्ने नै सूर्य, चन्द्र, नक्षत्र, उपेन्द्र, लोकपालहरू कैयौं पल्ट नष्ट भए, उत्पन्न भए। मैले भगवान्ले हिरण्यकशिपुलाई मारेको र सबै देवता–दैत्य मिलेर समुद्र मथन गरेको कैयौंपल्ट यिनै आँखाले देखेको छु। मैले यस्तो पनि सृष्टि देखेको छु कि ऊसमा विष्णुको वाहन गरुड, शिवको वाहन वसाहा, ब्रह्माको वाहन हंस थिएनन्। सृष्टि भएपछि तपाईं भरद्वाज, पुलस्त्य आदि ऋषिहरू उत्पन्न हुनु भयो। तपाईंको आठ जन्म मलाई याद छ, कहिले तपाईं आकाशबाट, कहिले जलबाट, कहिले अग्निबाट, कहिले पवनबाट उब्जनुभयो। १२ पल्ट मैले समुद्रमथन देखें तीन पल्ट हिरण्याक्षले पृथ्वीलाई पाताल पुऱ्याएको देखेको छु। मेरा अगाडि छ बाजि परशुराम जन्मे। मैले यस्तो काल पनि देखे कि जहाँ वेद र पुराणको अर्थ दोस्रै तरहबाट लगाइन्थ्यो। प्रत्येक समयका देवता शास्त्रप्रवर्तकहरू भिन्न भिन्न रूपका देखें। मलाई थाह छ कि वाल्मीकिले १२ पल्ट रामायणको रचना गरे। व्यासले मेरा साम्नुन्ने नै सातबाजि अवतार लिई महाभारतको रचना

गरे। विष्णु भगवान्‌ले भक्तको रक्षाका निम्ति रामचन्द्र रूपले १० पल्ट, कृष्णरूपले १६ पल्ट अवतार लिएको मलाई नैरर राम्ररी थाहा छ। मेरा अगाडि कलियुगमा १०० बाजि बुद्धभगवान्‌को अवतार भयो। यस्ता अनेक घटना मेरा सामुन्नेमा नै भएका छन्, म यिनको कहाँतक बयान गरूँ। सृष्टि अनेक पल्ट मेरा सामुन्ने रचियो, नष्ट भयो। कहिले यस्तै सृष्टि हुन्छ, कहिले अर्कै प्रकारको। म बस्ने स्थान कहिले सुमेरु हुन्छ, कहिले मद्राचल, कहिले हिमालय, कहिले मालयपर्वत। कुनै कुनै युगमा कलियुग देखिन्थ्यो। नाना सृष्टिमा देश, काल, क्रिया, प्रजा, शास्त्र, राज्य, धर्म नाना प्रकारका नै देखिन्थे। एक बखत यस्तो भयो कि ब्रह्माजी आफ्ना आयुको दुई दिनसम्म समाधिमा नै रहे, दुई कल्पतक सृष्टिको रचना नै भएन।

काक भुशुण्डको यो आश्चर्यमय वृत्तान्त सुनेर मलाई आनन्द भयो। धेरै बेर यिनका मुखबाट ज्ञान–योगसम्बन्धी कुरा सुनें। आनन्दका साथ उहाँबाट फर्कें।

(५४) ईश्वरोपाख्यान

हे राम, अब म तिमीलाई ईश्वरको सर्वोत्तम स्वरूप र उनको सर्वश्रेष्ठ पूजाविधि बताउँछु:--

हिमालयको यौटा शिखर कैलाश नामको छ, उहाँ चन्द्रशेखर भगवान् शिवजी रहेका छन्। मैले उहाँ केही दिन बसेर तपस्या र अध्ययन गरें। एक बखत श्रावण कृष्ण अष्टमीका अधारातमा मेरो समाधि खुल्यो, उस वेला चारौं-तर्फ मौन र शान्तिको साम्राज्य थियो, महाँअन्धकारले संसारलाई ढाकेको थियो उही। बखत महाशीतल अमृतरूपी

समय यस्तो भयो कि देवासुर संग्राममा दैत्यहरूको विजय भयो, खालि ब्रह्मा विष्णु शिवलाई छोडेर अरू सब देवता उनका अधीनमा थिए सारा संसारमा २० युगसम्म दैत्यको नै अचल राज्य रह्यो। एक बखत दुई युगसम्म पृथ्वीमा रूख-सिवाय केही थिएन, महामेरु मात्र खालि एउटा पानीमा खम्वा जस्तै रहेको थियो। एक बाजि विन्ध्याचल यत्तिको बढ्यो कि सारा पृथ्वीमण्डल दबाउन लाग्यो। एक पल्ट सृष्टिमा न मानिस थिए न देवता आदि। एक समय पृथ्वीमा ब्राह्मणको आचरण खराब हुन गएको थियो, उनीहरू मद्यपान र दुराचार गर्दथे शूद्रको राज्य थियो। मेरा सामुन्ने नै सूर्य, चन्द्र, नक्षत्र, उपेन्द्र, लोकपालहरू कैयौं पल्ट नष्ट भए, उत्पन्न भए। मैले भगवान्‌ले हिरण्यकशिपुलाई मारेको र सबै देवता-दैत्य मिलेर समुद्र मथन गरेको कैयौंपल्ट यिनै आँखाले देखेको छु। मैले यस्तो पनि सृष्टि देखेको छु कि ऊसमा विष्णुको वाहन गरुड, शिवको वाहन वसाहा, ब्रह्माको वाहन हंस थिएनन्। सृष्टि भएपछि तपाईं भरद्वाज, पुलस्त्य आदि ऋषिहरू उत्पन्न हुनु भयो। तपाईंको आठ जन्म मलाई याद छ, कहिले तपाईं आकाशबाट, कहिले जलबाट, कहिले अग्निबाट, कहिले पवनबाट उब्जनुभयो। १२ पल्ट मैले समुद्रमथन देखें तीन पल्ट हिरण्याक्षले पृथ्वीलाई पाताल पुऱ्याएको देखेको छु। मेरा अगाडि छ बाजि परशुराम जन्मे। मैले यस्तो काल पनि देखे कि जहाँ वेद र पुराणको अर्थ दोस्रै तरहबाट लगाइन्थ्यो। प्रत्येक समयका देवता शास्त्रप्रवर्तकहरू भिन्न भिन्न रूपका देखें। मलाई थाह छ कि वाल्मीकिले १२ पल्ट रामायणको रचना गरे। व्यासले मेरा सामुन्ने नै सातबाजि अवतार लिई महाभारतको रचना

गरे। विष्णु भगवान्ले भक्तको रक्षाका निम्ति रामचन्द्र रूपले १० पल्ट, कृष्णरूपले १६ पल्ट अवतार लिएको मलाई नैरर राम्ररी थाहा छ। मेरा अगाडि कलियुगमा १०० बाजि बुद्धभगवान्को अवतार भयो। यस्ता अनेक घटना मेरा सामुन्नेमा नै भएका छन्, म यिनको कहाँतक बयान गरूँ। सृष्टि अनेक पल्ट मेरा सामुन्ने रचियो, नष्ट भयो। कहिले यस्तै सृष्टि हुन्छ, कहिले अर्कै प्रकारको। म बस्ने स्थान कहिले सुमेरु हुन्छ, कहिले मद्राचल, कहिले हिमालय, कहिले मालयपर्वत। कुनै कुनै युगमा कलियुग देखिन्थ्यो। नाना सृष्टिमा देश, काल, क्रिया, प्रजा, शास्त्र, राज्य, धर्म नाना प्रकारका नै देखिन्थे। एक बखत यस्तो भयो कि ब्रह्माजी आफ्ना आयुको दुई दिनसम्म समाधिमा नै रहे, दुई कल्पतक सृष्टिको रचना नै भएन।

काक भुशुण्डको यो आश्चर्यमय वृत्तान्त सुनेर मलाई आनन्द भयो। धेरै बेर यिनका मुखबाट ज्ञान-योगसम्बन्धी कुरा सुनें। आनन्दका साथ उहाँबाट फर्कें।

(८४) ईश्वरोपाख्यान

हे राम, अब म तिमीलाई ईश्वरको सर्वोत्तम स्वरूप र उनको सर्वश्रेष्ठ पूजाविधि बताउँछु:--

हिमालयको यौटा शिखर कैलाश नामको छ, उहाँ चन्द्रशेखर भगवान् शिवजी रहेका छन्। मैले उहाँ केही दिन बसेर तपस्या र अध्ययन गरें। एक बखत श्रावण कृष्ण अष्टमीका अधारातमा मेरो समाधि खुल्यो, उस वेला चारौं-तर्फ मौन र शान्तिको साम्राज्य थियो, महाँअन्धकारले संसारलाई ढाकेको थियो उही। बखत महाशीतल अमृतरूपी

किरणले औषधिहरूलाई पुष्ट गराउँदै चन्द्रमाको उदय भयो। म आफ्नो कुटीमा बसेर यो प्रकृतिको अपूर्व शोभा हेरिरहेको थिएँ कि अकस्मात् एकाएक बडो तेजिलो प्रकाश भएर सारा प्रकृति चम्क्यो। मेरो समझैमा आएन कि यो प्रकाश कहाँबाट आइरहेको छ। हेर्दा हेर्दै पत्ता पाएँ कि भगवान् शिवजी पार्वतीको हात समातेर मेरा कुटीतिर आइरहेका छन्। मैले उनलाई टाढैबाट मनमनैले प्रणाम गरें, उनको स्वागत गरें। कुटीमा आइपुगेपछि उनलाई पाद्य–अर्घ्य चढाई दण्डवत् गरें, आसन दिएँ। शीवजीले वास्नाका साथ मलाई आशीर्वाद दिए, म बडो आनन्दमा मग्न भएँ। मैले भगवान्‌संग प्रार्थना गरें कि ईश्वरको सर्वोत्तम स्वरूप कुन हो ? उनको असली पूजाविधि के हो ? शिवजीले भने:–

हे वशिष्ठ, ईश्वरको सर्वश्रेष्ठ स्वरूप न विष्णु हो, न शिव हो, न इन्द्र हो, न पवन हो, न सूर्य हो, न अग्नि हो। ईश्वर न देहवाला छ, न चित्तरूप। असली देवता अनादि, अनन्त, संवित् हो, आकारवान्, परिमित, परिच्छिन्न होइन। उ सब जगह सत्ता–असत्तारूपले वर्तमान छ उसैको नाम शिव हो उसैको तिमी पूजा गर। आकारको पूजा ता उसका निम्ति मात्र हो जो शिवतत्त्वलाई जान्दैन। रुद्र आदि देवताको पूजा गर्नाले परिच्छिन्न र परिमित पदार्थको नै प्राप्ति हुन्छ परन्तु अनादि र अनन्त आत्मरूपको पूजा गर्नाले अलौकिक आनन्द मिल्छ। जो अलौकिक आनन्द छोडेर उपाधियुक्त सुखको पछाडि दौडन्छ उ मानिस पारिजातको वन छोडेर करञ्जको झाडीमा प्रवेश गर्छ। त्यो ब्रह्म सारा विश्व हो, देवताको पनि देवता हो, उसको पूजा गर्नु सर्वश्रेष्ठ

छ । न उ टाढा छ, न पाइने छ। उ सबैका भित्र मौजूद छ। जो उसलाई जानी जानीकन पनि आकारवाला देवताको पूजा गर्छ उसले खालि केटाकेटीको खेल गर्दछ। परम कारण भगवान् सदाशिव प्रत्येक जीवका आत्मा हुन्, उनलाई पूजा गर्ने विधि (तरिका) एउटा आत्मबोध नै छ । फूल, धूप, दीप आदि वस्तुले भगवान्को पूजा गर्नु ता खालि केटाकेटीको खेल जस्तै मात्र हो। बालक बुद्धि नभएकालाई नै यसले शोभा दिन्छ, तिमी जस्ता ज्ञानीलाई होइन। उ देवता नित्य छ, सर्वत्र वर्तमान छ उसको पूजाका निमित्त आवाहन आदिको आवश्यकता छैन। बोध सिवाय उसको पूजा गर्ने विधि अरू कुनै छैन। उ देवता ध्यानद्वारा नै पूजा गरिन्छ ध्यान नै उसको पाद्य, ध्यानै अर्घ्य, ध्यानै पुष्प, ध्यानै अरू उसको उपहार हो। ध्यानैबाट उ प्रसन्न हुन्छ। सब काम गर्दा गर्दै, सब भोग भोग्दा भोग्दै पनि आत्माको ध्यान गरिरहनाले आत्मा प्रसन्न हुन्छ। आत्माको पूजा प्रत्येक मानिस हरहालतमा गर्न सक्छ। आफ्नै देहमा रहेका परमात्माको सुत्दा-उठ्ता, खादा-पिंदा, हिंड्दा-डुल्दा, सब भोग भोगिरहँदा पनि सधैं ध्यान गरिरहनुपर्छ यसैबाट नै जीवलाई परम कल्याण हुनजान्छ।

यो अमूल्य उपदेश गरेर भगवान् शीवजी पार्वतीका साथ अन्तर्धान हुनुभयो, उहाँले मेरो मनमा सधैंका निमित्त प्रकाश गरिदिनुभयो, म शान्त भएँ। हे रामजी, उस वेला-देखि आजसम्म मैले उही पूजा गरिरहेको छु, अर्को होइन।

(५५) अर्जुनोपाख्यान

हे राम, भगवान् कृष्ण छन अनासक्त भावको उपदेश अर्जुनलाई दिनेछन् उसै प्रकारको अनासक्त भावमा

अडेर तिमी पनि आफ्नो जीवन बिताऊ। रामचन्द्रले सोधे-हे गुरु, ती अर्जुन कहिले उत्पन्न हुनेछन् ? भगवान् कृष्ण उनलाई कस्तो अनासक्तताको उपदेश दिनेछन् ?

वशिष्ठजीले भने—हे राम, भगवान् यमराज हरेक चतुर्युगमा केही काल तपस्या गर्छन्, उस अवस्थामा उनी उदासीन भावले रहन्छन्। उस बखत यो भूमण्डल ज्यादा प्राणीले ढाकिन्छ र रहन योग्य हुँदैन। उस दिनमा पृथ्वीको भार हटाउनाका निम्ति देवताहरू नै आवश्यकताअनुसार प्राणीहरूलाई मार्छन्। यस बखत पितृका नायक वैवस्वत यमराज हुनेछन्। यिनले केही दिन बितेपछि आफ्नो पाप नाशका निमित्त तप गर्नु पर्छ। उस बखत पृथ्वी प्राणीहरूका भारले दबेर विष्णु भगवान्को शरणमा जानेछन्। पृथ्वीको भार उतार्नाका निम्ति विष्णु भगवान् दुई शरीर अवतार लिनेछन्। उनमा एउटा वसुदेवपुत्र वासुदेव र दोश्रो पाण्डु-पुत्र अर्जुनका नामले प्रसिध्द हुनेछन्। पाण्डुको एउटा अर्को पुत्र धर्मपुत्र युधिष्ठिर नामले प्रसिध्द हुनेछन्। उनका काकाका छोरा दुर्योधन हुनेछन्। यी दुइटामा पृथ्वीका निम्ति घनघोर युध्द हुनेछ जसमा १८ अक्षौहिणी सेना एकट्ठा हुनेछन्। गाण्डीव धनुर्धारी अर्जुनको रूप धारण गरेर विष्णु भगवान्ले ती सबै सेना नाश गरी पृथ्वीको भार उतार्नेछन्। विष्णु भगवान्को अर्जुनरूप युध्दका आरम्भमा हर्ष-शोकादि मानव स्वाभाविक दोषले युक्त भई, दुईतिरका सेनामा संमिलित आफ्ना बन्धु र संबन्धीहरूलाई देखेर उनको हत्या नगर्नाका निम्ति आफ्नो धनु भइँमा राख्नेछन् औ आफ्ना सारथि श्री कृष्णरूपधारी विष्णु भगवान्सित आफ्ना मनको दशा वर्णन गर्नेछन्। उस बखत श्री कृष्णले

अर्जुनलाई आत्मज्ञानको उपदेश दिएर उनको मोह दूर गर्नेछन् औ उनलाई असक्त भएर लड्नाको उपदेश दिनेछन्। श्री कृष्णको उपदेशद्वारा अर्जुनको मोह हट्नेछ, उनले युद्धमा आफ्ना शत्रुलाई परास्त गर्नेछन्। उस घोर संग्राममा धेरै प्राणी मारिनेछन्, पृथ्वीको भार हल्का हुनजानेछ।

(५६) शतरुद्रोपाख्यान

हे राम, सारा जगत् कल्पनामय छ। जीव पनि आफ्नो कल्पनाद्वारा नै एउटा शरीरबाट अर्कोमा जान्छ, कल्पनाद्वारा नै यस बन्धनबाट मुक्त हुन्छ। जो जस्तो कल्पना गर्छ, उ उस्तै हुन्छ। वासना र कल्पना जगत्को प्रसार, जीव गतिको रहस्य हो। जो हुन्छ यिनैबाट हुन्छ। यो संझाउनाका निम्ति म तिमीलाई एउटा कथा सुनाउछु:—

प्राचीन कालमा एउटा बडा विचारशील, शुद्ध अचारण भएका तपस्वी थिए। उनले आफ्नो प्रयत्न र अभ्यासबाट समाधि सिद्ध गरेका थिए। उनी आफ्नो सारा समय प्रायः समाधिमा नै बिताउँथे। एक दिन समाधि खुल्नाका साथ उनका मनमा यो कल्पना उदय भयो कि म जगत् रचना गर्छु। तत्तिखेरै उनको संकल्पबाट एउटा विश्व खडा भयो, यस जगत्मा उनी जीवट नामक एउटा पुरुष भए। अब उनी उस जगत्मा आफ्नो तपस्वी रूपलाई भुलेर जीवटका रूपमा घुम्नलागे। यस रूपमा उनले खूब सुखभोग गरे, मद्यपान गरे, ब्राह्मणको सेवा पनि गरे। एक दिन सुतेको वेलामा जीवटले सपना देखे, त्यस स्वप्नजगत्मा उनलाई ब्राह्मण रूपको भान भयो। अब ती ब्राह्मणका रूपमा वेदाध्ययन गर्न लागे। यो

रूपमा केही काल वितेपछि एकदिन यिनलाई सपना भयो कि उनी एउटा राजा हुन्, उनीसंग धेरै सेना र धेरै नोकरचाकर छन्। ती राजालाई एक पल्ट सपना भयो कि एउटा महाप्रतापी चक्रवर्ती राजा हुन्। धेरै काल चक्रवर्ती राजाका रूपमा रहंदा रहँदै उनले एक दिन यो स्वप्न देखे कि उनी देवाङ्गना हुन्, देवताका बगैंचामा आफ्ना मन परेका देवताकासाथ आनन्दसित विहार गरिरहेका छन्, खूब खुशी छन्। एक बखत यी देवांगनालाई कामक्रीडाले थाकेर सुतेका वेलामा स्वप्नमा अनुभव भयो कि उनी एउटी मृगी हुन्। मृगीले एक दिन आफूलाई एउटा हरियो कलिलो लताका रूपमा स्वप्नमा पाइन् लताका मनमा यो कल्पना उदय भयो कि उ एउटा भुमरो हो, भुमराका रूपमा नाना फूलको रस पान गरिरहेको छ। भुमरालाई एक दिन सपना भयो कि उ कमलिनी हो। एउटा हात्तीले उसलाई उखेलेर खायो। त्यस बखत कमलिनीका मनमा यो कल्पना उदय भयो कि ती एउटा हात्ती हुन्। यसरी नाना रूप लिंदा लिंदै उनी ब्रह्माको हंस बने। ब्रह्माका उपदेशबाट उनलाई आत्मज्ञान भयो। एक दिन उ हंस सुमेरुपर्वतमा उडेर जान लागेको थियो उहाँ उसले रुद्रलाई देख्यो औ उसका मनमा रुद्र हुने इच्छा उठ्यो, निदानमा उ एउटा रुद्र बन्यो। रुद्ररूपमा उसलाई आत्मज्ञान भयो, आफ्ना पूर्वजन्मको पनि स्मरण भयो। उसलाई यो ज्ञान भएपछि बडो आश्चर्य भयो कि अब पनि उ तपस्वीका रूपबाट उही ठाउँमा बसेर आफ्नो कल्पनाजगत्‌को अनुभव गरिरहेको छ, यसै गरी उ आफ्ना यस रूपमा वर्तमान छ। उसले विचार गर्‍यो कि अब ती सबै आफ्ना कल्पना जगत्‌मा ग्रहण गरेका रूपलाई जगाई उनलाई तत्त्वज्ञानी बनाएर मुक्त गरूं यो

विचार गरेर ऊ उस ठाउँमा आयो जहाँ तपस्वीका रूपमा आफ्ना कल्पनाजगत्को रचना गरिरहेको छ। उहाँ पुगेर उसले तपस्वीलाई जगायो। तपस्वी जागेपछि ज्ञान भयो कि उनी तपस्वीका मनोकल्पित विश्वमा उनका अनेक रू? वर्तमान छन्। रुद्र र तपस्वी दुइटाले जीवटलाई जगाए। यी तीनै जना मिलेर वेदपाठी ब्राह्मणलाई, यी चारैटै मिलेर राजालाई, पाँचौटाले चक्रवर्ती राजालाई, यसै गरी रुद्रका समस्त १०० रूप जागे। रुद्रलाई आफ्ना सब रूपमा वर्तमान हुंदा बडो आश्चर्य भयो। तब रुद्रले आफ्ना सब रूपलाई भने कि--तिमीहरू सबै आफ्ना आफ्ना ठाउँमा जाओ, जहाँसम्म यी सब शरीर छन् उहाँसंम यी सब शरीरका योग्य भोगकन वासना र कामनारहित भएर भोग गर। शरीरपात भएपछि तिमीहरू सबै रुद्ररूपमा आउनेछौ।" यी सबै रूपहरू शरीरान्त भएपछि रुद्ररूपमा प्राप्त भए, कल्पको अन्तमा सबैलाई विदेहमुक्ति प्राप्त भयो।

रामचन्द्रले सोधे- भगवन्, यो आश्चर्यमय घटना कसरी भयो? वशिष्ठले भने--हे राम, मनमा जो संकल्प उदय हुन्छ उही यथासमय सत्यरूपले प्रतीत हुन लाग्छ। मन जत्तिको पवित्र शुद्ध हुन्छ उत्तिकै चाँडै उत्तिकै तीव्रताले संकल्प गाढा हुनजान्छ। शुद्ध मन जस्तो संकल्प गर्छ तुरुन्तै उस्तै हुनजान्छ। यस जगत्मा संकल्पसिवाय केही छैन। जति नाम-रूप छन् यी सब संकल्पका नै रचना हुन्। कल्पित पदार्थ पनि संकल्प गर्न लाग्छ। अज्ञानीको संकल्प बाह्य-वस्तुद्वारा नियमित हुन्छ, ज्ञानीको आफ्नो विचारद्वारा। यस उपाख्यानमा ब्राह्मणले राजाको रूप यसकारण धारण

गरेका थिए कि उनी राजभोगको इच्छा गरिरहन्थे। राजा चक्रवर्ती यसैले भए कि उनले उस रूपमा ज्यादा आनन्द संझन्थे। चक्रवर्ती राजालाई सुन्दरीहरूका भोगको वासना रहन्थ्यो यसैकारण उनी देवांगना भए। देवांगना मृगी यसकारणले बनीं कि उसलाई मृगीका जस्तो आँखाको इच्छा थियो। मृगी लता यसकारणले बनी कि उसलाई सधैं उसको चाहना रहन्थ्यो। लता यसकारण भमरो बन्यो कि उसको वृत्ति भ्रमररूपमा स्थिर थियो। भ्रमर कमलिनी यसकारण बन्यो कि उसका मनमा सधैं कमलिनीको ध्यान रहन्थ्यो। कमलिनी हात्ती यसकारण बनी कि हात्तीले उस-लाई तोड्नाका साथ उसका वृत्तिमा हात्तीकै रूप स्थिर थियो। यस्तै प्रकारले जो जुन वस्तुलाई ध्यान गर्छ उ उही रूपको धारण गर्दछ। यो अटल नियम छ जो जुन वस्तु निरन्तर चाहन्छ अथवा जुन वस्तुको जसलाई ध्यान रहन्छ उ अवश्यै उही हुन्छ। योगीको र शुद्ध मन भएकाको संकल्प चाँडै नै सिद्ध हुन्छ। योगीहरू आफ्नो स्वरूपमा रहीकन पनि अनेक रूप धारण गर्छन्। विष्णु भगवान् आफू क्षीरसमुद्रमा रहीकन नै पृथ्वीमण्डलमा अवतार लिएर भूमिको भार हर्छन्। सहस्त्रबाहुले घरमा बसीबसी यो कल्पना गरे कि आफू मेघ भएर बसूँ। उहाँ उनी राजाका रूपमा रहे, अर्को ठाउँमा मेघरूपले बर्सन लागे। उनी आफ्नो घरमा बसेर राज्यको कामकाज चलाइरहन्थे। इन्द्र स्वर्गको आसनमा बसीबसी पृथ्वीमा यज्ञको भाग लिन आएका देखिन्छन्। विष्णु भगवान् हजारौं रूपबाट आफ्ना हजारौं भक्तहरूको मनोकामना पूर्ण गर्दथे।

रामचन्द्रले सोधे–भगवन्, यस वखत पनि कोही पुरुष यस्तो छ कि जो अनेक रूपले वर्तमान छ। वशिष्ठले भने–

म आज शान्ति समाधि अवस्थामा विचार गरेर भोली तिमीलाई बताउँला। भोलिपल्ट वशिष्ठले भने कि उत्तर दिशामा यहाँ देखि धेरै पर जिन नामको एउटा देश छ, उहाँ दीर्घतप नामक एउटा तपस्वी छन्। आज उनले समाधि लिएको २१ दिन भयो, यति समयमा उनलाई हजारौं जन्मको अनुभव भइसक्यो, ती सबै जन्म उनलाई एकैसाथ प्रत्यक्ष भइरहेका छन्, उनी सब जन्ममा यस वखत घुमिरहेका छन्। यो सुनेर राजा रामचन्द्रले भने कि यदि यस्तो छ भने म आफ्नो दूतलाई पठाएर त्यस देशमा तिनको पत्ता लगाई उनलाई जगाउन लाउँछु। वशिष्ठले भने—राजन्, यस वखत ती ब्रह्माको हंस बनिसके, जीवन्मुक्त पनि भए। उनको भौतिक देह मरिसकेको छ। यो कुरो अहिलेसम्म उनका शिष्यलाई पनि थाहा छैन। यसैकारण अब उनलाई जगाउन सकिन्न। यो कुरा सुनेर राम आश्चर्यमय भए।

(५७) वेतालोपाख्यान

हेराम, आत्मज्ञानीलाई संसारमा कसैले पनि छुन सक्तैन, कसैले हानि गर्न सक्तैन। यस विषयमा म एउटा कथा सुनाउँछु।

दक्षिण दिशापट्टि मन्दराचल पर्वतका कन्दरामा महाँ भयानक आकार भएको वेताल थियो। उ मानिसलाई खाएर पेट भर्थ्यो। एक दिन उसका अगाडि एउटा साधु आए, उनलाई पनि उसले मारेर खाने इच्छा प्रकट गर्‍यो। साधुले उसलाई संझाए कि मानिस मारेर पेट भर्नु बडो भारी पाप छ, यसको खराप दुःखदायी भोग अवश्य उसले भोग्नुपर्छ।

वेतालका मनमा साधुको कुरा ठीक जँच्यो। उसले विचार गर्‍यो कि मनुष्य सचमुच मनुष्य (मननशील) ज्ञानवान् जीव हो। यसैकारण उसलाई मार्नु उचित छैन। किनभने यस्ता मानिसबाट अर्काको हानि हुन सक्दैन, किन्तु उपकारै हुन्छ। तर मूर्ख मानिसभन्दा ता बरु पशु नै उत्तम छ किनभने जत्तिको मूर्ख मानिसबाट अर्काको हानि हुन्छ त्यत्तिको हानि पशुहरूबाट हुन सक्दैन। अबदेखि म अज्ञानी मूर्ख-लाई नै खान्छु ज्ञानीलाई खान्न। वेतालले कुन ज्ञानी हुन् कुन् अज्ञानी यो जान्नाका लागि एउटा सूची तयार गर्‍यो। एक दिन कैयौं दिनको भोको वेताल पेट भर्नाका लागि रातमा बाहिर निस्क्यो। उसको उस देशका राजासंग भेट भयो। वेतालले राजालाई ब्रह्मज्ञानसंबन्धी प्रश्न गर्‍यो। राजा ब्रह्मज्ञानी थिए, उनले वेतालको प्रश्नको तृप्तिजनक उत्तर दिए। वेताललाई ठूलो आनन्द भयो। उ एकान्तमा गएर समाधिमा अड्यो, अन्त्यमा आत्मलाभ गरी मुक्त भयो।

(५८) भगीरथोपाख्यान

हेराम, संसारमा कसरी निर्मम, निरपेक्ष, अनासक्त भावले मुक्तजीवन बिताउनु? यस विषयमा म एउटा उपाख्यान सुनाउँछु।

राजा भगीरथलाई युवावस्थामा नै यो विचार उदय भयो कि यो जीवन सर्वथा असार छ। दिनकादिन उनै भोग भोगिरहन्छ तर तृप्ति हुँदैन। कुनै यस्तो सुख छैन जो दुःखरहित छ। कुनै यस्तो भोगको विषय छैन जो भोगि-सकेपछि पनि उत्तिकै असल जानियोस् जत्तिको उ पाउनु

भन्दा अगाडि प्रतीत हुन्थ्यो। संसारमा कुनै वस्तु पनि सारवान् छैन। स्त्री, पुत्र, धन आदिमा हाम्रो यत्तिको ममता भएको किन हो ? यिनमा कुनै पनि यस्तो छैन जो प्राप्त भए-पछि हाम्रो मनमा शान्ति र सुखको अनुभव हुनजाओस्। तब फेरि केका निम्ति हामी यी वस्तुका पछाडि दौडि-रहेका छौं ? मरिरहेका छौं ? किन यिनैका प्राप्तिमा नै आफ्ना जीवनको सारा शक्ति लगाइराखेका छौं ? यसैले हो कि हामीले अहिलेसम्म यिनको असारताका उपर विचारै गरेका छैनौं, ध्यानै दिएका छैनौं। विचार उदय भएपछि यी सब वस्तु असार र विष जस्ता जानिन्छन्। भोगमा सुख र शान्ति तलाश गर्नु उस्तै हो जस्तो मृगतृष्णाको जलले तीर्खा मेट्नाको आशा गर्नु।

यो विचार गर्दागर्दै राजालाई संसारका भोगका उपर घृणा उत्पन्न भयो। आफ्नो परम ध्येय र सत्य जान्नाको इच्छा भयो। यिनी आफ्ना गुरु त्रितुल ऋषिका आश्रममा गए। आफ्नो विचार उनले गुरुका अगाडि राखे। त्रितुल भगीरथको यस्तो वैराग्य र विवेक देखेर साह्रै प्रसन्न भए। भगीरथ-लाई भने कि—मनुष्यजीवनको परम उद्देश्य भएको परमानन्द र परमशान्ति विषयभोगबाट मिल्न सक्तैन। यी प्राप्त गर्नाका निम्ति सबै विषयभोग छोड्नुपर्छ। देह र इन्द्रियमा आत्मा-भिमान, स्त्री पुत्रादिको संग, इष्टमा इच्छा, अनिष्टमा द्वेष यी सब त्यागेर आत्मचिन्तन, आत्मध्यान, आत्मपदमा स्थितिका निम्ति प्रयत्न गर्नाले नै परमानन्द र परम शान्तिको सिद्धि हुन्छ। जो जुन वस्तुको तीव्र वासना गर्छ उसले उसैलाई प्राप्त गर्छ। महाराज, यसैकारण सब भोग विषयवासना

त्यागेर आत्मपद प्राप्त गर्ने वासना गर। आत्मपद मिलेपछि फेरि कुनै कुरो पाउन बाँकी रहँदैन। उस पदमा अडेपछि कुनै दुःख रहँदैन। यस्तो अक्षय, अनन्त, आनन्दको अनुभव हुन्छ कि जसका अगाडि संसारका सबै सुख तुच्छ देखिन लाग्छन्। एक छिन मात्र पनि उस आनन्दको अनुभव गर्नाले मानिसले संसारका सबै सुख भुल्न जान्छ।

त्रितुल ऋषिको यो उपदेश सुनेर भगीरथले आत्मपद प्राप्त गर्ने कम्मर कसे। घरमा आएर सबतिरबाट ध्यान हटाई आत्मचिन्तन गर्न लागे। केही दिनपछि उनले आफ्नो सबै राजपाठ छोडिदिए। खालि एउटा धोती लाएर वनमा पसे। उहाँ आत्मचिन्तन ध्यान गर्दागर्दै उनलाई आत्मज्ञान भयो। परमानन्द, परम शान्त आत्मपदमा उनको अविचलित रूपले स्थिति भयो। अब उनलाई न कुनै वस्तुको इच्छा थियो, न कुनैसित द्वेष। सारा जगत्‌लाई उनी आत्ममय देख्थे, न उनलाई कसैको मोह थियो न घृणा, सबैसित प्रेम र समताको व्यवहार गर्दथे। अब उनलाई घरमा र वनमा रहन एकै लाग्थ्यो। उनी देशदेशावर घुम्न लागे। एक दिन उनी घुम्दाघुम्दै उस देशमा पुगे जहाँ उनी पहिले राजा थिए, उहाँ उनले भिक्षा माग्न लागे, यस कुराबाट उनका मनमा कुनै विकार उत्पन्न भएन। उहाँका प्रजाले साह्रै आग्रह गर्दा पनि उनले राज्य गर्नाको अलिकति पनि इच्छा गरेनन्। गुरु त्रितुल ऋषिसँग भेट भयो, केही दिन गुरु-शिष्यमा खूब आत्मचर्चा चल्यो। स्वर्गबाट सिद्धहरूले आएर उनको पूजा गरे। देवताले सारा ऐश्वर्य उनलाई दिनाको इच्छा गरे तर उनले स्वीकार गरेनन्। कैयौं अप्स-

राहरू आएर उनको मन प्रसन्न गर्ने चेष्टा गरे तर उनका मनमा कुनै भोगको अभिलाषा उदय भएन किनभने उनको स्थिति उस परम पदमा थियो जसका अगाडि संसारका सबै सुख लेश मात्र पनि थिएनन्।

एक वखत भगीरथ एउटा देशमा घुमिरहेका थिए उस देशका राजाको मृत्यु भएको हुनाले मंत्री र पूज्यहरू कुनै सुयोग्य राजाको तलाशमा थिए। साधुका भेषमा घुमिरहेका भगीरथलाई देखेर मन्त्रीले उनको लक्षणवाट पहिचाने कि यो पुरुष राजा गराउन योग्य छ। मंत्रीले उनलाई राजा हुन प्रार्थना गरे। उनले लोकोपकारको निम्ति राजा हुन स्वीकार गरे। अति उत्तम रीतिवाट राज्य गरे। उनी राजा भएको खवर चारैतिर फैलियो। उस वखत त्यस राज्यको व्यवस्था सारै खराब थियो, चारैतिर शत्रुले आक्रमण गरिराखेको थियो। उहाँका प्रजाले दुःखी भएर राजाकहाँ खबर पठाए। भगीरथले सबै शत्रुलाई हटाएर, राज्यमा शान्ति स्थापना गरे। राज्य गर्दागर्दै एकदिन यिनलाई यो खयाल भयो कि उनका ६० हजार पितृहरू कपिल ऋषिवाट भस्म भएका अहिलेसंम सद्गति पाएका छैनन्, उनको सद्गति तब प्राप्त हुनसक्छ जब गंगाजी भूमण्डलमा बहन लाग्छिन्। यो विचार गरेर उनले तपस्या गरे, तपोवलवाट गंगालाई पृथ्वीमा ल्याई आफ्ना पितृको उद्धार गरे। हे राम, आत्मज्ञानीले नै संसारमा कठिनभन्दा कठिन काम गर्न सक्छ।

(५९) चुडालाको कथा

आत्मज्ञान प्राप्त गर्न र योगाभ्यासद्वारा सिद्धि प्राप्त गर्न स्त्रीहरूको उत्तिकै अधिकार छ जत्तिको पुरुषको। आध्यात्म-

सिद्धि खालि पुरुष मात्रको ध्येय होइन, प्राणी मात्रको हो। यदि स्त्रीलाई आत्मज्ञानमा स्थिति भयोभने उसले पुरुषलाई पनि उस्तै आत्मज्ञान प्राप्त गराउन सक्छे। यस विषयमा एउटा अपूर्व इतिहास म तिमीलाई सुनाउँछु:—

पहिले द्वापर युगमा मालव देशमा शिखिध्वज नामका प्रतापी, बलवान् एउटा राजा राज्य गर्दथे। उनको विवाह सुराष्ट्र देशकी एउटी राजकन्यासित भएको थियो। उनी बहुतै सुन्दर, विदुषी र चतुरी थिइन्, यिनको नाम चुडाला थियो। राजा-रानीमा परस्पर बडो घनिष्ठ प्रेम थियो। दुवै युवावस्थामा आरूढ थिए। उनलाई कुनै सुखको कमी थिएन। दुवै विचारशील थिए। यसरी सब भोग भोग्दाभोग्दै उनका मनमा यो विवेक उत्पन्न भयो कि हामीसंग सारा संसारको ऐश्वर्य र भोग भोग्ने सबै साधन मौजूद छन्, हामीले सब प्रकारका भोगको स्वाद लिइसक्यौं। यी भोग भोग्दाभोग्दै हाम्रो धेरै नै जीवन बितिसक्यो, शरीरको शक्ति पनि क्षीण हुंदै गइरहेको छ। तर हृदयमा तृप्ति र शान्ति अलिकति पनि छैन। के मनुष्य जीवन यसै निम्ति हो कि? उ सधैं शरीर र इन्द्रियका सुखको अनुभव गर्नामा नै लागिरहोस्— तैपनि उसलाई कुनै स्थायी सुख, कुनै प्रकारको तृप्ति, शान्तिको अनुभव नहोस्? विषयबाट उत्पन्न हुने सबै सुख क्षणिक छन् दुःखमा परिणत हुन्छन्। कुन सुख यस्तो छ जो चिरस्थायी छ? जो प्राप्त छैन उसको इच्छा भइरहन्छ, जो प्राप्त छ उसमा सुखको अनुभव हुंदैन किन्तु घृणा उत्पन्न हुन लाग्छ। के कुनै यस्तो सुख छैन जो स्थायी छ? जसलाई प्राप्त गरेपछि उ सधैं उस्तै रहिरहिन्छ, उसबाट घृणा पैदा हुंदैन। के कुनै यस्तो तृप्ति पनि छ, जसलाई पाएपछि फेरि

अरू कुनै विषय भोगको वासनातिर मन नजाओस् ? यो विचार उठेपछि उनलाई संसारका सब विषय भोगदेखि वैराग्य भयो। उनले राज्यका ठूलठूला विद्वान्लाई बोलाएर यो कुरो सोधे कि मनुष्यका जीवनको लक्ष्य कुन हो ? उसलाई कसरी तृप्ति र शान्ति हुन्छ ? विद्वान्हरूले उनलाई भने— महाराज, आत्मज्ञान भएपछि मानिसलाई परम शान्ति र तृप्तिको अनुभव हुन्छ, यही प्राप्त गर्नु नै मनुष्यजीवनको ध्येय हो, लक्ष्य हो। आत्मज्ञानमा अडेपछि मात्र परमानन्दको अनुभव हुन्छ। उस आनन्दका अगाडि संसारका सबै विषय-भोगको सुख तुच्छ छ। आत्मपदमा अडेको मानिस सधैं तृप्त र सुखी रहन्छ, उ न कुनै वस्तु पाउनाको इच्छा गर्छ, न कसैसित घृणा गर्छ। यति भनेर विद्वान्हरू विदा भए।

यो सुनेपछि राजा रानी दुवैले आत्मज्ञान प्राप्त गर्न इच्छा गरे। रानी राजाभन्दा अधिक बुद्धिमती र चतुरी उद्योगशील थिइन्। उनको विचार सूक्ष्म र निश्चयात्मक थियो। थोरै नै कालमा उनलाई आत्मज्ञान भयो। उहाँपछि उनका मुखमा प्रसन्नता र अलौकिक सौन्दर्यको झलक निस्कयो। प्रतिदिन उनको सौन्दर्य, दिव्यतेज, आनन्द बढ्न लाग्यो। राजालाई ता अहिलेसम्म आत्मज्ञान भएको थिएन। उनले संझनै सकेनन् कि यत्तिको प्रसन्न र प्रफुल्लित किन भइरहन्छिन्। रानीले राजालाई बतलाइन् कि उनका हृदयमा अलौकिक प्रकाश भइरहेको छ, अब उनलाइ सारा जगत् आनन्दमय नै देखिन्छ। राजालाई रानीका यी कुरा झल्केनन् किनभने जसलाई आत्मानन्दको स्वयं अनुभव भएको छैन उ जान्न सक्तैन कि आत्मानन्द के हो ? रानीले आफ्ना स्वामीलाई आत्मानुभव गर्नामा सहायता दिन सारै

यत्न गरिन् तर राजाले उनका कुराको परवाहै गरेनन् । राजा उनलाई स्त्री संझेर उनीसंग उपदेश लिन अपमान संझन्थे । रानीले योगमार्गबाट अनेक सिद्धि प्राप्त गरिसकेकी थिइन् त्यो राजालाई पनि देखाइन् तैपनि राजाले यिनबाट आत्मज्ञानसम्बन्धी शिक्षा लिन चाहना गरेनन् । उनका मनमा यही मिथ्याभिमान भइरहन्थ्यो कि पुरुष स्त्रीभन्दा अधिक समर्थ र चतुर हुन्छ, उसलाई स्त्री के सिकाउन सक्छे ? राजाले आफैं अनेक यत्न गरे परन्तु उनलाई आत्मज्ञान भएन। अब राजाले यो निश्चय गरे कि म राजकाज छोडेर वनमा रहन्छु उहीं आत्मज्ञान प्राप्त गर्छु । रानीले बहुत संझाइन् कि आत्मज्ञान प्राप्त गर्नाका निम्ति उनलाई वनमा जानाको केही आवश्यकता छैन। वनमा ता उसले जानुपर्छ जसका घरमा अनेक विघ्न संकट छ, उनलाई ता घरमा कुनै विघ्न छैन। यसरी संझाउँदा पनि राजाका मनमा यो कुरो आएन कि म वनमा नजाऊँ । निदान एक दिन राति जब कि रानी चुडाला गाढ निद्रामा मस्त थिइन्, चारैतिर अँध्यारो र शान्ति थियो। राजा वीरयात्राका बहानाले घरबाट चलिदिए, धेरै टाढा एउटा वनमा रहन लागे । उहाँ बसेर उनले केही दिनसम्म अनेक साधना गरे, उहाँपछि तीर्थयात्रा गरे परन्तु उनलाई आत्मानुभव भएन ।

यतातिर रानीको आँखा खुल्यो, राजालाई ओछ्यानमा देखिनन् । उनले संझिन् कि राजा वनतिर लागे। उनले वडो शान्तभावले सोचिन् कि अब के गर्ने हो ? राज्यमा राजा हिंडेको खबर फैलिनासाथ खलबली मच्चिनेछ, अराजकता फैलिएपछि धेरै मानिसले दुःख पाउनेछन् । यो विचार गरेर उनले आफैं राज्य चलाउने इरादा गरिन् । कसैलाई यो

खबर हुन दिइनन् कि राजा वनतिर गए। बिहान उठ्नाका साथ उनले मन्त्री र अरू राजकर्मचारीहरूका सामुन्ने यो घोषणा गरिन् कि राजा केही दिन कुनै कामले दोस्रो देशमा गएका छन्। मलाई राज्य गर्ने अधिकार सुम्पेको छ। यहाँ-पछि उनले राज्यको सबै काम राम्ररी चलाउन लागिन्। राज्यव्यवस्था ठीक गरिसकेपछि यो पत्ता लाउन इच्छा गरिन् कि अहिले राजा कहाँ छन्। उनलाई अब योगसिद्धि प्राप्त भइसकेको थियो, समाधिबाट उनले राजा बसेको ठाउँ पत्ता लगाइन्। आकाशमार्गद्वारा सूक्ष्म शरीरबाट ठीक उस ठाउँमा पुगिन् जहाँ राजा रहिरहेका थिए। अझ पनि राजाको उही अवस्था थियो। न उनका मनमा शान्ति थियो न उनलाई आत्मज्ञान भएको थियो। रानीलाई उनमाथि दया उब्ज्यो। उनले विचार गरिन् कि कुन किसिम-बाट राजालाई आत्मज्ञान गराउनुपर्छ। यदि राजाले उनलाई चिनेभने उनका उपदेशको असर राजालाई पर्नेछैन। यो विचार गरेर चुडाला एउटा ऋषिकुमारका रूपमा उनका अगाडि प्रकट भइन्। राजा आफ्नो अगाडि एउटा परम तेजस्वी, सुन्दर युवा ऋषिकुमारलाई देखेर बहुतै प्रसन्न भए। उनको सब प्रकारबाट आदर सत्कार गरे। राजाले उनीसित सोधे कि ऋषिकुमार, तपाईं को हुनुहुन्छ ? कहाँबाट आउनुभएको हो ? ऋषिले भने-महाराज, म देवर्षि नारदको पुत्र हुँ, मेरो नाम कुंभज हो। देवलोकमा रहन्छु, पृथ्वीतलमा घुम्नाका इच्छाले यहाँ आएको छु। यो विजन वनमा तपाईंलाई एक्लै देखेर मलाई तपाईंसँग मिल्नाको र वार्तालाप गर्नाको इच्छा भयो, यसैले यहाँ आएको हुँ। राजाले सोधे—भगवन्, मेरो धृष्टता

क्षमा गर्नु हुन्छभने तपाईसँग यो कुरो सोद्धछु कि तपाईं देवर्षि नारदको पुत्र कसरी हुनुभयो ? उनले ता कहिल्यै विवाह गरेकै थिएनन्। कुम्भजले भने—एक बखत नारदजीले सुमेरु पर्वतमा समाधि लिए। समाधि खुलेपछि उनले पर्वतका मन्तिर गङ्गाजीमा उर्वशी आदि अप्सराहरू स्नान क्रीडा गरिरहेका देखे। यिनका एक एक अङ्ग मोहकारक थिए। यिनलाई देख्तैमा नारदजीका मनमा कामवासना बिजुलीसरी दौडन लाग्यो, उनको वीर्य गिऱ्यो। त्यो वीर्य उनले एउटा घडामा राखी मास्तिर दूध भरिदिए। केही दिनपछि त्यस घडाबाट मेरो जन्म भयो, यसैकारण मेरो नाम कुम्भज हुनगयो। यो सुनेर राजालाई उनका उपर प्रेम र श्रद्धा प्रकट भयो। राजाले उनीसँग मित्रता गर्न इच्छा गरे, यी दुवैमा मित्रता भयो। कुम्भज प्रतिदिन राजासँग मिलेर उनलाई अमूल्य उपदेश गर्थे। यसरी रानी राज्य पनि चलाउँथिन् कुम्भजका रूपमा राजाका साथमा पनि रहन्थिन्। उनले राजालाई आत्मसम्बन्धी अनेक कुरा सुनाई साधनको विधि बताइन्। उनको उपदेशबाट राजा बिस्तार बिस्तार आत्मज्ञानी हुन लागे। आत्मज्ञान परिपक्व भएपछि उनको स्थिति आत्मभावमा हुन गयो, उनी जीवन्मुक्त भए। अब उनका मुखमा सधैं प्रसन्नता झल्कन्थ्यो, हर्ष र शोकबाट उनी परतिर थिए। कुनै कारणबाट पनि उनको शान्ति भंग हुँदैनथ्यो। हरबखत उनी खुशी नै देखिन्थे। उनका निम्ति न कुनै ग्रहण गरिने थियो न छोडिने, उनी सधैं आत्मानन्दमा मग्न रहन्थे। न उनलाई सांसारिक सुखको वासना थियो, न उनी कुनै दुःखबाट दुःखी हुन्थे।

रानीले अब उनको परीक्षा गर्न शुरू गरिन्। एक दिन

कुम्भज साह्रै दुःखी र शोकातुर भएर राजाकहाँ आए। राजाले सोधे—मित्र, आज तपाईंको मुख किन मलिन छ ? तपाईं ता आत्मज्ञानी हुनुहुन्छ, तपाईंलाई पनि सुर्ता कसरी पर्‍यो ? कुम्भजले भने—महाराज,तपाईंलाई म के भनूँ, भन्नै लाज लाग्ने कुरा छ। म देवलोकबाट यहाँ आउन लागिरहेको थिएँ, बाटामा अनेक गहना र लुगाले कसिएका दुर्वासा ऋषि भेट्टिए। हाँसेर मैले उनीसित सोधेँ कि मुनीश्वर, आज ता तपाईं स्वास्नीसान्छे जस्तै देखिनुभएको छ। यो कुरो सुनेर दुर्वासा सारै रिसाए, उनले मलाई श्राप दिए कि म प्रत्येक रातमा स्त्री हुनेछु। मलाई यस कुराबाट यत्तिको शरम लाग्छ कि अब देवलोकमा जान चाहन्नँ।आजैदेखि प्रत्येक रातमा मैले स्त्री हुनुपर्नेछ, कहाँ बस्ने, के गर्ने ? महाराज, यसैले म दुःखी देखिएको छु। राजाले भने—मित्र, यसबाट तपाईंलाई के हानि छ र? पुरुष भए पनि स्त्री भए पनि के हुन्छ ? दुवै बराबर हो, न कुनै खराप छ न कुनै असल। शरीर मात्र स्त्री अथवा पुरुष छ, आत्मा छैन। जो जुन स्थितिमा हुन्छ उसले उसैमा प्रसन्न रहनुपर्छ। स्त्री-पुरुष दुइटै आत्मज्ञानी हुनसक्छन्। राजाको यो विचार देखेर रानी सारै खुशी भइन्। अब उनी प्रत्येक रातमा अत्यन्त सुन्दर स्त्रीका रूपमा राजासितै बस्न लागिन्। दिनमा कुम्भजका रूपमा रहन्थिन्। राजा र यिनमा यत्तिको घनिष्ठता थियो कि दुवै एकै साथ खान्थे, एकै ठाउँमा सुत्थे तर राजाको मनमा कुनै विकार उत्पन्न हुंदैनथ्यो। एकदिन उनले राजासंग भनिन् कि महाराज, मलाई रातमा स्त्री हुनाका साथ स्त्रियोचित इच्छा पैदा हुन्छ, मेरा शरीरमा कामको वेग यत्तिको हुन्छ कि म

सहनै सक्तिनँ, विना पुरुषको संगले म कसरी बसूँ, अब म के गरूँ ? राजाले भने– मित्र जबतक शरीर छ, इन्द्रियहरू ठीक छन् त्यहाँसम्म अवश्य नै शरीर र इन्द्रियका स्वाभाविक भोग भोग्नाको आवश्यकता रहन्छ, उसको विरोध गर्नु र उसलाई बलपूर्वक दबाउनु ज्ञानीको काम होइन। शरीर र इन्द्रियको उचित आवश्यकताअनुसार भोग भोग्नाले आत्मालाई के हानि हुन्छ र? नभोग्नाले के लाभ हुन्छ ? यदि स्त्रीरूपमा तपाईंलाई स्त्रीसंबन्धी भोगको इच्छा हुन्छ भने केको आश्चर्य ? त्यो ता स्वाभाविकै हो। अतएव तपाईं कुनै मनलागेको योग्य पुरुष तलाश गर्नोस् र उसको पत्नी बन्नोस्। यसबाट तपाईंको मन शान्त रहनेछ औ कामको वेगले उसलाई चञ्चल बनाउनेछैन। उनले भनिन्—महाराज, तपाईं मेरो सान्है प्यारो मित्र हुनुहुन्छ, तपाईंको र मेरो मनोवृत्ति एउटै छ, मसा तपाईंको प्रेम छ, उस्तै मेरो तपाईंका उपर गाढा प्रेम छ। विद्वान्हरू यो भन्छन् कि जो सुख समान वृत्तिवाला स्त्रीपुरुषमा हुन्छ त्यो सुख संसारमा सब आनन्दभन्दा बढ्ता हुन्छ। यसैकारण मेरो निम्ति संसारमा कुनै पति गराउन योग्य छभने तपाईं नै हुनुहुन्छ। राजाले भने—तिमी यस्तो संझन्छ्यौभने मलाई पनि यस कुरामा कुनै आपत्ति छैन। मेरो यसमा न कुनै हानि छ न लाभ। यसो गर्नाले तिमीलाई सुख मिल्छभने यस कुरामा म सहमत छु। अब उनको र राजाको पूर्णिमाको सायंकालमा विवाह भयो। यी दुवै पतिपत्नीरूपले रातमा रहन लागे। परन्तु राजाका मनमा कुनै विकार उत्पन्न भएन, आत्मामा उही शान्ति र महा आनन्द रहन्थ्यो। शरीर र इन्द्रियहरू आफ्नो आफ्नो स्वाभाविक काम गर्दथे, उनलाई

यिनमा रतिभर पनि आत्मभिमान थिएन। राजाको आत्म पदमा यस्तो निश्चल स्थिति देखेर रानीलाई बडो आनन्द भयो। यसै बीचमा पनि उनी राज्यको देखभाल गरिरहन्थिन्। सूक्ष्म शरीरद्वारा राज्यमा गएर कर्मचारी वर्गका कामको जाँच गर्थिन्।

फेरि उनले राजाको एउटा परीक्षा गर्न लागिन्--उनले आफ्नो योगबलबाट स्वर्गका स्वामी इन्द्रको रचना गरिन्। इन्द्र आफ्ना देवताहरूका साथ उहाँ आएर राजालाई भन्न लागे--महाराज, तपाईं स्वर्गमा हिंड्नोस्, उहाँ गएर नाना प्रकारका स्वर्गीय भोग भोगगनोस्। राजाले भने--इन्द्र महाराज, मलाई ता सर्वैतिर स्वर्ग नै देखापर्छ, मेरा मनमा परम तृप्ति छ, मेरो आत्मामा परम आनन्द छ। यसैले मलाई स्वर्गका कुनै भोगको इच्छा छैन। इन्द्र अन्तर्धान भए।

केही दिनपछि रानीले राजाको एउटा फेरि परीक्षा लिइन्--उनले साँझमा राजा सन्ध्यावन्दनका निम्ति गंगा-तिर लागेका वेलामा आफ्नो योगबलबाट एउटा बहुतै सुन्दर, तेजिलो, तरुण पुरुषको रचना गरिन्। राजा फर्केर आउने वेलामा त्यो पुरुष र उनी परस्पर अंकमाल गरेर प्रेम व्यवहार गरिरहेको देखाइन्। राजा आउँदा यी दुवै गाढालिंगनमा मग्न भएर संसारको परिस्थिति भुलिरहेका थिए। राजा आफ्नो कुटीमा यो दृश्य देख्नासाथ उहाँबाट बाहिर निस्के किनकि यी दुईको प्रेममा कुनै विघ्न नपरोस्। रानी तुरुन्तै उठेर बाहिर आइन्। राजाका सामुन्ने दीन भावले खडा भएर थर्थर काम्दै क्षमा माग्न लागिन् र भनिन्--महाराज! म सान्है अपराधिनी हुँ, मलाई क्षमा गर्नोस!

म स्त्री हुँ, स्त्रीमा पुरुषको भन्दा आठ गुण बढता काम रहन्छ। यसैले मेरो मनोवृत्ति यसलाई देखनाका साथ यसै-तर्फ खिचियो, म के गरूँ ? राजाले भने--मदनिके, मेरा मनमा तिम्रा उपर क्रोध छैन। संसारका सबै प्राणी सुख प्राप्तिका निम्ति प्रयत्न गरिरहन्छन्। परस्परको इच्छित स्नेहबाट संसारमा आनन्द मिल्छ। यसकारण तिमीले यसो गरेकोमा केही आश्चर्य छैन। खालि आजदेखि म तिमीलाई आफ्नी स्त्रीको रूपमा हेर्न चाहन्नँ किनकि यो समाजमा यसप्रकारको काम निन्द्य सम्झिन्छ। आजदेखि तिमी मलाई पहिले जस्तै मित्र भावले हेर। सुखपूर्वक यहाँ बस। राजाको यस्तो समभाव देखेर रानी सारै खुसी भइन्। उसैबखत त्यो रूप छोडेर चुडालाका रूपमा राजाका अगाडि खडा भइन्। राजा चुडालालाई देखेर बहुत आश्चर्य भए। केही बेर ता उनलाई यो कुराको विश्वासै भएन भ्रम संझे। चुडालाले यो सबै वृतान्त सुनाएपछि मात्र उनलाई पूरा विश्वास भयो। राजा खुशी भएर उनका उपर आफ्नो कृतज्ञता प्रकट गरे। अब रानीका साथमा राजधा-नीमा आएर जीवन्मुक्त भई अनासक्त भावले राज्य गर्न लागे। धेरै काल राज्य गरेपछि विदेह मुक्त भए।

(६०) किरातोपाख्यान

हे राम, मानिस सब कामा उद्योगी हुनुपर्छ, कुनै वस्तुलाई पनि हेलाका दृष्टिले हेर्नु हुँदैन। सानो सानो काममा पनि आफ्नो शक्ति पूरा उपयोग गर्नु पर्छ। यसो गर्नाले कहिलेकाहीं सानो कामबाट पनि ठूलो सिद्धि प्राप्त हुन्छ।

यसबारे एउटा सानो कथा सुनाउँछु:-

विन्ध्याचलको कछाडमा एउटा धनी तर सारै कृपण किराट रहन्थ्यो। एक दिन उ गाढा जंगलको बीचबाट कहीं जान लागेको थियो उहीं उसको जेबबाट एउटा कौडो खस्यो। यो थाहा पाउनाका साथ उ त्यो कौडोलाई धुईं-धुइतिसँग खोज्न लाग्यो। खोज्दाखोज्दै तीन दिन बित्यो। उसलाई यो थाहा भयो कि उ एउटा कौडोको लागि यत्तिको व्यग्र भइरहेको छ, तिनीहरू उसको हंस्सी उडाउन लागे। तर उसले कसैको हँस्सीको परवाह गरेन, आफ्नो काममा लागिरह्यो। दैवयोगले उसको निगाह एउटा चम्केको चिन्तामणि माथि पर्‍यो, उसलाई पाएर बहुतै प्रसन्न भयो। उसको कैयौं दिनका परिश्रको फल चिन्तामणि पाउनाले मिल्यो। यदि उसले कौडाको परवाह नगरेको भए उसलाई तुच्छ संझेर अगाडि हिंडेको भए उसलाई चिन्तामणिको प्राप्ति कसरी हुन्थ्यो ?

(६१) मक्षिकाचोपाख्यान

हेराम, मानिसले जो जो उत्तम पदार्थ र साधन आफ्नो घरमा सुलभताबाट पाउँछ उसलाई हेला गरेर छोडी अर्कौ ठाउँमा र अरू साधनको पछाडि दौडन हुन्न। यसो गर्नाले जो प्राप्त छ त्यो ता नष्टै हुन्छ, अर्को वस्तु र साधन पनि मिल्दैन। यसैकारण बुद्धिमान् मानिसले सुलभ वस्तु र साधनको सदुपयोग गरोस्, अप्राप्त वस्तु र साधनको तलाशमा नदगुरोस्, यस विषयमा सानो एउटा कथा सुनाउँछु :-

कोही एउटा बहुत उद्योगी र धनवान् पुरुषले चिन्तामणि रत्नको प्रशंसा सुनिराखेको थियो। उसका मनमा त्यो रत्न पाउनाको तीव्र इच्छा उठ्यो, उ उसका तलाशमा घरबाट निस्क्यो, घरबाट निस्कनासाथ करेसामा उसले चिन्तामणि भेट्टायो, त्यो रत्न उसलाई आफ्ना घरको नगीचैमा विना-परिश्रमले मिलेको हुनाले त्यो चिन्तामणि हो भन्ने विश्वासै भएन। उसले ता यो कुरो सुनिराखेको थियो कि चिन्तामणि रत्न बहुत खोजी र मिहिनेत गरेपछि मात्र मिल्न सक्छ, फेरि भाग्यवान्लाई मात्रै मिल्दछ। यो विचार गरेर उसले त्यसलाई चिन्तामणि होइन भन्ने निश्चय गऱ्यो। उसलाई काँच सझेर फ्याँकी चिन्तामणिका खोजमा अगाडि बढ्यो। देशदेशान्तरमा घुम्यो, बहत्तर हण्डर खायो परन्तु उसलाई कहीं पनि चिन्तामणि मिलेन। अब उसलाई जहाँकहीं काँचका टुक्रा नै मिल्दथे परन्तु चिन्तामणि कहीं मिल्दैनथ्यो।

(६२) हस्तिकोपाख्यान

हे राम, मानिसले कुनै काम पनि अधूरो छोड्नु हुँदैन, जुन काम पनि पूर्णरूपले गर्नुपर्छ। यदि उसमा केही काम बाँकी रहन गयोभने उसले पछाडि हानि पहुचाउँछ। फेरि मानिसले आफ्नो भविष्य आफ्नै वर्तमान क्रियाद्वारा सुधार्नुपर्छ। वर्तमानको सानो गल्तीले पनि भविष्यमा ठूलो हानि गर्छ। यस विषयमा योटा कथा सुनाउँछु:—

विन्ध्याचलको जंगलमा एउटा ठूलो, बलियो, राम्रो, ठूलठूला दाह्रा भएको मत्ता हात्ती रहन्थ्यो। उसलाई देखेर

एउटा माहुतेले पक्डने विचार गऱ्यो। एक दिन सुतेको वेलामा उस हात्तीलाई उसले आफ्ना बुद्धि बलले साङ्गलाले बाँध्यो, आफैं उसमा चढेर उसलाई उठाई हिंडायो। हात्ती-लाई जब यस अवस्थाको ज्ञान भयो तब उ क्रोध र दुःखले चूर भयो। तीन दिनसंम उसले कराई कराई बन्धनलाई भैंमा रगेडी रगेडी छिनाल्यो। माहुतेलाई बन्धनबाट मुक्त भएपछि पछाऱ्यो। माहुते भयभीत भएर मुर्दा जस्तै लडिरह्यो। हात्तीका मनमा उसका उपर करुणा भएको हुनाले उसले "अब ता म मुक्त भइसकें, यस माहुतेले अब मलाई के गर्न सक्छ र? यसलाई यहीं छोडेर भाग्छु" यो विचार गरेर माहुतेलाई उसै छोडी उ उहाँबाट भाग्यो। हात्तीले यो बडो भारी भूल गऱ्यो परन्तु त्यो भूल उस बखत सारै सानो देखिन्थ्यो तापनि भविष्यमा उसलाई यस भूलको परिणाम बडो भारी भोग्नुपऱ्यो। हात्ती भागेपछि माहुते प्रसन्न भएर उठ्यो औ फेरि उसलाई पक्रने इरादा गऱ्यो। कैयौं दिन त्यस वनमा घुम्दा-घुम्दा उसले हात्तीको पत्ता लगायो। जुन जंगलमा उ रहन्थ्यो, जुन बाटाबाट उ बहुधा आवतजावत गर्थ्यो उस बाटामा एक दिन माहुतेले एउटा बहुतै गहिरो खाडल खनेर उसलाई पातले छोपेर राख्यो। त्यस बाटाबाट नदीमा पानी पिउन आएको हात्ती त्यही खाडलमा जाकियो, अनेक यत्न गर्दा पनि निस्कन सकेन। कैयौं दिन उहाँ पडिरहँदा उ भोकले गर्दा दुब्लो र दुःखी पनि भयो। अन्त्यमा माहुतेले उहाँबाट निकाली आफ्नो वशमा गऱ्यो। यदि त्यस हात्तीले माहुतेलाई उस बखत मारेको भए उसलाई पछाडि यत्तिको दुःख हुने थिएन।

(६३) कचोपाख्यान

हे राम, मानिसलाई निर्वाण पद मिल्ने सच्चा त्याग, वस्तुहरूको र घरको त्याग होइन, अहंकार र ममताको त्याग हो। वासनाको त्यागबाट सब कुराको त्याग हुनजान्छ, वासना छभने सब कुरा छोडे पनि कुनैको पनि त्याग हुन सक्दैन। यस विषयमा म तिमीलाई एउटा उपाख्यान सुनाउँछु:—

एकबखत देवगुरु बृहस्पतिका पुत्र कचले आफ्ना पितासंग सोधे कि पिताजी, यो कुरो मलाई बताउनुहोस् जुन कुरो गर्नाले मनुष्यलाई परम कल्याण हुन्छ। बृहस्पतिले भने–हेबाबु, सर्वत्याग गर्नाले नै मनुष्यको परम कल्याण हुन्छ। कच यो सुनेर आफू बसेका ठाउँमा आएर एक एक गरी सबै वस्तु त्याग्न लागे। वर्षौंतक यसो गर्नाले पनि उनका चित्तमा शान्ति र परमानन्द भएन। तब फेरि उनी पिताकहाँ गएर उनलाई आफ्नो सारा सर्वत्यागको कथा सुनाएर उनले आफ्नो मनको अवस्था वर्णन गरे। बृहस्पतिले कचलाई संझाए कि बाबु, सर्वत्यागको अर्थ यो होइन कि एउटा एउटा वस्तु छोड्दै जानु, त्यसबाट न कुनै काम लेऊ न कुनै सम्बन्ध राख। संसारमा जहाँतक जीवन छ उहाँसम्म यस्तो हुनु असंभव छ। बाह्य त्यागको नाम त्याग होइन, सब वस्तुलाई मनबाट त्याग्नाको नाम त्याग हो। यसैकारण तिमी मनलाई यस्तो बनाऊ कि उसमा संसारको कुनै वस्तु र इन्द्रियका विषय भोग्नाका निम्ति कुनै वासना नरहोस्। यही सच्चा त्याग हो, यसैको नाम सर्वत्याग हो। यस त्यागबाट नै मानिसलाई परम कल्याण हुन्छ। यो बृहस्पतिको आज्ञाअनुसार नै कचले सर्वत्याग गरे अनि उनी जीवन्मुक्त पनि भए।

(६४) इक्ष्वाकुको कथा

हे राम, संसारचक्रदेखि बाहिर निस्कने उपाय खुलाउनाका निम्ति म एउटा पुरानो इतिहास वर्णन गर्दछुः—

हे राम, तिम्रा आदिपुरुष इक्ष्वाकु राजाका मनमा एक दिन यो प्रश्न उठ्यो कि यो जरा, मृत्यु, सुख, दुःखले युक्त भएको संसारबाट बाहिर निस्कने उपाय के छ? धेरै दिन यस प्रश्नका उपर विचार गरिरहँदा पनि उनका मनमा ठीक कुरो झल्केन। दैवयोग उहाँ ब्रह्मलोकबाट मनुजी आइपुगे। इक्ष्वाकुले उनको यथायोग्य आदर सत्कार गरे। उहाँपछि उही आफ्ना मनमा लागेको कुरा मनुजीसंग सोधे। मनुले भने कि हे राजन्, जो यो जगत् देखिइरहेको छ उ सबै देख्नेका मनको अवस्थामा नै निर्भर छ। जबतक मनमा संकल्प-विकल्प उठ्छन्, दृश्यपदार्थको वासना छ उहींसम्म जगत्को अनुभव हुन्छ। जब आत्मपदमा स्थिति हुने वासना उदय हुनेछ, मानिस उसमा अड्ने प्रयत्न गर्नेछ तब जगत्को भान हुनेछैन। आत्मदर्शन न शास्त्रबाट हुन्छ न गुरुबाट। आफैबाट शुद्ध बुद्धिद्वारा आत्मा देखिनजान्छ। शरीर, इन्द्रिय, मन आदिमा धेरै कालदेखि आत्मबुद्धि भइरहेको छ। उहाँबाट उसलाई हटाई आत्मामा राख्नुपर्छ। यो सिद्धि क्रमैले प्राप्त हुन्छ। यसलाई प्राप्त गर्नाको नाम नै योग हो। यसका सात भूमिका छन्ः— सबभन्दा पहिले मुमुक्षुले शास्त्र र सज्जनको संगतमा रहेर आफ्नो बुद्धिलाई शुद्ध र तेजिलो गराउनुपर्छ। जसको बुद्धि निर्मल र सूक्ष्म छैन उसले आत्म-लाभ कसरी प्राप्त गर्न सक्छ? योगको दोस्रो भूमिकाको नाम विचारणा हो। जब बुद्धि आत्मविचार गर्न योग्य हुन्छ उसबखत मानिसका आत्माको स्वरूप के हो? जगत्मा सार

के छ ? मनुष्यको परम ध्येय के हो ? इत्यादि प्रश्नका उपर बार बार विचार गर्नु पर्छ। तेस्रो भूमिका असंग भावना हो। विस्तार विस्तार मानिसले सब दृश्य पदार्थबाट असक्त हुनुपर्छ, कुनै विषयका साथ पनि संगत गर्नु हुंदैन किनभने जुन विषयमा संगत हुन्छ उही विषयबाट मानिस बाँधिन्छ। चौथो भूमिकाको नाम विलापनी हो। यस अवस्थामा योगीले सब वासना त्यागिदिन्छ, बिस्तार बिस्तार उसका साह्रा वासना विलिन हुन्छन्। आनन्दरूपा नामको पाचौं अवस्था उ हो जब योगी संवित्स्वरूप हुनजान्छ, आनन्दमा निमग्न रहन्छ। यस स्थितिमा योगी जीवन्मुक्त भएर संसारमा घुम्छ। हेर्ने मानिसले उसलाई यस्तो देख्छ कि जागेर पनि सुतिरहेको छ। छैटौं अवस्थाको नाम स्वसंवेदनरूपा हो। यस अवस्थामा योगी सच्चिदानन्दरूप हुनजान्छ, उसको स्थिति सुतेका मानिसको जस्तो हुन्छ। उसलाई संसारको कुनै अनुभव हुंदैन, सँधै उ आत्मानन्दमा लीन रहन्छ। यसैको नाम मुक्ति हो। सातौं अवस्थाको नाम परिप्रौढा हो, उस अवस्थामा परमनिर्वाणको सिद्धि हुन्छ, यो अवस्था जीवित योगीले अनुभव गर्दैन। शरीरपात भएपछि मात्र योगी उस अवस्थामा प्रवेश गर्दछ। यसैको नाम विदेहमुक्ति हो। मनुजीबाट यो योगभूमिकाको वर्णन सुनेर इक्ष्वाकु बहुत प्रसन्न भए। मनु ब्रह्मलोक गएपछि इक्ष्वाकु आफैं नैं यी भूमिकामा क्रमैले चढी जीवन्मुक्त भए।

(६५) तुर्यावस्थामा रहेका मुनिको कथा

रामले सोधे- हे भगवन्, जाग्रत, स्वप्न, सुषुप्ति यी तीन अवस्थालाई ता म जान्दछु, योभन्दा माथिको चौथो

अवस्था कस्तो हो ? उस अवस्थामा रहेका मानिसको व्यवहार कस्तो हुन्छ ? वशिष्ठले भने– हे राम, अहंभाव, अनहंभाव, सत् र असत् दुवै भावलाई छोडेर सम र स्वच्छ स्थितिको नाम चौथो (तुरीय) अवस्था हो। उस अवस्थामा चित्तको संकल्प शान्त हुन्छ, जगत्को भाव विलीन हुनजान्छ। जीवन्मुक्ति यसै स्थितिमा रहनाको नाम हो। उसलाई न जाग्रत् भन्न सकिन्छ न स्वप्न, किनकि यसमा संकल्पको अभाव हुन्छ। न सुषुप्ति भन्न सकिन्छ किनकि यसमा जडता रहँदैन। यसमा अडेकाको कुन अवस्था हुन्छ यस विषयमा एउटा कथा भन्छु:—

एउटा गहन जंगलमा व्याधाले एउटा मृगलाई बाण हान्यो। बाण लागेपछि मृग तेजीका साथ भाग्यो, व्याधाको हात लागेन। उ व्याधा मृगको खोजी गर्दागर्दै एउटा ऋषिका आश्रममा पुग्यो, उनलाई प्रणाम गरेर सोध्यो कि तपाईंले कुनै मृग यतावाट गएको देख्नुभयो ? मुनिले भने:- हे व्याधा, म ता भन्न सक्तिनँ कि यतावाट को आउँछ, को जान्छ, किनभने मैले आफूलाई इन्द्रिय र मनदेखि हटाएर आत्मामा राखेको छु। जाग्रत्, स्वप्न सुषुप्ति यी तीनै अवस्थामा समभावले रहेका चौथो अवस्थामा मेरो स्थिति छ। संसारमा के भइरहेको छ मलाई थाहै छैन, मेरा निम्ति संसारै छैनभने जस्तै छ। यस्तो मुनिको कुरा सुनेर व्याधा चकित भयो।

(६६) विद्याधरको कथा

हे राम, जति शास्त्र पढे पनि जति विचार गरे पनि जबतक मानिसले आफ्नो मन र इन्द्रियलाई वशमा ल्याउने

प्रयत्न गर्दैन उहाँसम्म आत्मज्ञान कदापि हुन सक्तैन । यस विषयमा एउटा कथा तिमीलाई सुनाउँछु:—

एकवखत मैले काकभुशुण्डजीसंग यो कुरो सोधें कि संसारमा कुनै यस्तो पुरुष पनि छ कि ? जसले धेरै वर्ष बाँचेर पनि आत्मानुभव गरेको छैन ? उनले भने– अँ, एउटा विद्याधर यस्तो थियो जसले चार कल्पसम्म बाँचिरहेर पनि आत्मानुभव प्राप्त गर्न सकेको थिएन। धेरै कालसम्म उसले शास्त्र पढिरह्यो परन्तु उसलाई आत्मज्ञान भएन। मेरो नाम सुनेर उ मकहाँ आयो र उसले मसँग सोध्यो कि हे मुनि, यतिका दिनसम्म शास्त्रको अध्ययन गर्दा पनि किन मलाई चित्तमा शान्ति आएन, आत्मज्ञान भएन ! आत्मानन्दमा स्थिति हुनु ता परै रहोस् मैले उसलाई केही दिन आफ्नो आश्रममा बस्ने सल्लाह दिएँ। धेरै दिन उहाँ बस्ता पनि उसलाई केही भएन। मैले उसलाई आत्मज्ञान किन भएन भन्ने विचार गर्दा थाह भयो कि उसका हृदयमा इन्द्रियका भोगको वासना सुप्तरूपले अनेक थिए। यिनैले उसको मन शान्त हुन दिंदैनथे। मैले उसलाई मनको विकार हटाउने र सुप्त वासना जगाई ज्ञानद्वारा यिनलाई उच्छेदन गर्ने योगको युक्ति बताएँ। यसै रीतिबाट विद्याधरले आफ्नो मन निर्मल र शुद्ध गराएपछि उसलाई थोरै दिनमा आत्मज्ञान भयो, उ परमानन्दमा मग्न भयो, जीवन्मुक्त भएर आनन्दका साथ रहन लाग्यो।

(९७) इन्द्रको कहानी

हे राम, परमाणु–परमाणुभित्र अनन्त, अपार सृष्टि छ। जो उसको अनुभव गर्दछ उ उसलाई सत्य मान्छ, अर्कालाई

उसका सत्ताको ज्ञान हुंदैन। यस विषयमा एउटा सानो कथा तिमीलाई सुनाउँछु:—

एकबखत देवता र दैत्यमा घोर युद्ध भयो। देवताहरूले हारे, उनका स्वामी इन्द्र आफ्नो ज्यान बचाउनाका निमित्त भागे। उनले आफ्नो रक्षाका लागि संसारमा कुनै ठाउँ देखेनन्। तब उनले योगद्वारा अफ्नो स्वरूप अत्यन्त सूक्ष्म बनाएर सूर्यका किरणमा प्रवेश गरे। त्यो अनन्त सूक्ष्म किरणका भित्र पनि उनले यस्तै नै संसार देखे जस्तो बाह्य ब्रह्माण्डमा छ, उस जगत्मा उनले आफ्नो मनोबलद्वारा एउटा साम्राज्य रचना गरेर उसको राजा बने। यसरी उनले उस जगत्मा धेरै दिन राज्य गरे। फेरि उनका छोरा, नाति, पनातिहरूले पनि उसै जगत्मा राज्य गरे। धेरै कालपछि उनका वंशमा एउटा राजाले आत्मज्ञान प्राप्त गरे, उनलाई विराट्को पनि ज्ञान भयो। उस ज्ञानमा यो भेद खुल्यो कि उनका अगाडिका कुनै पुर्खा इन्द्र थिए जो भागेर सूर्यकिरणमा प्रवेश गरेका थिए।

(६८) पाषाणोपाख्यान

हे राम, सारा संसार कल्पनाबाट बनेको छ, उस संसारका भित्र पनि कल्पनाद्वारा दोस्रा संसारको रचना गर्न सकिन्छ। यस बारेमा मेरै अनुभवको एउटा विचित्र उपाख्यान तिमीलाई सुनाउँछु:—

एकबखत मेरो इच्छा कुनै एकान्त स्थानमा रहेर ध्यान गर्न उठ्यो। संसारमा चारौंतर्फ विघ्नबाधा देखेर मैले आकाशमा ध्यान गर्न योग्य ठाउँ ढुडें। तर उहाँ पनि मलाई नानाप्रकारको शब्दको स्पन्दन अनुभवमा आयो। यसै-

कारण मैले शून्यलोकमा प्रवेश गरें। उहाँ आफ्नो संकल्पद्वारा एउटा कुटीको रचना गरेर उसमा आसन जमाएर ध्यान लगाएँ। तुरुन्तै समाधिमा परें। समाधिमा परेर अनेक लोकमा भ्रमण गरें जुन बहुत सूक्ष्म र विचित्र थिए। केही दिनपछि समाधिबाट जाग्नाका साथ मेरा कानमा बहुत सरस र मनोहर शब्द पर्‍यो। मलाई आश्चर्य लाग्यो कि यस शून्यलोकमा शब्द कहाँबाट आयो। आकाशधारणाद्वारा मलाई ज्ञान भयो कि त्यो सरस र मनोहर गाना एउटी सुन्दरीको हो। मेरो मनमा उसलाई हेर्ने इच्छा उदय हुनाका साथ उ मेरा सामुन्ने खडा भई। मैले सोधेपछि उसले बताई कि उसको निवासस्थान मेरै कल्पित जगतमा छ। सबाट कल्पना गरिएका जगत्मा पृथ्वीमाथि एउटा पहाड छ। उस पहाडको एउटा ढुंगामित्र ती युवति र उनको पति रहन्छन्। युवति आफ्ना पतिको कल्पनाबाट पैदा भएकी थिई परन्तु उसका पतिले आजसम्म उसलाई यथोचित आनन्द प्रदान गरेको थिएन, यसैले उ दुःखी थिई। यस दुःखको सहन गर्न नसक्नाले उसले संसारका सब भोगको आशा छोडेर आत्मज्ञानको शरण लिन इच्छा गरी, तर उसलाई आत्मज्ञान उत्पन्न गराउने कोही भेट्टिएन। यसैले उ मसँग प्रार्थना गर्न लागी कि मैले उसलाई र उसका पतिलाई आत्मज्ञानको उपदेश गरेर दुःखदेखि मुक्त गरूं।

मलाई यो कुरा सुनेर आश्चर्य भयो। यस सत्यताको जाँच गर्नाका लागि म आफ्नो संकल्पजगत्को पृथ्वीमाथि पहाडको पत्थर हेर्न चलिदएँ जसमा त्यो युवति र उसको पति बस्थे। मैले उस जगत्मा प्रवेश गरेर म उहाँका ब्रह्मासँग मिलें। उस वेला उनी निर्विकल्प समाधिमा परिरहनु भएको थिए,

भसित भेट हुनाका साथ उनी समाधिमा घुसे। यो सारा जगत जसमा उ पत्थर थियो, जसमा त्यो युवति र उसको पति रहन्थे तुरुन्तै क्षीण भए। मैले उस जगत्‌को प्रलय आफ्नै आँखाले देखें, आफै म उहाँबाट फर्कें। यो सब अनुभव मैलेनै आफ्नो सूक्ष्म शरीरद्वारा नै गरेको थियो। अब त्यो सूक्ष्म-शरीर शून्य लोकको कुटीमा वर्तमान आफ्नो स्थूलशरीरमा प्रवेश गर्नाका लागि उहाँ फर्केर आयो। उसले देख्यो कि उस कुटीमा कुनै एउटा सिद्ध रहन लागे, मेरो शरीर उहाँ छैन। यो देखेर मैले उहाँ रहने संकल्प नै त्याग गरिदिएँ, स्वर्गमा गएर बस्ने निश्चय गरें। मेरो शून्य लोकमा बस्ने संकल्प क्षीण हुनाका साथ मेरो संकल्पद्वारा रचित कुटी क्षीण भयो। त्यो क्षीण हुनाका साथ उस कुटीमा रहेका सिद्धको शरीर पृथ्वीमण्डलमा खस्यो। मैले सिद्धलाई सबै हाल बताएँ। दुवै सिद्धलोकमा रहन लाग्यौं।

(६९) विपश्चित्‌को कथा

हे राम, मनुष्यको वासना र संकल्पले नै उसको पुनर्जन्म निश्चित गर्दछ, यस विषयमा म तिमीलाई एउटा कथा सुनाउँछु:—

जम्बूद्वीपमा तत्वमिति नामक एउटा शहर थियो। उहाँ विपश्चित नामक राजा राज्य गर्दथे। एक बखत उनका राज्यमा चारै दिशाबाट शत्रुले आक्रमण गरे। राजालाई यो सूचना मिल्नाका साथ सारै दुःख भयो। उनले अग्नि देवलाई प्रसन्न गराउनाका लागि यज्ञमा आफ्नो शरीर आहुति गर्न लागे। अग्निदेव प्रसन्न भए। राजासित उनले भने कि वर माग। राजाले यो वर मागे--हे प्रभु, चारै

दिशाबाट आक्रमण गर्ने शत्रुको सामना गर्नाका लागि मेरो चारौटा शरीरहो ओस्। अग्नि देव 'एवमस्तु' भनेर अन्तर्धान भए। अब राजाको चार शरीर भयो, एकको बदला चार विपश्चित्‌ले शत्रुका साथ घोर युद्ध गरे, शत्रुलाई हटाए। उनी फेरि चारौंतर्फ दिग्विजय गर्न हिंडे। धेरै देश जितेर चारौटाले आफ्नो आफ्नो साम्राज्य कायम गरे। केही दिन राज्य गरेर यी सबै आफ्नो आफ्नो मृत्युकाल भएपछि शरीर छोडी जन्मजन्मान्तरमा प्राप्त भए। यिनमा एउटा यस बखत यहाँ तिम्रा पशुशालामा एउटा मृगका शरीरमा वर्तमान छ। उ मृग महाराज दशरथलाई त्रिगर्त देशका राजाले चढाएको थियो। यो सुनेर रामचन्द्रलाई बहुत आश्चर्य भयो। उनले उसै बखत उस मृगलाई सभामा झिकाए। वशिष्ठजीसँग उनका कथन प्रमाणित गर्न प्रार्थना गरे। वशिष्ठजीले तुरुन्तै आफ्नो संकल्पद्वारा एउटा अग्निकुण्ड रचना गरी उसमा त्यस मृगलाई प्रवेश गराए। मृगदेह भस्म भएपछि अग्निकुण्डबाट एउटा पुरुष निस्क्यो, सभामा आएर बस्यो। उसले आफ्नो स्मृतिअनुसार वशिष्ठजीका कथनको समर्थन गर्‍यो, आफ्ना अनेक जन्मका कथा सुनायो।

(७०) शवोपाख्यान

कुनै बखत उसले एउटा बहुत ठूलो वस्तु आकाशबाट पृथ्वीमा खसेको देख्यो, त्यो यस्तो देखियो कि एउटा समग्र ब्रह्माण्ड टुटेर खसेको हो। पृथ्वीमा पर्नाका साथ उसले पृथ्वीको बहुत ठूलो भाग ढाकिदियो. धेरै जीवजन्तु नष्ट भए। त्यो खस्नासाथ चण्डी देवी प्रकट भइन् र उनले उस

विशाल वस्तुलाई छिन्नभिन्न पारेर नष्ट गरिन्। विपश्चित्‌का समझैमा चढेन कि त्यो वस्तु के थियो। उनले आफ्ना इष्ट-देव अग्निलाई बोलाएर यही कुरो सोधे। अग्निले भने—एक वखत एउटा व्याधाले एउटा वनवासी मुनिलाई सारै दुःख दियो। मुनिले उसलाई लामखुट्टे भएस् भनेर श्राप दिए। उ लमाखुट्टे भयो, वहाँपछि मृग भयो, फेरि व्याधा भयो। यसलाई व्याधाका योनिमा एउटा ऋषिले उपदेश दिए कि विना ब्रह्मज्ञानले उसलाई कल्याण हुनेछैन। ब्रह्मज्ञान प्राप्त गर्न ऋषिले व्याधालाई तपस्या गर्ने सल्लाह दिए। उसले तपस्या गऱ्यो, तपस्याबाट शुध्द भएपछि उसले ऋषि-संग यो सोध्यो कि संकल्प जगत र बाह्यजगत्‌को समन्वय (मेलन) कसरी हुन सक्छ? ऋषिले यसको उत्तरका निम्ति एउटा आफ्नो अनुभव सुनाए :–

एक दिन मैले एउटा मानिस सुतेको देखें। मेरा मनमा यो उत्सुकता भयो कि उसले आफ्नो स्वप्नजगत्‌मा कुन कुन अनुभव गरिरहेको छ त्यो म जानौं। धारणाशक्तिद्वारा सूक्ष्म भएर उसका संकल्प जगत्‌मा पसें। मैले उहाँ एउटा अनन्त जगत देखें उसमा म घुम्न लागें। त्यस जगत्‌मा मैले सृष्टि र प्रलय पनि देखें। म आफ्नो स्वरूप भुलेर उहीं रहन लागें। मलाई यो अनुभव भयो कि म त्यस जगत्‌मा १०० वर्षतक रहें। त्यस जगत्‌मा रहेका एउटा मुनिले मेरो असली स्वरूप याद गराए। तब म उ सुतेका मानिसको संकल्पजगत्‌बाट वाहिर आएँ। मलाई यो अनुभव भयो कि म उसको संकल्प-जगत्‌मा एक छिन मात्र रहेको थिएँ। ऋषिको यो कुरा व्याधाले बुझ्न सकेन। यो देखेर मुनिले उसलाई भने कि

अब फेरि एकवाजि तपस्या गर। यो वर माग् कि तेरो शरीर ब्रह्माण्ड जत्रो विशाल होओस्, तब तँलाई आफ्नो भित्री ब्रह्माण्डको अनुभव होला त्यासाले फेरि तपस्या गर्‍यो, वरदानबाट ब्रह्माण्ड जत्रो विशाल शरीर पनि भेट्टायो। उसको जीवले शरीर छोडेर हिंडेपछि उ ब्रह्माण्ड जस्तो विशाल देह मुर्दा भएर खस्यो। अग्निदेवले भने कि त्यो दीर्घ काय वस्तु उही मुर्दा हो। यो शरीर छोडेपछि उ जीव सिन्ध-देशको राजा बन्यो, आफ्ना मंत्रीबाट आत्मज्ञान प्राप्त गरेर मुक्त भयो।

(७१) तापसोपाख्यान

रामचन्द्रले वशिष्ठजीलाई भने–भगवन्, अलिक दिन भयो हाम्रो पाठशालामा विदेह नगरको बासिन्दा कुन्ददन्त नामक एउटा ब्राह्मण आएको छ। उसले हामीलाई आफैले देखेको एउटा आश्चर्यमय घटना सुनायो, घटना यो हो— कुन्ददन्त एक दिन कहीं जान लागेको थियो। बाटामा उसले एउटा तपस्वी रूखमा झुण्डिइरहेको देख्यो। आश्चर्य भएर सोध्दा उस तपस्वीले भन्यो कि म उहाँसम्म तपस्या गरि-रहन्छु जहाँसम्म सप्तद्वीपको राजा हुने वर पाउँदिन। कुन्ददन्त उस तपस्याको फल जान्नाको निम्ति उहीं बसिरह्यो। केही दिनपछि सूर्यमण्डलबाट एउटा दिव्य पुरुष आएर उसलाई वर दियो कि तँ अर्को जन्ममा सप्तद्वीपको राजा हुनेछस्। कुन्ददन्तलाई उस तपस्वीले भन्यो कि यसै गरी मेरा अरू सात भाइ पनि सप्त द्वीपको राजा हुनाका निम्ति तपस्या गरिरहेका छन्। कुन्ददन्त र तपस्वी यी दुवै उस ठाउँमा गए जहाँ तपस्वीका सात भाइ तपस्या गरिरहेका

थिए। सबसित मिलेपछि यो थाहा भयो कि उनलाई पनि अर्को जन्ममा सप्तद्वीपको राजा हुने वरदान मिलिसकेको छ। उता यिनका आठावटा स्त्रीहरूले तपस्या गरेर यो वरदान लिए कि मरेपछि उनका स्वामीहरूको जीव उनका घरबाट बाहिर निस्कन नपाओस्। कुन्ददन्तलाई यो वृतान्त जानेर सारै आश्चर्य भयो। उसले तपस्वीसित सोध्यो कि सप्तद्वीपको राज्य एकै समयमा सब भाईहरूलाई कसरी मिल्छ? फेरि सबका सब सप्तद्वीपका राजा भई भई आफ्ना आफ्ना स्त्रीहरूका घरभित्र कसरी रहन सक्लान्? सबको वासनामा यत्तिको विरोध छ कि यो वासना एउटै समयमा कदापि पूरा हुन सक्तैनन् परन्तु सबलाई उनका वासना पूर्ण हुने वरदान मिलिसकेको छ, यो कुरा सबै कसरी हुन सक्लान्? तपस्वीले भने—यसको रहस्य खालि एउटा वशिष्ठजी मात्र जान्दछन्, उनले यो कुरो संझाउन सक्छन्। यसैकारण अब तिमी अयोध्या जाऊ, वशिष्ठजीबाट यस घटनाको रहस्य जान।

रामले भने— अब उ ब्राह्मण यहाँ आएका छन्, तपाईं-संग मिलेर आफ्नो शंका निवृत्त गर्न चाहन्छन्। वशिष्ठले भने उसलाई यहीं बोलाऊ, रामचन्द्रले सभामा बोलाए। वशिष्ठजीले सबका अगाडि उसको शंका निर्मूल गराइदिए।

(७२) कचगीता

हे राम, एकवखत देवगुरु बृहस्पतिपुत्र कचलाई परम-शान्तिको अनुभव भयो, उनलाई सहजसमाधि चढ्यो। समाधिबाट जागेपछि उनले 'आत्मा सर्वव्यापक हुनाको विषयमा विचारपूर्ण भएको यो गीत गाए:—

सारा जगत् यसरी आत्माले परिपूर्ण छ कि जस्तो महाप्रलयमा जगत् जलले परिपूर्ण हुन्छ। यसकारण म कुन वस्तु छोडूँ, कुन वस्तु पाउनाको इच्छा गरूं ? के गरूं, के नगरूं ? कहाँ जाऊं, कहाँ नजाऊं ? दुःख पनि आत्मा हो, सुख पनि आत्मा हो। सब कुरो आत्ममय छ, यसैले कुन कुराको चिन्ता गरूं ? शरीरको बाहिर, शरीरको भित्र, तल, माथि, अगाडि, पछाडि सबतिर आत्मै आत्मा छ, अनात्मा वस्तु कुनै पनि छैन। आत्मा सब ठाउँमा रहेको छ, आत्मा नै सब कुरा हो। कुनै पदार्थ पनि यस्तो छैन जो मेरो आत्मा होइन। जुन कुरो संसारमा छ उ सबै मेरो नै एउटा रूप हो। म सब जगह सारा ब्रह्माण्डमा सत्-चित्-आनन्दरूपले परिपूर्ण छु। म पूर्ण छु, सर्वत्र पूर्ण रूपले रहेको छु, मेरा चारैतिर आनन्दको समुद्र उम्लिरहेको छ। — यो भन्दा भन्दै उनलाई फेरि समाधि चढ्यो, उनी परमानन्दमा लीन भए। ओंतत्सत्।

वाल्मीकिजी भन्छन्ः– ब्रह्मनिष्ठ वशिष्ठ मुनिका मुखबाट यो उपदेश समाप्त हुनासाथ उहाँ आकाशबाट पुष्पवृष्टि भयो। राजा दशरथले भने--हे गुरु, भ्रान्तिले ढाकिएका हामीलाई नानाप्रकारका दृष्टान्त र कथाद्वारा झल्काई ब्रह्मज्ञानरूपी अमृत पान गराउनुभयो अब हामी सबै परमानन्दमा निमग्न भयौं। रामले भने--हे भगवन्! तपाईंका करुणाले मेरो मोह नष्ट भयो, अब मसा कुनै शंका छैन, मेरो परमब्रह्मा स्थिति भयो। तपाईंले भनेबमोजिम म अनासक्त भावले रहन्छु। लक्ष्मणले भने—हे भगवन्, सयकडौं जन्मका पुण्यले गर्दा आज तपाईंका उपदेशबाट मेरा मनमा चन्द्रमाको जस्तै

प्रकाश भयो। विश्वामित्रले भने–अहो ! हाम्रो ठूलो पुण्य रहेछ आज यस्तो पूर्ण ज्ञान सुन्यौं, हजारौं गंगास्नान गरे जस्तो भयो। नारदजीले भने—जुन ज्ञान स्वर्ग, पृथ्वी, ब्रह्मलोकमा सुन्न पाएको थिएन उही ज्ञान यहाँ सुनेर हामी पवित्र भयौं। शत्रुघ्नले भने--म तृप्त भएँ, शान्त भएँ, परिपूर्ण भएँ, मैले परमानन्द प्राप्त गरें।

वाल्मीकि भन्छन्ः—हे राजन्, मैले यो वशिष्ठ-राम संवाद तिमीलाई सुनाएँ जो पहिले भरद्वाजलाई सुनाएको थिएँ। यो तत्वज्ञानबाट तिमी जीवन्मुक्त हुनेछौ। अरिष्टनेमिले भने—हे भगवन्, तपाईंको कृपादृष्टिबाट म संसारसमुद्रदेखि पार भएँ।

देवदूत भन्छन्-हे सुरुचि, मसित बिदा भएर राजा गए। म पनि परमामृत पान गरेर तृप्त भएँ। सुरुचिले भनिन्-हे दूत, तपाईंलाई नमस्कार छ, तपाईंले अपूर्व तत्वज्ञानद्वारा परम तृप्त गराउनुभयो।

अग्निवेश्य भन्छन्-- हे बाबु, तँलाई मैले यो तत्वज्ञान सुनाएँ अब जे गर्छस्! कारुण्यले भने–पिताजी, म तृप्त भएँ। अब मेरा शंका छैन। अगस्त्य ऋषिसंग सुतीक्ष्णले भने-हे भगवन्, तपाईंका करुणाले मेरो अज्ञान नष्ट भयो, म पूर्ण भएँ। तपाईंलाई मेरो दण्डवत् प्रणाम छ ओंतत्सत् ॥

संक्षिप्त योगवाशिष्ठसार

अब अगाडिका संक्षिप्त योगवाशिष्ठमा र पछाडिका कथाहरूमा प्रतिपादन गरिएका सबै विषयको सारांश (निचोर) लेख्छु:—

मनुष्यका जीवनमा सबै दुःखको कारण उसको अज्ञान हो। जति जति मानिसलाई आफ्नो र जगत्को वास्तविक यथार्थ स्वरूप ज्ञान हुँदैजान्छ उति उति उसको दुःख कम भएर जान्छ। पूर्ण आत्मज्ञान र ब्रह्मज्ञान प्राप्त भए-पछि र तदनुसार आचरण गरेपछि मानिसको सबै दुःख क्षीण हुनजान्छ परम परमानन्द र शान्ति प्राप्तगर्नाका निम्ति प्रत्येक जीवले आफ-आफै पूरा पूरा प्रयत्न (मिहिनेत) गर्नुपर्छ। पुरुषार्थ नगरीकन अर्काको कृपाले मात्र मानिसलाई उस परमपदको प्राप्ति कदापि हुन सक्तैन। आत्मज्ञान प्राप्त गर्नका लागि पहिले उसको अधिकारी बन्नुपर्छ। आत्म-ज्ञानको अधिकारी बन्नाका निम्ति विचार, साधुसंघ, सम-भाव; संतोषको आवश्यकता छ, यी मुक्तिका द्वारपाल हुन्। यिनको अभ्यासबाट मन शुद्ध र शान्त हुनजान्छ। नित्य आध्यात्मिक साधन गर्दा गर्दै एक दिन आत्माको वास्तविक रूप साक्षात्कार हुनजान्छ। आफैंले साक्षात्कार नगरीकन तत्वज्ञान हुँदैन। जगत् र ईश्वरको वास्तविक रूपको ज्ञान केवल आत्मानुभवबाट नै हुन्छ, यसमा दोस्रो साधन छैन।

तत्व साक्षात्कार गरेका मानसिका दृष्टिमा सारा जगत्मा एउटै तत्वको प्रकाश हुन्छ। द्रष्टा र दृश्य दुबै एउटै चिन्मा-त्रका रूपान्तर हुन्। द्रष्टा र दृश्य पदार्थ दुवै वास्तवमा चिन्मय हुन्। संसारका सारा पदार्थ चितिका कल्पना हुन्। देश र काल पनि कल्पित र मानसिक नै हो। कल्पना व्यतिरिक्त पदार्थहरूमा कुनै दोस्रो द्रव्य छैन। संसारको स्थिरता पनि मनैको कल्पना हो। कल्पना नै जडताको आकार धारण गर्दछ। सारा दृश्यपदार्थको उदय द्रष्टाका मनैबाट हुन्छ, यी सब मनैका अंग हुन्। स्वप्नजगत् र

वाह्य (जाग्रत) जगत्मा वास्तविक कुनै भेद छैन, यो सारा जगत् एउटा स्वप्नै हो। प्रत्येक जीवको भित्र यो जगत् स्वप्न भिन्न भिन्न उदय भइरहेको छ। यसैले प्रत्येक जीवको जगत् दोस्रो जीवको जगत्सन्दा भिन्न छ। समानताको कारणले नै सबलाई एउटै संसार भान भइरहेको छ। प्रत्येक जीवले आफ्ना आफ्ना जगत्को सृष्टि र प्रलय गरिरहेको छ। सब जीवको मूल रूप एउटा समष्टि जीव अथवा समष्टि मन छ, उसको नाम ब्रह्मा हो। ब्रह्माबाट नै सबै समष्टि जीवको र उनका जगत्को रचना हुन्छ। प्रत्येक जीवले पनि उही रीतिबाट र उसै गरीं आफ्ना आफ्ना विश्वको रचना गरिरहन्छ जस्तो ब्रह्माले सारा ब्रह्माण्डको गर्दछन। संसारमा जीवको संख्या अनन्त छ यसैले सृष्टिको संख्या पनि अनन्त छ। प्रत्येक सृष्टिका भित्र अनन्त जीव छन्। प्रत्येक जीवका भित्र उसको सृष्टि छ—यो परंपरा पनि अनन्त छ। ब्रह्माण्डका प्रत्येक अणुभित्र ब्रह्माण्डका समस्त अनन्तशक्तिको भण्डार छ। यसै कारण सबै कुरा सधैं र सब ठाममा छ। सबै सृष्टि एकै किसिमका छैनन्, नाना प्रकारका छन्। सब सृष्टिको उत्पत्ति र प्रलय हुन्छ, कुनै सृष्टि पनि नित्य छैन। कल्पका अन्त्यमा सब सृष्टिहरू नष्ट भएर विलीन हुन्छन्। खालि परब्रह्म आफ्नी प्रकृति शक्तिलाई भित्र लीन गराएर रहन्छन्। सबै सृष्टिको उत्पत्ति उसै क्रमबाट हुन्छ जुन क्रमबाट स्वप्न सृष्टि हुन्छ, वासना नै सृष्टिको मूल कारण हो। सृष्टि तीन प्रकारका आकाशमा रहेको छ—भूताकाश (स्थूल), चित्ताकाश (सूक्ष्म), चिदाकाश (कारण)।

जुन कुरो संसारमा हुन्छ ऊ सब नियतिबाट हुन्छ,

नियतिको सबतिर साम्राज्य छ। तर नियति कुनै स्वतन्त्र तत्व होइन, मनकै कल्पना हो। मनले चाह्योभने आफ्नो अपारशक्ति र कठिन पुरुषार्थबाट उसलाई बदल्न सक्छ, उसका उपर विजयप्राप्त गर्न सक्छ।

मन के हो ? मनको स्वरूप अनन्त र अपार छ। मन र ब्रह्ममा कुनै भेद छैन। ब्रह्म नै आफ्नो संकल्पशक्तिद्वारा सृष्टि गर्नाका निम्ति मनका आकारमा प्रकट हुन्छ। मनको अनेक रूप छ। उसले जस्तो जस्तो काम गर्दछ उस्तै नै उसको रूप र नाम हुनजान्छ। मन, बुद्धि, अहंकार, चित्त, कर्म, कल्पना, स्मृति, वासना, अविद्या, मल, माया, प्रकृति, ग्रन्थि, संसार, ब्रह्मा आदि देवता, जीव, शरीर, इन्द्रिय, पुर्यष्टक, (सूक्ष्मशरीर), वाह्यपदार्थ—यी सबै मनैका अनेक नाम र रूप हुन्। मनै जीव हो, उही अहंकार हो, उही शरीरको रूप धारण गर्दछ। संसारमा जति बन्धन छन् उ सबै मनैले आफ्नो वासनापूर्तिका लागि बनाएका हुन्। मनै एकबाट अनेक र नाना प्रकारको जीव हुनजान्छ। सब जीव ब्रह्मा (समष्टि मन) बाट उत्पन्न हुन्छन्। यिनका उत्पति र लय एउटै नियमबाट हुन्छ। संसारको यस्तो कुनै पनि पदार्थ छैन जसको भित्र मन (जीव) रहंदैन

जस्तो मनको स्वरूप अनन्त छ उस्तै उसका शक्ति पनि अनन्त र अपार छन्। मनमा सब प्रकारका शक्ति छन् मन जगत सृष्टि गर्छ,सृष्टि गर्नामा उ स्वतन्त्र छ। प्रत्येक मनमा यस्तो स्वतन्त्र शक्ति छ, प्रत्येक मन जे चाहन्छ त्यो गर्न सक्छ। हाम्रो सब परिस्थिति हाम्रै मनका विचारको अनुरूप मनका शक्ति-द्वारा नै रचिएको छ। जसको जस्तो दृढ भावना हुन्छ उस्तै नै

उसका शक्तिको प्रकाश हुन्छ। दृढनिश्चय र अभ्यासद्वारा मन जेसुकै पनि प्राप्त गर्न सक्छ। जस्तो जसको मन छ उस्तै नै उसको गति हुन्छ। भौतिक शरीर पनि मनले नै रचेको हो, उसको आकार र रूप मनैको अधीन छ। मनले शरीरलाई आफ्नो वासना पूर्ति गर्नाका लागि यसरी बनाउँछ कि जस्तो कुम्हालेले आफ्नो इच्छानुसार भाडाकुँडा।

शरीरका सब रोग मानसिक अशान्ति र दुःखबाट उत्पन्न हुन्छन्। शरीरका रोगको नाम व्याधि हो, मनका रोगको नाम आधि हो, आधिबाट व्याधिको उत्पत्ति हुन्छ, आधि हट्नासाथ व्याधि दूर हुन्छ। आधि-व्याधि दुवैको जड मूल आधि (आत्माको अज्ञान) हो। उ ज्ञानद्वारा हटेपछि आधिव्याधि दुवै समूल नष्ट हुन्नन्।

जीवनलाई शान्त र सुखी बनाउने उपाय पनि मनलाई शुद्ध, उच्च, महान् बनाउने यही हो। जीवनलाई सब प्रकार-बाट सुखी र नीरोग राख्ने एक मात्र उपाय हो मनको शुद्धि। मन शान्त र सुखी छभने सारा संसार शान्त र सुखी देखिन्छ दुःखित मनवालालाई सारा संसार आगो लागे जस्तो भान हुन्छ। शुद्ध मनमा नै आत्माको प्रतिबिम्ब पर्छ। जहाँसम्म मनमा अज्ञान छ उहींसम्म जीव संसाररूपी अन्धकारमा जाकिई छटपटाइरहन्छ। वास्तवमा मन जगत् रूपी पाङ्ग्राको नाभि (धुर) हो। उसलाई जोरले पक्रेपछि सारा संसार वशमा हुन्छ। प्रत्येक मानिसका चित्तमा अलौकिक र असाधारण शक्ति अथवा सिद्धि प्राप्त गर्नाको वासना रहन्छ र जहाँसम्म छ उहाँसम्म मानिसले पूर्णताको अनुभव गर्दैन।

परम पूर्णता ब्रह्मानुभवद्वारा नै प्राप्त हुन्छ। जबतक ब्राह्मी-स्थिति प्राप्त हुदैन जबतक मानिस सिद्धिका निम्ति यताउता चक्कर लगाइरहन्छ, अनेक साधना गर्छ। साधनाद्वारा प्रयत्न गर्नाले मानिसलाई अनेक सिद्धि र असाधारण शक्ति प्राप्त हुन्छ। यी शक्ति प्राप्त गर्ने विशेष साधन तीन प्रकारको छ— मनको शुद्धि,कुण्डलिनी शक्तिको उद्बोधन, प्राणयाम। जसले यी साधना यथोचित रीतिबाट गर्दछ उसलाई अनेक प्रकारका सिद्धि र अलौकिक शक्ति प्राप्त हुन्छ।

जति सिद्धि प्राप्त गरे पनि मानिसलाई उहाँसम्म परम तृप्ति हुंदैन जहाँसम्म उसले आफ्नो वास्तविक स्वरूप पहिचान्दैन। आत्माको वास्तविक स्वरूप संझनाका निम्ति पहिले जाग्रत, स्वप्न, सुषुप्ति, तुरीय अवस्थाको राम्ररी अध्ययन गर्नु पर्छ, तब यो समझमा आउनेछ कि चारै अवस्थामा रहेका आत्माको स्वरूप के हो? हामी प्रायः जाग्रत् अवस्थालाई नै प्रधान अवस्था संझन्छौं उस अवस्थामा व्यवहार गर्ने शरीरलाई नै आफू संझन्छौं। यी विचार युक्ति र अनुभव दुवैको विरुद्ध छ, सन्तोषजनक छैन। उसभन्दा उच्चो अधिक संतोषजनक विचार उस मानिसको छ जो मनलाई आत्मा मान्दछ। मनलाई आत्मा मान्नेवालाको भन्दा उच्च विचार उसको हुन्छ जो मनभन्दा सूक्ष्मरूप भएको, मनको गति देख्ने, उसलाई चलाउने, सब दृश्यभाव-देखि पर रहेको, सूक्ष्म जीवात्मालाई आत्मा संझन्छ। यो मान्नेका मतमा उ जीवात्मा शरीरदेखि बिलकुल अलग रहने एउटा सूक्ष्मतत्व हो जसले शरीरसंग कुनै प्रकारको सम्बन्ध राखतैन। आत्मसंबन्धी यी सब विचार, निश्चय-

भन्दा श्रेयस्कर, युक्ति–अनुभवको अनुकूल, सबभन्दा अधिक सन्तोषजनक कुरा ता यो छ कि–आत्मा र संसार-का बीचमा कुनै व्यवधान छैन। आत्मा शरीर, मन, जीवसम्म नै परिमित छैन। उता समस्त विश्वमा ओत-प्रोत छ, व्याप्त छ। जगत्मा कुनै काल र स्थान यस्तो छैन जसमा मेरो आत्मा छैन। जगत् ममा छ, म जगत्मा छु, जो यस्तो अनुभव गर्दछ उसैले आत्माको वास्तविक स्वरूप जान्दछ। यो अनुभव भएपछि जीवनमा पूर्णता आउँछ। जहाँसम्म मानिसको यस दृष्टिमा स्थिति हुन्न, जहाँसम्म उसले आफूलाई देश, काल, वस्तुमा परिमित संझन्छ वहाँसम्म उसलाई जन्म-मरणरूपी संसारमा गोता खाइरहनुपर्छ।

उसलाईयो पनि पत्तै हुदन कि जन्म मरणको रहस्य के हो? प्रायः जसको अहंभाव स्थूल शरीरतक नै परिमित रहन्छ उही मृत्यु देखि डराउँछ, उही संझन्छ कि मृत्यु-बाट मेरो अस्तित्व नै खतम हुन्छ। सारा जिन्दगीमा उसलाई मृत्युले सताइरहन्छ। उ उसबाट बच्नाको अनेक प्रयत्न गर्दछ। हामीलाई मृत्युको रहस्य थाह छैन भने तापनि मृत्यु देखि डराउनाको कुनै कारण छैन। किनभने यदि मृत्यु-बाट सर्वनाशै हुन्छभने पनि के खराबी भयो र? छोडि देऊ, जीवनको सब झंझट सुख दुःखबाट सधैंका निम्ति छुट्टि नै मिल्यो? यदि मरेपछि हामीलाई दोस्रो जीवन मिल्छभने तापनि असलै छ, बहुत खुसीको कुरा हो, किनभने बुढ्याइँ र रोगले छियाछिया भएको यस शरीरलाई, जहाँ वस्ता वस्ता उच्चाट लागिसक्यो उसलाई छोडेर हामीलाई नयाँ शरीर र नयाँ परिस्थिति मिल्नेछ। दुःख हामीलाई खालि आसक्ति र मोहको कारण हुन्छ। हाम्रो यो भौतिक शरीर,

मित्र, सम्बन्धी, परिस्थितिबाट जो आसक्ति हुन्छ उसैले हामीलाई मृत्युदेखि भयभीत गराउँछ। उसैले गर्दा हामीलाई भने वेलामा अनेक मानसिक र शारीरिक कष्ट हुन्छ जो ज्ञानी छ जसको दृष्टि विस्तृत छ उसलाई मृत्युदेखि कुनै भय हुँदैन। उ शान्ति र आनन्दपूर्वक यस जीर्ण शरीरलाई छोडी आफ्नो पुण्यकर्मद्वारा उत्तमभन्दा उत्तम लोकको अनुभव गर्दछ। उसलाई यो संसारभन्दा धेरै असल संसारको अनुभव हुन्छ। उसले उस संसारमा आफ्ना मनका पवित्र वासनाका पूर्तिको अनुभव गरिरहन्छ। अज्ञानी, पापी, मूर्खलाई मर्ने वेलामा सारै कष्ट हुन्छ, मरेपछि पनि उ आफ्नो पूर्वकर्मानुसार अधमलोकको अनुभव गर्दछ, उस लोकमा उ नाना प्रकारको दुःख भोग गर्दछ। मृत्यु के हो? खालि जीवको वासना र अनुभव बदलिनाको नाम मृत्यु हो। जीव मरेर एउटा दृश्यजगत् र शरीरको वासना अनुभव छोडेर दोस्रो दृश्यजगत् र शरीरको अनुभव गर्न लाग्छ। यो अनुभव जीवको वासना र कर्मअनुसार नै हुनजान्छ। जस्तो जस्तो संस्कार र भावना परलोकका सम्बन्धमा जीवको रहन्छ उस्तै उस्तै लोकको उसले अनुभव गर्दछ। परलोकको अनुभव गरिसकेपछि पनि अनेक अपूर्ण वासनाले गर्दा जीवलाई फेरि यस संसारमा आउनुपर्छ। जसका मनमा यहाँको वासना रहेको छैन उ यहाँ फेरि आउँदैन। जो योगको अभ्यास गर्दा गर्दै मर्छ उ जीव परलोकको अनुभव गरेपछि फेरि यहाँ यथायोग्य कुलमा जन्मेर, आफ्नो पूर्वअभ्यासको उच्चभूमिकामा चढ्न लाग्छ। यो जन्ममरणको अनुभव उहींसम्म भइरहन्छ जहाँसम्म जीव आत्मज्ञान प्राप्त गरेर जीवन्मुक्त हुनजाँदैन।

जीवन्मुक्त जीव जन्ममरणबाट मुक्त हुन्छ किनकि जन्म-मरण ता शरीर र मनको धर्म हो, आत्माको होइन–उ ता अमर छ। यद्यपि मर्नु अनिवार्य छ तैपनि पवित्रता, निर्मोहिता, शान्तभाव आदि उपायबाट आयु लामो गर्न सकिन्छ।

व्यष्टि मनबाट दृष्टि हटाई समष्टि मनतर्फ हेर! अनन्त जीव र उनका संसारले भरिएको सारा जगत्को सृष्टि-कर्ता ब्रह्मा हुन्, उनको वास्तविक स्वरूप मन हो। ब्रह्माको उत्पत्ति परब्रह्मबाट हुन्छ। यो ब्रह्मारूपी मन ब्रह्मका स्वाभाविक लीलाजनित स्पन्दन (चलन) हो। उस स्पन्दनद्वारा ब्रह्म ब्रह्माको आकार धारण गर्दछ। यो आकार ब्रह्मका संकल्प-शक्तिको हेतुरहित संकल्पमयरूपमा प्रकट हुन्छ। ब्रह्माको उत्पत्ति कुनै पूर्वकर्मअनुसार हुन्न। उसको आकार सूक्ष्म छ स्थूल छैन। ब्रह्मा यसरी उदय भएर सृष्टिको रचना गर्छ, उसले रचेको सृष्टि मनोमय छ। प्रत्येक कल्पको सृष्टि अपूर्व र नयाँ छ।

ब्रह्मको जो स्पन्दनशक्तिको प्रकाश ब्रह्माका आकारमा हुन्छ उसैलाई प्रकृति र माया भन्दछन्। ब्रह्ममा अरू पनि अनन्त शक्ति छन्। ब्रह्म र उसको शक्ति दुइ पदार्थ छैन। ब्रह्मको स्पन्दनशक्ति सदासर्वदा ब्रह्ममै रहन्छ, उसदेखि अनन्य छ। उ सृष्टि–समयमा आकार धारण गर्दछ, प्रलयका बखतमा ब्रह्ममा लीन हुनजान्छ।

जसका एक मात्र शक्तिबाट सृष्टि, स्थिति, प्रलय हुन्छ उस परब्रह्मको स्वरूप कुन हो? यो भन्न सक्नु मनुष्यका निम्ति प्रायः असंभव छ। किनकि मानिससंग जति शब्द, भाव, विचारहरू छन् यी सबै द्वैतरूप जगत्का प्रकाशक छन्। जो तत्व दुइटा प्रतियोगी पदार्थको आत्मा छ, जगत्को भित्र

बाहिर छ, जसबाट जगत्का सब दृश्यपदार्थ र उनलाई जान्ने द्रष्टाहरूको उत्पत्ति भएको छ, उ ती शब्दद्वारा कसरी वर्णन गरिन्छ जुन यी सबको वर्णन गर्नाका निम्ति बनेका छन्। यसैले ब्रह्मको वर्णन हुन सक्तैन। उ न यो हो न उ हो, यसमा पनि छ उसमा पनि छ, यो–उदेखि पर पनि छ। ब्रह्मलाई न एक भन्न सकिन्छ न अनेक, न भावात्मक भन्न सकिन्छ न शून्यात्मक, ब्रह्म न ज्ञान हो न अज्ञान, न तम हो न प्रकाश, न जड हो न चेतन, न आत्मा हो न अनात्मा। ब्रह्मको स्वभाव के हो ? यो पनि भन्नु असंभव छ ब्रह्मको कुनै विशेष नाम पनि हुन सक्तैन। ब्रह्मका सम्बन्धमा खालि यत्तिकै भन्न सकिन्छ कि उ त्यो परमतत्व हो जसबाट जगत्का सबै पदार्थ उत्पन्न हुन्छन्, जसमा रहन्छन्, जसमा विलीन हुनजान्छन्। जसबाट दृश्य, द्रष्टा, दृष्टि उदय भएर उसमा रहन्छ, उसैमा विलीन हुन्छ, जो अनुभवमा आउने सब प्रकारका आनन्दको उद्गमस्थान हो। ब्रह्म आफूबाट उत्पन्न भएका प्रत्येक पदार्थभन्दा सुन्दर र परिपूर्ण हुनुपर्छ किनकि कारण हमेशा कार्यभन्दा अधिक पूर्ण हुन्छ। उसको स्वरूप सबै आधिभौतिक पदार्थ, मन, जीव, आत्मा आदि सबै पदार्थको स्वरूपभन्दा उत्कृष्ट हुनुपर्छ। उसको ज्ञान सर्वज्ञ हुनुपर्छ। उ सदा, सब ठाम, सब वस्तुमा परिपूर्ण रूपले वर्तमान छ। उ सब कुरा, सदा, सब जगह छ। उ महान्‌भन्दा महान्, सूक्ष्मभन्दा सूक्ष्म, टाढाभन्दा टाढा, नगीचभन्दा नगीच छ। उ सबैको आत्मा हो, उ सबैको अन्तिम आदर्श हो। उसैका भित्र प्रत्येक जीव अणुतम रूपले उदय भई विस्तार विस्तार महत्ता प्राप्त गरी तदाकार भएर शान्त हुनजान्छ। उसमा सारा सृष्टि बीजरूपले रहन्छ। उसका

संबन्धमा खालि यही भन्न सकिन्छ कि जुन कुरो पनि उही हो। तीनै जगत् (भूत, वर्तमान, भविष्य, पृथ्वी, आकाश, पाताल) उसैका भित्र रहेको छ। यसरी प्रकट हुनु उसको स्वभावै हो, कुनै बाह्यकारण बाट यस्तो हुन्न। सारा सृष्टिक्रम ब्रह्मको भित्र निमेष मात्रको क्रिया स्पन्दन हो। ब्रह्म स्वयं एकरूप छ परन्तु उसमा अनेक रूपबाट प्रकट हुने शक्ति छ। अनेक रूपमा प्रकट भइरहे पनि उसको एक रूपमा क्षति आउँदैन। नानात्व एकताको भित्र छ। ब्रह्म आफ्नो सत्ता मात्रबाट नै सृष्टि गरिरहन्छ, उसका सत्तामा कुनै विकार आउँदैन।

अनन्त प्रकारका सृष्टि भइरहे पनि ब्रह्मदेखि अन्य संसारमा कुनै पदार्थ छैन, ब्रह्मदेखि अभिन्न यहाँ केही छैन। प्रकृति र ब्रह्मको, मन र ब्रह्मको, जगत् र ब्रह्मको सदा तादात्म्य सम्बन्ध छ। ब्रह्म जगत्लाई छोडेर कहिल्यै रहन सक्दैन। सृष्टि नभएमा पनि अत्यन्त सूक्ष्म रूपले जगत् ब्रह्ममा रहन्छ, जगत्को सत्ता ब्रह्मकै सत्ता हो, ब्रह्मव्यतिरिक्त यहाँ केही पनि छैन।

सत् उसलाई भन्छन् जो सदा आफ्नो रूपमा रहन्छ, उस्तै असत् उसलाई भन्छन् जो कहिले पनि अनुभवमा आउँदैन। अथवा सत् उ हो जसको कहिले नाश नहोओस् असत् उ हो जसको सत्ता कहिले पनि नहोओस्। जगत्लाई न सत् भन्न सकिन्छ न असत् किनकि जगत्को नाश पनि हुन्छ, जगत्का सत्ताको पनि अनुभव हुन्छ। दोस्रो रीतिबाट जगत् सत् पनि छ असत् पनि किनकि यो देखिन्छ पनि, नाश हुन्छ पनि। जो वस्तु सत् पनि छ असत् पनि, न

सत् छ न असत् उसको नाम मिथ्या हो ! प्रायः जति भ्रम हुन्छ उ सबै मिथ्या हुन्छ। जगत् र उसका सबै पदार्थ यसै गरी मिथ्या र भ्रमात्मक छन् । भ्रमैको नाम अविद्याहो, उसैलाई माया पनि भन्छन्। वास्तवमा जगत माया हो, (माया जो छँदैछैन) अविद्या हो (अ-न-विद्यते-जो छँदैछैन)। जगत् उहींसम्म अनुभवमा आउँछ यहाँसंम अज्ञानवश हामीलाइ उसको सत्य हुनाको भ्रम भइरहेको छ। जगत्को सत्ता अज्ञानीका मनमा मात्र रहन्छ, ज्ञानीका मनमा उ सत्य छैन। सत्य पदार्थ ज्ञानबाट उसमा उत्पन्न भएको भ्रम नाश हुनजान्छ। अविद्या लीन भएपछि जगत्को भ्रम आत्मामा नै लीन हुनजान्छ।

सबभन्दा उच्चो आध्यात्मिक दृष्टि उ हो जसमा यो संझियोस् कि यहाँ ब्रह्मअतिरिक्त अरू केही पनि छैन। जगत न ब्रह्ममा उदय हुन्छ न अस्त। जगत् कहिले न उत्पन्न हुन्छ न लीन हुन्छ किनकि जो वस्तु सत् छ उ कहिल्यै असत् हुन सक्तैन, जो असत् छ उ सत कहिले हुन सक्तैन। ब्रह्म सधैं ब्रह्म नै छ उ ब्रह्मअतिरिक्त दोस्रो वस्तु कहिल्यै हुन सक्तैन। 'जगत् ब्रह्मले उत्पन्न गरेको हो' यो भन्नु पनि ठीक छैन किनकि पूर्ण र नित्य ब्रह्मले अपूर्ण र अनित्य पदार्थ किन उत्पन्न गर्ला। 'जगत् ब्रह्मको विकार हो' यो पनि भन्न सकिन्न किनकि ब्रह्मको जगत्मा,यस्तो परिणति हुंदैन जस्तो दूधको दहिमा-ब्रह्म ता सधैं आफ्नो नित्य रूपमां रहेको छ। यदि उसमा परिणति हुन लाग्यो भने उ नित्य कसरी रहला ? ब्रह्मलाई जगत्को बीज पनि भन्न सकिन्न किनभने बीजबाट वृक्षको उत्पत्ति बीजको नाम-रूप नष्ट भएपछि मात्र हुन्छ। ब्रह्म जगत्को उत्पादन गर्दा आफ्नो स्वरूपको नाश गर्दैन।

ब्रह्म र जगत्‌को कार्यकारण सम्बन्ध पनि छैन किनकि कार्य-रूपमा परिणत भएपछि कारणले आफ्नो पूर्व नाम-रूप बेपत्ता गर्नुपर्छ। ब्रह्मको स्वरूप ता नित्य छ उसमा कुनै विकार छैन। यी सब विचारबाट यो सिद्ध हुन्छ कि जगत् यस्तो कुनै वस्तु होइन जो ब्रह्मले उत्पन्न गरेको हो, ब्रह्मको विकार हो, ब्रह्मको कार्य हो। ब्रह्म देखि अतिरिक्त जगत् नामक वस्तु नाम मात्र पनि यहाँ मौजूद छैन, न उत्पन्न भएको छ, न उसको उत्पन्न हुने संभावना छ। खालि एउटै कुरो जगत्‌का बारेमा भन्न सकिन्छ कि जगत् खालि एउटा भ्रम मात्र हो जो ब्रह्मका आधारमा उत्पन्न हुन्छ, नष्ट भइ-रहन्छ। अथवा जगत् ब्रह्मको विवर्तमात्र हो-ब्रह्म नै जगत्‌का रूपमा देखापर्छ। जहाँसंम अज्ञान छ उहींसंम भ्रम रहन्छ, ज्ञान उदय भएपछि उ भ्रम लुप्त हुनजान्छ। ब्रह्ममा अज्ञान र यताबाट हुने विवर्त किन छ ? यसको उत्तर योसिवाय केही छैन कि यो ब्रह्मको स्वभावै हो। जगत्‌को दृष्टिबाट मात्र उ विकारी देखिन्छ, ज्ञान भएपछि न यो विवर्त रहन्छ न यो प्रश्न।

मानिसको ज्ञानपिपासा उहाँसम्म पूर्णतया शान्त हुंदैन जहाँसंम उसले यो पूर्ण र उच्चतम दृष्टि प्राप्त गर्न सक्तैन। यस्तै उसको आनन्दप्राप्तिको इच्छा उहाँसंम पूर्ण हुंदैन जहाँसंम कि उ आफ्नो वास्तविक स्वरूपमा (जो पूर्णब्रह्म नै हो) रहदैन। प्रायः सबै प्राणी आनन्दको खोजीमा रहन्छन् तर ज्यादा प्राणी आनन्ददेखि वञ्चितै रहन्छन् किनकि उनी आनन्द यस्तो ठाममा तलाश गर्छन् जहाँ उ मिल्दै-मिल्दैन। विषयको भोगमा जहाँ सदैले आनन्द खोजेका छन् उहाँ आनन्दको निवास छैन। विषयभोग टाढाबाट

हेर्दामात्र आनन्ददायक प्रतीत हुन्छ वास्तवमा आनन्द-दायक छैन। जति विषयका सुख छन् ती सबै दुःखमा परिणत हुनेवाला हुन्, विषयभोग यस रीतिबाट असार छ, यसमा आनन्दको खोज गर्नु व्यर्थ छ। संसारका सबै विषयभोग प्राप्त भएपछि पनि मानिसलाई सच्चा सुख दुःखरहित आनन्द प्राप्त हुँदैन। संसारका जति सुख छन् ती विषयप्राप्तिको इच्छाबाट हुने अशान्ति र दुःख नाश भएपछि आत्माको निजी रूपमा शान्त रहनाको नाम हो। विषयको प्राप्तिबाट उस प्राप्तिको इच्छा शान्त हुनजान्छ जुन इच्छाको पूर्ति नहुनाले उसलाई बेचैनी हुन्थ्यो। उ पनि शान्त भएर आत्माका स्वाभाविक आनन्दको क्षणिक अनुभव गर्छ। तर यसलाई मनुष्य अज्ञानले गर्दा विषयबाट उत्पन्न भएको सुख संझन्छ। सुख विषयबाट मिल्ने भए फेरि विषयको प्राप्ति र भोग तुरुन्तै दुःखमा किन परिणत हुन-जान्थ्यो? विषय उहाँसम्म सुखदायक मालुम हुन्छ जहाँसम्म उसको प्राप्ति हुदैन। एउटा विषय प्राप्त भएपछि दोस्रो विषयप्राप्तिको इच्छा नजान्छ। प्रत्येक इच्छा दुःख दिने-वाला छ। आफ्नो नाशबाट नै उसले सुख दिन्छ। विषयको प्राप्तिबाट इच्छा नाश हुन्छ। यदि हाम्रो मनमा कुनै विषयको इच्छा रहेनभने हामी आत्मामा अडेर यथाप्राप्त काम र स्वाभाविक आवश्यकताको पूर्ति गरिरह्यौं भने ता अविच्छिन्न अनुभव हामीलाई भइरहनेछ। संसारका सारा सुख आत्मानन्दको लेश मात्र पनि छैनन् किनभने यी सब अभावात्मक छन् निजानन्द भावात्मक छन्।

उस निजानन्दको पूर्णतया अनुभव उहाँसम्म हुदैन जहाँ-

संम कि मानिस जीवन्मुक्त हुदैन। बन्धनको अवस्था सुख-दुःखको अवस्था हो, मोक्षको अवस्था परमानन्दको अवस्था हो। आफूलाई ब्रह्मभावना गर्नु मोक्ष हो, शरीर मन जीव अनुभव गर्नु बन्धन हो। बन्धन उत्पन्न गर्ने र उसलाई स्थिर राख्ने कारण यी छन्—वासना, आफूलाई परिमित संझनु, मिथ्याभावना, आत्मविस्मृति, अनात्ममा अहंभावना, अज्ञान र मोक्ष अनुभव गर्नाका निम्ति शरीर त्याग्नाको आवश्यकता छैन। शरीर भई, शरीर नभईकन पनि मोक्षको अनुभव हुन्छ। पहिलो सदेहमोक्ष (जीवन्मुक्त) दोस्रो विदेहमोक्ष (विदेहमुक्ति) हो। यी दुबैको अनुभवमा विशेष भेद छैन। मुक्ति जडस्थितिको नाम होइन। मुक्तिमा चेतनताको पराकाष्ठा हुन्छ। अचेतन स्थितिमा पछि चेतन हुने वासना सुति रहन्छन्, मुक्तिमा आत्मवासनारहित हुनजान्छ।

ज्ञानलाई छोडेर मोक्षप्राप्तिका निम्ति अरू कुनै उपाय छैन। आत्मज्ञानबाट मोक्षको अनुभव उदय हुन्छ। मोक्षका निम्ति कुनै देवी, देवता, गुरुका उपासनाको दरकार छैन। समझदारले आत्मज्ञान छोडेर कुनै दोस्रा देवताको आराधना गर्नु पर्दैन। कुनै देवताले र गुरुले विचार नभएका पुरुषलाई आत्मज्ञान दिन सक्तैनन्। आत्मज्ञानको उदय ता खालि आत्मविचारबाट हुन्छ। ईश्वर सबका हृदयमा रहेको छ। भित्रको ईश्वरलाई छोडेर जो बाहिर ईश्वरको तलाश गर्छ उ मूर्ख हो। ईश्वरप्राप्ति ज्ञानद्वारा र आत्मपूजाबाट हुन्छ। ज्ञानीहरू संसारमा सब कर्म आत्मदेवलाई चढाई आत्मदेवकै पूजा गर्छन्। आत्मप्राप्तिको इच्छा, आत्मार्पण, आत्मध्यान, आत्मवर्णन यी देवताका पनि देवता आत्मदेवतालाई

प्रसन्न गर्ने विधि हुन् । मोक्षप्राप्तिका निम्ति कर्म र संसार त्यागनाको आवश्यकता छैन, किनकि जहाँसंम संसारभावना मनमा छ उहाँसंम संसारबाट छुट्कारा हुन सक्तैन । जहाँसंम जीवपन, मनोभाव, शरीरभाव छ उहाँसंम कर्म गर्नैपर्छ। कर्म र पुरुषका भेद छैन, हाम्रो व्यक्तित्व कर्मबाट नै निर्मित छ। जहाँसंम व्यक्तित्व छ उहाँसंम कर्म भइरहन्छ । मोक्षावस्थामा पनि कर्म त्यागनाको आवश्यकता छैन किनकि वासना र संगरहित कर्म बन्धनको कारण हुँदैन । यसैले मोक्षका निमित्त न कुनै देवताको उपासनाको दरकार छ, न कर्मत्यागको । आत्मज्ञान प्राप्ति गर्नु आवश्यकता छ। उ हुन्छ आफ्नै पुरुषार्थ र विचारबाट। विचार तब हुन्छ जब चित्त-शुद्धि हुन्छ । चित्तशुद्धि शुभकर्म गर्नाले, साधुसंगत गर्नाले, सत शास्त्र अध्ययन गर्नाले हुन्छ। शास्त्रको सिद्धान्त मनन–विचार गर्नाले समझमा आउँछ अनि उ आत्मानुभवमा साक्षात्कार गरिन्छ। जहाँसम्म आत्मानुभव हुन्न उहाँसम्म ज्ञान हुंदैन, शास्त्र ता संकेत मात्र हो । ज्ञान ता आफ्नै विचार र अनुभवबाट हुन्छ। खालि वाचिक र मानसिक निश्चयको नाम ज्ञान होइन। ज्ञान उसलाई भन्छन् जो जीवनका व्यवहारमा आउँछ । जसको जीवन ज्ञानमय छैन, जो मुखले भन्छ एक थोक, गर्छ एक थोक, जो ज्ञानचर्चा रुपियाँ पैसा आदर सन्मानका निम्ति नै गर्छ उ ज्ञानी होइन ज्ञानबन्धु हो। ज्ञानी उही हो जो आफ्नो ज्ञानको अनुसार आचरण गर्छ, जो ज्ञानमा अडेर रहन्छ, जो आफ्ना ज्ञानको अनुभव गर्दछ। यो अवस्था नित्य अभ्यास गर्नाले प्राप्त हुन्छ, सहसा आउँदैन ।

यस किसिमका अभ्यासको नाम योग हो। योगद्वारा नै मानिस संसारदेखि पार हुन्छ। योगाभ्यास तीन प्रकारबाट हुन्छः— एकतत्वको गहिरो अभ्यास, प्राणका गतिको निरोध, मनको लय। एकतत्वको अभ्यास तीन प्रकारबाट गरिन्छ— ब्रह्म-भावनाबाट, पदार्थका अभावको भावनाबाट केवली-भावबाट। प्राण र मनका गतिको बहुतै घनिष्ट सम्बन्ध छ। प्राणको गति रोकिएपछि मनको गति पनि रोकिन जान्छ। मनको गति रोकिएपछि संसारको अनुभव मात्र क्षीण भई आत्माको अनुभव मात्र शेष रहनजान्छ। प्राणको गति रोक्ने अनेक उपाय छन्, यो कुनै योग्य गुरुबाट सिक्नुपर्छ। मनलाई विलीन गर्ने युक्ति आत्माको अनुभव गराउनामा सबभन्दा सरल छ, यो अभ्यास सहजैसंग हुनसक्छ। मन संसारको नाभि (धुर) हो मन वश भएपछि सारा संसार वशमा हुन्छ, मन विलीन हुनाका साथ संसार पनि गायब हुन्छ। मन निरोध गर्ने विशेष रीति ११ छन् :-- (१) मनलाई असत्य मिथ्या (भ्रम) सम्झी उसलाई त्याग्नु, (२) संकल्पको उच्छेदन गर्नु, (३) विषयभोगबाट विरक्त हुनु, (४) इन्द्रिय-निग्रह, (५) वासनापरित्याग, (६) अहंकारत्याग, (७) असंग अभ्यास, (८) समताको अभ्यास,(९,कर्तृत्वभावको त्याग, (१०) मनबाट सब वस्तुको त्याग, (११) नित्य समाधिको अभ्यास। मन विलीन भएपछि परमानन्दको अनुभव हुन्छ।

योगाभ्यास विस्तार विस्तार क्रमैले सिद्ध हुन्छ। योगीहरूले आत्मानुभव नहुञ्ज्यालसम्म यसमा सात भूमिका निश्चित गरेका छन् :-- (१) शुभेच्छा (वैराग्य उत्पन्न भएर ज्ञानप्राप्ति, सत्संग, शास्त्र चिन्तनको इच्छा), (२) विचारणा (शास्त्रचिन्तन-सत्संग- वैराग्यबाट सदाचारतिर लाग्नु),

(३) तनुमानसा (मनको स्थूलता कम हुनु), (४) सत्वापत्ति (शुद्ध आत्मामा चित्त स्थिर हुनु), (५) असंशक्ति (सत्ताका प्रकाशमा मन अडिरहनु), (६) पदार्थभावना (सब पदार्थ अभावभावनाद्वारा असत् सम्झनु), (७) तुर्यगा (मोहरहित भएर आत्मभावमा अविचलितरूपले रहनु)। यी सात भूमिका पार गरेपछि मुक्तिको अनुभव हुन्छ। जसमा जीवको सब बन्धन काटिनजान्छ।

जीवको बन्धनहरूमा कर्मबन्धन एउटा भारी बन्धन छ जीवले जस्तो जस्तो कर्म गर्छ उसले उस्तै फल भोग्नुपर्छ, कुनै कर्म पनि निस्फल हुंदैन। प्रत्येक जीवले आफूले गरेका कर्म-फलको भोग गर्नाका लागि आफ्नो व्यक्तित्व बनाइराख्नु-पर्छ। जहाँसम्म जीव जीव छ, उसका मनमा संसारका विषयको वासना छ उहाँसम्म उसले यी प्राप्त गर्ने प्रयत्न गर्दछ, उही प्रयत्न नै कर्म हो, उस कर्मको फल अवश्य नै जीवलाई मिल्छ। यसै गरी जीव एउटा स्थितिबाट दोस्रो स्थितिमा, एक जन्मबाट दोस्रो जन्ममा, एक लोकबाट अर्को लोकमा घुमिरहन्छ। एउटा कर्मको फल पाएपछि अर्को कर्मतिर लाग्छ। कर्मको फल उस वेला मिल्छ कि जुन वेला उसका प्राप्तिको इच्छा नै रहँदैन। उसबखत हामी यस्तो अनुभव गर्छौं कि वास्तवमा कर्मफलको नियम एउटा बहुतै ठूलो बन्धन हो किनकि इच्छा नरहीकन पनि हामीलाई धेरै पदार्थबाट बाँधिनुपर्छ। यद्यपि यी उनै पदार्थ हुन् जसका निम्ति कहिल्यै हाम्रो मनमा प्रबल इच्छा थियो, जुन पाउनाका लागि हामीले पूरा यत्न गरेका थियौं। कर्मको बन्धन उसै वेला आरम्भ हुन्छ जब जीवका हृदयमा वासनाको उदय हुन्छ, वासनाले नै

जीवलाई कर्मफलद्वारा बाँध्छ यदि वासनारहित भएर हामीले कर्म गरिरह्यौंभने उस कर्मको फलबाट बाँधिनुपर्दैन। वासनारहित भएर कर्म गरिरहताले जीवका सब बन्धन काटिन जान्छन्, उसको जीवत्व ब्रह्मत्वमा परिणत हुनजान्छ। मुक्तपुरुष कर्मको बन्धनबाट पूर्णतया छुट्न जान्छ।

आत्माको उदय भएपछि अविद्या, मन आदिको अभाव हुनजान्छ, परम तृप्ति र परमानन्दको नै भान रहन्छ। यो उ अनुभव हो जसको न वर्णन हुन सक्छ, न जसको उपाय नै दिन सकिन्छ उसलाई उही संझन सक्छ जसलाई उ अनुभव भइसकेको छ। जसलाई छिनभर मात्र पनि आफ्नो वास्तविक रूपमा स्थिति प्राप्त भएको छ उसले स्वर्गीय सुखलाई पनि उस अनुभवजन्य आनन्दका अगाडि तुच्छ संझन लाग्छ, किनभने आत्माको जो स्वाभाविक आनन्द छ, संसारका सब आनन्द उसको कला (अंश) मात्र हुन्।

यस अनुभव र आनन्दमा जो मानिस जिउँदैमा स्थित हुनजान्छ, जसको सब प्रकारका बन्धन काटिन्छ उसलाई जीवन्मुक्त पुरुष भन्छन्, जीवन्मुक्त पुरुष उ हो जसले आफ्नो ब्रह्मभावलाई पूर्णतया जानेको छ, जसको सारा ज्ञान सारा व्यवहार सारा भाव उही उच्च दृष्टिबाट भइरहन्छ, समस्त ब्रह्माण्ड उसको घर हुन्छ, सारा प्राणी उसका बन्धु र आत्मा हुन्छन्। उ सब काम निरपेक्षभावले गर्दछ, सब भोग वासनारहित भएर भोग्छ, सब अवस्थामा आनन्दले परिपूर्ण भएर रहन्छ। कहिल्यै मोह र अज्ञानका वशमा हुँदैन। उसको जीवन परिपूर्ण, शान्त, दिव्यजीवन हुन्छ। लोकमा उसका निम्ति न केही प्राप्य छ न केही त्याज्य। उ महाकर्ता र महाभोक्ता

हो। [illegible] नित्य समाधिमा रहन्छ। [illegible] भौतिक शरीरलाई न प्यारो गर्छ न घृणा। शरीरलाई आफ्नो वशमा राखेर उसबाट लोकोपकारको काम गर्दछ। जस्तो जस्तो अवसर प्राप्त हुन्छ उहीअनुसार व्यवहार देखि घृणा गर्दैन। बाहिरबाट हेर्दा उसको र अज्ञानीका कर्ममा विशेष भेद जान्न सकिन्न परन्तु आन्तरिक भेद बहुत रहन्छ। अज्ञानीको कर्मवासनाबाट प्रेरित हुन्छ जीवन्मुक्तको कर्म यथाप्राप्त स्थितिअनुसार वासनारहित हुन्छ। जीवन्मुक्तको मनमा कुनै वासना र संकल्प विकल्प उठ्दैन। उ सदा शान्त स्वरूपमा रहन्छ। ब्रह्माण्डका सारा शक्तिहरू जीवन्मुक्तको सेवा र रक्षा गर्न सदा तत्पर रहन्छन्। उसको जीवन एउटा दिव्य र ज्योतिर्मय हुनजान्छ, जसको स्पर्शबाट पनि अर्काको कल्याण हुन्छ। प्रारब्धकर्मद्वारा मिलेको भौतिक शरीर छोडेपछि जीवन्मुक्तको कुनै शरीरसंग सम्बन्ध रहँदैन, उ सर्वप्रकारबाट ब्रह्ममय हुनजान्छ, पूर्णभन्दा पूर्ण स्थितिको अनुभव गर्दछ। उ समस्त ब्रह्माण्डका साथ एकताको अनुभव गर्न लाग्छ, उसको व्यक्तित्व क्षीण हुन्छ। यस अवस्थाको नाम विदेहमुक्ति अथवा निर्वाण हो, जीवनको यही परमध्येय हो।

ओं तत्सत्।

Q21;227
BHA
2017 B.S

१५८६

AUTHOR भट्टराई, दुर्गा प्रसाद

TITLE "चोगवाहि घुको विषयसार"

DATE DUE	BORROWER'S NAME

21:226
BHA
2017 B.S.

१५८६

महेन्द्र संस्कृत विश्वविद्यालय

वाल्मीकि विद्यापीठ

पुस्तकालय

मुद्रक—जोरगणेश प्रेस, नेपाल।